## अध्याय एक

# शोध परिचय

# १. शोध परिचय

## १.१ विषय परिचय

साहित्य जीवन, जगत् र भोगाइका अनुभूतिजन्य सञ्चेतना र संवेदनाको भाषिक अभिव्यक्ति हो । साहित्यका विभिन्न विधाहरू हुन्छन् । समग्र विधाको समुचित विकासबाटै साहित्य समृद्ध बन्छ । साहित्यका विभिन्न विधाहरूमध्ये गजल एक प्रसिद्ध गेयात्मक काव्यविधा हो । गजलको उत्पत्ति र विकासको आफ्नै परम्परा रहेको छ । गजलको विकासमा अनेक सर्जकहरूले श्रम गरेका छन् र छुट्टै ऐतिहासिक मान्यतालाई स्थापित गरेका छन् ।

नेपाली साहित्यको माध्यमिक कालका शृङ्गारिक धाराका केन्द्रीय कवि मोतीराम भट्टबाट विक्रम् संवत् १९४० मा सर्वप्रथम नेपाली गजलको प्रादुर्भाव भएको हो । गजलको विकासका लागि भट्टले मोतीमण्डली नै खडा गरेका थिए । मोतीमण्डलीका मोतीराम भट्ट, नरदेव पाण्डे, गोपीनाथ  लोहनी, लक्ष्मीदत्त पन्त, रत्नलाल रत्न, मियाँ अमजद हुसेन र अजब जस्ता प्रमुख गजलकारहरूले नेपाली गजलको उन्नतिमा भरपुर मलजल गरेका छन् । मोती मण्डलीपछि शम्भुप्रसाद दुङ्गेल, भीमनिधि तिवारी र उपेन्द्रबहादुर जिगरले नेपाली गजललाई समुन्नत पार्ने काम गरे । जिगरपछि चार दशकसम्म नेपाली गजलको गति अवरुद्ध भयो । फाट्टफुट्ट रूपमा बाहेक यस समयमा सशक्त रूपमा गजल सृजना भएको पाइँदैन । विक्रमाब्द २०३६ असोज महिनाको रूपरेखा पत्रिकामा ज्ञानुवाकर पौडेलको जिन्दगी यो हाम्रो टुँडिखेल हैन हजुर ¤ शीर्षकमा एउटा गजल छापिएपछि नेपाली गजलको पुनर्जागृति भयो । तत्पश्चात् नेपाली गजल क्षेत्रमा अनेक सर्जकहरूको आगमन हुन थाल्यो । यसै क्रममा मनु ब्राजाकी  आए, ललिजन रावल देखापरे, धर्मोमत शर्मा तुफान उदाए, बुँद राना झुल्किए, रवि प्राञ्जल टुप्लुकिए, घनश्याम न्यौपाने परिश्रमी उपस्थित भए । उल्लेखित गजलकारहरूका गजलहरूमा सृजनागत निजी वैशिष्ट्य र छुट्टै प्रवृत्तिगत मान्यता रहेका छन् । यी प्रतिभाहरूका गजलको अध्ययनकोक्रममा सामाजिक चेतनाको  अध्ययन, विश्लेषण र मूल्याङ्कन हुनु नितान्त आवश्यक रहेको छ ।

नेपाली साहित्यमा गजल विधाले आफ्नो छुट्टै मूल्य र मान्यता स्थापित गरिसकेको भए तापनि गजलको स्पष्ट व्याख्या, विश्लेषण र मूल्याङ्कन गरिएको पाइँदैन र सैद्धान्तिक र विधागत मापदण्ड पनि बनिसकेको देखिँदैन भने अझ व्यक्तिप्रतिभाहरूका गजलमा सामाजिक चेतनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन हुने त कुरै भएन । यस दृष्टिले गजलकार घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताको पनि समीचीन मूल्याङ्कन भएको पाइँदैन । प्रस्तुत शोधकार्य सैद्धान्तिक र विधागत ढङ्गबाट त्यस्ता समस्याहरूको समाधान एवम् स्पष्ट

रेखाङ्कन एवम् घनश्याम न्यौपाने परिश्रमीको गजलमा सामाजिक चेतनाको अध्ययन, विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहेको छ ।

## १.२ शोधप्रयोजन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र अध्ययन सङ्कायअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको दसौं पत्रको परिपूर्ति गर्नु प्रस्तुत शोधपत्रको प्रयोजन रहेको छ ।

## १.३ समस्याकथन

समाजको प्रतिबिम्ब मानिने साहित्य सभ्यता, संस्कृति र परम्पराको पहिचान पनि हो । मानवीय सचेतनाको परिदर्शन साहित्यको अध्ययनबाट मनमस्तिष्कमा नयाँ भाव सञ्चार हुन्छ । यसले सामाजिक वस्तुस्थितिको उद्घाटन गर्छ । साहित्यका विभिन्न विधाहरूमा गजल एक लोकप्रिय गेयात्मक विधा हो । फारसी भाषाबाट विकसित हुँदै नेपाली साहित्यमा मोतीराम भट्टबाट प्रादुर्भूत गजल विधाको आधुनिक कालमा ज्ञानुवाकर पौडेल, मनु ब्राजाकी, ललिजन रावल, बूँद राना, धर्मोगत शर्मा तूफान र रवि प्राञ्जलपछिका एक सशक्त गजलकार रूपमा घनश्याम न्यौपाने परिश्रमी प्रसिद्ध रहेका छन् । उनका दुई बालगजलकृतिसहित पाँच गजलकृतिहरू प्रकाशित छन् । उनी सिद्धान्तलाई बुझेर गजल लेख्ने सर्जक मानिन्छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उच्च योगदान दिँदै आएका घनश्याम न्यौपाने परिश्रमीका गजलकारिताको अध्ययनको क्रममा सामाजिक चेतनाको अध्ययन भएको पाइँदैन तसर्थ उनको गजलमा पाइने सामाजिक चेतनाको अध्ययनको माध्यमबाट नेपाली गजलक्षेत्रमा उनको योगदान र स्थाननिर्धारण गर्नु प्रमुख समस्या देखिएकाले प्रस्तुत शोधपत्र निम्नलिखित समस्यमा केन्द्रित रहेको छ ।

(क) घनश्याम न्यौपाने परिश्रमीको जीवनी र व्यक्तित्वका पाटाहरू के-कस्ता रहेका छन् ?

(ख) गजलको सिद्धान्तगत, विधागत र रचनागत मान्यता के-कस्तो रहेको छ ?

(ग) नेपाली गजलको उद्भव, विकास र विस्तार के-कसरी भइरहेको छ ?

(घ) नेपाली गजलक्षेत्रमा घनश्याम न्यौपाने परिश्रमीको प्रवेश कसरी भयो र उनको गजलयात्राको अवस्था के कस्तो छ ?

(ङ) घनश्याम न्यौपाने परिश्रमीका गजलकृतिहरू कुन-कुन हुन् र ती कृतिहरूमा सामाजिक चेतना के-कस्तो रूपमा रहेको छ ?

(च) घनश्याम न्यौपाने परिश्रमीको गजलका विषयगत र शिल्पगत मान्यता के कस्तो रहेको छ ?

(छ) घनश्याम न्यौपाने परिश्रमीको गजलको मूलस्वर वा चिन्तन के हो ?

(ज) नेपाली गजलक्षेत्रमा घनश्याम न्यौपाने परिश्रमीको योगदान र स्थान कस्तो रहेको छ ?

## १.४ शोधको उद्देश्य

नेपाली भाषामा लामो समयदेखि सृजना हुँदै आएको र अत्यन्त लोकप्रिय एवम् उत्कर्षोन्मुख रहेको भए पनि गजलको स्पष्ट विधानिर्धारण भइसकेको छैन । नेपाली गजलको विकासमा महत्वपूर्ण योगदान दिने अन्य गजलकारहरूको झैं घनश्याम न्यौपाने परिश्रमीका गजलको पनि अध्ययन र मूल्याङ्कन भएको पाइँदैन त्यसर्थ गजलको सैद्धान्तिक चिनारी र विकासक्रमका साथै परिश्रमीको गजलमा सामाजिक चेतनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य रहेको छ । यी उद्देश्यहरू यसप्रकार छन् :

(क) घनश्याम न्यौपाने परिश्रमीको जीवनी र व्यक्तित्वका पाटाहरूलाई चिनाउनु ।

(ख) गजलको सिद्धान्तगत, विधागत र रचनागत महत्ताको निरूपण गर्नु ।

(ग) नेपाली गजलको उद्भव, विकास र विस्तारको अवस्थालाई देखाउनु ।

(घ) नेपाली गजलक्षेत्रमा घनश्याम न्यौपाने परिश्रमीको प्रवेश र उनको गजलयात्राको परिदर्शन गर्नु ।

(ङ) घनश्याम न्यौपाने परिश्रमीका गजलमा सामाजिक चेतनाका स्तरको विवेचना गर्नु ।

(च) घनश्याम न्यौपाने परिश्रमीका गजलको विषयगत र शिल्पगत मान्यताको परिक्षण गर्नु ।

(छ) घनश्याम न्यौपाने परिश्रमीका गजलको मूल स्वर वा चिन्तनको अङ्कन गर्नु ।

(ज) नेपाली गजलक्षेत्रमा घनश्याम न्यौपाने परिश्रमीको योगदानको मूल्याङ्कन र उनको स्थाननिर्धारण गर्नु ।

## १.५ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली गजलको विकासमा घनश्याम न्यौपाने परिश्रमीको उल्लेखनीय योगदान रहेको छ । गजलप्रति प्रतिबद्ध रहेर गजल सृजना गर्ने घनश्याम न्यौपाने परिश्रमीका दुई बालगजलसहित पाँच गजलकृतिहरू प्रकाशित छन् । उनका गजलमा सामाजिक चेतनाको समग्र अध्ययन कसैबाट पनि भएको पाइँदैन । उनका गजलकारिताको सम्बन्धमा विभिन्न शोधपत्र, समीक्षा र समालोचकीय लेखहरूमा विभिन्न शोधकर्ता र समीक्षक-समालोचकहरूले

टीकाटिप्पणी र कृतिविश्लेषण गरेका छन् तर ती कार्यहरू अपूरा र अपूर्ण नै रहेका छन् । यहाँ पूर्व कार्यहरूको कालक्रमिक विवरण प्रस्तुत गरिएको छ :

(क) अर्जुनप्रसाद पौडेलले घनश्याम न्यौपाने परिश्रमीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षक अप्रकाशित शोधपत्रमा परिश्रमीको गजलकारिताको विषय, भाव र प्रवृत्तिको चर्चापरिचर्चा गरेका छन् ।[ज्ञ] उनको शोधपत्रमा घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताका सम्बन्धमा विस्तृत अध्ययन, विश्लेषण गरिएको छैन । साथै घनश्याम न्यौपाने परिश्रमीका गजलमा अन्तर्निहित सामाजिक चेतनाको अध्ययन पनि गरिएको छैन ।

(ख) अमर त्यागीले नेपाली गजलको परम्परा र प्रवृत्ति शीर्षक समालोचनामा परिश्रमीको गजलकारिताको प्रगतिशील मूल्य र संरचनागत नवीनताको समीक्षात्मक टिप्पणी गरेका छन् ।[ह्] उनको यस समालोचनामा घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताको विस्तृत अध्ययन र विश्लेषण हुन सकेको छैन ।

(ग) अमर त्यगीले नै आधुनिक नेपाली गजल र घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता शीर्षक समीक्षामा परिश्रमीको गजलकारिताको विविधपक्षको दृष्टान्तसहित समीक्षा गरेका छन् ।[घ] उनको यस समीक्षामा पनि घनश्याम न्यौपाने परिश्रमीको गजलमा अन्तर्निहित विषय, संरचना, शिल्प र प्रवृत्तिगत विशेषताको विश्लेषण हुन सकेको छैन ।

(घ) इन्द्रकुमार श्रेष्ठले परिश्रमीको यो मौसम शीर्षक समीक्षामा परिश्रमीको यो मौसम गजलकृतिमा गजलहरूको विषयगत र भावगत विविधतालाई देखाएका छन् ।[ड्ढ] यो समीक्षा मात्र पुस्तकपरिचय हो । यसमा घनश्याम न्यौपाने परिश्रमीको गजलको चिनारी मात्र छ, विस्तृत विश्लेषण गरिएको छैन ।

(ङ) कपिल लामिछानेले घनश्याम न्यौपाने परिश्रमीको गजलको अन्तर्वस्तु शीर्षक समालोचनामा परिश्रमीका गजलकारिताका अन्तर्वस्तुगत मान्यतालाई आलेखन गरेका छन् ।[छ] उनको समालोचनामा घनश्याम न्यौपाने परिश्रमीको गजलको विषयवस्तुको आकलन मात्र छ । प्रवृत्तिगत विशेषताको पूर्ण अध्ययन-विश्लेषण गरिएको छैन ।

(च) कृष्णप्रसाद बस्यालले घनश्याम परिश्रमीको गजलकारिता शीर्षक शोधपत्रमा घनश्याम न्यौपाने परिश्रमीका तीन गजलकृतिहरूको विवेचना प्रस्तुत गर्दै उनको

---

१ अर्जुनप्रसाद पौडेल, घनश्याम न्यौपाने परिश्रमीको जीवनी, व्यक्तित्व कृतित्वको अध्ययन, स्नातकोत्तर शोधपत्र, (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०५८) पृष्ठ ६४-१३० ।

२ अमर त्यागी ˝नेपाली गजलको परम्परा र प्रवृत्ति”, मधुपर्क, वर्ष : ३१, अङ्क : ४ (काठमाडौं : गो.प.सं., २०५५), पृष्ठ १४१ ।

३ अमर त्यागी, “आधुनिक नेपाली गजल र घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता”, वन्दना, वर्ष : १७, अङ्क : ३ (काठमाडौं:, डी.बी. निरौला, २०५५), पृष्ठ ५९ ।

४ इन्द्रकुमार श्रेष्ठ, “घनश्याम परिश्रमीको यो मोसम”, सुनेकासी, वर्ष : ५, अङ्क ४ (काठमाडौं : सु.सा.प्र., २०५५), पृष्ठ १६० ।

५ कपिल, लामिछाने, ˝घनश्याम न्यौपाने परिश्रमीको गजलका अन्तर्वस्तु’ यथार्थवादी नेपाली समालोचना, (पोखरा : ग.सा.स., २०६२), पृष्ठ २३ ।

गजलको विषय, भाव र शिल्पको सामान्य विवेचना गरेका छन् ।[६] यो शोधपत्र पूर्व अध्ययनकै पुनरावृत्ति मात्र देखिन्छ । शीर्षकअनुसार यसमा घनश्याम न्यौपाने परिश्रमीको गजलमा विषयगत भावगत, शिल्पगत र प्रवृत्तिगत गहनताको विश्लेषण हुनुपर्ने हो तर भएको छैन ।

(छ) कृष्णहरि बरालले गजल सिद्धान्त र परम्परा शीर्षक ग्रन्थमा परिश्रमीको गजलकारिताको मूल्य, मान्यता र वैशिष्ट्यको चर्चा गरेका छन् ।[७] उनको यस ग्रन्थमा घनश्याम न्यौपाने परिश्रमीको विषयगत विविधता, भावगत गहनता र शिल्पगत उच्चताको विस्तृत विश्लेषण गरिएको छैन ।

(ज) खेम दाहालले घामको छहारीमा न्यानो ताप्दा शीर्षक समीक्षामा परिश्रमीको घामको छहारीमा नामक गजलकृतिका गजलहरूको भाव, विषय र प्रवृत्तिको सामान्य निरूपण गरेका छन् ।[८] यो समीक्षा मात्र पुस्तकसमीक्षा हो । यसमा घनश्याम न्यौपाने परिश्रमीका गजलको कुनै कोणबाट पनि विस्तृत अध्ययन र विश्लेषण गरिएको छैन ।

(झ) चंकी श्रेष्ठले आत्मा बेच्ने गीत गाउने परिश्रमी शीर्षक समीक्षामा परिश्रमीको गजलको विषयगत विविधता र प्रवृत्तिगत वैचारिकतालाई चित्रित गरेका छन् ।[९] उनको यस समीक्षामा घनश्याम न्यौपाने परिश्रमीका गजलको समुचित रूपमा अध्ययन र विश्लेषण गरिएको छैन ।

(ञ) टीकाराम उदासीले गजल सिद्धान्त र नेपाली गजलको इतिहास ग्रन्थमा परिश्रमीको गजलको यथार्थ वस्तुस्थितिलाई देखाउने प्रयत्न गरेका छन् ।[१०] उनको यस ग्रन्थमा घनश्याम न्यौपाने परिश्रमीको गजलको विषयगत वैविध्य र शिल्प-संरचनागत वस्तुस्थितिको विस्तृत विश्लेषण गरिएको छैन ।

(ट) दुवसु क्षेत्रीले समसामयिक नेपाली गजल शीर्षक सामयिक सङ्लनमा परिश्रमीलाई सचेत गजलकारका रूपमा चिनाउँदै उनका गजललाई प्रगतिवादी चिन्तनका माध्यमबाट चिनाएका छन् ।[११] उनको यस कृतिमा घनश्याम न्यौपाने परिश्रमीको गजलको विषय, भाव र शिल्पको अध्ययन र विश्लेषण हुनसकेको छैन ।

---

६ कृष्णप्रसाद बस्याल, घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता, अप्रकाशित स्नातकोत्तर शोधपत्र (पाल्पा : त्रिभुवन बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६२), पृष्ठ ६८ ।

७ कृष्णहरि वराल, गजल : सिद्धान्त र परम्परा, (ललितपुर : सा.प्र., २०६४), पृष्ठ १२९ ।

८ खेम दाहाल, "घामको छहारीमा न्यानो ताप्दा", सगर, वर्ष : २, अङ्क ३, (वीरगन्ज : स.प्र.स., २०५४), पृष्ठ ४ ।

९ चंकी श्रेष्ठ, "आत्म बेच्ने गीत गाउने परिश्रमी", समाचारपत्र, वर्ष : ५, अङ्क ८, (काठमाडौं ने.स.प.प्र., २०५५), पृष्ठ ६ ।

१० टीकाराम उदासी, "गजल सिद्धान्त र नेपाली गजलको इतिहास", पूर्ववत्, पृष्ठ ५३ ।

११ दुवसु क्षेत्री, समसामयिक नेपाली गजल, (काठमाडौं : वसुन्धरामान प्रकाशन, २०५०), पृष्ठ १६१ ।

(ठ) धरणी गौतमले यो मौसमको आमुखमा परिश्रमीका गजलहरूको नवीन विषय, मूल्य र मान्यतागत वस्तुतथ्यलाई प्रस्तुत गरेका छन् ।[ज्ञ६] उनको यस आमुखमा घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताको विश्लेषणात्मक रूपमा अध्ययन गरिएको छैन ।

(ड) धर्मेन्द्र भट्टराईले यो मौसमभित्र डुबुल्की मार्दा शीर्षक समीक्षामा यो मौसम गजलकृतिका गजलहरूको विषय, भाव र प्रस्तुतिका बारेमा परिचर्चा गरेका छन् ।[ज्ञघ] उनको यस समीक्षामा घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताका सम्बन्धमा विस्तृत अध्ययन विश्लेषणको अभाव रहेको छ ।

(ढ) धर्मेन्द्र भट्टराईले नै गजलकार परिश्रमी र उनको गजलकारिता शीर्षक समीक्षामा परिश्रमीको गजलकारिताको विषयगत, भावगत र वैचारिक मान्यताको आकलन गरेका छन् ।[ज्ञढ] उनको यस समीक्षामा पनि घनश्याम न्यौपाने परिश्रमीको गजलको शिल्प, संरचना र प्रवृत्तिको अध्ययन सङ्क्षिप्त र अपर्याप्त नै रहेको छ ।

(ण) प्रतिभा पुनले घनश्याम न्यौपाने परिश्रमीको समालोचनाकारिता शीर्षक शोधपत्रको व्यक्तित्व खण्डमा परिश्रमीको गजलकार व्यक्तित्वको उल्लेख गर्दै उनको गजलमा अन्तर्निहित भाव र विचारको सङ्क्षिप्त चर्चा गरिएकी छिन् ।[ज्ञछ] उनको यस शोधपत्रमा घनश्याम न्यौपाने परिश्रमीका गजलको बहुपक्षीय रूपमा विवेचना गरिएको छैन ।

(त) बालिका आचार्यले घनश्याम न्यौपाने परिश्रमीको जीवनी, व्यक्तित्व र जून चुहेको रात गजल सङ्ग्रहको अध्ययन शीर्षक शोधपत्रमा घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताका चर्चा गर्दै उनको जून चुहेको रात गजलकृतिको विभिन्न कोणबाट विश्लेषण गरेकी छिन् ।[ज्ञट] उनको यस शोधपत्रमा घनश्याम न्यौपाने परिश्रमीको सम्पूर्ण गजलको शिल्प र प्रवृत्तिगत आधारमा विश्लेषण गरिएको छैन ।

(थ) वी.आर. कल्याणीले ए रिच बुक फर लभर्स अफ गजल्स शीर्षक समीक्षामा परिश्रमीका गजलमा पाइने प्रेम र शृङ्गारिकताको उल्लेख गरेका छन् ।[१७] उनको यस समीक्षामा
घनश्याम न्यौपाने परिश्रमीका गजलको विषय, भाव र शिल्पगत विवेचनाको नितान्त अभाव रहेको छ ।

---

१२ धरणी गौतम : आमुख, यो मौसम, (नवलपरासी : सौदामिनी प्रकाशन, २०५०), पृष्ठ अन्तिम आवरण ।

१३ धर्मेन्द्र भट्टराई, "यो मौसमभित्र डुबुल्की मार्दा," मिर्मिरे, वर्ष : २५, अङ्क : ६, (काठमाडौं : ने.रा.बैंक, बैंकर्स क्लब, २०५३), पृष्ठ १०३ ।

१४ धर्मेन्द्र भट्टराई, "गजलकार परिश्रमी र उनको गजलकारिता", सृष्टिदृष्टि (वीरगन्ज, प्रतीक प्रकाशन, २०५५), पृष्ठ ६१ ।

१५ प्रतिभा पुन, घनश्याम न्यौपाने परिश्रमीको समालोचनाकारिता, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (भैरहवा : भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६५), पृष्ठ २१ ।

१६ बालिका आचार्य, घनश्याम न्यौपाने परिश्रमीको जीवन, व्यक्तित्व र जून चुहेको रात गजलसङ्ग्रहको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र
(बाँके : महेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६५), पृष्ठ ३७ ।

१७ वी.आर. कल्याणी, "ए रिच बुक फर लभर्स अफ गजल्स" एभरेष्ट हराल्ड, सन् १९९७, पृष्ठ १० ।

(द) मधुसूदन गिरीले घामको छहमारीमा तुषारोको अनुभूति शीर्षक समीक्षामा परिश्रमीको घामको छहारीमा गजलकृतिको सम्बन्धमा समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरेका छन् ।[ञड] उनको यस समीक्षामा घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताको विस्तृत विश्लेषण गर्ने प्रयत्न गरिएको छैन ।

(ध) मनु ब्राजाकीले यो मौसमको स्वागत गर्दा शीर्षक भूमिका लेखनमा यो मौसम गजलकृतिअन्तर्गतका गजलहरूका नवीन मूल्य र वैशिष्ट्यको उल्लेख गरेका छन् ।[ञढ] उनको यस भूमिकामा घनश्याम न्यौपाने परिश्रमीका गजलको शिल्प र प्रवृत्तिगत विशेषताको विस्तृत अध्ययनको अभाव रहेको छ ।

(न) माधव काफ्लेले परिश्रमीको सार्थक परिश्रमको ज्वलन्त उदाहरण शीर्षक समीक्षामा परिश्रमीको गजलकारिताको प्रवृत्तिगत वैशिष्ट्यको समीक्षण गरेका छन् ।[द्दण] उनको यस समीक्षामा घनश्याम न्यौपाने परिश्रमीको गजलको विविध पक्ष र प्रवृत्तिको अध्ययनतिर ध्यान पुऱ्याइएको छैन ।

(प) रमेश गोर्खालीले विकासवादी नेपाली गजल र अव्वल प्रतिमा घनश्याम परिश्रमी शीर्षक समीक्षामा नेपाली गजलक्षेत्रमा परिश्रमीका गजलमा पाइने विषयगत विविधता, अभिव्यक्तिगत नवीनता र भावगत गम्भीरताको उल्लेख गरेका छन् ।[द्दञ] उनको यस समीक्षामा घनश्याम न्यौपाने परिश्रमीको गजलकृतिहरूको समग्र विश्लेषणको अभाव रहेको छ ।

(फ) रामप्रसाद पाण्डेले नारायणी अञ्चलका प्रमुख गजलकार र प्रतिनिधि गजलकृतिको अध्ययन शीर्षक अप्रकाशित शोधपत्रमा नारायणी अञ्चलमा परिश्रमीको सक्रिय सहभागितालाई देखाउँदै उनको गजलका वैविध्य मान्यताको उल्लेख गरको छन् ।[द्दद्द] उनको यस शोधपत्रमा घनश्याम न्यौपाने परिश्रमीको गजलको विस्तृत विश्लेषण छैन । मात्र सामान्य परिचय दिइएको छ ।

(ब) रामप्रसाद ज्ञवालीले सामाजिक यथार्थको धरातलमा यो मौसम शीर्षक समीक्षामा परिश्रमीको यो मौसम कृतिअन्तर्गतका गजलका विषयगत र भावगत महत्तालाई यथार्थवादी मान्यताका रूपमा सम्पुटित गरेका छन् ।[द्दघ] उनको यस समीक्षामा पनि

---

१८ मधुसुदन गिरी, "घामको छहारीमा तुषारोको अनुभूति" मिर्मिरे, वर्ष : २५, अङ्क : ९, (काठमाडौं : नेपाल राष्ट्र बैंक, बैंकर्स क्लब, २०५३) पृष्ठ १३६।

१९ मनु ब्राजाकी "यो मौसमको स्वागत गर्दा" पूर्ववत्, पृष्ठ १३ ।

२० माधव काÇले "परिश्रमीको सार्थक परिश्रमको ज्वलन्त उदाहरण", नवप्रज्ञापन, वर्ष : ६, पूर्णाङ्क : २८ (बारा: नवराज रिजाल, २०५५) पृष्ठ ३७ ।

२१ रमेश गोर्खाली, "विकासवादी नेपाली गजल र अब्बल प्रतिमा घनश्याम परिश्रमी", गजल, पूर्णाङ्कः४ (काठमाडौं : प्रवाह परिवार, २०५४), पृष्ठ १७ ।

२२ रामप्रसाद पाण्डे 'नारायणी अञ्चलका प्रमुख गजलकार र प्रतिनिधि गजलकृतिको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६२), पृष्ठ ४८ ।

२३ /ामप्रसाद ज्ञवाली, "सामाजिक यथार्थको धरातलमा यो मौसम" सुनेकोसी, वर्ष : ८, अङ्क : ६ (काठमाडौं, सु.सा.प्र. २०५३), पृष्ठ १२९ ।

घनश्याम न्यौपाने परिश्रमीको गजलको विषय र शिल्पगत वैशिष्ट्यको विस्तृत विश्लेषण छैन ।

(भ) ललिजन रावलले सम्मतिहरू शीर्षक  घामको छहारीको भूमिकामा परिश्रमीका गजलमा पाइने वैचारिकता र हृदयस्पर्शिताको उल्लेख गरेका छन् ।[२४] उनको यस आलेखनमा घनश्याम न्यौपाने परिश्रमीका गजलको भाव र शिल्पगत महत्वको विश्लेषण पाइँदैन ।

(म) सुकुम शर्माले घाम छहारीमा उभिएका गजलहरूको गाँठो फुकाउँदा शीर्षक समीक्षामा परिश्रमीको गजलको गहनता, प्रगतिशीलता र सृजनात्मक उच्चतालाई उद्बोधित गरेका छन् ।[२५] उनको यस समीक्षामा पनि घनश्याम न्यौपाने परिश्रमीको गजलको भाव, शिल्प र संरचनागत विस्तृत विश्लेषण गरिएको छैन ।

फारसी, हिन्दी, उर्दूपछि विक्रम संवत् १९४० मा नेपाली भाषामा प्रविष्ट गजलविधाले वर्तमानसम्म एकसय पच्चीस वर्षको यात्रा तय गरिसकेको छ । नेपाली साहित्यमा गजलको विधागत मान्यताको स्थापनामा मतभिन्नता रहेको छ । ऐतिहासिक कालविभाजन तथा चरण-उपचरणको सीमाङ्कनमा पनि एकरूपता पाइँदैन । त्यस्तै व्यक्तिप्रतिभाको सृजनागत वैशिष्ट्यको विभिन्न पक्षको विश्लेषण र मूल्याङ्कन गर्ने परम्परा पनि स्थापित भएको पाइँदैन ।

नेपाली गजलक्षेत्रमा स्थापित र चर्चित प्रतिभा  धनश्याम न्यौपाने परिश्रमीको गजलकारिताको विषयमा गरिएका पूर्वकार्यहरू एकाङ्की छन्, अधुरा वा अपूर्ण नै छन् । उनका गजलका विषयगत र शिल्पगत विविधताको अध्ययन निम्ति यी अध्ययन पूर्वाधारका रूपमा रहेका छन् । समग्रमा प्रस्तुत पूर्वकार्यहरूको अध्ययनबाट के स्पष्ट भएको छ भने घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताको समग्र पक्षको ऐतिहासिक अध्ययन भएको छैन र उनको गजलमा सामाजिक चेतनाको पनि अध्ययन विश्लेषण र मूल्याङ्कन भएको छैन । तसर्थ घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताको पृष्ठभूमि, इतिहास, चरण विभाजन सामाजिक चेतनाको स्तर र उपलब्धिको अङ्कन भएको पाइँदैन । यिनै अपूर्णता वा अपर्याप्ततालाई पूरा गर्ने प्रयत्नमा प्रस्तुत शोधकार्य केन्द्रित छ ।

## १.६ शोधको औचित्य र महत्व

---

२४ ललिजन रावल, “सम्मतिहरू” घामको छहारीमा (काठमाडौंः पम्फा नेपाल, २०५३), पृष्ठ ६ ।

२५ सुकुम शर्मा, “घाम छहारीमा उभिएका गजलहरूको गाँठो फुकाउँदा” गोलार्द्ध वर्ष :४, अङ्कः ७ (काठमाडौंः शब्दशताब्दी नेपाल, २०५६) पृष्ठ ५८ ।

भाषासाहित्यको समग्र विकासमा विभिन्न विधाप्रविधाहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । साहित्यका विभिन्न सर्जकहरूबाट विधागत रूपमा प्रशसंनीय योगदान हुँदै आएको छ । नेपाली साहित्यको समसामयिक धाराका कवि, समालोचक र गजलकार घनश्याम न्यौपाने परिश्रमी एक प्रखर प्रतिभा हुन् । विशेषतः गजलकारको रूपमा चर्चित घनश्याम न्यौपाने परिश्रमीले लगभग पाँचसय गजलरचना गरेका छन् भने पाँचवटा गजलकृतिहरू प्रकाशित छन् । नेपाली गजलक्षेत्रमा सर्वाधिक गजलकृति प्रकाशन गर्ने घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताका सम्बन्धमा समीक्षा वा समालोचना भए पनि उनको गजलकारितामा केन्द्रित रहेर उनको गजलको प्रवृत्तिगत रूपमा सर्वोपरि रहेका सामाजिक चेतनाको अध्ययन भएको पाइँदैन यसर्थ घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताको समग्रतामा केन्द्रित रहेर उनका गजलमा पाइने सामाजिक चेतनाको अध्ययनको आवश्यकता हुनु स्वाभाविकै हो। यस शोधकार्यमा गजलसिद्धान्त, संरचना,, नेपाली गजलको इतिहास र घनश्याम न्यौपाने परिश्रमीको गजलमा सामाजिक चेतनाको व्यवस्थित रूपमा अध्ययन, विश्लेषण, मूल्याङ्कन र नेपाली गजलक्षेत्रमा उनको योगदान एवम् स्थाननिर्धारण गरिएको हुँदा यस शोधपत्रको औचित्य र मत्हव रहेको छ । यस शोधपत्रमा निम्निलिखित औचित्य पनि अन्तर्भूत रहेका छन् :

(क) यस शोधपत्रले घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताको समग्रतालाई चिनाउन केही हदसम्म सहयोग गरेको छ ।

(ख) यस शोधपत्रबाट गजलकार घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताको विषयमा ज्ञान हासिल गर्ने इच्छुकहरू लाभान्वित भएका छन् ।

(ग) यस शोधपत्रबाट नेपाली गजलको इतिहास लेखनको क्रममा घनश्याम न्यौपाने परिश्रमीको योगदान सम्बन्धमा आवश्यक तथ्य प्राप्त भएको छ ।

(घ) यस शोधपत्रबाट अन्य गजलकारहरूका गजलमा सामाजिक चेतनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने परम्परा उद्बोधित भएको छ ।

(ङ) यस शोधपत्रबाट नेपाली गजलको इतिहासमा घनश्याम न्यौपाने परिश्रमीको गजलकारिताको अध्ययनले वाङ्मयिक विकासमा समेत टेवा पुगेको छ ।

## १.७ अध्ययनको सीमा

प्रस्तुत शोधपत्र गजलकार घनश्याम न्यौपाने परिश्रमीको विक्रम संवत् २०५० देखि २०६२ सालभित्र प्रकाशित पाँच पाँचवटा गजलकृतिहरूमध्ये जुनु मामा (२०६०) र राम्रो चाचा मिठो पापा

(२०६३) बालगजल कृतिबाहेक तीन वयस्क गजलकृतिहरू यो मौसम (२०५०), घामको छहारीमा
(२०५३) र जून चुहेको रात (२०६२) को गजलमा पाइने सामाजिक चेतनाको अध्ययनमा सीमित रहेको छ । यसअन्तर्गत यस शोधपत्रमा निम्नलिखित कुराहरू रहेका छन् :

(क) यस शोधपत्रमा घनश्याम न्यौपाने परिश्रमीको जीवनी र व्यक्तित्वको संक्षिप्त चर्चा गरिएको छ ।

(ख) यस शोधपत्रमा गजलको सद्धान्तिक मान्यता, विधागत पहिचान र नेपाली गजलको विकास र विस्तारको परिचर्चा गरिएको छ ।

(ग) यस शोधपत्रमा घनश्याम न्यौपाने परिश्रमीको गजलयात्रा र उल्लेखित तीन गजलमा सामाजिक चेतनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

(घ) यस शोधपत्रमा उल्लेखित तीन गजलकृतिमा सङ्कलित गजलबाहेक अन्य गजल वा गजलकृतिको अध्ययन-विश्लेषण गरिएको छैन ।

(ङ) यस शोधपत्रमा उनका अन्य विधाका रचना र कृतिहरूको पनि अध्ययन-विश्लेषण गरिएको छैन ।

(च) यस शोधपत्रमा समग्रमा नेपाली गजलक्षेत्रमा परिश्रमीका गजलमा सामाजिक चेतनाको अध्ययनको माध्यमबाट उनको योगदान निरूपण गरिएको छ ।

(छ) उपर्युक्त सीमा नै यस शोधपत्रका अध्ययनका सीमा रहेका छन् ।

## १.८ शोधविधि

शोधविधिका समुचित उपस्थितिबिना शोधकार्य व्यवस्थित रूपमा सम्पन्न गर्न नसकिने तथ्यलाई विचार गर्दा प्रस्तुत शोधपत्रलेखनका लागि आवश्यक सामग्रीसङ्कलन, अध्ययन, विश्लेषणमा निम्नलिखित शोधविधिहरूको यथास्थानमा अवलम्बन गरिएको छ :

### १.८.१ सामग्री सङ्कलन विधि

#### (क) पुस्तकालय विधि

यस विधिअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय (चितवन), रामराजा बहुमुखी क्याम्पस पुस्तकालय (कलैया), जनहित पुस्तकालय (कलैया), ठाकुरराम क्याम्पस पुस्तकालय (वीरगन्ज), त्रि.वि. केन्द्रीय पुस्तकालय (काठमाडौँ), प्रज्ञा प्रतिष्ठान पुस्तकालय (काठमाडौँ), राष्ट्रिय पुस्तकालय (काठमाडौँ), मदन पुरस्कार पुस्तकालय ( काठमाडौँ) आदि संस्थागत पुस्तकालयहरू तथा शोधलेखक, निर्मोही व्यास, केशवप्रसाद उपाध्याय, प्रा. राजेन्द्र सुवेदी, नवराज रिजाल आदिका निजी पुस्तकालयको पनि उपयोग

गरिएको छ र सान्दर्भिक पुस्तक तथा समालोचनाग्रन्थ, पत्रपत्रिका एवम् अप्रकाशित शोधपत्र र इन्टरनेटबाट समेत सामग्री सङ्कलन गरिएको छ । साथै सङ्कलित सामग्रीहरूमध्ये विभिन्न लेखकका गजलविषयक ग्रन्थ, गजलकृतिहरू र गजलविषयक लेखलाई प्रमुख सामग्रीका रूपमा तथा नेपाली, भारतीय र उर्दूगजलका सिद्धान्त र इतिहाससम्बन्धी ग्रन्थकार र गजलकृतिलाई पनि सामग्रीका रूपमा उपयोग गरिएको छ ।

(ख) साक्षात्कार विधि

यस विधिअन्तर्गत यस शोधपत्रका शोधनायक, शोधनायकका पिता, श्रीमती र पुत्रहरूका साथै अन्य गजलकारहरू  कृष्णहरि बराल, ललिजन रावल, मनु ब्राजाकी, रवि प्राञ्जल, एवम् साहित्यिकारहरू निर्मोही व्यास, गणेशप्रसाद खराल,  लक्ष्मणप्रसाद गौतम, केदारनाथ खनाल, कपिल अज्ञात, गोविन्द विनोदी, नवराज रिजाल र जुनु क्षेत्रीसँग पनि साक्षात्कार गरेर सामग्री सङ्कलन गरिएको छ ।

### १.८.२ अर्थापन विधि

यस विधिअन्तर्गत शोधकार्यमा विश्लेष्य सामग्रीको अर्थापनका निमित्त सर्वप्रथमतः जीवनीपरक, व्यक्तित्वपरक र कृतित्वपरक अध्ययन विधिको उपयोग गरिएको छ । गजलको सैद्धान्तिक स्वरूप, संरचना र इतिहासको विश्लेषणका क्रममा सिद्धान्तपरक र इतिहासपरक अध्ययन विधिको प्रयोग गरिएको छ । त्यसैगरी गजलविश्लेषणका क्रममा प्रभावपरक र विश्लेषणात्मक समालोचना विधिलाई अवलम्बन गरिएको छ । त्यस्तै नेपाली गजलक्षेत्रमा शोधनायकको योगदान र स्थाननिर्धारणका क्रममा निर्णायक समालोचनाविधिको पनि निरूपण गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस शोधपत्रलाई विभिन्न अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । शोधपत्रको अध्ययनगत रूपरेखा निम्नलिखित ढाँचाअनुसार रहेको छ :

पहिलो अध्याय : शोध परिचय

दोस्रो अध्याय : घनश्याम न्यौपाने परिश्रमीको जीवनी

तेस्रो अध्याय : घनश्याम न्यौपाने परिश्रमीको व्यक्तित्व

चौँथो अध्याय : गजल सिद्धान्त र संरचना

पाँचौं अध्याय : नेपाली गजलको उद्‌भव र विकास

छैटौँ अध्याय : नेपाली गजल क्षेत्रमा घनश्याम न्यौपाने परिश्रमीको प्रवेश र गजलयात्रा

सातौँ अध्याय : घनश्याम न्यौपाने परिश्रमीका गजलमा सामाजिक चेतनाको स्तरगत अध्ययन

आठौं अध्याय : सामाजिक चेतनाका आधारमा घनश्याम न्यौपाने परिश्रमीका गजलको मूल्याङ्कन

नवौँ अध्याय : उपसंहार

उपर्युक्त अध्यायहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ । यसरी अन्तमा सन्दर्भग्रन्थसूची र परिशिष्टसमेत समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

अध्याय दुई

# घनश्याम परिश्रमीको जीवनी

# २. घनश्याम परिश्रमीको जीवनी

## २.१ पृष्ठभूमि

सृष्टि गतिमय हुन्छ । प्रकृति परिवर्तनमय हुन्छ । जीवन अनुभूतिमय हुन्छ । मन भावनामय हुन्छ । मस्तिष्क चिन्तनमय हुन्छ । भोगाइको निरन्तरता नै जीवन हो । जीवनमा दुःख र सुख भोगिन्छ। पीडा र हर्ष भोगिन्छ । भोगाइमै जीवनको सजीवता र बाँच्नुको सार्थकता हुन्छ ।

प्रकृति सृजनाको धाम हो । सृजना सृष्टिको निरन्तरता हो । यही निरन्तरतामा मानिस जन्मन्छ । प्रकृतिमै मानिसले जीवनका यावत् भोगाइ र अनुभूति सङ्गाल्छ । भोगाइमै मानिसले जीवनको सार्थकता प्राप्त गर्छ र सार्थक जीवन बाँच्छ । कोही जीवन कलामा बाँच्छ । कोही जीवन विज्ञानमा बाँच्छन् । कोही जीवन राजनीतिमा बाँच्छ । कोही जीवन साहित्यमा बाँच्छ ।

साहित्य जीवनको आँखा हो र समाजको भाखा हो । साहित्य विचारको बिम्ब र चेतनाको प्रतिबिम्ब हो । साहित्यका अनेक विधाहरू हुन्छन् र  हरेक विधाहरूमा सर्जकहरूले सार्थक जीवन बाँचेका हुन्छन्। साहित्यमा सार्थक जीवन बाँच्नेहरूमा घनश्याम न्यौपाने परिश्रमी पनि अग्रणी छन् । घनश्याम न्यौपाने परिश्रमी नेपाली साहित्यका वरिष्ठ गजलकार हुन् । अरबी, फारसी, हिन्दी, उर्दू हुँदै नेपालीमा प्रविष्ट भएको गजलविधामा उनको लेखनी अत्यन्त सबल रहेको छ । यहाँ पाँच गजलकृति प्रकाशित गरेर नेपाली साहित्यमा आफ्नो छुट्टै पहिचान र प्रतिष्ठा स्थापित गरेका घनश्याम न्यौपाने परिश्रमीको जीवनीका विभिन्न झाँकीहरू उद्घाटित गर्ने प्रयत्न गरिएको छ ।

## २.२ जन्म तथा पारिवारिक अवस्था

नेपाली साहित्यका चर्चित गजलकार घनश्याम न्यौपाने परिश्रमीको जन्म विक्रमसंवत् २०१५ साल असार १४ गते एवम् तदनुसार इसवीय संवत् १९५८ जुन १८ गतेका दिन गण्डकी अञ्चल, स्याङ्जा जिल्ला, श्रीकृष्ण गण्डकी गाउँ विकास समिति, वडा नम्बर २, बलाम नित्यडाँडामा श्रीमान् रुक्माङ्गद न्यौपाने र श्रीमती तारादेवी न्यौपानेको जेष्ठ सन्ततिका रूपमा भएको देखिन्छ ।[१] दशबाह्र पुस्तादेखि उनका पूर्खाहरू पूर्ववत् स्थानमा बस्दै

१ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

आएका र उनका आफन्त तथा दाजुभाइखलक पनि साबिक स्थानमै बस्दै आएका छन् भने समयक्रम र परिस्थितिअनुसार आजीविकाका सन्दर्भमा उनका काका स्थानान्तरण भई हाल बुटवलमा बस्दै आएका छन् ।[द] आफ्नै कमाइ र घरको समेत सहयोगबाट नवलपरासी जिल्ला, माकर गाउँ विकास समिति, वडा नम्बर ४, बर्दघाटमा घडेरी जोडेर घर बनाई बस्न थालेपछि उनका पिता पनि उनीसँगै बस्दै आएका छन् ।[घ] उनी आफ्ना पितामाताका एक्ला छोरा हुन् भने उनका दुई बहिनीहरू खगिसरा भट्टराई हाल अरुणखोला, नवलपरासी र पम्फा नेपाल हाल लाजिम्पाट, काठमाडौंमा बसोबास गरिरहेका छन् ।

जन्मपत्रअनुसार चिनाको नामसमेत घनश्याम न्यौपाने रहेको घनश्याम न्यौपाने परिश्रमीका पिताले आफ्ना पिताको कुटिलता  भोग्नुपरे तापनि आफ्ना एउटा मात्र पुत्रप्रति अगाध स्नेहभाव राख्ने गर्नुभएको देखिन्छ। परिश्रमीको विवाह १९ वर्षको उमेरमा भट्टराई कुलकी १३ वर्षीया किशोरी राधासँग संवत् २०३४ साल मार्ग २२ गते परम्परागत संस्कारअनुसार सम्पन्नभएपछि र उनका २०३६ सालमा सुवर्ण एवम् २०३८ सालमा सुशील दुई सन्तान भए । उनका जेष्ठ पुत्ररत्न सुवर्णको २०३९ माघ ५ मा बुटवलमा र अर्का सुशीलको २०६४ असार ३० गते बुटवलमा विवाह सम्पन्न भइसकेको छ ।[ङ]अहिले परिश्रमीको पारिवारिक अवस्था सुखद् र सौहार्दमय रहेको छ। घनश्याम न्यौपाने परिश्रमीका पिताले संवत् २०२५ मा नर्मल शिक्षक तालिम लिई शिक्षण पेशामा संलग्न भएर २०५१ सालमा अवकाश प्राप्त गर्नुभएको देखिन्छ । उहाँ ज्योतिष विधामा समेत दक्ष हुनुभएको कारण अवकाशपछि ज्योतिष कार्य गर्दै आउनुभएको र हाल वृद्धावस्थामा पनि यस कार्यलाई निरन्तरता दिइरहनुभएको छ ।[छ] पुर्ख्यौली पारिवारिक पृष्ठभूमि सम्पन्न भएर पनि पिताले कलिलो उमेरमै मातृवियोगको पीडा भोग्नुपरेको तथा हजुरबाको कुटिलताका कारण उत्पन्न मतभिन्नताले गर्दा १९ वर्षको अवस्थामै छुट्टिभिन्न भई बस्नुपरेकाले पारिवारिक आर्थिक स्थिति ज्यादै दयनीय भएको हुँदा घनश्याम न्यौपाने परिश्रमीको बाल्यकाल त्यति सुखद् हुन नसकेको[ट] देखिन्छ । पाँच वर्षमै पारिवारिक शैक्षिक वातावरणमा आफ्ना पिताबाट अक्षराम्भ गरेका उनको चूडाकर्म ९ वर्षको उमेरमा २०२४ सालमा भएको र उनले पिताबाटै मन्त्रग्रहण गरेको देखिन्छ ।[ठ]

---

२ ऐजन ।

३ ऐजन ।

४ ऐजन ।

५ अर्जुन पौडेल, घनश्याम न्यौपाने परिश्रमीको जीवनी, व्यक्ति र कृतित्वको अध्ययन, त्रिवि. अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०५५) पृष्ठ ९ ।

६ शोधवायकबाट प्राप्त जानकारीअनुसार ।

७ ऐजन ।

## २.३ बाल्यावस्था र शिक्षादिक्षा

घनश्याम न्यौपाने परिश्रमीको बाल्यावस्था स्याङ्जाको बलाम नित्यडाँडा र मावली स्याङ्जाकै दीर्घा, अर्चलेको सेरोफेरोमा बितेको थियो ।[८] उनी बाल्यावस्थादेखि नै इमान्दार, परिश्रमी, एकान्तप्रिय र गम्भीर प्रकृतिका थिए । शिक्षण पेशाका कारण प्रायः घरदेखि बाहिरै बस्नुपर्ने हुनाले माताको उचित स्याहारसुसार, हेरचाह र मायाममतामा हुर्केका उनी बालशुलभ चञ्चलता नभएका र कहिल्यै उपद्रव नगर्ने शान्त, विनम्र र सरल स्वभावका थिए ।[९] पारिवारिक आर्थिक अवस्था कमजोर भएकाले दुःख-कष्ट बुझेका परिश्रमीको बाल्यकाल सामान्य अवस्थामै बितेको थियो । बाल्यकाल अभावपूर्ण रहेकाले नै उनमा गम्भीर र एकान्तप्रिय स्वभाव विकास हुँदै गएर उनी एक चिन्तनशील र सृजनशील व्यक्ति बनेका हुन् ।

आफ्ना पिता शिक्षक भएकाले घनश्याम न्यौपाने परिश्रमीको शिक्षादिक्षा भने समयमै प्रारम्भ भएको देखिन्छ । पिताबाट अक्षराम्भ गरेपछि घरमै सावाँअक्षर खारेर उनले पाँचवर्षको उमेरमा आफ्नै जन्मथलो स्याङ्जाको वीरेन्द्र प्राथमिक विद्यालयबाट औपचारिक शिक्षा प्रारम्भ गरेका थिए ।[१०] त्यहाँ दुई वर्षसम्मको अध्ययनपछि मावल गएका परिश्रमी मावलीकै रेखदेखमा स्याङ्जा अर्चलेको चन्द्रोदय प्राथमिक विद्यालयमा भर्ना भई पाँच कक्षा उत्तीर्ण गरे ।[११] त्यसपछि पितासँगै स्याङ्जाको कोल्मा गएर बराहजौर निम्नमाध्यमिक विद्यालयबाट छैटौं र सातौं कक्षा उत्तीर्ण गरे भने आठौं कक्षा चाहिँ स्याङ्जाकै शिवालय माध्यमिक विद्यालय, बलामगुठीबाट पूरा गरे ।[१२] तत्पश्चात् मावल गएर त्यहींकै जनता हाइस्कुलमा नवौं र दशौं कक्षा उत्तीर्ण गरे र एसएलसी अनुतीर्ण भएपछि सन् १९७३ मा गोरखपुर गई गोरक्षनाथ संस्कृत विद्यापीठमा भर्ना भई सन् १९७५ मा पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरे एवम् नेपाली विषयमा विशिष्ट अङ्कसमेत प्राप्त गरे ।[१३] गोरखपुरकै नारायण संस्कृत विधापीठ, देवरिया, कप्तानगञ्जबाट आइ.ए.सरहको उत्तरमध्यमा परीक्षा सन् १९७७ मा उत्तीर्ण गरेपछि पुनः गोरक्षनाथ संस्कृत विद्यापीठबाटै सन् १९७९ मा बि.ए. सरहको शास्त्री परीक्षा उत्तीर्ण गरे भने त्यसै विद्यापीठबाट सन् १९८० मा अङ्ग्रेजी विषयमा समेत उनले शास्त्री परीक्षा उत्तीर्ण गरे । विक्रम संवत् २०४० मा प्राइभेट रूपमा संलग्न भएर त्रिविविबाट नेपाली स्नातकोत्तर उत्तीर्ण

---

८ ऐजन ।

९ अर्जुन पौडेल, घनश्याम न्यौपाने परिश्रमीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, पूर्ववत्, पृष्ठ १० ।

१० शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

११ ऐजन ।

१२ ऐजन ।

१३ ऐजन ।

गरेपछि बाबा भीमराव अम्बेदकर बिहार विश्वविद्यालयबाट नेपाली र हिन्दी गजलको विश्लेषणात्मक अध्ययन शीर्षकमा विद्यावारिधि सम्पन्न गरेका[ञढ] परिश्रमीले अध्ययनका लागि अधिक स्थानान्तरण गर्नुपरेको देखिन्छ ।

## २.४ सेवाप्रवेश र निरन्तरता

जीवन सुखदुःखको अविच्छिन्न भोगाइ हो । यस भोगाइका क्रममा जीविकोपार्जनका लागि समयसान्दर्भिक रूपले कुनै न कुनै पेशा अपनाउनुपर्ने हुन्छ । यस तथ्यअनुसार घनश्याम न्यौपाने परिश्रमीले जीविकोपार्जनको क्रम शिक्षण पेशाबाट प्रारम्भ गरेको देखिन्छ । शिक्षण पेशा भनेको शिक्षादानको माध्यमबाट अशिक्षाको अन्धकारलाई हटाएर अन्तर्ज्ञानको ज्योतिले आत्मालाई प्रोज्ज्वलित गर्ने र राष्ट्रको शैक्षिक उन्नतिमा टेवा दिने एउटा महत्वपूर्ण कार्य हो । यस कार्यको प्रारम्भ उनले उत्तरमध्यमा परीक्षा उत्तीर्ण गरेपछि विक्रम संवत् २०३३ साल पौष २ गते वीरेन्द्र प्राथमिक विद्यालय, बलाम, नित्यडाँडामा अस्थायी शिक्षकमा नियुक्त भएर गरेका हुन् ।[ञछ] यहाँ दुई वर्ष अध्यापन गरेपछि विक्रम संवत् २०३५ साल पौषमा शिवालय माध्यमिक विद्यालय, बलामगुठी, स्याङ्जामा स्थानान्तरण भई विक्रम संवत् २०३८ साल माघसम्म यस विद्यालयमा कार्यरत रहेपछि विक्रम संवत् २०३८ साल माघदेखि नै दीपेन्द्र माध्यमिक विद्यालय, नवलपरासीमा नेपाली र अङ्ग्रेजी शिक्षकका साथै प्रधानाध्यापकको रूपमा समेत अध्यापन र प्रशासनिक कार्य सुसम्पन्न गरेको देखिन्छ ।[ञट] तत्पश्चात् विक्रम संवत् २०४२ साल साउन १ गते बन्दीपुर क्याम्पस, तनहुँमा सहायक प्राध्यापक पदमा नियुक्त भई त्रिभुवन विश्वविद्यालय सेवामा प्रवेश गरी निमित्त क्याम्पस प्रमुखसमेत भएर प्राध्यापनका साथै प्रशासनिक कार्यसमेत सम्हालेका उनले विक्रम संवत् २०४५ सालमा केही महिना पिपल्स क्याम्पस, काठमाडौंमा प्राध्यापन गर्न पुगे भने विक्रम संवत् २०४५ सालदेखि २०४७ मङ्सिर १५ गतेसम्म आदिकवि भानुभक्त क्याम्पस, दमौलीमा र विक्रमसंवत् २०४७ मङ्सिर १६ देखि २०५० साल आषाढसम्म विश्वज्योति बहुमुखी क्याम्पस, बर्दघाट, नवलपरासीमा सहायक प्राध्यापक पदमा सेवारत रहेपछि त्रिभुवन विश्वविद्यालय सेवा परीक्षा उत्तीर्ण गरेर विक्रम संवत् २०५० आषाढ २२ गते तेह्रथुम क्याम्पस, चुहानडाँडामा स्थायी दरबन्दीमा नियुक्त भई २०५० श्रावण २० गतेदेखि महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा स्थानान्तरण भई विक्रम

---

१४ ऐजन .

१५ ऐजन ।

१६ ऐजन ।

संवत् २०५३ सालसम्म त्यहाँ कार्यरत रहे ।[17] वि.सं. २०५२ साल बैशाख ७ गते ठाकुरराम बहुमुखी क्याम्पस, वीरगन्जमा स्थानान्तरण भएर प्राध्यापन कार्यलाई निरन्तरता दिइरहे । यस क्याम्पसमा उनले नेपाली विभागको अध्यक्ष र सहायक क्याम्पस प्रमुखको कार्यभारसमेत सम्हालेका थिए ।[18]

विक्रम संवत् २०४९ सालमा भैरहवा बहुमुखी क्याम्पस रूपन्देहीमा स्थानान्तरण भई हालसम्म कार्यरत रहेका घनश्याम न्यौपाने परिश्रमीले त्यस क्याम्पसमा समेत सहायक क्याम्पस प्रमुख पदको कार्यभार सम्हालिरहेका छन् । विक्रम संवत् २०५२ साल असार १३ गते विश्वविद्यालय सेवाको बढुवा परीक्षा उत्तीर्ण गरी सहायक प्राध्यापकबाट उपप्राध्यापक पदमा पदोन्नति भए भने २०६६ सालमा सहप्राध्यापक पदमा पुनः बढुवा भएका[19] घनश्याम न्यौपाने परिश्रमीले प्रशासनिक कार्यमा समेत आफ्नो प्रतिभा र कार्यकुशलता प्रदर्शन गरेका छन् भने शिक्षण र प्राध्यापन पेशामा लामो समयदेखि सेवा अर्पण गर्दै आएका छन् ।

## २.५ लेखन प्रारम्भ र निरन्तरता

घनश्याम न्यौपाने परिश्रमी नेपाली गजलक्षेत्रका सुप्रसिद्ध व्यक्तित्व हुन् । नेपाली गजलको उन्नयनमा उनले दिएको योगदान चिरस्मरणीय रहेको छ । उनले गजलविधामा सर्वाधिक चर्चा पाए पनि लेखनयात्राको प्रारम्भ कविताविधाबाट गरेका थिए । आयो वसन्त ( हाल अप्राप्त) वार्णिक कविता उनले विक्रम संवत् २०३० मा प्रथमपटक रचना गरेका थिए भने 'जाग-जाग शीर्षकका कविता उनले सन् १९७४ मा नेपाली छात्र सङ्घ, गोरखापुरको मुखपत्र सिम्रिकमा प्रथमपटक प्रकाशित गराएका थिए ।[20]त्यसपछि कविता सृजनबाटै उनको लेखकीय निरन्तरता अघि बढिरह्यो र उनको पहिलो पुस्तकाकार कृति विक्रम संवत् २०३६ मा अन्त्यमा खण्डकाव्य प्रकाशित भयो । विक्रम संवत् २०३२ तिरै रचना गरिएको भए पनि यस कृतिले २०३६ सालमा मात्र प्रकाशित हुने अवसर पाएको हो ।[21]

कवितापछि घनश्याम न्यौपाने परिश्रमीको प्रतिभा गजल विधामा प्रदर्शित भएको देखिन्छ । उनले पहिलो गजल 'जिन्दगी त जिएकै छु विक्रम संवत् २०४४ माघ १० गते रचना गरेका

---

१७ ऐजन ।

१८ ऐजन ।

१९ ऐजन ।

२० ऐजन ।

२१ ऐजन ।

थिए जुन २०४५ माघको मधुपर्कमा प्रथमपटक प्रकाशित भएको थियो[२२] । तत्पश्चात् उनको गजलसृजन र प्रकाशनमा निरन्तरता रहँदै गएर यो मौसम (२०५०), घामको छहारीमा (२०५३) जुन चुहेका रात (२०६०), जुनुमामा (२०६०) र राम्रो चाचा मीठो पापा (२०६३) जस्ता गजलकृतिहरू प्रकाशित भएका छन् ।

गजलपछि घनश्याम न्यौपाने परिश्रमीको लेखन कथा, एकाङ्की र समालोचना विधातिर प्रवृत्त भएको देखिन्छ । उनले रचना गरेको पहिलो कथा श्रद्धाञ्जली हो[२३] भने पहिलो प्रकाशित कथा महँगी वेश्या हो ।[२४] त्यसपछि उनका विभिन्न कथा-लघुकथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । त्यस्तै लेखन र प्रकाशनको दृष्टिले उनको पहिलो एकाङ्की यतियति पानी बालएकाङ्की हो ।[२५] यस एकाङ्कीपछि उनका अन्य एकाङ्कीहरू पनि प्रकाशित छन् । त्यसरी नै उनको पहिलो प्रकाशित समालोचना विक्रम संवत् २०४६ असोजमा प्रस्तुति पत्रिकामा प्रकाशित नेपाली साहित्यमा मोतीराम भट्ट हो । उनको समालोचकीय प्रतिभा प्रदर्शित साहित्य सन्दर्भ (२०५५), गजल भूमिकावली (२०६३) र गजल सौन्दर्य मीमांसा (२०६४) जस्ता कृतिपरक र सिद्धान्तपरक समालोचनाग्रन्थहरू पनि प्रकाशित छन् ।

## २.६ सम्मान, अभिनन्दन र पुरस्कार

कुनै पनि क्रियाको प्रतिक्रिया हुन्छ । कुनै पनि कार्यको प्रतिफल प्राप्त हुन्छ । राम्रो कामको प्रतिफल पनि राम्रै हुन्छ । घनश्याम न्यौपाने परिश्रमीले पनि राष्ट्रिय जागरणको अभिन्न अङ्ग भाषा र साहित्यको समुत्थानका महत्वपूर्ण कार्य गरेका छन् । उनले गरेका उल्लेख्य कार्यको प्रतिफलका रूपमा विभिन्न सङ्घसंस्थाहरूबाट सम्मान, अभिनन्दन र पुरस्कारहरू पाएका छन् । उनले पाएका सम्मान, अभिनन्दन र पुरस्कारहरू यसप्रकार रहेका छन् :[२६]

१. राष्ट्रिय शिक्षा पुरस्कार, २०४६ ।
२. महेन्द्र विद्याभूषण (क), २०६२ ।
३. रत्न पुरस्कार, २०५४, समता साहित्य परिवार, इलामबाट ।
४. कालीगण्डकी कला साहित्य पुरस्कार, २०५५, स्याङ्जा साहित्य प्रतिष्ठानबाट ।
५. कृष्णजङ्ग डम्बरजङ्ग पुरस्कार, २०५९, त्रिवेणी साहित्य परिषद्, नवलपरासीबाट ।

२२ अर्जुन पौडेल, "घनश्याम न्यौपाने परिश्रमीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन", पूर्ववत्, पृष्ठ ३२

२३ ऐजन, पृष्ठ ३३ ।

२४ घनश्याम न्यौपाने परिश्रमी, "महँगी वेश्या", विश्वामित्र, वर्ष : १, अङ्क : २३, असार, २०५२, पृष्ठ ४० ।

२५ घनश्याम न्यौपाने परिश्रमी, "यतियति पानी", नवपल्लव, वर्ष : १, अङ्क : १, (वीरगन्ज, बालविकास केन्द्र, २०५४) पृष्ठ ८ ।

२६ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

६. भवानी भिक्षु पुरस्कार २०६४ रूपक स्मृति प्रतिष्ठान, काठमाडौं र नव कपिलवस्तु - साहित्यिक प्रतिष्ठानबाट ।

७. अभिनन्दन २०५५, मेदिनी साहित्यिक पत्रिका, सिन्धुलीबाट ।

८. अभिनन्दन २०६०, सुदूरपश्चिमाञ्चल गजलमञ्च, कैलालीबाट ।

९. अभिनन्दन २०६०, राइजिङस्टार सामुदायिक विकास प्रतिष्ठान, भुमही, नवलपरासीबाट ।

१०. अभिनन्दन २०६१, नवलपरासी साहित्य प्रतिष्ठानबाट ।

११. अभिनन्दन २०६१, मोतीराम गजलमञ्च, मोरङबाट ।

१२. अभिनन्दन २०६१, सिद्धार्थ साहित्य कोसेली, भैरहवाबाट ।

१३. अभिनन्दन २०६२, अनुराग साहित्य समाज, देवदह रूपन्देहीबाट ।

१४. अभिनन्दन २०६३, गजल सागर नेपाल तथा युरोसिया रेयूकाई १६ औं शाखा, बुटवलबाट ।

१५. अभिनन्दन २०६३, नवज्योति युवा क्लव, रामनगर नवलपरासीबाट ।

१६. अभिनन्दन २०६४, ५० औं वर्ष प्रवेशका अवसरमा १३ साहित्यिक संस्थाहरूबाट - संयुक्तरूपमा ।

१७. अभिनन्दन २०६४, गजलमञ्च, मकवानपुरबाट ।

१८. सम्मान २०५४, दीपेन्द्र मा.वि. सर्दी नवलपरासीबाट ।

१९. सम्मान २०५८, कलाकुञ्ज पुस्तकालय तथा रौतहट रश्मिबाट ।

२०. सम्मान २०५८, देवकोटा स्मृति सभा कलैयाबाट ।

२१. सम्मान २०५८, वीरगन्ज जेसिसबाट ।

२२. सम्मान २०५८, नव सृजना साहित्य समूह, मकवानपुरबाट ।

२३. सम्मान २०५९, मृगतृष्णा साहित्य डबली, मकवानपुरबाट ।

२४. सम्मान २०५९, मकवानपुर साहित्य सङ्गमबाट

२५. सम्मान २०५९, सूर्योदय प्रतिष्ठान चन्द्रनिगाहपुरबाट ।

२६. गजलश्री सम्मान २०६०, वसुन्धरामान प्रज्ञाप्रतिष्ठान, काठमाडौंबाट ।

२७. तन्नेरी प्रतिभा सम्मान २०६०, तन्नेरी प्रकाशनबाट ।

२८. सम्मान २०६०, भेरी साहित्य समाज नेपालगन्जबाट ।

२९. गजलज्ञानमणि उपाधिसहित सम्मान २०६१, नमुना साहित्यिक समाज, नवलपरासीबाट ।

३०. सम्मन २०६२, कालिका एफ.एम.प्रा.लि. चितवनबाट ।

३१. सम्मान २०६४, अन्तर्राष्ट्रिय नेपाली समाज, कतारशाखाबाट ।

३२. सम्मान २०६४, शुक्ला साहित्य सङ्गम, तनहुँबाट ।

३३. सम्मान २०६५, काली गण्डकी साहित्य समाज, स्याङ्जाबाट ।

३४. रत्न श्रेष्ठ पुरस्कार २०६५, बाग्लुङबाट ।

## २.७ जीवन दर्शन र विशेष अभिरुचि

हरेक व्यक्तिको निजी चिन्तन र जीवन दर्शन हुन्छ । उसको निजी विचार र भावना हुन्छ । यही निजी चिन्तन, दर्शन र विचारसँगै उसको व्यक्तित्व निर्मित भएको हुन्छ । हरेक व्यक्तिको जीवनलाई हेर्ने निजी दृष्टिकोण हुन्छ । जीवनसम्बन्धी निजी मान्यता हुन्छ । यस सन्दर्भमा घनश्याम न्यौपाने परिश्रमीको पनि जीवनलाई हेर्ने, भोग्ने र बाँच्ने निजी चिन्तन, विचार र दृष्टिकोण रहेको पाइन्छ । यही निजी विचार, चिन्तन र दृष्टिकोण नै उनको जीवन दर्शन पनि हो ।[द्दठ]

घनश्याम न्यौपाने परिश्रमी प्रगतिवादी चिन्तन, मानवतावादी विचार र साम्यवादी दर्शनका बौद्धिक सचेतक हुन् ।[द्दड] परहित नै जीवन ठान्ने र साहित्यसृजना नै जीवनको सार्थकता मान्ने परिश्रमी स्वतन्त्र बामपन्थी बुद्धिजीवीका रूपमा परिचित छन् । सङ्घर्षलाई जीवनको बाँच्ने आधार र सकारात्मक सोचलाई मानवीय भावका रूपमा लिने उनी मानवीय सङ्चेतना र संवेदनालाई साहित्यमा उतारेर सार्थक अभिव्यक्ति दिनु सत्कार्यका रूपमा स्वीकार्छन् ।[द्दढ] साहित्य र जीवन एकअर्काका परिपूरक मानेर साहित्यमय जीवन बाँच्ने उपक्रममा निरन्तर लेखन गरिरहन्छन् । अनेक उतार-चढाव, हर्ष-पीडा, व्यथा-वेदना र छट्पटीको समन्वित रूपमै जीवन भोगाइ हो, यसमै जीवनले निरन्तरता पाउने मान्यता राख्ने उनी सामाजिक विभेद र आर्थिक विषमताप्रति रोषभाव राख्छन् भने एकता, सद्भाव र भ्रातृत्व नै मानवीय महत्ता भएको हुँदा यसमै जीवन बाँच्नु पर्ने विचार प्रकट गर्दछन् ।[घण] जीवन आफ्नै चेतना-चिन्तन र भावना-विचारमा सदा ज्योतिर्मय हुनुपर्ने सोच नै उनको जीवन दर्शन हो र यही सोचमा उनी जीवन सार्थक हुने भाव व्यक्त गर्छन् ।[घज्ञ]

---

२७ अर्जुनप्रसाद पौडेल, घनश्याम न्यौपाने परिश्रमीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन, पूर्ववत्, पृष्ठ २४ ।

२८ ऐजन ।

२९ सोधनायकबाट प्राप्त जानकारीअनुसार ।

३० ऐजन ।

३१ ऐजन ।

गजलकार घनश्याम न्यौपाने परिश्रमी अध्ययनशील, चिन्तनशील र सृजनशील स्वभावका सर्जक हुन् । साहित्य उनको विशेष अभिरुचिक्षेत्र हो । त्यसमा पनि गजल उनको प्रिय विधा हो । हरसमय केही न केही सोचिरहनु, केही न केही लेखिरहनु, साहित्यिक कार्यक्रममा सहभागी भइरहनु उनको विशेष अभिरुचि रहेको देखिन्छ । सबैप्रति सद्भाव र सहयोगको भावना राख्नु, अनुज पुस्तालाई समुचित मार्ग निर्देश गर्नु र सृजनामा आफ्ना मानवतावादी भाव, प्रगतिवादी चिन्तन र साम्यवादी विचार सञ्चार गर्नु पनि उनका विशेष अभिरुचि क्षेत्र हुन् ।[३२] साथै आफ्नो पेशाप्रति इमान्दार र क्रियाशील रहनु, आफ्नो कर्तव्य र जिम्मेवारीप्रति सदा सचेत बन्नु, चाकरी, चाप्लुसी र चुक्लीजस्ता निकृष्ट प्रवृत्तिबाट टाढा बस्नु र समतामूलक समाज र साम्यवादी राष्ट्रनिर्माणका लागि सामाजिक असमानता तथा वर्गीय विभेदको अन्त्यको आवाज बुलन्द पार्नु उनका रुचिका मुख्य विषय हो ।[३३]साथै पहिरनमा सर्ट र प्यान्ट, खानामा रोटी र मासु, नातामा माता र पिता, व्यक्तिमा लेखक र समाजसेवी, पेशामा प्राध्यापन र पत्रकारिता, विधामा समालोचना र गजल उनका उनका विशेष अभिरुचिअन्तर्गत पर्दछन् ।

## २.८ निष्कर्ष

नेपाली साहित्यमा गजलकारका रूपमा चर्चित बन्न पुगेका घनश्याम न्यौपाने परिश्रमी एक प्रर्खर सर्जक, सचेत बुद्धिजीवी, कुशल प्राध्यापक, कर्मनिष्ठ पुत्र, कर्तव्यनिष्ठ पति र जिम्मेवार पिताका रूपमा प्रतिष्ठित छन् । पारिवारिक अभाव र समस्यासँग जुध्दै उत्तरमध्यमासम्मको अध्ययनपछि उच्चशिक्षा अध्ययनसँगै शिक्षण पेशालाई पनि अँगाल्दै विधावारिधि तह पूरा  गरेर आफ्नो प्रातिभ क्षमता प्रर्दशन गर्ने परिश्रमी हाल भैरहवा बहुमुखी क्याम्पस, रूपन्देहीमा सहप्राध्यापकको रूपमा कार्यरत छन् भने सहायक क्याम्पस प्रमुख तथा नेपाली विषयको स्नातकोत्तर तहको संयोजकको जिम्मेवारी पनि सम्हालिरहेका छन् ।[३४] भारत, भुटान र कतारभ्रमण गरेका उनले नेपाली भाषासाहित्यको उन्नयनमा उल्लेख्य योगदान पुर्‍याएवापत विभिन्न सङ्घसंस्थाबाट पुरस्कृत, अभिनन्दित र सम्मानितसमेत भएका छन् ।[३५] गजल, कविता, समालोचना र पाठ्यक्रम गरी एक दर्शन जति पुस्तकका सर्जक घनश्याम

३२ ऐजन ।

३३ ऐजन ।

३४ ऐजन ।

३५ ऐजन ।

न्यौपाने परिश्रमी निष्कर्षतः नेपाली  गजलको पुनर्जागरण कालका एक प्रतिभाशाली गजलकार हुन् ।

## अध्याय तीन

# घनश्याम न्यौपाने परिश्रमीको व्यक्तित्व

# ३. घनश्याम न्यौपाने परिश्रमीको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

देश, काल, परिस्थितिको प्रभाव र व्यक्तिगत जीवनभोगाइको अनुभवअनुभूति नै कुनै पनि व्यक्तिको  व्यक्तित्व निर्माणको मुख्य आधारशिला हो । आफू जन्मेको, हुर्केको र बढेको परिवेश एवम् आफूले अध्यनन गरेको विषय, क्षेत्र र अध्यापक व्यक्तित्वको प्रभाव र प्रेरणा पनि व्यक्तिको व्यक्तित्व निर्माणका निर्णायक अङ्कहरू हुन् । पारिवारिक पृष्ठभूमि, सांस्कृतिक वस्तुस्थिति, सामाजिक रीतिरिवाज, निजी रुचि र दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उच्च महत्व राखेका हुन्छन् । यस सन्दर्भमा बाल्यकालदेखि नै सुख-दुःख, हर्ष-पीडा र अभावजन्य अवस्थाको जीवन भोगाइसँगै  पारिवारिक पृष्ठभूमि, सामाजिक र सांस्कृतिक परिस्थिति, शिक्षा अध्ययनका क्रममा परेको विषयगत र क्षेत्रगत प्रभाव, आफू बाँचेको परिवेश, आफूले भोगेको जीवनको यथार्थ अनुभूति र आफ्नो निजी रुचिमा बाèान्तरिक व्यक्तित्व विकसित भएर घनश्याम न्यौपाने परिश्रमीको निजी, सार्वजनिक र साहित्यिक व्यक्तित्व निर्मित भएको देखिन्छ ।

## ३.२ निजी व्यक्तित्व

हरेक व्यक्तिको निजी व्यक्तित्व हुन्छ । घनश्याम न्यौपाने परिश्रमीको पनि निजी साङ्गठनिक व्यक्तित्व रहेको छ । बाèशारीरिक साङ्गठनिक व्यक्तित्व नै उनको निजी व्यक्तित्व हो ।

### ३.२.१ शारीरिक व्यक्तित्व

शारीरिक सङ्गठनका दृष्टिले घनश्याम न्यौपाने परिश्रमीको निजी व्यक्तित्व आकर्षक रहेको छ । गहुँगोरो वर्णको गोलो र उज्यालो मुखमुद्रा, फराकिलो निधार, सलक्क परेको नाक, ठुल्ठुला आँखा, गुमुक्क गाला, डम्म कालो दारी, कालै केश, चौडा छाती,  हृष्टपुष्ट र मझौला किसिमको शारीरिक बनोटको बाè स्वरूप नै उनको निजी शारीरिक व्यक्तित्व हो ।[१] पाँच फिट तीन इन्च उचाइ एवम् बहत्तर किलोग्राम वजन

१ शोधनायकको शारीरिक अवस्था अवलोकनअनुसार ।

भएका र बाउन्न वर्षको निजी आयुका जीवनबाट गुज्रिरहेका[द्द] घनश्याम न्यौपाने परिश्रमीका नम्रता, भद्रता र शिष्टताले उनको शारीरिक व्यक्तित्वलाई अझ आकर्षक तुल्याएको देखिन्छ ।

### ३.२.२ स्वभावगत व्यक्तित्व

मिलनसार, सरल र हार्दिक व्यवहारका धनी घनश्याम न्यौपाने परिश्रमी हँसिला, रसिला र मिजासिला स्वभाव भएका व्यक्ति हुन् । सबै स्तर, उमेर र वर्गका व्यक्तिसँग सौहार्दपूर्ण सामन्जस्य तथा सबैप्रति सहयोगी भावना राख्ने, घरपरिवार, आफन्त र समाजप्रतिको दायित्व निर्वाहमा सदा सचेत रहने, सानालाई स्नेह र प्रेरणा एवम् ठूलालाई श्रद्धा र सम्मान प्रदान गर्न पाउँदा प्रसन्न हुने, विपद्मा नआत्तिने र प्राप्तिमा नमात्तिने उनको शान्त स्वभावगत व्यक्तित्व रहेको छ । सामान्य जीवन मन पर्ने उनलाई भड्किलोपन मन पर्दैन ।[घ] सबै किसिमका साहित्यकारहरूप्रति हार्दिक आदरभाव राख्ने उनी शोषणरहित स्वच्छ समाजनिर्माणका लागि कलम चलाउने सर्जकहरू विशेष मन पराउँछन् र यस्ता सर्जकहरूबाटै सच्चा साहित्य सृजना हुने विचार पनि प्रकट गर्छन् ।[द्ध]

## ३.३ सार्वजनिक व्यक्तित्व

समाज र राष्ट्रमा परिचित व्यक्तित्व नै कुनै पनि व्यक्तिको सार्वजनिक व्यक्तित्व हो । आफ्नो कार्यक्षेत्रमा देखाएको दक्षता, समाजमा निर्वाह गरेको दायित्व र राष्ट्रहित वा उन्नतिका लागि आफूले दिएको योगदान नै कुनै पनि व्यक्तिको सार्वजनिक व्यक्तित्वको पहिचान हो । यस मान्यताका दृष्टिले घनश्याम न्यौपाने परिश्रमीका पनि सार्वजनिक व्यक्तित्वका विशिष्ट पाटाहरू रहेका छन् । उनका सार्वजनिक व्यक्तित्वका यस्ता पाटाहरूलाई निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छ :

### ३.३.१ सामाजिक  व्यक्तित्व

सामाजिक समुन्नतिमा सचेत घनश्याम न्यौपाने परिश्रमी समाजका एक बुद्धिजीवी व्यक्तित्वका रूपमा प्रतिष्ठित र परिचित छन् । समाजका सबैले उनलाई पढेलेखेका एक विद्वान् एवम् नेपालका एक ठूला लेखकका रूपमा श्रद्धा र सम्मान गर्छन् ।[छ]  समाजका

---

२ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

३ ऐजन ।

४ ऐजन ।

५ शोधनायककी श्रीमती राधा न्यौपानेबाट प्राप्त जानकारीअनुसार ।

हरेक क्रियाकलापमा विशेष चासोका साथ सहभागिता जनाउने घनश्याम न्यौपाने परिश्रमी सामाजिक समस्या समाधानका लागि सदा अग्रसर रहन्छन् । प्रचलित सामाजिक, सांस्कृतिक मूल्य र मान्यतालाई परिमार्जित रूपमा निरन्तरता दिनुपर्ने र समाजलाई भेदभावरहित रूपमा स्वच्छ बनाउनु पर्ने धारणा राख्ने उनी समग्र समाजका विकृति, विसङ्गति र बेथितिको अन्त्यका लागि कलम चलाउने गर्दछन् ।[६] समाजप्रतिको सकारात्मक दृष्टिकोण एवम् जिम्मेवारीपूर्ण कार्यका आधारमा उनको सामाजिक व्यक्तित्व सबल र सन्तुलित रहेको छ ।

### ३.३.२ शिक्षक-प्राध्यापक व्यक्तित्व

शिक्षा राष्ट्रिय जागरणको द्योतक र समग्र समुन्नतिको उद्बोधक हो । शिक्षा हरेक व्यक्तिको नैसर्गिक अधिकार हो भने शिक्षण सेवामूलक पेशा हो । घनश्याम न्यौपाने परिश्रमीले पनि यही सेवामूलक पेशालाई जीवननिर्वाहका रूपमा अपनाएका छन् । पूर्वमध्यमाको अध्ययन समाप्तिपश्चात् वि.सं. २०३३ पौष २ गतेदेखि २०४२ आषाढसम्म विभिन्न विद्यालयहरूमा प्राथमिक तहदेखि माध्यमिक तहसम्मको कुशल शिक्षण कार्यपछि वि.सं. २०४२ श्रावणदेखि सहायक प्राध्यापकका रूपमा प्राध्यापन पेशामा प्रवेश गरी वि.सं. २०५० आषाढ २२ गते त्रि.वि. सेवा उत्तीर्ण गरेर स्थायी सेवाअन्तर्गत विभिन्न क्याम्पसहरूमा शिक्षादान गर्दै उनी हाल भैरहवा बहुमुखी क्याम्पस रूपन्देहीमा सहप्राध्यापक पदमा कार्यरत छन् ।[७] विद्यार्थीहरूलाई तुरुन्त आफ्नो प्रातिभ प्रभावमा पार्ने स्पष्ट र बौद्धिक विश्लेषकका रूपमा उनी विद्यार्थी र आफ्ना सहकर्मीहरूबीच परिचित छन् ।[८] आफ्नो पेशा र कर्तव्यप्रति सदा चिन्तनशील रहने एक मिलनसार, इमान्दार, लगनशील र जिम्मेवार प्राध्यापकका[९] रूपमा उनको प्राध्यापक व्यक्तित्व ओजस्वी रहेको छ ।

### ३.३.३ सङ्घसंस्था सङ्गठक-सञ्चालक व्यक्तित्व

हरेक व्यक्ति समाजमा बसेर सामाजिक क्रियाकलापमा संलग्न रहने एवम् साङ्गठनिक रूपमा सामाजिक वा सार्वजनिक कार्य सम्पन्न गर्नका लागि सङ्घसंस्था स्थापना र सञ्चालन गर्ने सन्दर्भमा घनश्याम न्यौपाने परिश्रमी पनि विभिन्न सार्वजनिक सङ्घसंस्थाको सङ्गठन र सञ्चालनमा संलग्न रहेका देखिन्छन् । विशेषतः सामाजिक, साहित्यिक र मानव अधिकारवादी संघसंस्थामा सम्बद्ध रहेर उनले सामाजिक, सांस्कृतिक र साहित्यिक समुन्नति एवम् मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण कार्य

६ शोधनायकबाट प्रकट विचारअनुसार ।

७ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

८ नियात्राकार निर्मोही व्यासबाट प्राप्त जानकारी अनुसार ।

९ साहित्यकार कपिल लामिछानेबाट प्राप्त जानकारीअनुसार ।

गरेको पाइन्छ । द रेयुकाई तनहुँ शाखाका जुन होजासु पदमा रही साहित्यिक कार्यक्रमको संयोजक, साहित्य सृजना परिवार, तनहुँको संस्थापक अध्यक्ष, सौदामिनी साहित्य परिषद्, नवलपरासीको संस्थापक अध्यक्ष, मानव अधिकार मञ्च, नवलपरासीको अध्यक्ष, नेपाल बुद्धिजीवी परिषद्, नवलपरासीको उपाध्यक्ष, समता साहित्य परिवार, इलामको संस्थापक सदस्य, प्रभात काव्य यात्रा, वीरगन्जको संस्थापक सदस्य, जीवनेश्वर जगतमोहन ट्रष्ट, वीरगन्जको सचिव, वीरगन्ज विश्वविद्यालय सम्भाव्यता अध्ययन कार्यटोलीको सदस्य, वीरगन्ज साहित्य परिषद्को संस्थापक सदस्य, देवकोटा स्मृति सभा, कलैयाको उपाध्यक्ष, गजल गुँड, गजल गृह, सुदूरपश्चिमाञ्चल गजल मञ्च, झरना परिवार आदिका सल्लाहकार[१०] जस्ता पदहरूमा रहेर उनले सङ्घसंस्था सङ्गठन र सञ्चालनमा आफ्नो जिम्मेवारीपूर्ण कार्यकुशलता प्रदर्शन गर्नाका साथै मूलतः भाषासाहित्य र मानव अधिकारका क्षेत्रमा दिएका उल्लेखनीय योगदानलाई दृष्टिगत गर्दा उनको सङ्घसंस्था सङ्गठक एवम् सञ्चालक व्यक्तित्व अत्यन्त अनुकरणीय रहेको देखिन्छ ।

### ३.३.४ पत्रकार-सम्पादक व्यक्तित्व

हरेक व्यक्ति आफ्नो निजी रुचि वा चाहनाअनुसार विभिन्न क्रियाकलापमा संलग्न हुन्छ । घनश्याम न्यौपाने परिश्रमीको निजी रुचि वा चाहको एउटा पाटो पत्रकारिता एवम् सम्पादन पनि रहेको देखिन्छ । उनको यो रुचि शिक्षाअध्ययन र अध्यापनको क्रमसँगै पल्लवित भएर झ्याङ्गिएको पाइन्छ । यस क्रममा आदिकवि भानुभक्त क्याम्पस, दमौलीको मुखपत्र मधुश्रीको सम्पादक, साहित्य सृजना परिवार, दमौलीको मुखपत्र सासृपको प्रधान सम्पादक, लालीगुराँस साहित्यिक पत्रिका, दमौलीको सहसम्पादक, सौदामिनी साहित्यिक मासिक पत्रिका, नवलपरासीको प्रधान सम्पादक, सेवा पत्रिकाको प्रतिनिधि, सगर साहित्यिक त्रैमासिक पत्रिका, वीरगन्जको कार्यकारी सम्पादक, वीरगन्जको नवपल्लव पत्रिकाको प्रधान सम्पादक, वीरगन्जका दैनिक समाचारपत्र प्रतीकको शनिवार अङ्क बाटिकाको संयोजक, वीरगन्जका साप्ताहिक समाचारपत्रहरू नयाँ बिहानीको सम्पादक र नवआदर्शको प्रधान सम्पादक[११]जस्ता पदहरूमा रहेर पत्रकारिता एवम् सम्पादनकार्यमा उनले आफ्नो अनुकरणीय प्रतिभा प्रदर्शन गरिसकेका छन् । विशेषतः साहित्यिक पत्रिकामा साहित्यिक रचनाहरू र समाचारपत्रमा सामयिक तथ्यपूर्ण समाचार सम्पादनकार्यमा उनले देखाएको दक्षता एवम् साहित्यिक सामयिक पत्रकारिता क्षेत्रमा दिएको योगदानलाई मध्यनजर गर्दा उनको पत्रकार-सम्पादक व्यक्तित्व उच्च र स्तुत्य रहेको मान्नुपर्छ ।

---

१० शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

११ ऐजन ।

### ३.३.५ साहित्यिक व्यक्तित्व

साहित्य जीवन, समाज र राष्ट्रलाई हेर्ने तेस्रो आँखा हो जसमा भोगाइ, अनुभूति, रीतिस्थिति र युगीन यथार्थका भावविम्बहरू प्रतिविम्बित भएका हुन्छन् । साहित्यले भावनाको छाल  उछाल्छ, चेतनाको क्षितिज उघार्छ र मनको धर्तीमा विचारको आकाश ओराल्छ । यस्तो साहित्यको रसरागले नलठ्ठिने मान्छे कमै हुन्छन् । झन् भावुक हृदय र सृजनशील प्रतिभा हुनेहरू साहित्यकै संसारमा हराएर सृजनामा निमग्न हुन्छन् । यस्तो रसरागयुक्त साहित्यको मोहनीले सुटुक्क तानिएर घनश्याम न्यौपाने परिश्रमी पनि विद्यार्थी जीवनदेखि नै सृजनामा प्रवृत्त भएको पाइन्छ । एक दर्जन जति साहित्यिक कृतिहरू पस्किसकेका घनश्याम न्यौपाने परिश्रमी वर्तमानका एक प्रखर स्रष्टा र गहन द्रष्टाका रूपमा प्रतिष्ठित छन् र स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व गरी उनका व्यक्तित्वका दुई पाटाहरू रहेका छन् ।

#### ३.३.५.१ स्रष्टा व्यक्तित्व

सृजनक्षमता  हरेक व्यक्तिमा रहने र त्यो व्यक्तिको रुचिक्षेत्रअनुसार हुने गर्दछ । घनश्याम न्यौपाने परिश्रमीको सृजनक्षमता उनको रुचिअनुसार साहित्यिक सृजन क्षेत्रमा प्रस्फुटित भएर फैलिएको देखिन्छ । साहित्य एउटा कला हो र कला सर्वोत्तम सृजना हो । कलाअनुसार सृजनाका विभिन्न विधाहरू हुन्छन् । घनश्याम न्यौपाने परिश्रमीको सृजनामा प्रमुख विधा गजल र कविता हुन् भने सहायक विधा कथा र एकाङ्की हुन् ।[१२]जीवनभोगाइ, मानवमूल्य र युगीन यथार्थलाई सृजनामा उतार्ने परिश्रमी वर्तमानका एक जल्दाबल्दा साहित्यिक स्रष्टा व्यक्तित्व हुन् । उनको स्रष्टा व्यक्तित्वमा गजलकार व्यक्तित्व सर्वोच्च, कवि व्यक्तित्व उच्च र कथाकार एवम् एकाङ्कीका र व्यक्तित्व मध्यम स्तरको छ ।

##### ३.३.५.१.१ गजलकार व्यक्तित्व

गजल सुष्ठु पदपदावली र कोमल भावनायुक्त गेयात्मक शास्त्रीय लघु काव्यविधा हो । अरबी भाषाभूमिमा अङ्कुरित भएर फारसी भाषाभूमिमा पल्लकित भई हिन्दी र उर्दू भाषाभूमिमा पुष्पित भएपछि नेपाली भाषाभूमिमा नयाँ बिरुवाका रूपमा आयातित गजल वर्तमानमा नेपाली हावापानी सुहाउँदो रूपमा मौलाएको छ । नेपाली साहित्यको माध्यमिक कालमा शृङ्गारिक

---

१२ ऐजन ।

भावभूमिमा मोतरीराम भट्ट (वि.सं. १९२३-५२) बाट विक्रमको १९४० मा बीजाङ्कुरित[13]भएपछि मोतीमण्डलीबाट मलजल भएर शम्भुप्रसाद ढुङ्गेल (वि.सं. १९४६-१९८६), भीमनिधि तिवारी (वि.स. १९६८Û-२०३०) र उपेन्द्रबहादुर जिगर (वि.सं. १९६०-२०३०) बाट गोडमेल हुँदै लहलहाएको भए पनि जिगरपछि समुचित रेखदेख नपाएर ओइलाउन थालेको[14] गजल वटवृक्ष विक्रमको २०३६ मा ज्ञानुवाकर पौडेलबाट पुनः मलजल र गोडमेल भएपछि[15] लहलह भएर मौलाउँदै गई ललिजन रावल, धर्मोगत शर्मा, मनु ब्राजाकी, बूँद राना, घनश्याम न्यौपाने परिश्रमी, रवि प्राञ्जल[16] आदिको संरक्षण र सम्बर्द्धन पाई वर्तमानमा विशाल वृक्षका रूपमा झ्याङ्गिएर फैलिएको छ । यसरी नेपाली गजलको समुन्नतिमा लाग्ने प्रतिभावान् गजलकारहरूमा घनश्याम न्यौपाने परिश्रमीको नाम पनि अग्रस्थानमा रहेको छ। गजलकार मनु ब्राजाकीको गजलको प्रभावबाट सुटुक्क गजलविधातिर तानिएका[17] घनश्याम न्यौपाने परिश्रमीले प्रथमपटक रचना गरेको जिन्दगी त जिएकै छु गजल वि.सं. २०४५ माघको मधुपर्कमा प्रथमपटक नै प्रकाशित भएको हो ।[18] तत्पश्चात् उनले समर्पित भएर गजलसृजनामा निरन्तरता दिइरहे । उनको प्रथम प्रकाशित गजलकृति यो मौसम (२०५०) हो ।[19] यसमा पचहत्तर थान गजलहरू सङ्गृहित छन् । उनको दोस्रो गजलकृति घामको छहारी (२०५३)[20] र तेस्रो जून चुहेको रात (२०६०) हो ।[21] घामको छहारी सङ्ग्रहमा उनका साठी थान र जून चुहेको रात सङ्ग्रहमा बयासी थान गजलहरू सङ्गृहित छन् । यसका अतिरिक्त संयुक्त बालगजल सङ्ग्रह जुनुमामा (२०६०)[22] मा दश थान र अर्को एकल बालगजल

---

१३ रमा शर्मा, "गजलबारे केही कुरा" मधुपर्क, वर्ष : १४, अङ्क : ६-७, कात्तिक-मङ्सिर, (काठमाडौं : गो.प.सं. २०३८), पृष्ठ १७७ ।

१४ ललिजन रावल (सम्पा.), समकालीन नेपाली गजल, (काठमाडौं : बगर प्रकाशन, २०४७), पृष्ठ ६ ।

१५ ऐजन ।

१६ अमर त्यागी, "नेपाली गजलको परम्परा र प्रवृत्ति" मधुपर्क, वर्षः ३१, अङ्कः ४, समालोचना विशेषाङ्क, (काठमाडौंः गो.प.सं., २०५५) पृष्ठ १४१ ।

१७ शोधनायकको कथनअनुसार ।

१८ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

१९ घनश्याम न्यौपाने परिश्रमी, यो मौसम, (नवलपरासी : सौदामिनी प्रकाशन, २०५०) ।

२० घनश्याम न्यौपाने परिश्रमी, घामको छहारीमा, (काठमाडौं : पम्फा नेपाल, २०५३) ।

२१ घनश्याम न्यौपाने परिश्रमी, जून चुहेको रात, (काठमाडौं : भूँडीपुराण प्रकाशन, २०५३) ।

२२ घनश्याम न्यौपाने परिश्रमी र अन्य, जुनुमामा, (नेपाल : विविध वाङ्मय प्रकाशन, २०६०) ।

सङ्ग्रह राम्रा चाचा मीठा पापा (२०६३)[२३] मा बीस थान बालगजलहरू सङ्गृहित छन् । यसका साथै पुस्तकाकार कृतिमा नसमेटिएका उनका अनेक गजलहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् ।[२४] गजल संरचनाविधानलाई केही हदसम्म परिपालना गरिए पनि पूर्वार्द्ध चरणका उनका गजलमा गेयात्मकताप्रति त्यति सचेत भएको पाइन्न भने उत्तरार्द्ध चरणमा शास्त्रीय मान्यताका साथै गेयात्मकताप्रति विशेष सचेतता अपनाइएको देखिन्छ । विषयगत र भावगत रूपमा उनका गजलमा समग्र जनमनका अनेकानेक भावविम्बन र देश, काल र परिस्थिजन्य यथार्थको गहन स्वरसन्धान पाइन्छ । सामाजिक विकृति, विसङ्गति, बेथिति, बिब्ल्याँटापन र विभिन्डोपनका साथै असमानता एवम् विभेदजन्य यथास्थितिलाई गजलका शेरहरूमा गुँथेर सुन्दर गजलगुच्छा सृजना गर्ने घनश्याम न्यौपाने परिश्रमीको गजलकार व्यक्तित्व सर्वोच्च रहेको छ । विचारमा प्रगतिवादी, चिन्तनमा स्वच्छन्दतावादी र भावमा परिष्कारवादी मान्यताको त्रिवेणी स्वरसन्धान नै उनको गजलकार व्यक्तित्वको विशेषता र सर्वोच्चता हो ।

### ३.३.५.१.२ कवि व्यक्तित्व

कविता भाषाको रागात्मक एवम् सौन्दर्यपरक अभिव्यञ्जना हो यसको रचनाका लागि सङ्गीतात्मकता, रसप्लावितता, पदललितता, भावगहनता र चिन्तनतीव्रता आवश्यक मानिन्छ ।[२५] यद्यपि कविता प्रतिभाको प्रस्फुटन, चेतनाको उद्बोधन र अनुभवको अन्तर्कथनमा जन्मन्छ । यसको लघुत्तम रूप क्रियारहित एक लाइनको सूत्रकविता[२६] हो भने महत्तम रूप महाकाव्य हो । कविता वार्णिक, मात्रिक, मुक्त र गीतिलयमा रचना गरिन्छ ।

कविता साहित्यको सर्वप्राचीन विधा हो ।[२७] वेदका ऋचाहरू कविताका आदिरूप हुन् । संस्कृतका सूत्रहरू कविताका एकएक स्वरूप हुन् । नेपाली साहित्यमा कविताको प्राचीन रूप सुवानन्द दासको पृथ्वीनारायण हो ।[२८]

---

२३ घनश्याम न्यौपाने परिश्रमी, राम्रा चाचा मीठा पापा, (काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६३) .

२४ शोधनायकका गजल अध्ययनअनुसार ।

२५ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), नेपाली कविता भाग ४, (काठमाडौं : साझा प्रकाशन, २०५३), पृष्ठ ८५ ।

२६ अमर त्यागी, अनुभूतिको जुलुस (सूत्रकविताकृति), (काठमाडौं : हेमकुमार श्रेष्ठ, २०६०) ।

२७ वासुदेव त्रिपाठी, पूर्ववत्, पृष्ठ ८० ।

२८ ऐजन ।

भानुभक्तको आध्यात्मिकता, मोतीरामको शृङ्गारिकता, लेखनाथको शास्त्रीयता, देवकोटाको स्वच्छन्दता र मोहन कोइरालाको प्रयोगशीलताको यात्रा तय गर्दै समसामयिक धारामा सहज सम्प्रेष्य कविता नेपाली साहित्यमा भित्रिएको छ । नेपाली कविताको यही समसामयिक धाराका प्रतिभावान् कवि हुन् घनश्याम न्यौपाने परिश्रमी ।

बाल्यकालदेखि नै कविताप्रति अभिरुचि राख्ने घनश्याम न्यौपाने परिश्रमीले कविताबाटै साहित्ययात्रा आरम्भ गरेको देखिन्छ । वि.सं. २०३० सालदेखि कविताको कर्म र मर्म बुझ्ेर[द्ढ] सृजनामा प्रवृत्त भएका घनश्याम न्यौपाने परिश्रमीद्वारा संरचित पहिलो कविता आयो वसन्त हो जुन अहिले हराइसकेको बुझ्िन्छ ।[घण] उनको पहिलो प्रकाशित कविता जागजाग हो जुन नेपाली छात्र सङ्घ, गोरखपरको मुखपत्र सिम्रिकमा वि.सं. २०३१ मा प्रकाशित छ ।[घज्ञ] तत्पश्चात् उनले वार्णिक, मुक्त र गीति लयमा विविध विषय र भावका अनेकानेक कविताहरूको रचना र क्रमशः अनेक पत्रपत्रिकाहरूमा प्रकाशन गर्दै गए ।[घद्द] उनको कविताको पहिलो पुस्तकाकार कृति अन्त्यमा (२०३६)[घघ] खण्डकाव्य हो । अनुष्टुप् र वियोगिनी छन्दमा संरचित यस खण्डकाव्यको विषय सामाजिक असमानता र सन्देश शोषणहित समाजको सृजना रहेको छ । उनले बिलौना, सीता, द्रौपदी र यशोधरा शीर्षकका खण्डकाव्य एवम् लक्ष्मी शीर्षकको महाकाव्य (अपूर्ण) पनि रचना गरेको बुझ्िन्छ ।[घढ] यसका साथै उनका अनेक प्रकाशित फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् भने दुईवटा सङ्ग्रह बन्ने कविताहरू उनका डायरीमा सङ्कलित छन् ।[घछ]

आधुनिक नेपाली कविताको समसामयिक धाराअन्तर्गत प्रगतिवादी मूल्य र स्वच्छन्दतावादी मान्यतामा जीवन भोगाइका विविधाङ्गी दृश्यपरिदृश्यलाई सटीक विम्ब र प्रतीकका माध्यमबाट अभिव्यञ्जित गर्नु घनश्याम न्यौपाने परिश्रमीको कवित्वको शक्ति र सीमा हो । उनका फुटकर कवितामा जीवनको निस्सारता, समाजको विद्रुपता, देशको अस्तव्यस्तता र भोगाइको

---

२९ शोधनायकको कथनअनुसार ।

३० शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

३१ ऐजन ।

३२ ऐजन ।

३३ घनश्याम न्यौपाने परिश्रमी, अन्त्यमा (खण्डकाव्य), (स्याङ्जा : लेखक स्वयम्, २०३६) ।

३४ अर्जुन पौडेल, घनश्याम न्यौपाने परिश्रमीको जीवन, व्यक्तित्व र कृतित्वको, अध्ययन, अप्रकाशित स्नातकोत्तर zf]wkq, -lrtjg M वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०५८), पृष्ठ २८ ।

३५ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

असामान्यजस्यताप्रति असन्तोष भाव एवम् राष्ट्रिय उन्मुक्ति, सामाजिक सद्भाव, असमानताको अन्त्य र समतामूलक जीवनभोगाइको सन्देश पाइन्छ । सामाजिक विभेद र वितण्डाको अन्त्यको परिकल्पना गरेर रचिएको अन्त्यमा खण्डकाव्यमा शोषण, उत्पीडन र असमानताका झाँकीहरू उद्घाटन गर्दै समतामूलक सञ्चेतना, मानवतावादी संवेदना र सहज सम्प्रेष्य भाषिक शिल्पसंरचना प्रस्तुत भएको पाइन्छ । यो काव्य घनश्याम न्यौपाने परिश्रमीको प्रगतिवादी चिन्तनको उपज हो । यस तथ्यलाई निरूपण गर्दा उनको कवि व्यक्तित्व मानवतावादी, प्रगतिवादी र स्वच्छन्दतावादी सृजनधार्मितामा अभिभूत रहेको देखिन्छ ।

३.३.५.१.३ कथाकार व्यक्तित्व

कथा जीवन र परिस्थितिजन्य घटना र चरित्रको आख्यानात्मक भाषिक अभिरेखाङ्कन हो यसमा धर्म, दर्शन, इतिहास, लोकजीवन र भोगाइका विविध झाँकीहरू उद्घाटित गरिएको हुन्छ । उपयुक्त कथानक, परिवेश, पात्र वा चरित्र र दृष्टिविन्दुको केन्द्रीयतामा समयसन्दर्भको एउटा सग्लो पाटोलाई कथामा चित्रित गरिन्छ र यसको शिल्पसंरचना वा प्रस्तुति आकर्षक र मर्मस्पर्शी हुन्छ ।[घट]

कथा विश्वमानव जीवनसँग सम्बन्धित वाङ्मयको सर्वप्राचीन विधा हो ।[घठ] वैदिक सांस्कृतिक कालखण्डपश्चात् विकसित संस्कृतका शास्त्रीय कथाका साथै लोकआख्यान र अनुवादशृङ्खलमा पृष्ठभूमि निर्माण भई रामायण, महाभारत, स्वस्थानी, बेतालपच्चिसी आदिबाट प्रभाव ग्रहण गर्दै नेपाली कथापरम्परा गोरखापत्र (वि.सं. १९५८) प्रकाशनपछि मौलिकतातर्फ उन्मुख भएर शारदा (वि.सं. १९९१) प्रकाशनसँगै गुरुप्रसाद मैनालीबाट आधुनिक कालमा प्रवेश भएको हो ।[घड] मैनालीको आदर्शोन्मुख सामाजिक यथार्थ, विश्वेश्वरप्रसाद कोइरालाको मनोवैज्ञानिक यथार्थ, रमेश विकलको प्रगतिशील यथार्थ, इन्द्रबहादुर राईको आयामेली यथार्थ हुँदै अघि बढेको नेपाली कथापरम्परामा विसङ्गतिवादी, अस्तित्ववादी र नवसङ्चेतनावादी यथार्थको धरातलमा

३६ राजेन्द्र सुवेदी (सम्पा.), स्नातकोत्तर नेपाली कथा, (ललितपुर : साझा प्रकाशन, २०५१), पृष्ठ ८ ।

३७ ऐजन ।

३८ ऐजन ।

विश्वेश्वरप्रसाद कोइरालाको मनोवैज्ञानिक यथार्थलाई ग्रहण गरेर कथा सृजना गर्ने कथाकार हुन् घनश्याम न्यौपाने परिश्रमी ।

मानवीय मनोदशाका कथाकार घनश्याम न्यौपाने परिश्रमीद्वारा रचित पहिलो कथा श्रद्धाञ्जली[३९] र पहिलो प्रकाशित कथा महँगी वेश्या[४०] हो । हालसम्म जम्माजम्मी छवटा मात्र कथा प्रकाशन गरेका घनश्याम न्यौपाने परिश्रमीका अन्य प्रकाशित कथाहरू चिन्तादहन[४१], मेरो अवैध छोरो[४२], पश्चातापका रेखाहरू[४३], व्यापार[४४] र साधुत्व[४५] हुन् । यसमा चिन्तादहन, पश्चातापका रेखाहरू र व्यापार लघुकथा हुन् । केही कथा अप्रकाशित अवस्थामै रहे पनि यिनै प्रकाशित छवटा कथाका आधारमै उनको कथाकार व्यक्तित्व निरूपण गर्नुपर्ने हुन्छ । मूलतः उनी फ्रायडीय मनोविज्ञान, मानवीय सङ्चेतना र नारी समस्यालाई कथामा उतार्ने कथाकार हुन् । नारी मनोदशा वा यौनदुर्बलतालाई शिष्टतापूर्वक प्रस्तुति दिनु, सामाजिक निकृष्टता वा विकृतिजन्य क्रियाकलापलाई उद्घाटित गर्नु एवम् मानवीय संवेग वा संवेदनालाई अभिव्यञ्जित गर्नु उनको कथागत प्रवृत्ति र उद्देश्य हो । समुचित कथानक चयन, कथानकअनुकूल पात्र, परिवेश र शिल्पसंयोजन गरेर भावनात्मक अभिव्यक्ति दिनु उनको कथाकार व्यक्तित्वको वैशिष्ट्य रहेको देखिन्छ । निष्कर्षतः उनका कथाहरू अन्तर्मनोदशाका एकएक झलकहरू हुन् जुन झरिला र भरिला छन् ।

### ३.३.५.१.४ एकाङ्कीकार व्यक्तित्व

मानवजीवनको कुनै एक पक्ष, एक चरित्र, एक कार्य वा एक भावलाई कलात्मक रूपमा उद्घाटन गरिने एक अङ्के लघुकलेवरको एक विशेष प्रकारको नाट्यभेदलाई एकाङ्की भनिन्छ ।[४६] कथानक, पात्र, वातावरण, द्वन्द्व, उद्देश्य, ऐक्यप्रभाव, अभिनय र भाषाशैलीगत तत्वविधानमा संरचना गरिने

---

३९ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

४० घनश्याम न्यौपाने परिश्रमी, "महँगी वेश्या", विश्वामित्र, वर्ष : १, अङ्क : २३, १४ गते असार २०५२, पृष्ठ ४० ।

४१ घनश्याम न्यौपाने परिश्रमी, "चिन्तादहन", तन्नेरी, वर्ष : १७, अङ्क : २, असोज २०५२, पृष्ठ ५ ।

४२ घनयाम न्यौपाने परिश्रमी, "मेरो अवैध छोरो", मिर्मिरे, वर्ष : २४, अङ्क : ११, फाल्गुण २०५२, पृष्ठ १२ ।

४३ घनश्याम न्यौपाने परिश्रमी, "पश्चातापका रेखाहरू", सम्प्रेषण, पूर्णाङ्क : १, भाद्र-कार्तिक २०५६, पृष्ठ १२ ।

४४ घनश्याम न्यौपाने परिश्रमी, "व्यापार" मधुपर्क, वर्ष : ३२, अङ्क : ४, भाद्र २०५६, पृष्ठ २८ ।

४५ घनश्याम न्यौपाने परिश्रमी, "साधुत्व", मिर्मिरे, वर्ष : २८, अङ्क : ५, भाद्र २०५६, पृष्ठ १४ ।

४६ केशवप्रसाद उपाध्याय र अन्य (सम्पा.), नेपाली एकाङ्की भाग ३, (ललितपुर : साझा प्रकाशन, २०५१) पृष्ठ ५ ।

एकाङ्की कौतुहलतापूर्ण रूपमा प्रारम्भदेखि द्रुतगतिमा उद्देश्योन्मुख हुँदै एउटा तीक्ष्ण प्रभाव प्रक्षेपण गरेर अन्त्य हुन्छ ।[ढठ]

एकाङ्की विश्वसाहित्यको सबैभन्दा पछि विकसित भएको एउटा नवीनतम साहित्यिक दृश्यविधा हो । यसको उत्पत्ति पाश्चात्य साहित्यमा भएको हो र क्षेत्रविस्तारको क्रममा हिन्दी भाषा हुँदै नेपालीमा यसको प्रवेश भएको हो ।[ढड] नेपाली नाटकको अनुवाद परम्पराबाट गर्भाधान भई मौलिक लेखनपरम्परासँगै आन्तरिक स्वरूप निर्माण गरेर अनुभवी छद्मनामधारीबाट रचना गरिएको आत्माभिमान (वि.सं. १९८९) बाट एकाङ्की लेखनपरम्परा थालनी[ढढ] भएपश्चात् बालकृष्ण समको  आदर्शोमुख यथार्थवादी, हृदयचन्द्र सिंह प्रधानको प्रगतिवादी, गोविन्द गोठालेको मनोविश्लेषणवादी तथा प्रयोगवादी मान्यतामा मोहनराज शर्माको  स्वैरकल्पनात्मक, ध्रुवचन्द्र गौतमको विसङ्गतिमूलक, विजय मल्लको समस्यामूलक, अशेष मल्लको पुराकथा वा आदिविम्बात्मक, गोपाल पराजुलीको अमूर्त लेखन[छण] हुँदै नेपाली एकाङ्कीपरम्परा वर्तमानसम्म आइपुगेको छ । यही परम्पराअन्तर्गत समस्यामूलक एवम् विसङ्गतिवादी धारका एकाङ्कीकार हुन् घनश्याम न्यौपाने परिश्रमी ।

मानवीय समस्या र संवेदनाका एकाङ्कीकार घनश्याम न्यौपाने परिश्रमीका तीनवटा एकाङ्कीहरू प्रकाशित छन् । पहिलो एकाङ्की यतियति पानी[छज्ञ]मा शैक्षिक बालमनोविज्ञान, दोस्रो मान्छे हराएको सूचना[छद] मा सामयिक मानवीय समस्या र तेस्रो नाटकको अन्त्य[छघ] मा वार्तमानिक विसङ्गतिलाई उद्घाटित गरिएको छ । नेपाली एकाङ्की परम्परामा यी तीनवटा एकाङ्कीको माध्यमबाट एकाङ्कीकारको परिचय स्थापित गरेका घनश्याम न्यौपाने परिश्रमी एकाङ्कीगत प्रवृत्तिमा जीवनभोगाइका विसङ्गत अवस्था, जटिल परिस्थिति,  सामाजिक विभेदजन्य यथास्थिति र अस्तव्यस्त वर्तमानको यथार्थलाई उद्बोधित गर्नु नै मुख्य रहेको देखिन्छ । एकाङ्की सृजनामा नैरन्तर्य नदेखिए पनि यिनै तीन एकाङ्कीका विषयगत गहनता, सृजनगत सबलता,

---

४७ ऐजन, पृष्ठ ५ ।

४८ ऐजन, पृष्ठ ६ ।

४९ ऐजन, पृष्ठ ७ ।

५० वासुदेव त्रिपाठी र अन्य (सम्पा.), नेपाली कविता भाग ४, (ललितपुर : साझा प्रकाशन, २०५३) पृष्ठ १० ।

५१ घनश्याम न्यौपाने परिश्रमी, “यतियति पानी”, नवपल्लव, वर्ष १, अङ्क १, (वीरगन्ज : नेपाल रेडक्रस सोसाइटी, २०५४) पृष्ठ १० ।

५२ घनश्याम न्यौपाने परिश्रमी, “मान्छे हराएको सूचना”, समष्टि , जेष्ठ-श्रावण २०५६, पृष्ठ ३८ ।

५३ घनश्याम न्यौपाने परिश्रमी, “नाटकको अन्त्य” “मिर्मिरे, कार्तिक २०५५, पृष्ठ ५३ ।

प्रस्तुतिगत मार्मिकता र भावगत सबलता नै उनको एकाङ्कीकार व्यक्तित्वका प्रमुख विशेषता हुन् ।

### ३.३.५.२ द्रष्टा व्यक्तित्व

मानव संसारका हरेक वस्तुहरूको सूक्ष्म निरीक्षण गर्ने र त्यस सम्बन्धमा आफ्नो प्रतिक्रिया व्यक्त गर्ने चिन्तनशील प्राणी हो । आफूले देखेका, भोगेका र अनुभव गरेका वस्तुतथ्यप्रति आफ्नो धारणा वा दृष्टिकोण व्यक्त गर्ने क्षमता द्रष्टाक्षमता हो । यद्यपि हरेक व्यक्तिमा स्रष्टाक्षमता र द्रष्टाक्षमता दुवै हुन्छ । हरेक लेखक प्रथमतः द्रष्टाक्षमताद्वारा वस्तुतथ्यको छानबिन गर्छ र स्रष्टाक्षमताद्वारा त्यसलाई रचनामा ढालेर सृजना गर्छ अर्थात् सर्जक पहिला द्रष्टा र त्यसपछि मात्र स्रष्टा हुन्छ । स्रष्टाद्वारा सृजना गरेका रचनाको अवलोकनद्वारा त्यसभित्रको वास्तविकता  छानबिन गर्ने क्षमता पनि द्रष्टाक्षमता हो । यो क्षमता घनश्याम न्यौपाने परिश्रमीमा पनि सबल रूपमा रहेको देखिन्छ । उनको यो क्षमता समालोचक व्यक्तित्व, भूमिकाकार व्यक्तित्व र कृतिसमीक्षक व्यक्तित्वका रूपमा प्रतिस्थापित रहेको छ ।

#### ३.३.५.२.१ समालोचक व्यक्तित्व

समालोचना बौद्धिक,  तार्किक, विश्लेषणात्मक र निर्णयात्मक लेखनप्रक्रिया हो ।[छद्ध]साहित्य जीवनको सत्यतथ्यात्मक दृष्टिविम्ब हो भने समालोचना साहित्यको सत्यतथ्यात्मक दृष्टिचित्र हो । साहित्यमा अनुभूतिको रागात्मकता र समालोचनामा सत्यतथ्यको विश्लेषणात्मकता रहने भएकाले साहित्य भावनात्मक र समालोचना विचारात्मक हुन्छ । समालोचना जटिल कार्य भएको हुँदा यस कार्यका लागि गहन अध्ययन, सम्यक् विश्लेषण, समुचित मूल्याङ्कन र निर्णायक क्षमता आवश्यक मानिन्छ । [छछ]

साहित्यका विभिन्न प्रवृत्तिहरूजस्तै समालोचनाका पनि विभिन्न पद्धतिहरू विकसित भएका छन् । जीवनीपरक, व्यक्तित्वपरक, कृतित्वपरक, सिद्धान्तपरक समालोचनाका साथै विधापरक, विषयपरक, शैलीपरक, इतिहासपरक, प्रभावपरक, खोजअन्वेषकपरक समालोचना पद्धतिहरू पूर्वीय तथा पाश्चात्य क्षेत्रमा विकसित भएर नेपाली समालोचना क्षेत्रमा भित्रिएका

---

५४ यदुनाथ खनाल, समालोचनाको सिद्धान्त, (ललितपुर : साझा प्रकाशन, २०२३), पृष्ठ  १८ ।

५५ ऐजन, पृष्ठ : १९ ।

छन् । यस सन्दर्भमा नेपाली समालोचनाको उठान मोतीराम भट्टले जीवनीपरक रूपमा भानुभक्तको जीवनचिरित्र (१९४८)[छट] बाट गरेपछि सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा आदिको प्रभावपरक, बाबुराम आचार्य, राममणि आदि आदिको खोजअन्वेषणपरक, यदुनाथ खनाल, कुलचन्द्र गौतम आदिको सिद्धान्तपरक, वासुदेव त्रिपाठी, केशव उपाध्याय आदिको कृतित्वपरक, तारानाथ शर्मा, मोहराज शर्मा आदिको इतिहासपरक समालोचना पद्धति[छठ] हुँदै नेपाली समालोचनाका विभिन्न पद्धतिहरूको विकास परम्परासँगै अनेक समालोचकहरू पनि देखिएका छन् । प्रभावपरक, कृतित्वपरक र सिद्धान्तपरक समालोचनापद्धति ग्रहण गरेर समालोचना गर्ने समालोचकहरूमा घनश्याम न्यौपाने परिश्रमी पनि एक समालोचक व्यक्तित्व हुन् ।

नेपाली साहित्यमा मोतीराम भट्ट[छड]समालोचनाबाट नेपाली समालोचनाक्षेत्रमा प्रवेश गरेका घनश्याम न्यौपाने परिश्रमीका साहित्य सन्दर्भ[छढ] र गजल सौन्दर्य मीमांसा[टण] जस्ता दुई समालोचनाग्रन्थका साथै अनेक फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । उनको साहित्य सन्दर्भ कृतित्वपरक र सिद्धान्तपरक चौध फुटकर समालोचनाहरूको सङ्ग्रह हो भने गजलसौन्दर्य मीमांसा गजलको सिङ्गो सैद्धान्तिक लक्षणग्रन्थ हो । उनी एकातिर समालोचना, एकाङ्की र विशेषतः गजलसिद्धान्तका बारेमा गम्भीर खोज, अनुसन्धान, विश्लेषण र सत्यतथ्य निरूपण गर्ने एवम् अर्कोतिर कृतिगत गहन अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने बौद्धिक समालोचक व्यक्तित्व हुन् । संरचनागत विभिन्न तत्वहरूका आधारमा कृतिको मूल्य र महत्व वा गुणदोषलाई यथार्थ र निष्पक्षताका साथ प्रस्तुत गर्नु उनको कृतिपरक समालोचनाको मूल मर्म हो । त्यस्तै विधागत लक्षण वा संरचनातत्वको महत्ता र महिमा वा प्रयोगशील्पलाई दृष्टान्त र सन्दर्भसहित प्रदर्शन गर्नु उनको सैद्धान्तिक समालोचनाको मूल धर्म हो । समग्रमा घनश्याम न्यौपाने परिश्रमी विस्तृत अध्ययन, ज्ञान, प्रतिभा, अन्तर्दृष्टि, निष्पक्षता एवम् विश्लेषण क्षमता भएका समालोचक व्यक्तित्व हुन् ।

---

५६ राजेन्द्र सुवेदी, नेपाली समालोचना : परम्परा र प्रवृत्ति (वाराणसी : भूमिका प्रकाशन, २०६१) पृष्ठ २६८ ।

५७ नरेन्द्रराज प्रसाई, नेपाली साहित्यको समालोचक र समालोचना, (काठमाडौं : एकता प्रकाशन २०५७), पृष्ठ ८० ।

५८ घनश्याम न्यौपाने परिश्रमी, "नेपाली साहित्यमा मोतीराम भट्ट", प्रस्तुति, वर्ष : १०, अङ्क ४, असोज २०४६, पृष्ठ २३ ।

५९ घनश्याम न्यौपाने परिश्रमी, साहित्य सन्दर्भ, (वीरगन्ज : एजुकेशन बुक्स, २०५५), पृष्ठ १-९१ ।

६० घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्दर्यमीमांसा, (रूपन्देही : स.आ.उ.मा.वि., २०६४), पृष्ठ १-१३६ ।

३.३.५.२.२ भूमिकाकार व्यक्तित्व

भूमिका कुनै पनि कृतिको प्रकाशनपूर्व स्वयं कृतिकार वा विधागत विशेषज्ञबाट गरिएको कृतिगत सत्यतथ्यको आलेखन हो । भूमिकामा कृतिगत सृजनप्रक्रिया, महत्व, प्रवृत्ति र विशेषताको आकलन गरिएको हुन्छ तथापि कृतिकार र कृतिको अध्ययनबाट पाठकलाई दिइने पूर्व जानकारी नै भूमिका हो । भूमिका अध्ययनबाट पाठकमा कृतिअध्ययनका लागि अभिरुचि जागृत हुने भएकाले भूमिका तथ्यपूर्ण, स्पष्ट र तटस्थ हुनुपर्ने मान्यता रहेको छ । भूमिका कृतिकार र कृतिको समग्रताको परिचयात्मक प्रस्तुति पनि हो ।

कृति प्रकाशनपूर्व भूमिका लेखन र कृतिका साथ प्रकाशन गर्ने परम्परा कसबाट कहिले सूत्रपात भयो भन्ने तथ्यको खोजिनिधि हुनु बाँकी नै छ । तथापि भूमिकालेखन र प्रकाशनपरम्परा पूर्वीय र पाश्चात्य एवम् नेपालीमा पनि प्रचलित रहेको छ परन्तु भूमिकाहरूको सङ्कलन गरेर छुट्टै कृति प्रकाशन गर्ने परम्परा भने त्यति प्रचलित छैन । त्यसमा पनि एउटै विधागत भूमिकाको एकल कृति प्रकाशन गर्ने प्रचलन त पाउनै कठिन छ । नेपाली साहित्यमा अन्वेषक शिव रेग्मीद्वारा सङ्कलित र सम्पादित नेपाली कविताको भूमिकै भूमिका[61] पश्चात् घनश्याम न्यौपाने परिश्रमीको गजल भूमिकावली[62] ग्रन्थ प्रकाशनमा आएको देखिन्छ । यस ग्रन्थले घनश्याम न्यौपाने परिश्रमीको भूमिकाकार व्यक्तित्व प्रदर्शित गरेको छ ।

विधागत लक्षण, इतिहास र कृतिकारको कृतिगत समग्रतालाई परिदर्शन गर्ने घनश्याम न्यौपाने परिश्रमीले वि.सं. २०४४ मा आत्माराम आचार्यको आत्मदर्शन कविताकृतिको सर्वप्रथम भूमिका लेखेपश्चात् खण्डकाव्य, उपन्यास, नाटक, कथा, मुक्तक र गजलकृतिहरूको भूमिका लेखिसकेको देखिन्छ ।[63] गजलकारका रूपमा प्रतिष्ठित भएपछि सयभन्दा बढी गजलकृतिको भूमिका लेखिसकेका[64] उनले गजलविषयक पच्चीसथान भूमिकाहरूका सङ्कलन गरेर गजल भूमिकावली प्रकाशित गराएका छन् । यस सङ्ग्रहका भूमिकाहरूको आधारमा गजलको परिचय, परिभाषा, इतिहास, संरचना तत्वहरू र

---

६१ शिव रेग्मी, नेपाली कविताको भूमिकै भूमिका, (ललितपुर : साझा प्रकाशन, २०५८) ।

६२ घनश्याम न्यौपाने परिश्रमी, गजलभूमिकावली, (काठमाडौं : भाभा प्रकाशन, २०६३), पृष्ठ १-१३८ .

६३ ऐजन, पृष्ठ ९ ।

६४ ऐजन, पृष्ठ १० ।

गजलकृतिका गजलका विषय, भाव, प्रस्तुतिका बारेमा आफ्ना स्वधारणा व्यक्त गर्दै एक गजल विशेषज्ञका नाताले गजलरचनासम्बन्धमा अनुजपुस्तालाई सचेत गराउनु उनको भूमिकाकार व्यक्तित्वको पहिचान र विशेषता हो । यस ग्रन्थका कतिपय भूमिकाहरूमा उनी बढी उपदेशक देखिए पनि गजलका एक अभिभावक हुनाले अस्वाभाविक भने लाग्दैन यसर्थ गजलका एक मर्मज्ञ, विशेषज्ञ र अग्रज अभिभावकका रूपमा प्रतिष्ठित उनको भूमिकाकार व्यक्तित्व सबल रहेको छ ।

### ३.३.५.२.३ कृतिसमीक्षक व्यक्तित्व

कुनै पनि वस्तु अवलोकनपश्चात् त्यस वस्तुका सम्बन्धमा व्यक्तिगत धारणा बनेझैं वा त्यस्ता धारणाको प्रकटनबाट त्यस वस्तुको वास्तविकताको सार्वजनिक पहिचान भएझैं कुनै पनि साहित्यिक कृतिप्रकाशनपश्चात् त्यस कृतिको अध्ययनबाट पाठकीय धारणा उत्पन्न हुने गर्छ र यस्ता पाठकीय धारणाको प्रकटनबाट कृतिको मूल्य र महत्वको वास्तविक पहिचान हुन्छ । यस्ता धारणा मौखिक र लिखित दुवै रूपमा प्रकटन हुनसक्छ । यस्ता धारणा प्रकट गर्नु मानवीय स्वभाव पनि हो । यस्ता धारणाको प्रकटन गर्ने प्रचलन साहित्य सृजनप्रक्रियासँगै चल्दै आएको मान्न सकिन्छ ।

सद्यप प्रकाशित साहित्यिक कृतिअध्ययनबाट परेको प्रभावबाट उत्पन्न धारणालाई निरपेक्ष ढङ्गले गरिएको सत्यतथ्यको भाषिक प्रकटन नै कृतिसमीक्षा हो । कृतिसमीक्षामा कृतिगत गुण-अवगुणको परिचयात्मक रूपमा समीचीन विवेचन र मूल्याङ्कन गरिन्छ । यही कृतिगत मूल्यको अङ्कन नै कृतिसमीक्षा हो ।

कृति प्रकाशनपछि विभिन्न पत्रपत्रिकाका लागि लेखक वा प्रकाशनबाट समीक्षार्थ प्राप्त त्यस्ता कृतिहरूको विभिन्न व्यक्ति वा विशेषज्ञबाट समीक्षा गराएर प्रकाशन गर्ने परिपाटी रहेको छ । त्यही उद्देश्यका लागि सम्पादक वा लेखकबाट प्राप्त कृतिहरूको घनश्याम न्यौपाने परिश्रमीबाट गरिएका र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका अनेक कृतिसमीक्षाहरूका आधारमा उनको कृतिसमीक्षक व्यक्तित्व उद्घाटित गर्न सकिन्छ ।

कृतिसमीक्षा र समालोचना उस्तै देखिए पनि कृतिगत गहन अध्ययन र मूल्याङ्कन आवश्यक रहने समालोचना विश्लेषणात्मक हुने एवम् विषय,

भाव, र प्रस्तुतिको सामान्य परिचय रहने कृतिसमीक्षा सूचनात्मक हुने भएकाले दुवैको सांरच्यस्वरूप भिन्न भएको हुँदा घनश्याम न्यौपाने परिश्रमीको कृतिसमीक्षक व्यक्तित्वलाई यहाँ भिन्न रूपमा प्रस्तुत गरिएको हो ।

डिल्लीराम शर्माको खोजमूलक निबन्ध सङ्ग्रहको बारेमा लेखिएको समीक्षा नै घनश्याम न्यौपाने परिश्रमीको पहिलो कृतिसमीक्षा हो ।[टछ] त्यसपछि उनका एक दर्जनजति कृतिसमीक्षाहरू मधुपर्क र आधा दर्जन जति मिर्मिरे, अभिव्यक्ति, रचना र समष्टि साहित्यिक पत्रिकाहरूमा प्रकाशित छन् ।[टट] कृतिगत मूल्यको सङ्क्षिप्त विवेचनाको क्रममा विषय, भाव, शिल्प र उद्देश्यको परिचय प्रस्तुत गर्नु उनको कृतिसमीक्षाको मूल प्रवृत्ति हो । विधागत सैन्द्धान्तिक लक्षणका आधारमा कृतिगत स्वरूपको चिनारी वा उपलब्धि, सृजनागत मौलिकता वा कमजोरी एवम् सम्प्रेषणगत संवेद्यता वा गहनताजस्ता तथ्यहरूको परिपुष्टि एवम् विषयगत, भावगत र शैलीशिल्पगत स्तर, स्वरूप र महत्वलाई प्रदर्शित गर्नु उनको कृतिसमीक्षागत वैशिष्ट्य हो । यही वैशिष्ट्य नै उनको कृतिसमीक्षक व्यक्तित्वको शक्ति र सीमा पनि हो

## ३.६ निष्कर्ष

नेपालका एक प्रतिभावान् साहित्यकार, समाजका एक सचेत बुद्धिजीवी र परिवारका एक जिम्मेवार सदस्यका रूपमा घनश्याम न्यौपाने परिश्रमीको व्यक्तित्व विद्यमान रहेको छ । आफ्नै निजी शारीरिक र स्वभावगत विशेषता रहेका उनले एक निष्ठावान् सामाजिक सचेतक, प्राध्यापक, सङ्घसंस्थासञ्चालक र पत्रपत्रिकासम्पादकका रूपमा सार्वजनिक प्रतिष्ठा आर्जन गरेका छन् भने साहित्यिक स्रष्टाका रूपमा गजलकार, कवि, कथाकार र एकाङ्कीकार एवम् द्रष्टाका रूपमा समालोचक, कृतिसमीक्षक र भूमिकाकारका रूपमा उनी प्रतिष्ठित छन् । शारीरिक रूपमा आकर्षक, स्वभावगत रूपमा विनयी, सामाजिक रूपमा सचेत, प्राध्यापकीय रूपमा कर्मशील, सङ्घसंस्थासञ्चालन एवम् सम्पादन-प्रकाशनका रूपमा लगनशील, स्रष्टागत रूपमा भावनाशील तथा द्रष्टागत रूपमा चिन्तनशील प्रकृति र प्रवृत्ति भएका घनश्याम न्यौपाने परिश्रमी बहुमुखी प्रतिभासम्पन्न राष्ट्रिय व्यक्तित्व हुन् ।

---

६५ घनश्याम न्यौपाने परिश्रमी, "खोजमूलक निबन्धहरूको सङ्गालो", मधुपर्क, मंसिर २०५३, पृष्ठ २३ ।

६६ शोधनायकको कृतिसमीक्षाको अध्ययनअनुसार ।

अध्याय चार

# गजल सिद्धान्त र संरचना

# ४. गजल सिद्धान्त र संरचना

## ४.१ पृष्ठभूमि

गजल साहित्यको आकर्षक, लोकप्रिय र स्वतन्त्र शास्त्रीय काव्यविधा हो । थोरै शब्दमा हृदयका सुकोमल भावहरूलाई लाक्षणिक र कलात्मक अभिव्यञ्जना गरिने सशक्त र उन्मुक्त विधाका रूपमा गजलको अस्तित्व विद्यमान रहेको छ । भावना र विचारका तरङ्गतरेलीहरूको सरल, सुललित र हार्दिक अभिव्यक्ति नै गजल हो । सङ्गीतात्मकता, गीतात्मकता, सङ्क्षिप्तता र गहनताका[ज्ञ] कारण गजलले अन्य विधाभन्दा पृथक् विधाका रूपमा प्रतिष्ठा आर्जन गरेको छ । गजल जनजीवनको विविधाङ्गी अनुभवअनुभूतिहरूको समष्टि रूप हो । आज गजलले परम्परागत घेरालाई नाघेर व्यापक विषय र परिवेश ग्रहण गरिसकेको छ । गजल अरबी भाषाको शब्द[द्द] हो र यसले साहित्यिक विधाको स्वरूप भने फारसी भाषामा पाएको हो ।[घ] फारसीपछि हिन्दी, उर्दू, नेपालीलगायतका भाषामा प्रविष्ट भएर गजलले व्यापक धरातल ओगटिसकेको छ । मराठी, गुजराती, सिन्धी, पन्जाबी, अङ्ग्रेजीलगायत भोजपुरी, मैथिली अवधी र नेवारी[ढ्ढ]जस्ता नेपाली राष्ट्रिय भाषामा गजलको प्रवेश भइसकेको छ । यसबाट गजलको व्यापकता र जनप्रियताको पहिचान हुन्छ ।

प्रभावपूर्ण र प्रवाहपूर्ण गेयात्मक काव्यविधा गजललाई फारसी, हिन्दी, उर्दू र नेपाली गजलकाहरूले आआफ्नो सांस्कृतिक बान्की दिएर मौलिकतामा ढालिसकेका छन् । गजल गायक-गायिकाहरूले आआफ्ना स्वर र सङ्गीत दिएर स्वमूल्य र मान्यता प्रदान गरिसकेका छन् । प्रेमको सीमित विषयबाट माथि उठेर वर्तमानमा यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशका सभ्यता, संस्कृति, समाज, राजनीतिक विकृति, विसङ्गति एवम् मानवीय संवेदना र सङ्चेतनाका विविध पाटाहरूलाई समेटिसकेको छ । आफ्नो छुट्टै लय, स्वरूप, संरचना र प्रभावका कारण यसले अन्य विधासरह विशिष्ट पहिचान स्थापित गरिसकेको छ । यसले दक्षिण एसियाका अधिकांश भाषामा रैथाने[छ] भएर छुट्टै मूल्य र महत्ता संरचित गरिसकेका छ । भाषा र भावका कलात्मक सम्प्रेषणगत मर्मस्पर्शिता गजलको रूपगत चिनारी हो । भनिन्छ पनि भाव

---

१ अमर त्यागी, “नेपाली गजलको विकासमा सगर पत्रिकाको योगदान”, सगर, वर्ष :८,अङ्क :३-४, (वीरगन्जः वी.सा.प., २०६०),पृष्ठ १ ।

२ मनु ब्राजाकी, “गजलगाथा”, समकालीन साहित्य, वर्षः३, अङ्कः २, पूर्णाङ्क : १०, वैशाख-जेठ-असार, (काठमाडौं : ने.रा.प्र.प्र., २०५०), पृष्ठ ४९ ।

३ घनश्याम न्यौपाने परिश्रमी, “गजलको सैध्दान्तिक चिनारी”, सगर, वर्ष :४, अङ्कः १, वैशाख-असोज, (वीरगन्ज : वी.सा.प., २०६०), पृष्ठ ९६ ।

४ ऐजन, पृष्ठ ९८ ।

५ मनु ब्राजाकी, “आधुनिक नेपाली गजलको विषय र स्वरूप” मिर्मिरे, वर्षः २४, अङ्कः ११, फागुन, (काठमाडौं :ने.रा.बै., के.का., २०५२) पृष्ठ ११ ।

कुनै पनि काव्यको आत्मा हो, भाषा वस्त्र हो र रूप वा ढाँचा शरीर हो ।[६] गजल ललित भाषा र कोमल शब्दमा एउटा उच्च विचार, एउटा उच्च अनुभूति र एउटा हृदयस्पर्शी यथार्थलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिन्छ । गजलका शेरैपिच्छे छुट्टाछुट्टै भाव अन्तर्निहित हुन्छ ।[७] मूलत : गजलमा मनमस्तिष्क रन्थनाउने सत्यानुभूतिको रसात्मक प्रस्तुति हुन्छ जसले सबैलाई मन्त्रमुग्ध पार्छ । बिब्ल्याँटा परिपस्थिति, कोकल्याँटा यथास्थिति एवम् आममानिसका दैनन्दिनी जीवन भोगाइका विविध प्रसङ्गहरू नै वार्तमानिक गजलको विषयभूमि हो। गजलमा जीवनका व्यथा, कथा, मूल्य, मान्यता, स्वरूप, अस्तित्व र प्रणयका भावच्छायाहरू प्रतिविम्बित हुन्छन् ।

## ४.२ गजल शब्दको व्युत्पति

कुनै पनि शब्दको व्युत्पत्ति भाषागत रूपमा हुन्छ । भाषिक संरचनागत रूपमा हुन्छ । अक्षरहरूको समन्वितिबाट शब्दको व्युत्पत्ति भएपछि निर्मित शब्दमा आफ्नै मौलिक अर्थ निहित हुन्छ। भाषागत रूपमा निर्मित शब्दले व्यापक परिवेश ग्रहण गर्छ र युगयुगान्तर जीवित रहन्छ ।

गजल शब्दको व्युत्पत्ति अरबी भाषाबाट भएको हो ।[८] यो स्त्रीलिङ्गी नामवाची शब्द हो ।[९] यसको प्रथम प्रयोगस्थल पनि अरब नै[१०] मानिए तापनि काव्यविधाका रूपमा फारसी भाषामा मान्यता पाएको हो[११] भन्ने विद्वान् अध्येताहरूको अभिमत रहेको छ ।

गजल शब्द ग, ज र अलको व्युत्पादन प्रक्रियाबाट निर्मित भएको हो ।[१२] यसको शब्दार्थ बोली, नारी, को वा सँग भन्ने हुन्छ भने लक्ष्यार्थ नारीको बोली वा नारीसँगको कुराकानी भन्ने हुन्छ ।[१३] गजल शब्द फारसी गजलाबाट बनेको हो[१४] भन्ने पनि छन् । गजाला वा हरिणको सानो बच्चा सुकुमार र सुन्दर हुने भएकाले सुन्दर र सुकुमार काव्यविधालाई गजल भनिएको हुनुपर्छ । अरबी भाषामा कसिदा नामको प्रशंसा काव्यविधा थियो । कसिदाका पङ्क्तिलाई

---

६ सरदार मुजावर, हिन्दी गजल के विविध आयाम, (नई दिल्ली: भूमिका प्रकाशन, सन् १९३०), पृष्ठ १३ ।

७ ऐजन, पृष्ठ १३ ।

८ मुद्दाह, मुहम्मद मुस्तफा खाँ (सम्पा), उर्दुहिन्दी शब्दकोष, (लखनउः उत्तर प्रदेश हिन्दी संस्थान, सन् १९९२), पृष्ठ १७७ ।

९ ऐजन, पृष्ठ १७७ ।

१० दुवसु क्षेत्री (सम्पा), समसामयिक नेपाली गजल , (काठमाडौं : बसुन्धारामान प्रकाशन, वि.सं. २०५०), पृष्ठ १२९ ।

११ कृष्ण गौतम, "नेपाली गजल साहित्य, परम्परा र मूल्याङ्कन", गरिमा , वर्षः १२, अङ्क : ५, वैशाख, (ललितपुर : साझा प्रकाशन, २०५१) पृष्ठ १४ ।

१२ मनु ब्राजाकी, "गजल गाथा", पूर्ववत्, पृष्ठ ४९ ।

१३ ऐजन, पृष्ठ ४९ ।

१४ सरदार मुजावर, "हिन्दी गजलका विविध आयाम", पूर्ववत्, पृष्ठ १३

तस्बिब भनिन्थ्यो । कसिदा प्राय : दुई वा चार पङ्क्तिमा रचना गरिन्थ्यो । त्यसबेला कसिदाको तस्बिबमा प्रणयभाव व्यक्त गर्ने छुट थियो । अरबीहरूको राज्यविस्तार र विजयअभियानसँगै भाषिक, सांस्कृतिक र साहित्यिक प्रभावविस्तार पनि हुँदै थियो । फारसी कविहरू कसिदाको तस्बिबबाट प्रभावित भएर दुई पङ्क्तिको छुट्टै तस्बिब रचना गर्नथाले । फलस्वरूप प्रणयभावमा रचना गरिने त्यही तस्बिबबाट पृथक् काव्यविधाका रूपमा गजलको व्युत्पत्ति भएको हो भन्ने अभिमत पनि रहेको छ ।[१५]

एकथरीको भनाइ के छ भने अरबमा एकजना गजल नामका शायर थिए । उनले आफ्नो सम्पूर्ण जीवन मद्यपान र प्रेममा बिताए । उनी सधैँ प्रेम र सुन्दरताको तारिफ गर्थे । पछि गएर प्रेम र सौन्दर्यमूलक काव्यविधालाई उनको सम्झनामा गजल भन्न थालिएको हो ।[१६] गजल संस्कृतको कज्जल शब्दको अपभ्रंशबाट व्युत्पति भएको हो[१७] भन्ने गरिन्छ । कसैले गजल धागोको तानबाट व्युत्पत्ति भएको हो पनि गरेको पाइन्छ ।[१८]

केही अध्येताले गजल फारसी लोकगीतबाट भएको र यसको सम्बन्ध प्रणयप्रधान लोकगीतसँग रहेकाले यसको व्युत्पत्ति फारसी गोकगीतबाट भएर अरब, मिश्र  भारत आदि देशहरूमा विस्तार भएको हो[१९] भन्ने अभिमत जाहेर गरेका छन् तर बहुसङ्ख्यक अध्येताहरूले गजल अरबी भाषाको शब्द भएको पुष्टि गरिसकेका छन् यद्यपि काव्यविधाका रूपमा गजलको व्युत्पत्ति फारसी साहित्यको अब्बल भूमिमै भएर अन्य भाषाहरूमा विस्तार भएको तथ्य भने सर्वमान्य रहेको छ ।[२०]

## ४.३ गजलको अर्थ र परिभाषा

साहित्यिक विधाको अर्थ र परिभाषा त्यस विधाको उत्पत्ति, भाषिक बनोट, क्षेत्र र व्यापक परम्परागत पृष्टभूमि एवम् त्यसको स्वरूपमा अन्तर्निहित हुन्छ । त्यसको स्वमूल्य र मान्यतामा विधागत अर्थ र परिभाषाको गहनता झल्कन्छ र त्यसको उच्चतम गरिमा कायम गरेको हुन्छ । गजल विधाको अर्थ र परिभाषा पनि यसको उत्पत्ति, भाषिक बनोटक्षेत्र र परम्परागत मान्यतामा आधारित रहेको देखिन्छ ।

---

१५ ऐजन, पृष्ठ : १३ ।

१६ कुँवर बेचैन, सामियाने काँच के, (गाजियावाद : प्रगीत प्रकाशन, सन् १९८३), पृष्ठ १० ।

१७ घनश्याम न्यौपाने परिश्रमी, "गजलको स्वरूप र बहर चिनारी तथा नेपाली गजल परम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन", (ने.रा.प्र.प्र.र. र भे.सा.स. द्वारा आयोजित गजलसन्ध्यामा प्रस्तुत कार्यपत्र, २०६०), पृष्ठ ३ ।

१८ ऐजन, पृष्ठ ३ ।

१९ लक्ष्मीनारायण गर्ग (सम्पा), सङ्गीत (वर्ष : २, अङ्क : ६, जनवरी सन् १९६७), पृष्ठ १ ।

२० घनश्याम न्यौपाने परिश्रमी, "गजलको स्वरूप चिनारी", पूर्ववत्, पृष्ठ ३ ।

गजलको शाब्दिक अर्थ नारीको वाणी अथवा नारीसँगको वार्तालाप भन्ने हुन्छ[21] भने लाक्षणिक अर्थ प्रेयसीसँगको प्रेमनिवेदन, जवानीको हालबयान, प्रणयसङ्गतिको याचना[22] र साहित्यिक अर्थ प्रणय विषयक काव्यको एक प्रभावकारी विधा वा भेद भन्ने हुन्छ ।[23] नारीसँग अनेक विषयमा वार्तालाप हुनसक्छ । प्रणय विषयक वार्तालापका अतिरिक्त जीवनका सुख, दुःख, हाँसो, आँसु, मिलन, बिछोड, आशा, निराशा, इच्छा, आकाङ्क्षा, स्नेह, वात्सल्य नारीसँगका वाच्यविषय हुन् । नारी र पुरुषको आपसी समझदारितामै सांसारिक जीवनपद्धति चलेको हुन्छ । सृष्टि र प्रकृतिको संरचना अडेको हुन्छ । तसर्थ नारीसँगको वार्तालाप वा नारीको बोलीका रूपमा अर्थबोध हुने गजलविधा नारीका विषयवर्णनका अतिरिक्त जीवनका यावत् विषयवर्णन गरिने साहित्यिक विधा रहेको ठहर हुन्छ ।

गजललाई अर्थगत रूपमा कसैले गजाल अर्थात् हरिणको सानो बच्चा सिकारीको तीर लागेर घाइते भई जब करूण चित्कार गर्छ त्यही चित्कार गजल हो[24] भनेका छन् । यहाँ पीडाको कारूणिक अभिव्यक्तिनै गजल हो भन्ने ठहर हुन्छ तर पीडाको स्वर मात्र गजल होइन, यसमा हर्ष र आनन्दको स्वर पनि हुन्छ । कसैले गजललाई धागोको तान पनि भनेका छन् ।[25] गजल वस्तुतः छुट्टाछुट्टै भावनिसृत् शेरहरूबाट संरचित भएझैं तान लगाएको धागो छुट्टाछुट्टै हुने र सम्पूर्ण धोगोबाट एउटा पूर्ण सृजना हुने भएकाले धागोको तान अर्थगत रूपमा युक्तिसङ्गत नै देखिन्छ । गजलबारे विभिन्न शब्द कोशगत अर्थ यस प्रकार रहेका पाइन्छ :

(क) नेपाली बृहत् शब्दकोशअनुसार विशेषतः प्रेमका विषयमा शृङ्गार र त्यसमा कविता लेखिने एकप्रकारको फारसी छन्द वा त्यसै छन्दमा लेखिएको कविता गजल हो ।[26]

(ख) नेपाली शब्दसागरअनुसार शृङ्गार वा प्रेमप्रसङ्गको कविता, कुनै छन्दबध्द नभई अन्तिम टुक्रामा मात्र अनुप्रास हुने शृङ्गारिक कविता गजल हो ।[27]

(ग) प्रयोगात्मक नेपाली शब्दकोशअनुसार प्रायः प्रेमलाई विषय बनाएर लेखिने एकप्रकारको कविता, शृङ्गारिक कविता, फारसी छन्दको एकप्रकारको कविता गजल हो ।[28]

---

२१ रामनरेश त्रिपाठी, कविता कौमुदी, (हरदोईः सरस्वती सदन, सन् १९६६), पृष्ठ ३७ ।

२२ ऐजन, पृष्ठ २७ ।

२३ घनश्याम न्यौपाने परिश्रमी, "गजलको स्वरूप चिनारी", पूर्ववत्, पृष्ठ ३ ।

२४ घनश्याम न्यौपाने परिश्रमी, (भूमिका), अमी बाँकी बा, गोपाल अश्क, (वीरगन्जः रेखा प्रकाशन, २०५४), पृष्ठ झ ।

२५ ऐजन, पृष्ठ ११ ।

२६ प्रा. बालकृष्ण पोखरेल र अन्य, नेपाली बृहत् शब्दकोश (काठमाडौं : ने.रा.प्र.प्र., २०५८), पृष्ठ, ३१८ ।

२७ वसन्तप्रकाश शर्मा, नेपाली शब्दसागर, (काठमाडौं : भाभा प्रकाशन, २०५८), पृष्ठ २४५ ।

२८ हेमाङ्गराज अधिकारी (सम्पा.), प्रयोगात्मक नेपाली शब्दकोश, (काठमाडौंः विद्यार्थी प्रकाशन प्रा.लि., २०६१), पृष्ठ २३४ ।

(घ) उर्दूहिन्दी शब्दकोशअनुसार प्रेमिकासँगको वार्तालाप, उर्दूफारसी कविताको एक प्रकार विशेष जसमा पाँचदेखि बाह्र शेर हुन्छन् र प्रत्येक शेरको भावार्थ भिन्नभिन्नै भएको रचना गजल हो ।[द्ढ]

(ङ) हिन्दी साहित्यकोशअनुसार नारीसँग प्रेमको वार्तालाप, नारीविषयक प्रेमकविता वा शृङ्गार कविता गजल हो ।[घण]

(च) मराठी व्युत्पत्ति कोशअनुसार गजल काव्यको एक विशिष्ट विधा, वृत्तविशेष, प्रेमविषयक कविता, फारसी छन्दमा रचिएको यमकप्रधान प्रेमगीत हो ।[घञ]

(छ) प्रामाणिक हिन्दी कोशअनुसार उर्दूको एकप्रकारको पद्यविधा गजल हो ।[घद्द]

(ज) बृहत् हिन्दी शब्दकोशअनुसार फारसी उर्दूमा मुक्तक काव्यको एक भेद, प्रेमविषयक पद्यविधा गजल हो ।[घघ]

(झ) द न्यू इन्साइक्लोपेडियो ब्रिटानिकअनुसार गजल इस्लामिक साहित्यको त्यो कलात्मक र गेयात्मक लघुरूप हो जसमा प्रणयप्रसङ्गलाई अभिव्यक्ति गरिन्छ ।[घठ]

कोशगत अर्थ परिशीलन गर्दा गजल प्रेमिकासँगको वार्तालाप, एक शृङ्गार विषयक पद्यविधा वा फारसीउर्दू भाषाको गेयगुणयुक्त छन्द र त्यसै छन्दको पद्यरचना तथा एक विशिष्ट काव्यविधा हो भन्ने कुरा स्पष्ट हुन्छ । गजल नारीविषयक विविध भावाभिव्यक्तिको एक सुन्दर काव्य रचना हो जसमा गेयता, साङ्गीतिकता, कोमलता, सुकुमारता, सूक्तिमयता, गहनता, सूक्ष्मता, भावसघनता, सम्प्रेषणीयता, विम्बमयता, प्रतीकात्मकता, कल्पनाशीलता, सरसता, चमत्कारप्रधानता, ललित्यपूर्णता, मोहक शब्दविन्यासमयता, अनुभूतिको तीव्रता, शेरैपिच्छे भाव स्वतन्त्रता, अभिव्यक्तिकौशल, उक्तिवैचिœय, जीवनसापेक्ष प्रभावकारी प्रस्तुति, पङ्क्तिपुञ्जबीचको अन्तर्सम्बन्ध वा शिष्ट र शालीन भाषिक सामन्जस्यता[घछ] अपरिहार्य रहेको हुन्छ ।

कुनै पनि साहित्यिक विधाको परिभाषा त्यस विधाको समग्र संरचनात्मक सौन्दर्यको आधारमा गरिएको हुन्छ । गजल सुकोमल भाव र पदविन्यासयुक्त प्रणयपरक र लालित्यपूर्ण

२९ महम्मद मुस्तफा खाँ मदाह (सम्पा), उर्दु हिन्दी शब्दकोश, (उत्तरप्रेद : सूचना विभाग, इ. १९५९), पृष्ठ १७७ ।

३० वीरेन्द्र वर्मा (सम्पा), हिन्दी साहित्यकोश, (वाराणशीः ज्ञानमण्डल प्रकाशन, दो.प्र. सन् १९२०), पृष्ठ २७४ .

३१ कृपा कुलकर्णीय (सम्पा), मराठी व्युत्पत्ति कोश, (लक्ष्मीरास्ता गुणे : ढोलक भवन प्रकाशन, दो.सं., सन् १९६४), पृष्ठ २३४ ।

३२ रामचन्द्र बर्मा (सम्पा), प्रामाणिक हिन्दी कोश, (बनारस : साहित्य रत्नमाला कार्यालय, सन् २००८), पृष्ठ ३२१ .

३३ कालीप्रसाद र अन्य (सम्पा), बृहत् हिन्दी शब्दकोश, (बनारस : ज्ञानमण्डल लिमिटेड, इ. १९९३), पृष्ठ ३५६ ।

३७ पि.जि. वीन एन्ड रोबर्ट पी, द निउ इन्साइक्लोपेडिया ब्रिटानिया, (सिकागो : द युनिभरसिटी अफ सिकागो, सन् १९९९) पृष्ठ ९५६ ।

३५ घनश्याम न्यौपाने परिश्रमी, "गजलको स्वरूप चिनारी", पूर्ववत्, पृष्ठ १-२ ।

काव्यविधा भएकाले यही मान्यताको मूल कसीमा रहेर गजल विधालाई विभिन्न अध्येताहरूले परिभाषित गरेका छन् :

(क) सरदार मुजावरका अनुसार गजल मनका भावहरूलाई शेरहरूका माध्यमबाट अभिव्यक्त गर्ने कलाको नाम हो । गजल एक शीतल तरङ्ग, एक उज्यालो झिल्का, एक सपना, एक खुस्बु र एक खुसी हो ।[घट]

(ख) कुवँर बेचैनका अनुसार गजल फूलको पत्रपत्रमा फैलने सुगन्ध, भाषाद्वारा गरिने मानवताको सुरक्षा, कुनै कथ्यलाई भावद्वारा गरिने प्रत्याभूति, विचारको चौबाटामा गरिने शब्दको पदयात्रा, मानिसको अपराजित आत्माको अभिषेक एवम् उत्तेजना नभएर विचार हो ।[घठ]

(ग) ज्ञानप्रसाद विवेकका अनुसार गजल मानसिक भाव र गुण हो साथै ज्वालामुखीको आँखाबाट टप्कने आँसुको अनुवाद, फूलको पत्रपत्रमा सूर्यकिरणको हस्ताक्षर, जीवनको पारदर्शी पर्दा, हराएको अस्तित्व गवेषणामा लीन प्रकाशको पदचिो एवम् समयको मौन बिस्फोट हो ।[घड]

(घ) जगन्नाथका अनुसार गजल प्रेमी-प्रेमिकाबीचको प्रणयपूर्ण कुराकानी हो साथै हृदयको तरलता, भावनाको सरलता, चेतनाको उच्चता र कल्पनाको स्वच्छन्दता गजल हो ।[घढ]

(ङ) गोविन्द पुरी चाचानका अनुसार गजल उर्दू कविताको सशक्त र सर्वश्रेष्ठ काव्यरूप हो । साथै गजल चेतनाको मुक्तरूप, भावनाको स्वतन्त्र स्वरूप र अनुभूतिको सत्याभिव्यक्ति हो ।[द्धण]

(च) जगदीश शमशेर राणाका अनुसार अलिकति भित्र आँखामा पर्‍यो भने पोल्न थाल्ने, डिलदेखि बाहिर परे लत्पतिएर रूप नै बिगार्ने, औचित्यको यस्तो सूक्ष्म सङ्कलन, गाजलमा जस्तै गजलमा परिरहनुपर्ने कविताको गाजल नै गजल हो ।[द्धज्ञ]

---

३६ सरदार मुजावर, हिन्दी गजलका विविध आयाम, पूर्ववत्, पृष्ठ १७

३७ कुँवर बेचैन, रसियाँ पानी की, (गाजियावादः प्रगीत प्रकाशन, सन् १९५७), पृष्ठ १० ।

३८ ज्ञानप्रसाद विवेक, धूप के हस्ताक्षर, (नई दिल्लीः कादम्बिनी प्रकाशन, सन् १९८८), पृष्ठ ११ ।

३९ जगन्नाथ, गजल के शिल्प विधान, (पटना : पुस्कर प्रकाशन, सन् १९८४) पृष्ठ २२ ।

४० गोविन्द पुरी चानन, गजल : एक अध्ययन, (नई दिल्लीः सीमान्त प्रकाशन, सन् १९९१) पृष्ठ ३४ ।

४१ जगदीश शमशेर राणा, (भूमिका), खण्डहर नयाँ नयाँ, ज्ञानुवाकर पौडेल, (ललितपुर : साझा प्रकाशन, २०५३) पृष्ठ ख ।

(छ) घटराज भट्टराईका अनुसार महाकाव्य-खण्डकाव्यमा जस्तो शृङ्खलाबद्ध विचारको प्रस्फुटन नदेखिए पनि मुक्तक रूपमा छोटा-मीठा विचारको कलात्मक अभिव्यक्ति नै गजल हो ।[४२]

(ज) रमा शर्माका अनुसार शृङ्गार र शृङ्गारइतर अभिव्यक्तिको समष्टि रूप गजल हो ।[४३]

(झ) भरतराज पन्तका अनुसार गजल प्रणयवादी वा शृङ्गारिक भावमा रचना गरिने उर्दूबाट आएको लय वा छन्दको एउटा किसिम हो ।[४४]

(ञ) वासुदेव त्रिपाठीका अनुसार गजल गीतिफाँटको एक उत्कृष्ट सृजनात्मक वस्तुका रूपमा हुर्किन पुगेका प्रेमालापको गीतिकविता हो ।[४५]

(ट) वामदेव पहाडीका अनुसार गजल भनेका त्यो पद्यबद्ध उक्ति हो जुन सुन्नमा मधुरो, निकै अर्थिलो तथा चिट्ट परेको सानो र सुगठित रूप भएको हुन्छ ।[४६]

(ठ) कृष्ण गौतमका अनुसार गजल ठूलाभन्दा ठूला कुरालाई कमभन्दा कम शब्दमा र विविध विचारका शृङ्खलाहरूलाई लाक्षणिक अभिव्यञ्जना र प्रतीकात्मक अभिव्यक्तिका साथ प्रस्तुत गरिने लयात्मक पद्य हो ।[४७]

(ड) ज्ञानुवाकर पौडेलका अनुसार गजल अत्यन्त संवेदनशील र तीक्ष्ण विधा हो जसमा सूक्ष्म र तिखर अभिव्यक्ति रहेको हुन्छ ।[४८]

(ढ) घनश्याम न्यौपाने परिश्रमीका अनुसार गजल काव्यको एउटा अत्यन्त लोकप्रिय, प्रभावकारी र सुन्दर रूप हो । यो विभिन्न सौन्दर्यतत्वहरूले अलङ्कृत हुन्छ ।[४९]

(ण) मनु ब्राजाकीका दृष्टिमा भावार्थ र गुढार्थअनुसार गजल भनेको कामना र आन्तरिक पीडाका हार्द भावहरूको सुललित अभिव्यक्ति हो जसमा हृदयस्पर्शी लयात्मक शैली, भावगाम्भीर्ययुक्त सुष्ठु प्रतीकसम्पन्नता र मनोहारी प्रस्तुतीकरण रहन्छ ।[५०]

---

४२ घटराज भट्टराई, "नेपाली गजल प्रयोग र परम्परा", गरिमा, वर्षः ३, अङ्क : १२, (ललितपुर : साझा प्रकाशन, मङ्सिर, २०४२), पृष्ठ ६४ ।

४३ रमा शर्मा, "गजलबारे केही कुरा", मधुपर्क, वर्ष : १४, अङ्क : ६-७, (काठमाडौं : गोरखापत्र संस्थान, कात्तिक-मङ्सिर २०३८), पृष्ठ ५ ।

४४ भरतराज पन्त, "नेपाली गजलः प्रारम्भदेखि वर्तमानसम्म", मधुपर्क, वर्षः२७, अङ्कः ६, (काठमाडौं : गोरखापत्र संस्थान, कात्तिक २०५१), पृष्ठ ५ ।

४५ वासुदेव त्रिपाठी, (भूमिका), अर्धमुदित आँखाहरू, कृसु क्षेत्री (काठमाडौंः वसुन्धारामान प्रज्ञाप्रतिष्ठान, २०५९) पृष्ठ २० ।

४६ वामदेव पहाडी, आलोचनाको वृत्त (काठमाडौं : ने.रा.प्र.प्र., २०५४), पृष्ठ १७० ।

४७ कृष्ण गौतम, "नेपाली गजल साहित्य", पूर्ववत्, पृष्ठ १३ ।

४८ देवी पन्थी, गजल सिद्धान्त र समालोचना, (काठमाडौं : विविध वाङ्मय प्रकाशन, २०५९), पृष्ठ २ ।

४९ घनश्याम न्यौपाने परिश्रमी, "गजल", मधुपर्क, वर्षः ३९, अङ्कः १, (काठमाडौं : गोरखापत्र संस्थान, जेठ, २०६३), पृष्ठ ३९ ।

५० मनु ब्राजाकी, "गजलगाथा", पूर्ववत्, पृष्ठ ४९ ।

(त) ललिजन रवालका दृष्टिमा अनुभूतिका ठूलाभन्दा ठूला कुरा चाहे ती कठोर हुन् वा नरम, तिनलाई कोमल, हार्दिक र कलात्मकता साथ अत्यन्तै सङ्क्षिप्त रूपमा अभिव्यक्ति गरिने काव्यको एउटा रूप गजल हो ।[छज्ञ]

(थ) दुवसु क्षेत्रीका दृष्टिमा भावनात्मक र हार्दिक कुराहरूको शृङ्खलाव्यापकतालाई सीमित गर्दै थोरै र शिष्ट शब्दमा प्रतीकात्मक अभिव्यक्तिको लयात्मक प्रस्तुति नै गजल हो ।[छद्द]

(द) कृष्णहरि बरालका दृष्टिमा भाव, कल्पना, विम्ब तथा प्रतीक आदिको प्रयोगका साथै निश्चित क्रममा प्रयोग गरिने गेय काव्यरूपलाई गजल भनिन्छ जसमा एउटै छन्दमा तीन वा तीनभन्दा बढी स्वतन्त्र शेरहरू हुन्छन् ।[छघ]

(न) राजेन्द्रको सुवेदीका दृष्टिमा उर्दू साहित्यको प्रणयमा केन्द्रित हुने र गायन क्षेत्रमा जीवन्तता प्राप्त गर्ने स्फुट रचनाविशेष गजल हो ।[छद्ध]

(प) देवी नेपालका दृष्टिमा अरबीमा जन्मिएर फारसीमा हुर्किएर, हिन्दी, नेपाली आदि भाषाहरूमा समेत आफ्नो अस्तित्व देखाउन सफल गजल एउटा लोकप्रिय गेय विधा हो ।[छछ]

(फ) नेत्र एटमका दृष्टिमा गजल गायनसँग सम्बन्धित साहित्यिक विधा हो । कुनै विषय वा भावको असरलाई तीव्र प्रभावका साथ प्रस्तुत गरिने र सङ्क्षिप्त अंशमै पनि आफ्नो तीक्ष्ण प्रहारको झट्का दिनसक्ने विधा गजल हो ।[छट]

(ब) टीकाराम उदासीका दृष्टिमा विलक्षण शैलीमा भावको तीव्र विन्यास वा विषयको केन्द्रीयता भएको सरल, सुकोमल, सङ्क्षिप्त र प्रभावकारी पङ्क्तिपुञ्जहरूद्वारा निर्मित एक किसिमको गेयात्मक पद्यरचना गजल हो ।[छठ]

(भ) अमर त्यागीका दृष्टिमा थोरै शब्दमा हृदयका सुकोमल भावहरूलाई लाक्षणिक अभिव्यञ्जना गरिने सशक्त, उन्मुक्त, आकर्षक, लोकप्रिय र गेयगुणयुक्त शास्त्रीय काव्यविधा गजल हो ।[छड]

---

५१ ललिजन रावल, "गजलको सौन्दर्यशास्त्र र नेपाली गजल", नेपाली गजल विगत र वर्तमान (काठमाडौंः अनाम मण्डाली, २०६४), पृष्ठ १४ .

५२ दुवसु क्षेत्री (सम्पा.), समसामयिक नेपाली गजल, (काठमाडौंः वसुन्धारा प्रकाशन, २०५०), पृष्ठ १२९ ।

५३ कृष्णहरि बराल, "नेपाली गजलको विकास र आधुनिक नेपाली गजलका प्रवृत्तिहरू", (वसुन्धराराम प्रज्ञाप्रष्ठिान काठमाडौद्वारा आयोजित गजलश्री सम्मान कार्यक्रम प्रस्तुत कार्यक्रम, २०६०), पृष्ठ २ ।

५४ राजेन्द्र सुवेदी, "नेपाली गजल सृजनामा मोतीराम भट्टको योगदान", नेपाली गजल विगत र वर्तमान, (काठमाडौंः अनाममण्डली, २०६५), पृष्ठ २६६ ।

५५ देवी नेपाल, "गजलको शास्त्रीय स्वरूप", नेपाली गजल, विगत र वर्तमान, (काठमाडौं : अनाममण्डली, २०६५), पृष्ठ २९ ।

५६ नेत्र एटम, भित्र कतै दुख्छ भने, (काठमाडौं : दोभान प्रकाशन, २०६०), पृष्ठ ६ ।

५७ टीकाराम उदासी, गजल सिद्धान्त र नेपाली गजलको इतिहास, (नेपालः अतिरिक्त प्रकाशन, २०५९), पृष्ठ ६ ।

गजलको अर्थ र परिभाषालाई निरूपण गर्ने क्रममा प्रायः सबै विद्वान्हरूले यसको वस्तुपक्ष र रूपपक्षलाई मूलरूपमा परिशीलन गरेको पाइन्छ । गजल साहित्यको एक प्रभावपूर्ण, प्रवाहपूर्ण र कलापूर्ण पद्यविधा रहेका तथ्य सबैका परिभाषाबाट प्रमाणित हुन्छ । निष्कर्षतः हार्दिकता, भावनात्मकता, संवेदनात्मकता, प्रतीकात्मकता, सुष्ठुता, सरलता, रागात्मकता, प्रभावकारिता, शब्दसीमितता, गेयता, भावगत तीव्रता, शैलीगत चामात्कारिता, अर्थगत व्यापकता, सूक्तिमय सुललितता, आन्तरिक र बाèरचनागत परिपुष्टता भएको र स्वतन्त्र अर्थ र अस्तित्व भएको प्रभावपूर्ण शेरहरूको समग्र स्वरूप गजल हो ।

## ४.४ गजलको उद्भव र विकास

गजल अरबी भाषाको ग, ज र अलको समासप्रक्रियाबाट निर्मित स्त्रीको बोली वा स्त्रीसँगको वार्तालापको रूपमा प्रयुक्त हुने यौगिक शब्द हो भन्ने कुरा स्पष्ट भइसकेको छ ।

साहित्यिक विधाका रूपमा गजलको उद्भव अरबी भाषामै भएको हो वा फारसी भाषामा भएको हो भन्नेबारे विद्वान्हरूबीचको मतमा एकता पाइँदैन । कसैको दृष्टिमा गजलको उत्पत्ति अरबी भाषामै भएको र यसको रूपलाई फारसीहरूले अवलम्बन गरेका छन् भन्ने रहेको छ ।[५९] त्यस्तै अरबी भाषाका प्राचीन गजलहरू गजलको शाब्दिक अर्थका रूपमा प्रयुक्त भई तिनले साहित्यिक मान्यता प्राप्त गरेका र पछि अरबी भाषाको सीमा नाघेर गजल फारसी भाषामा विस्तार भएको हो[६०] भन्ने मत पनि पाइन्छ यद्यपि धेरै विद्वान्हरूका मतमा गजल अरबी शब्द भए पनि साहित्यिक विधाका रूपमा यसको उद्भव फारसी भाषामा भएको हो । कसैको के धारणा छ भने गजलको उद्भव अरबमै भएको हो किन्तु यसको यथार्थ तथ्य भने पाइन्न । अरबी कवि र साहित्यकारमा गजलको स्पष्ट कल्पना अवश्य थियो । अरबी काव्यमा गजलको साकार स्वरूप भने बन्न सकेन । सर्वप्रथम गजल अरबमा बोलिने फारसी भाषामा लेखिएको हो ।[६१] अरबमा रहेको कसिदा काव्यस्वरूप दसौँ शताब्दीमा इरानमा आएपछि त्यसको एकस्वरूप तस्बिबबाट गजलको उद्भव भएको हो[६२] भन्ने मान्यता अझ स्पष्ट रहेको छ । अरबी भाषाको प्रसिद्ध काव्यविधा कसिदाको प्रस्तावना वा सुरुका दुई हरफलाई तस्बिब भनिन्थ्यो र ती दुवै हरफ गजलको मत्लाको जस्तै काफिया मुक्त हुन्थ्यो । यही तस्बिब फारसी गीतका रूपमा प्रयुक्त भएपछि फारसी भाषामा गजलको उद्भव भएको

---

५८ अमर त्यागी, “नेपाली गजलको विकासमा सगर पत्रिकाको योगदान”, सगर, वर्षः ८, अङ्कः ३-४, (वीरगन्ज : सगर प्रकाशन समूह, कात्तिक-चैत्र, २०६०), पृष्ठ १ ।

५९ सरस्वतीशरण, मिर्जा गलिब : द पोइट अफ पोइट्स्, (नईदिल्ली : मुन्सीराम मनोहरलाल पब्लिकेशन प्रा.लि. सन् १९७६) पृष्ठ ४१ ।

६० नरेश, गजल : शिल्प और संरचना, (महेशपुरः पृथ्वीराज कालिया, सन् १९९१), पृष्ठ २ ।

६१ रोहिताश्व अस्थाना, हिन्दी गजलः उद्भव और विकास, (नईदिल्ली : सामायिक प्रकाशन, सन् १९८७), पृष्ठ ६७ ।

६२ गजल हट पेज डट डब्लुडब्लु डट एन्जलफायर डट कम, स्पेस अरुण गजल डट हटमेल ।

हो ।[६३] गजल शब्द नै अरबी भाषाको भएकोले अरबी भाषामा साहित्यिक विधाको रूपमा गजलको उद्भव भएको मान्न सकिन्छ । इसाको सातौँ शताब्दीको सुरुतिर उमर इब्न आवि रबिआहले मक्काशैलीमा र जमिल अल उधरीले मदिनाशैलीमा गजल रचना गरेको उल्लेख पनि पाइन्छ ।[६४] अरबी भाषाको काव्यरूप कसिदामा पनि गजलको जस्तै स्वरूप छ तर त्यो गजल होइन । त्यस्तै कसिदामा रहेका गजलको जस्तो स्वरूपका आधारमा अरबी भाषामा पनि गजल रचना गरिएको हुनसक्ने तथ्यलाई पनि नकार्न सकिन्न । यद्यपि गजलको उद्भव फारसी भाषामा भएको हो भन्ने मत यहाँ बढी प्रामाणिक र सर्वसम्मत देखिन्छ ।

इस्लामपूर्व वीजका रूपमा रहेको गजल इस्लामपश्चात् पल्लवित र पुष्पित हुन पुगेको हो । अरबका बादशाहले सन् ६३७ मा इरानमाथि आधिपत्य जमाई इस्लामीकरण गरेपछि इरानको तत्कालीन राजभाषा फारसीमा अरबी काव्यरूप कसिदाको ठूलो प्रभाव पऱ्यो ।[६५] प्रशंसा काव्यका रूपमा रहेको कसिदाका सुरुका दुई वा चार हरफ प्रणय गीत वा तस्बिबका रूपमा प्रचलित थिए । पछि त्यही तस्बिबबाट फारसी भाषामा गजलको उद्भव भयो ।[६५] फारसी भाषामा गजलको उद्भव दसौँ शताब्दीमा रोद्कीले गरेका हुन् ।[६६] रोद्कीको पूरा नाम अबुअब्द अल्लाह सफर इब्न मुहम्मद रौद्की हो । सङ्गीत, नृत्य र गायनमा निपुण रोद्कीको जन्म सन् ८५८ म भएको हो र उनले गजलका एकलाख शेर रचना गरेको चर्चा पाइन्छ ।[६७] रोद्कीपछि फारसी गजलको विकासमा महत्वपूर्ण योगदान दिने अन्य गजलकारहरू सानाइ ( अबुल मज्द मज्दुद बिन अदम्, मृत्यु सन् ११५०), निजामी (अल्यस निजामी, जन्म सन् ११४१, मृत्यु सन् १२०) अत्तर (अबु तालिब बिन मुहम्मद बिन अबु बक बिन इब्राहिम विन मुस्तफा बिन सबान जन्म सन् १११९, मृत्यु सन् १२०३), रुमी (जलाल-ए-दिन मोहम्मद मोलामी रुमी, जन्मः सन् १२०७, मृत्युः सन् १२७३), सादी (मुस्लिउद्दिन सादी, जन्म सन् १२१३, मृत्युः सन् १२९३), इराकी (फ्रक अद-दिन इब्राहिम इराकी, जन्मः सन् १२११- मृत्यु सन् १२८९), हाफिज (एवाजेस् साम्स अद-दिन मुहम्मद हाफेज-ए सिराजी, जन्मः सन् १३२०- मृत्युः सन् १३९०), जामी (नुर अद-दिन अब्द अर-

---

६३ एलिजाबेथ ग्रे, द ग्रिन सि अफ हिभेन, (अस्ल्याण्ड : ह्वाइट क्लोरी प्रेस, सन् १९९५), पृष्ठ ६ ।

६४ घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्दर्य मिमांसा, (बुटवलः सनसाइन आवासीय उच्च मा.वि., २०६४), पृष्ठ १६ ।

६५ कृष्ण गौतम, “नेपाली गजल साहित्य”, पूर्ववत्, पृष्ठ ४ ।

६५ घनश्याम न्यौपाने परिश्रमी, “गजलको विकास प्रक्रिया”, मधुपर्क, वर्षः २९, अङ्कः ३, (काठमाडौं : गोरखापत्र संस्थान, साउन २०५३), पृष्ठ ४ ।

६६ घनश्याम न्यौपाने परिश्रमी, “गजलको सैद्धान्तिक चिनारी”, सगर, वर्ष : ४ अङ्क : १-२, (वीरगन्ज : सगर प्रकाशन समूह, वैशाख-असोज २०५६), पृष्ठ ९६ ।

६७ कृष्णहरि बराल, गजल सिध्दान्त र परम्परा, (ललितपुर : साझा प्रकाशन, २०६४), पृष्ठ १५८ ।

रहमान जामी, जन्म सन् १४१४- मृत्यु सन् १४९२) हुन् ।[६८] फारसी गजलको उन्नयन गर्ने र आधुनिकता प्रदान गर्ने कार्यमा उल्लेखित गजलकारको भूमिका सर्वोपरि रहेको मानिन्छ । फारसी भाषाका अन्य गजलकारहरू कमल कोजान्दी (मृत्यु १४०५), मोहम्मद मग्रेबी (मृत्यु सन् १४०७), साह नेमात वली (मृत्यु सन् १४३१) आदि हुन् ।[६९] फारसी गजल साहित्यलाई नवीनता, आलङ्कारिता र सुष्ठुता प्रदान गरेर समृद्धितिर उन्मुख गराउने कार्यमा उल्लेखित गजलकाहरूको ठूलो भूमिका रहेको छ । त्यस्तै इरानकै इतिहास मानिएको महाकवि फिरदौसी (जन्म सन् ९४०-मृत्यु सन् ९९१) द्वारा रचिएको साठीहजार श्लोकको ‘शाहनामा महाकाव्य फारसी साहित्यको उत्कृष्ट नमुना मानिन्छ ।[७०] यो महाकाव्य गजलका शेरहरूद्वारा संरचित छ ।

हजरत मुहम्मद (सन् ५७०- ६३२) ले इस्लाम धर्मको प्रवर्तन गर्नुको साथै ससाना अरबराज्यको अन्त्य गरी एक शक्तिशाली इस्लाम राज्यको स्थापनाका आधार निर्माण गरेका थिए ।[७१] उनको मृत्युको एक शताब्दीभित्रै इस्लामहरूले पूर्वमा सिन्धुनदी र चीनको सीमादेखि फ्रान्सको सीमासम्म आफ्नो विशाल साम्राज्य स्थापित गरे । त्यसपछि इस्लामहरूमा ठूलो परिवर्तन आयो । उनीहरू असङ्ख्य धनसम्पत्ति र सुन्दरीहरूको मालिक बनेर विलासितामा डुब्न थाले । अब गजलको विषय सुरा र सुन्दरी हुनपुग्यो । शासकहरूको मनोरञ्जनका लागि शायरहरूले शृङ्गारिक शेरहरूको रचना गर्नथाले ।

मुस्लिमहरू सिन्धुक्षेत्र हुँदै भारतीय भूमिमाथि पनि आधिपत्य जमाउन सफल भए । भारतमा मुस्लिम साम्राज्यको स्थापना जाहिर उद्दीन बाबरबाट सन् १५३६ मा भएपछि मुस्लिम दरबारको राजकीय भाषा फारसी हुनपुग्यो ।[७२] फारसी गजल भारतमा आइपुग्यो । इस्लाम धर्म र संस्कृतिको प्रभाव भारतीय संस्कृति र जनजीवनमा पनि पऱ्यो भने फरसी भाषा र साहित्यको प्रभाव हिन्दी भाषा एवम् साहित्यमा पनि पर्न पुग्यो एवम् फारसी गजलको प्रभावबाट हिन्दी गजलको उद्‌भव हुनपुग्यो । तेह्रौं शताब्दीमा अमीर खुसरोबाट हिन्दी गजलको उद्‌भव भएको हो ।[७३] खुसरोको वास्तविक नाम अबुल हसन हो भने अमिर उनको उपनाम खुसरो तखल्लु हो । उनको जीवनकाल सन् १२५३ देखि १३२५ सम्म मानिन्छ भने उनले

---

६८ ऐजन, पृष्ठ १५९-१६८ ।

६९ ऐजन, पृष्ठ १६९ ।

७० कृष्ण गौतम, “नेपाली गजल साहित्य”, पूर्ववत्, पृष्ठ १७ ।

७१ ऐजन, पृष्ठ १७ ।

७२ मनु ब्राजाकी, “गजलगाथा”, पूर्ववत्, पृष्ठ ५० ।

७३ सरदार मुजावर, हिन्दी गजलको विविध आयाम, पूर्ववत्, पृष्ठ ३७ ।

पाँचवटा दिवान र एघारवटा मस्नमी रचना गरेका छन् ।[७४] फारसी भाषाका ज्ञातासमेत रहेका खुसरोका गजलहरू हिन्दी गजलको उद्भव र विकासका महत्वपूर्ण कडी मानिन्छन् । खुसरोपछि हिन्दी गजलको उन्नयनको जग बसाल्ने अर्का मुख्य गजलकार कबिर हुन् । उनको जीवनकाल इ. १३९८ देखि १४०० सम्म मानिन्छ ।[७५] उनीपछिका हिन्दी भाषाका प्रमुख गजलकारहरू प्यारेलाल शोकी, गिरिधर दास (सन् १८३३-१८७३), भारतेन्दु हरिश्चन्द्र (सन् १८५०-१८८५), बदरीनारायण चौधरी (सन् १८५५-१९३०), पं. प्रतापनारायण मिश्र (सन् १८५६-१९४७), महावीरप्रसाद द्विवेदी, श्रीधर पाठक (सन् १८६०-१९२८, पं. अयोध्यासिंह उपाध्याय (सन् १८६५-१९३०), नाथुराम शर्मा (सन् १८५९-१९३२), लाला भगवानदीन (सन् १८९५-१९३२) मैथिलीशरण गुप्त, मुसाफिर कुँवर, सुखलाल, चौधरी, तेजसिंह बर्मा, गयाप्रसाद शुक्ल सनेही (सन् १८८३-१९७२), जगदम्बाप्रसाद मिश्र (सन् १८९५-१९६८), रामेश्वर शुक्ल, नरेन्द्र शर्मा, हरिकृष्ण प्रेमी, जानकीवल्लभ शास्त्री, बलवीर सिंह रंग, रामस्वरूप सिन्दुर, शमशेरबहादुर सिंह, गिरिजाप्रसाद माथुर, अज्ञेय, त्रिलोचन शास्त्री, दुष्यन्तकुमार, निराकारदेव सेवक, नीरज, सूर्यभानु गुप्त, चन्द्रसेन विराट, कुँअर बेचैन, ज्ञानप्रसाद विवेक, गिरिराजशरण अग्रवाल, जहिर कुरेसी, रोहिताश्व अस्ताना, सेराज खान बाति, केदारनाथ कोमल, देवेन्द्र शर्मा इन्द्र, हितेश व्यास, श्रीहरजित सिंह,  रमा सिंह, दिनेश शुक्ल, मनोज तोमर हुन् ।[७६] विविध विषय र भावका गजल सृजना गर्ने उल्लेखित गजलकारहरूले हिन्दी गजललाई समुन्नत तुल्याएका मात्र छैनन् नयाँ-नयाँ प्रवृत्ति र प्रस्तुतिले चम्काएका पनि छन् ।

हिन्दी भाषापछि कास्मिरी भाषामा गजलको उद्भव भयो । कास्मिरी भाषामा गजलको उद्भव सोह्रौं शताब्दीमा कास्मिरी कवयित्री हब्बा खाहुन 'जूनले गरेकी हुन् ।[७७] त्यसपछि भारतीय भूमिका अन्य भाषाहरूमा पनि गजलको उद्भव र विकास हुँदै गयो ।

भारतीय भूमिमा मुस्लिमको साम्राज्य स्थापनापछि मुस्लिमहरू र भारतीयहरूबीच सम्पर्क भाषाका रूपमा फारसी र हिन्दी मिश्रित नयाँ भाषाको जन्म भयो । हिन्दी क्रियापद र फारसी शब्दको आधिक्य रहेको जवाने देहलबी तथा रेख्ताका रूपमा अस्तित्वमा आई कालान्तरमा उर्दू भाषा नामाङ्कित गरियो[७८] र फारसीबाट उर्दूमा गजल विधा प्रविष्ट भयो । उर्दू भाषामा जनाव बलीले सत्रौं शताब्दीमा गजलको उद्भव गरेका हुन् ।[७९] वलीको पूरा नाम

---

७४ कृष्णहरि बराल, गजल सिद्धात र परम्परा, पूर्ववत्, पृष्ठ १७२ ।

७५ ऐजन, पृष्ठ १७३ ।

७६ ऐजन, पृष्ठ १६३-१७४ ।

७७ मनु ब्राजाकी, “गजलगाथा”, पूर्ववत्, पृष्ठ ५१ ।

७८ ऐजन, पृष्ठ ५२ ।

७९ फिराक गोरखपुरी, उर्दू भाषा और साहित्य, (उत्तरप्रदेश : हिन्दी समिति सूचना विभाग, सन् १९६२), पृष्ठ  १० ।

सम्स वली उल्ला हो । उनको जन्म सन् १६६८ र मृत्यु सन् १७४४ मा भएको थियो ।[८०] भ्रमणप्रिय र भावनाशील स्वभावका वलीले आफ्ना गजलमा कल्पना र अलङ्कारको अध्यधिक प्रयोग गरेर सरल र सरस गजल सृजना गरेर उर्दू गजलको समुत्थान मात्र गरेनन् अन्यलाई गजल लेखनमा प्रेरित गरेर गजलको विस्तारमा समेत महत्वपूर्ण योगदान दिए । उनीपछिका उर्दू भाषाका अत्यन्त चर्चित गजलकारहरू मिर तकी मिर (मुहम्मद तकी, सन् १७२२-१८१०), दर्द (सैयद ख्वाजा मिर दर्द, सन् १७२१-१७८५), गालिब (नजमुद्दौला दबिरुल्मुल्क मिर्जा गालिब, सन् १७९६-१८६९), फैज (फैज अहमद फैज, सन् १९११-१९८२) हुन् ।[८१] मिरको दीवान-ए-मिर, दर्दको दीवान ए दर्द, गालिबको दीवान-ए-गालिब तथा फैजको जिन्दनामा र नक्से फरियादी उर्दु गजलको विकासमा कोसेढुङ्गा मानिन्छन् । उर्दू गजलको विकासमा महत्वपूर्ण योगदान दिने अन्य गजलकारहरू सिराज (सन् १६७५-१७६४), रबाने आरजु (सन् १६८९-१७५६), सौदा (सन् १७१४-१७८१), सोज (सन् १७२१-१७६८), हसन (सन् १७४०-१७८३), नजर अकबराबादी (सन् १७३५-१८३०), मुसहफी (सन् १७५०-१८२४), मोमिन (सन् १८००-१८५१), जौक (सन् १७८९-१८५४), जफर (सन् १७७५-१८५०), दाग देहलबी (सन् १८३१-१९०५), अमिर मिनाई (सन् १८२९-१९००), मौलाना अफताब हुसैन हाली

(सन् १८३७-१९१४), रियाज खैराबादी (सन् १८५३-१९३५), अकबर इलाहाबादी (सन् १८४६-१९२१), कवाल (सन् १८७५-१९३९), नज्म तबात बाई (सन् १८५२-१९३३), सुफी लखनबी (सन् १८६२ - १९५०), नजर लखनबी (सन् १८६६-१९२३), साकिब लखनबी (सन् १८६९-१९६०), आरजु लखनबी (सन् १८७२-१९५१), जिगर मुराराबादी (सन् १८९०-१९६०), जोस मलिहाबादी (सन् १८९४-१९८५), फिराक गोरखपुरी (सन् १८९६-१९८२) जैब बरेलवी, जज्बी, ताबाँ, बेकता उत्साही, बसिरभद्र, बसिम बरेलबी, राजे खन्ना आदि हुन् ।[८२] गजललाई उर्दू भाषामा आफ्नै मौलिकता प्रदान गरेर प्रसिद्ध तुल्याउन र विकसित गराउन उल्लेखित गजलकाहरूको योगदान चिरस्मरणीय रहेको छ । विविध विषय, भाव प्रस्तुतिमा गजल रचना गरेर उर्दु गजललाई उल्लेखित गजलकारहरूले समृद्ध बनाएका छन् ।

अरबीबाट गजल फारसी, हिन्दी, उर्दू हुँदै विश्वका विभिन्न भाषाहरूमा विस्तार र विकास भएको देखिन्छ । टर्की भाषामा गजललाई गजेलका रूपमा नेकातीले उद्भव गरे भने फुजुलीले विकसित तुल्याए । त्यसरी नै अङ्ग्रेजी भाषामा अस्ट्रेलियाली कवि फ्रान्सिस बार्बाजनले गजलको उद्भव गरेका हुन् भने थ्यासर, एड्रिन रिच, डब्लु.एस. मर्बिन, विलियन

८० ऐजन, पृष्ठ ११ ।

८१ कृष्णहरि बराल, गजल सिद्धान्त र परम्परा, पूर्ववत्, पृष्ठ १८६-१९० ।

८२ ऐजन, पृष्ठ १८४-१८५ ।

म्याथ्युज आदिले विकसित बनाएका हुन् । स्पेनी भाषामा अकेला भनिने गजलको उद्भव लुइस बेर्नरले गरे भने फेडरिको गरिया लर्काले विकसित गराउन भूमिका खेले । जर्मनेली भाषामा गेथेले गजलको आविर्भाव गरे भने काउन्ट अगस्त, मन प्लाटेन र फ्रेडरिक रकटले विकासको गति प्रदान गरे । फ्रान्सेली भाषामा लोइस आरागनले गजलको सूत्रपात गरेर विकासको गजनिर्माण गरे । मलेसियालीभाषामा रिउ लिङ्का, पस्तो भाषामा अमिर हम्गा सिन्वारी, दारी भाषामा बेदिल गजलका आविर्भावक एवम् विकासको जगनिर्माणक मानिन्छन् ।[८३]

हिन्दी र उर्दूभाषामा मौलाएर फैलिएपछि नेपाली भाषामा गजलको उद्भव भएको हो । नेपाली भाषामा गजलको उद्भावक माध्यमिककालीन शृङ्गारिक कवि मोतीराम भट्ट हुन् । उनले बनारसप्रवास कालमा हिन्दी र उर्दू भाषाको गजलको प्रभावबाट नेपाली भाषामा विक्रमाब्द १९४० तिर गजल विधा आविभूर्त गरेका हुन् ।[८४] बनारसमा रहेको भारतेन्दु हरिश्चन्द्रको गजल मण्डलीबाट प्रभावित भएर उनले मोतीमण्डली स्थापना गरी समकालीन कविहरूलाई समेत गजल सृजनामा प्रवृत्त गराएका थिए । मोतीराम भट्ट (वि.सं. १९२३-१९५३), पछि मोतीमण्डलीका अन्य गजलकारहरू लक्ष्मीदत्त पन्त "इन्दु' (वि.सं. १९२२-१९६२), नरदेव पाण्डे "सुधा' (वि.सं. १९२९-२००१), गोपीनाथ लोहनी "नाथ' (वि.सं. १९३०-१९७४), रत्नलाल "रत्न' मिया, अमजद हुसेन, अन्जान गजब हुन् ।[८५] मोती मण्डलीका गजलहरू गोपीनाथ लोहनीद्वारा सम्पादित सङ्गीत चन्द्रोदय (वि.सं. १९६३) मा प्रकाशित छन् ।[८६] मोती मण्डलीपछिका प्रमुख गजलकारहरूमा शम्भुप्रसाद ढुङ्गेल (वि.सं. १९४६-१९८६), भीमनिधि तिवारी (वि.सं. १९६८-२०३०) र उपेन्द्रबहादुर गिजर (वि.सं. १९६०-२०३०) प्रसिद्ध हुन् ।[८७] जिगरपछि करीब चार दशकसम्म सुषुप्त रहेको गजलविधालाई विक्रमाब्द २०३६ असोजको रूपरेखामा मुक्तक शीर्षकमा तीनशेरको गजल प्रकाशन गरेर ज्ञानुवाकर पौडेलले पुनर्जागरण गरेपछि नेपाली गजल लेखनमा बाढी नै आएको छ ।[८८] यस बाढीभित्रका सङ्लो पानीका रूपमा प्रवाहित प्रमुख गजलकारहरू ज्ञानुवाकर पौडेल (२००९), ललिजन रावल (२०२१), धर्मोगत शर्मा तुफान, मनु ब्राजाकी (१९९९), बूँद राना (२००३), रवि प्रञ्जल (२०१७), घनश्याम न्यौपाने परिश्रमी (इ. १९५८), श्रेष्ठ प्रिया पत्थर (२०२१), विजय सुब्बा (२०१५), मुन पौडेल (२०१२), वियोगी बुढाथोकी (२०११), चन्द्र पोखरेल

---

८३ ऐजन, पृष्ठ १९१-१९६ ।

८४ अमर त्यागी, "नेपाली गजलको परम्परा र प्रवृत्ति", मधुपर्क, वर्ष : ३१, अङ्क : ४, (काठमाडौं : गोरखापत्र संस्थान, २०५५), पृष्ठ २४० ।

८५ टीकाराम उदासी, गजल सिद्धान्त र नेपाली गजलको इतिहास, पूर्ववत्, पृष्ठ ४२-४३ ।

८६ कृष्णहरि बराल, गजल सिद्धान्त र परम्परा, पूर्ववत्, पृष्ठ ५० ।

८७ ऐजन, पृष्ठ २९८ ।

८८ टीकाराम उदासी, गजल सिद्धान्त र नेपाली गजलको इतिहास, पूर्ववत्, पृष्ठ ५० ।

(२०१९), यज्ञविक्रम शाही (२०२७), कुमार शिशिर (२०२९), टीकाराम उदासी (२०३०), के.वि. उदय (२०३२), गोवर्धन पूजा (२०२७), खड्गसेन ओली (२०२९), गोविन्द नेपाल (२०२६), गोविन्दराज विनोदी (२०१०), कासीराम विरस (२०३३), राजेश्वर रेग्मी (२०२४), अमर त्यागी (२०२५), नेत्र एटम (२०२६), प्रमोद स्नेही (२०२७), उज्जवल जी.सी., विवश पोखरेल, अमिर निशाचार, रत्ज प्रजापति, मधु आश्रु, धर्म प्रधान, जगत नवोदित, सानुराजा श्रेष्ठ, व्याकुल पाठक, पदम गौतम, सुविद गुरागाई, चंकी श्रेष्ठ, सनतकुमार, कृसु क्षेत्री, पुस्कर माथेमा, इन्द्रकुमार श्रेष्ठ, गोपाल अश्क, सुनील पुरी, किसान प्रेमी, सविना सिन्धु आदि हुन् ।[८९] नेपाली गजलको विकासमा उल्लेखित गजलकारको भूमिका उल्लेखनीय रहेको छ ।

नेपाली गजलको उद्भवपछि विकासको लहरसँगसँगै नेपालभित्रका राष्ट्रिय भाषामा पनि गजल लेखनको लहर चलेको देखिन्छ । भोजपुरी भाषाका गजलकारहरू गोपाल अश्क, रामप्रसाद साह, सलिम समदर्शी, इशहाक हुसेन, आशिष गम्भीर, चन्द्रकिशोर झा, अमर त्यागी, जुनु क्षेत्री प्रमुख छन् । मैथिली भाषाका गजल लेखकहरू रामभरोस कापडी, राजेन्द्र विमल, धीरेन्द्र प्रेमर्षि, धीरेन्द्र, चन्द्रकिशोर झा प्रमुख छन् । नेवारी गजलकारहरूमा नरेन्द्रबहादुर श्रेष्ठ, भैरवगोपाल वैद्य, चित्तधर हृदय, धर्मरत्न यमी, रामेश्वर जलन मुख्य हुन् । राई भाषाका गजलकारहरूमा केशवबहादुर राई र वीरेश राई प्रमुख हुन् ।[९०]

## ४.५ गजल निर्माण प्रक्रिया

गजल शास्त्रीय काव्यविधा हो । यसको रचना विशेष नियममा आबद्ध भएर गरिन्छ । गजल गेयात्मक एवम् गीतात्मक विधासमेत भएको हुँदा लय र स्वरलाई पनि गजल रचना गर्दा विशेष ख्याल गरिन्छ । कविता रचनाको पिङ्गल छन्दशास्त्र भएजस्तै गजल रचनाका लागि इस्लामिक छन्दशास्त्र रहेको छ जसलाई बहर भनिन्छ ।[९१] शास्त्रीय कविता रचनाका लागि छन्दबद्धता नै सर्वोपरि नियम हो । बहरको निश्चित नियमको परिधिभित्र रहेर भाववैविध्यको कलात्मक अभिव्यक्तिका साथ गजल रचना गरिन्छ । शास्त्रीय छन्दका लागि निर्धारित आठ प्रकारका गणव्यवस्था भएझैँ इस्लामिक काव्यशास्त्रमा बहरको लागि पनि आठ किसिमका रुक्नहरू निर्धारित गरिएका छन् ।[९२] यिनै रुक्नका नियमबद्ध योगबाट बहर निर्माण हुन्छ ।

---

८९ ऐजन, पृष्ठ ५१- ६१ ।

९० गोपाल अश्क, "राष्ट्रिय भाषामा गजल लेखन सङ्क्षिप्त अध्ययन", नेपाली गजल विगत र वर्तमान्, (काठमाडौँ: अनाममण्डली, २०६५), पृष्ठ १९० ।

९१ जगन्नाथ, गजल के शिल्प विधान, (पटना :पुस्कर प्रकाशन, सन् १९९७) पृष्ठ २३ ।

९२ घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्दर्य मीमांसा, पूर्ववत्, पृष्ठ ७० ।

बहरका विविध स्वरूप र रुक्नका अनेक प्रकारहरू छन् ।[९३] नारीको बोली वा नारीसँग वार्तालापका रूपमा प्रयुक्त गजल  अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो र यसको अर्थ केश वा कपाल हुन्छ ।[९४] गजल प्रक्रियामा मिसरा, सेर, रदिफ, काफिया, हमकाफिया, मक्ता, मत्ला, मुसिकियत, तखल्लुस र अन्दाजेबयाँजस्ता आधारभूत तत्वहरूको प्रमुख भूमिका रहेको हुन्छ । गजल सेरहरूको समष्टि रूप हो । सेर दुई पङ्क्ति मिलेर बन्छ । सेरका पङ्क्तिलाई मिसरा भनिन्छ । सेरको पहिलो पङ्क्तिलाई मिसरा -ए-उल्ला र दोस्रो पङ्क्तिलाई मिसरा ए सानी भनिन्छ ।[९५] हरेक सेर समान रुक्न वा वजनमा रचना गरिन्छ । गजलको रुक्न वा वजन भनेको गणसङ्केत हो । रुक्न एकवचन हो भने रुक्नन बहुवचन हो । गजल बिजोर  शेरको हुनुपर्छ भन्ने मान्यता रहे पनि यो मान्यता पूर्ण पालना गरिएको पाइँदैन ।[९६] सामान्यतया तीनदेखि तेह्र सेरसम्मको गजल रचना गरेको पाइएको छ ।[९७] गजलको सुरुको सेरलाई मत्ला र अन्तिम सेरलाई मक्ता भनिन्छ र मत्लाको अर्थ उठान वा सुरुवात र मक्ताको अर्थ टुङ्ग्यानी वा समाप्ति भन्ने हुन्छ ।[९८] मत्लाका दुवै मिसराको अन्तिममा रदिफ र यसपूर्व अनुप्रासयुक्त तुकबन्दी काफिया गजल निर्माणमा आवश्यक मानिन्छ । मत्लापछिका हरेक सेरका दोस्रो पङ्क्ति वा मिसरा -ए-सानीमा मत्लाको काफियासँग मेल खाने समान स्वर र मात्राको तुकबन्दी वा काफिया शेरैपिच्छे हमकाफिया हुँदै वा दोहोरिँदै जानुपर्छ भने काफियापछि मत्लाको रदिफ पुनरावृत्ति हुँदै जानुपर्छ । रदिफ काफियापछि आउने एउटै पद वा पदसमूह हो भने काफिया रदिफको पूर्ववर्ती अनुप्रासीय तुकबन्दी हो । रदिफविहीन गजल हुनसक्छ तर काफियाहीन गजल हुन सक्दैन भन्ने शास्त्रीय मान्यता रहेको छ । यसर्थ काफिया गजलको अनिवार्य र महत्वपूर्ण तत्व हो भने रदिफ ऐच्छिक तत्व हो । रदिफयुक्त गजललाई मुरद्दफ गजल र रदिफहीन गजललाई गैरमुरद्दफ गजल भनिन्छ ।[९९]

गजलको अन्तिम सेर अर्थात् मक्तामा गजलकारले आफ्नो सङ्क्षिप्त नाम वा उपनाम प्रयोग गर्ने प्रचलन रहेको छ, जसलाई तखल्लुस भनिन्छ । तखल्लुस प्रयोग गर्न चाहे गरे पनि हुन्छ, नगर्न चाहे नगरे पनि हुन्छ ।[१००] यो गजलकारको इच्छामा निर्भर रहने कुरा हो, कडाइका साथ पालना गर्नुपर्ने नियम होइन । एकभन्दा बढी मत्ला वा मक्ता भएमा सुरुको

---

९३ जगन्नाथ, गजल के शिल्प विधान,  पूर्ववत्, पृष्ठ  २३ ।

९४ घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्दर्य मीमांसा, पूर्ववत्, पृष्ठ २९ ।

९५ ऐजन, पृष्ठ २९ ।

९६ ऐजन, पृष्ठ २९ ।

९७ ऐजन, पृष्ठ २९ ।

९८ सरदार मुजावर, हिन्दी गजलका विविध आयाम, पूर्ववत्, पृष्ठ  १९ ।

९९ ऐजन, पृष्ठ  २० ।

१०० ऐजन, पृष्ठ  २१ ।

मत्लालाई मत्ला-ए-उल्ला र त्यसपछिको मत्लालाई मत्ला-ए-सानी तथा सुरुको मक्तालाई मक्ता-ए-उल्ला र त्यसपछिको मक्तालाई मक्ता-ए-सानी भनिन्छ ।[१०१] गजल निर्माणमा मिसरा-ए-उल्लामा कौतुहलता र मिसरा-ए-सानीमा त्यसको उद्घाटन प्रक्रियाले गजललाई सबल, प्रभावकारी र ओजस्वी बनाउँछ । यसबाहेक गजलमा विश्वासनीय भावाभिव्यक्तिको लालित्यपूर्ण सम्प्रेषण पनि आवश्यक मानिन्छ । गजल निर्माणमा विविध रूप, छटा र भावहरूको अभिव्यक्ति क्षमतालाई अन्दाजेबयाँ भनिन्छ । गजलमा इबारत, इसारत, अदा अर्थात् कलात्मक गेय शैली, प्रभावोत्पादक सुरम्य प्रतीक एवम् मर्मस्पर्शी भावच्छाया अनिवार्य मानिन्छ ।[१०२] भाषिक सौन्दर्य, साङ्गीतिक माधुर्य र भाव गाम्भीर्य गजलका प्राण नै हुन् । गजलमा सरल, प्राञ्जल र प्रवाहपूर्ण भाषिक विन्यास एवम् कोमलकान्त पदपदावली प्रयुक्त हुनुपर्छ भन्ने मान्यता रहेको छ । गजलका सेरहरू स्वतन्त्र विषय वा भावले पूर्ण रहनुपर्छ । गजलमा नभइनहुने अर्को तत्व मुसिकियत वा लयात्मकता हो । गजल गेय विधा भएकाले मुसिकियतबिना गजल गजल नभएर मात्र कविता बन्ने तर्क गजलकविद्हरूको रहेको छ ।[१०३]

गजल निर्माण शास्त्रीय विधानमा गरिने भए तापनि केही शास्त्रीय अङ्गहरू ग्रहण गरेर स्वनिर्मित बहर वा लयविधानमा गजल रचना गर्ने परम्परा दिनानुदिन बढ्दै गइरहेको छ यद्यपि अन्त्यमा रदिफ र यसपूर्व काफियाको अर्थपूर्ण योगले मिसरा बन्छ । दुई मिसराको भावपूर्ण योगले सेर बन्छ । सेरहरूको प्रभावपूर्ण योगले सग्लो गजल बन्छ । गजलमा लय र सङ्गीतको सुरताल हुन्छ । अनुभूति र भावनाको समागम हुन्छ । युग र समयको प्रतिरूप हुन्छ । गजल वर्षे झरी झैं रुझिलो र हिउँदे घामझैं पहारिलो हुनुपर्छ, अनि मात्र गजल हुन्छ । यस अवधारणालाई निम्नलिखित गजलमार्फत् अझ स्पष्ट पार्न सकिन्छ :

१. [ Δ + २ मलाई लाग्छ झुपडीमै म बसेको राम्रो ●
+ ३ सहानुभूतिले हजुर नडसेको राम्रो ● ]

२. Δ +२ भावनाको पोखरीमा खेल्छन माछाहरू
+३ विषालु सर्पले त्यहाँ नपसेको राम्रो ●

३. Δ +२ मन पवित्र भए आफू कालै भए पनि
+३ चेहरामा सेतै फा नघसेको राम्रो ●

---

१०१ मनु ब्राजाकी, "गजलगाथा", पूर्ववत्, पृष्ठ ५० ।

१०२ ऐजन, पृष्ठ ९१ ।

१०३ घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्दर्य मीमांसा, पूर्ववत्, पृष्ठ ३९ ।

४. Δ +२ रोएदेखि वेदना क्यै पोखिन्छ त भन्छन
+३ सानो चोटमा तर आँसु नखसेको □ राम्रो ●

५. {Δ +२ घनश्यामङ्कङ्क राधासँग फसेजस्तै गरी
+३ पिरतीको जालमा कोही नफसेको □ राम्रो ● }

(घामको छहारीमा, घनश्याम न्यौपाने परिश्रमी)

यस गजलको संरचनात्मक विवरण तल प्रस्तुत छ :

| सङ्केत | विवरण | फैफियत |
|---|---|---|
| ` | मत्ला | एकवटा |
| Δ | सेर | पाँचवटा |
| □ | काफिया | बसेको, नडसेको, नपसेको, नघसेको, नखसेको, |
| ● | रदिफ | नफसेको, |
| २-३ | मिसरा | राम्रो |
| २ | मिसरा -ए- उल्ला | दशवटा |
| ३ | मिसरा-ए-सानी | पाँचवटा |
| ०० | तखल्लुस | पाँचवटा |
| } | मक्ता | घनश्याम |
| | | एकवटा |

## ४.६ गजलका आधारभूत तत्वहरू

साहित्यका विभिन्न विधाहरू हुन्छन् । ती विधाहरूको स्वतन्त्र पहिचानका लागि तिनका आधारभूत तत्वहरू रहेका हुन्छन् । गजल पनि एउटा स्वतन्त्र विधा हो र यसका पनि आफ्नै संरचनागत तत्वहरूको विद्यमानताले गजललाई गीत र कविताबाट फरक छुट्याएको छ र स्वतन्त्र विधाको मान्यता प्रदान गरेको छ । गजल गेयगुणयुक्त शास्त्रीय पद्यविधा हो । यसको रचनाप्रक्रिया शास्त्रीय मान्यतामा आधारित छ । विधा रचनाका लागि निर्धारित आवश्यक तत्वहरूको समायोजन अनिवार्य हुन्छ । यस्ता तत्वहरूको समुचित समायोजनबिना गजल फजल हुनपुग्छ । गजल रचनाका यस्ता आधारभूत तत्वहरू यसप्रकार रहेका छन् :

### ४.६.१ सेर

सेर अरबी भाषाको पुलिङ्गी शब्द हो । यसको अर्थ केस वा महिला हुन्छ ।[१०४] केस नारीसौन्दर्यको संवाहक भएझैं सेर गजलको स्वरूपविधानको संवाहक मानिन्छ । सेर दुई पङ्क्ति मिसरा-ए-उल्ला र मिसरा-ए-सानीको संयुक्त मिलन हो । सेरका दुवै मिसरामा इस्लामिक बहरविधानअनुसार समान मात्रा र अर्थपूर्णता रहन्छ । गजलमा सेरसङ्ख्या बिजोर हुनुपर्ने मान्यता छ । जोर सेर दोषयुक्त मानिए पनि आजभोलि यो नियम पालना गरेको पाइन्न । परम्पराअनुसार गजलमा पाँचदेखि सत्र सेरसम्म रहनुपर्छ । सत्र सेरपछि छुट्टै मत्ला थपेर गजल रचना गर्दै गइन्छ जसलाई दोगजला भनिन्छ ।[१०५]अचेल गजलमा न्यूनतम तीनदेखि तेह्र सेरहरू पाइन्छन् । गजलखण्डकाव्य र महाकाव्य पनि रचना भइरहेको वर्तमान सन्दर्भमा यसको सेरसङ्ख्या यति नै भनेर किटान गर्नु उपयुक्त देखिन्न ।

### ४.६.२ मिसरा

मिसरा अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । यसको अर्थ लहर हुन्छ ।[१०६] गजलमा सेरको हरेक पङ्क्तिलाई मिसरा भनिन्छ । सेरको पहिलो पङ्क्तिलाई मिसरा-ए-उल्ला र दोस्रो पङ्क्तिलाई मिसरा-ए-सानी भनिन्छ । सेर रचना गर्दा मिसरा-ए-उल्लामा भावोद्बोध र मिसरा-ए-सानीमा भावोच्छालन गरिन्छ र अर्थवैविध्यले सेर सुष्ठु बनाइन्छ ।

### ४.६.३ काफिया

काफिया अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । यसको अर्थ पछिपछि आउने वा बारम्बार आउने वा पाइलापाइलामा मिलाउने भन्ने हुन्छ ।[१०७] काफिया भनेको अनुप्रासीय तुकान्त हो । काफिया नामवाची, क्रियावाची, विशेषणवाची वा अव्ययवाची पनि हुन सक्छ । काफिया मत्लाको दुवै मिसराको रदिफपूर्व र त्यसपछिका हरेक सेरको मिसरा-ए-सानीमा रदिफपूर्व आउने समान स्वरको पद वा पदसमूह हो । गजलमा रदिफ नभएपनि हुन्छ तर काफिया हुनैपर्ने मान्यता छ । हरेक सेरको मिसरा-ए-सानीमा

---

१०४ सरदार मुजावर, हिन्दी गजलका विविध आयाम, पूर्ववत्, पृष्ठ २३ ।

१०५ ऐजन, पृष्ठ २४ ।

१०६ ऐजन, पृष्ठ २५

१०७ ऐजन, पृष्ठ २८ ।

रदिफपूर्व मत्लाको काफियासँग मेल खाने काफिया मिलाउँदै जाने प्रक्रियालाई हमकाफिया भनिन्छ । काफियालाई अन्त्यानुप्रास, मध्यपङ्क्तीय अनुप्रास, उपान्त्यअनुप्रास, पूर्वान्त्यानुप्रास पनि भनिएको पाइन्छ ।[१०८] कफिया शब्दानुप्रासको आधारमा चार प्रकारका छन् :

#### ४.६.३.१ समभार काफिया

गजल रचना गर्दा आएको काफियामा समान वजन वा मात्रा हुन्छ भने त्यस्ता काफियालाई समभार काफिया भनिन्छ । उक्ति, मुक्ति, जुक्तिजस्ता काफिया समभार काफिया हुन् ।

#### ४.६.३.२ विषमभार काफिया

गजल रचना गर्दा काफियाका रूपमा आएको शब्द समान वजनको नभएर विषम वजनको हुन्छ भने त्यस्ता काफियालाई विषमभार काफिया भनिन्छ । मान, बलिदान, विधान, सुरतान जस्ता काफिया विषमभार काफिया हुन् ।

#### ४.६.३.३ स्वरसमभार काफिया

गजल चरना गर्दा स्वरवर्ण समभार भएर आएको काफियालाई स्वरसमभार काफिया भनिन्छ । कलम् + अ, रहर् + अ, गमक् + अ, हरफ् + अ जस्ता मात्र स्वरान्त काफिया स्वरसमभार काफिया हुन्। यस्ता काफिया गजलका लागि त्यत्ति उपयुक्त मानिँदैनन् ।

#### ४.६.३.४ सम्मिलित काफिया

गजल रचना गर्दा सबै सेरहरूमा समान स्वरका समान शब्दहरू मात्रै नभएर फरक शब्दहरू पनि आएमा त्यस्ता काफियालाई सम्मिलित काफिया भनिन्ट । झर्छ, मर्छ, घर छ, पर छ जस्ता काफिया सम्मिलित काफिया हुन् । यस्ता काफिया न्यून मात्रामा प्रयोग हुन्छन् ।

### ४.६.४ रदिफ

---

१०८ कृष्णहरि बराल, गजल सिद्धान्त र परम्परा, पूर्ववत्, पृष्ठ ३० ।

रदिफ अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । यसको अर्थ घोडा वा उँटको पछाडि बसेको व्यक्ति भन्ने हुन्छ[१०९] भने अर्को अर्थ अनुगामी हुन्छ ।[११०] मत्लाका दुवै मिसराको काफियापछि र हरेक सेरको मिसरा-ए-सानीको काफियापछि दोहोरिएर बारम्बार पुनरावृत्ति भइरहने पद वा पदसमूह नै रदिफ हो । रदिफ काफियापछि आउँछ र नबदलिई एकनास रहन्छ । काफिया र रदिफको सुललित समन्वितिले गजललाई श्रुतिमधुर, प्रभावकारी र आकर्षक बनाउँछ यसर्थ रदिफ प्रयुक्त गजलहरू गायनका दृष्टिले उपयुक्त मानिन्छन् । गजलमा एकल, एकाक्षरी वा एकपदीय रदिफ र बहुल वा बहुपदीय रदिफ प्रयोग भएको पाइन्छ ।

रदिफयुक्त र रदिफहीन गरी गजल दुई प्रकारका हुन्छन् । रदिफमुक्त गजललाई मुरद्दफ गजल र रदिफहीन गजललाई गैरमुरद्दफ गजल भनिन्छ ।[१११]

### ४.६.५. मत्ला

मत्ला अरबी भाषाको पुलिङ्गी शब्द हो । यसको अर्थ उदय वा सुरु भन्ने हुन्छ ।[११२] मत्ला गजलको प्रस्तावना वा पहिलो सेर हो जुन समतुकान्त हुन्छ । गजल रचनामा मत्लालाई अनिवार्य नियम नमानिए पनि गजललाई प्रभावपूर्ण, प्रवाहपूर्ण, माधुर्यपूर्ण र गाम्भीर्यपूर्ण बनाउन मत्ला अनिवार्य नै मानिन्छ । कुनै गजलमा एकभन्दा बढी मत्ला प्रयोग भएमा पहिलो मत्लालाई मत्ला-ए-उल्ला र त्यसपछिको मत्लालाई मत्लाए-ए-सानी वा हुस्ने मत्ला भनिन्छ ।[११३]

### ४.६.६. मक्ता

अरबी भाषाको मक्तुअबाट बनेको मक्ता पुलिङ्गी शब्द हो । यसको अर्थ टुङ्ग्यानी वा काटिएको भन्ने हुन्छ ।[११४] मक्तामा व्यक्त भावसङ्कुलताले गजललाई प्रभावकारी बनाउँछ । निष्कर्षात्मक भावसम्प्रेषण मक्तामा हुनेहुँदा यसको प्रभावकारिताले पाठक वा स्रोताका हृदयमा गहिरो छाप छोड्ने गर्छ ।

---

१०९ सरदार मुजावर, हिन्दी गजल के विधि आयाम, पूर्ववत्, पृष्ठ २६ ।

११० घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्दर्य मीमांसा, पूर्ववत्, पृष्ठ ४६ ।

१११ जगन्नार्थ, गजल के शिल्प विधान, पूर्ववत्, पृष्ठ २५ ।

११२ रमा सिंह, हिन्दी गजल : नवम दशक, (नईदिल्ली : अयन प्रकाशन, सन् १९९६), पृष्ठ ५८ ।

११३ सरदार मुजावर, हिन्दी गजलका विविध आयाम, पूर्ववत्, पृष्ठ २९ ।

११४ रोहिताश्व अस्थना, हिन्दी गजल उद्भव र विकास, पूर्ववत्, पृष्ठ ६६ ।

### ४.६.७. तखल्लुस

तखल्लुस अरबी भाषाको नामवाचक पुलिङ्गी शब्द हो । यसको अर्थ कवि वा सायरको सङ्क्षिप्त नाम वा उपनाम भन्ने हुन्छ ।[११५] गजलकारले मक्तामा आफ्नो छोटकरी नाम वा उपनाम प्रयोग गरेर धन्यात्मक उक्तिवैचि’य सृजना गर्ने प्रवृत्ति नै तखल्लुस हो । तखल्लुस प्रयोग गर्ने वा नगर्ने भन्ने कुरा गजलकारको इच्छामा निर्भर रहने कुरा हो । शास्त्रीय दृष्टिमा यो नियम अनिवार्य छैन । तखल्लुसको प्रयोग प्रभावकारी र ओजपूर्ण भने हुनुपर्छ ।

### ४.६.८. वजन

गजलमा प्रयुक्त मात्राक्रमलाई वजन भनिन्छ ।[११६] गजलका हरेक सेरको हरेक मिसरा समान वजन वा मात्रामा हुनुपर्ने शास्त्रीय नियम रहेको छ । मत्लाको हरेक मिसरामा जति मात्रा छ वा जुन लघुगुरु क्रममा छ सम्पूर्ण सेरका सम्पूर्ण मिसरा त्यही क्रममा हुनुपर्छ किन कि गजल गेय विधा हो र मात्राविचलनले गजल गायनमा पनि विचलन ल्याउँछ त्यसैले वजनलाई पनि गजलको एक प्रमुख तत्व मानिन्छ ।

### ४.६.९ जमिन

जमिन भन्नाले गजलमा प्रयुक्त बहर, रदिफ, काफिया आदि भन्ने बुझिन्छ ।[११७] गजल संरचनामा प्रयुक्त एकै बहर, रदिफ र काफियाको समायोजन नै जमिन हो । गजलको हरेक मिसरा समान मात्राको हुनुपर्छ । लघु अक्षरलाई एकमात्रा र दीर्घ अक्षरलाई दुई मात्राका आधारमा निश्चित मात्रामा गजलको मिसरा रचना गरिन्छ र मिसराको मेलबाट सेर र सेरको मेलबाट गजल निर्माण गरिन्छ । यही मात्राविधानमा समान बहर, काफिया र रदिफयुक्त संरचनालाई जमिन भन्ने गरिन्छ । जमिन पनि गजलको एक संरचनात्मक तत्व मानिन्छ ।

### ४.६.१० रुक्न

११५ महम्मद मुस्तफा खाँ, उर्दू हिन्दी शब्दकोश, पूर्ववत्, पृष्ठ ६६ ।

११६ जगन्नाथ, गजल के शिल्प विधान, पूर्ववत्, पृष्ठ ३१ ।

११७ ऐजन, पृष्ठः २८ ।

रुक्न गणको पर्यावाची शब्द हो । यसको अर्थ खम्बा भन्ने हुन्छ ।[११८] रुक्न गजल निर्माण प्रक्रियाको अनिवार्य एकाइ हो । संस्कृत वृत्तशास्त्रमा छन्दनिर्माणका लागि आठप्रकारका गणको व्यवस्था भएझैं इस्लाम वृत्तशास्त्रमा बहर निर्माणका लागि पनि आठप्रकारका रुक्नको व्यवस्था छ । रुक्नको निश्चित योगविधानबाट बहर बन्छ जसरी निश्चित गणको योगविधानबाट संस्कृत छन्द बन्छ । इस्लामिक वृत्तशास्त्रमा रुक्न दुई किसिमका छन् मूल र परिवर्तित । मूल रुक्नलाई सालिमरुक्न र  मूल रुक्नबाट परिवर्तित रुक्नलाई जिहाफ भनिन्छ । सालिम रुक्नको बहुवचन रूपलाई रुक्नन र रुक्ननको समूहलाई अरकान भन्ने गरिन्छ ।[११९] सालिम रुक्नन आठ प्रकारका र जिहाफ रुक्नन सत्चालीस प्रकारका छन् ।[२२०] जिहाफ रुक्ननको प्रचलन ज्यादै कम छ । बहर निर्माण रुक्नको पुनरावृत्तिबाट हुन्छ । दुईदेखि चार रुक्नको पुनरावृत्ति गरेर बहरनिर्माण गर्ने प्रावधान रहेको छ । दुई रुक्ननको पुनरावृत्तिलाई मुरब्बा, तीन रुक्ननको पुनरावृत्तिलाई मुसद्दस, चार रुक्ननको पुनरावृत्तिलाई मुसम्मन भनिन्छ । आठवटा सालिम रुक्नन मात्र पुनरावृत्ति हुनसक्छन् । ती रुक्नन यस प्रकार रहेका छन् :[१२१]

| रुक्नन | सङ्केत | मात्रा | उदाहरण |
|---|---|---|---|
| १. फऊलुन् | क्षकक | १,२,२ (ल.गु.गु.) | मदानी |
| २. फाइलुन् | कक्षक | २,१,२, (गु.ल.गु.) | चाहना |
| ३. मफाईलुन् | क्षककक | १,२,२,२ (ल.गु.गु.गु) | रुवावासी |
| ४.मुस्तफ्इलुन् | ककक्षक | २,२,१,२, (गु.गु.ल.गु.) | मायाविनी |
| ५. फाइलातुन् | कक्षकक | २,१,२,२ (गु.ल.गु.गु) | लालुपाते |
| ६. मुतफाइलुन् | क्षक्षकक्षक | १,२,२,१,२ (ल.ल.गु.ल.गु) | जनजिन्दगी |
| ७. मुफाइलतुन् | क्षकक्षक्षक | १,२,१,१,२ (ल.गु.ल.ल.गु.) | नवीनदिशा |
| ८. मफ्ऊलातु | कककक्ष | २,२,२,१, (गु.गु.गु.ल) | मायाप्रीति |

पिङ्गल छन्दशास्त्रमा गणसङ्केतअनुसार लघुगुरुको नियम परिपालना गरिन्छ भने इस्लामिक छन्दशास्त्रमा लघुलाई एक मात्रा र गुरुलाई दुई मात्राका आधारमा मात्रिक

११८ घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्दर्य मीमांसा, पूर्ववत्, पृष्ठ ७० ।

११९ जगन्नाथ, गजल के शिल्प विधान, पूर्ववत्, पृष्ठ ३४ ।

२२० ऐजन, पृष्ठ ४५ ।

१२१ घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्दर्य मीमांसा, पूर्ववत्, पृष्ठ ७१ ।

नियमको परिपालना गरिन्छ । यसमा दुईवटा लघुअक्षरलाई दुईमात्राका रूपमा पनि गणना गरिन्छ ।

## ४.६.११ बहर

बहर बह्रबाट निर्मित अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । यसको अर्थ छन्द हुन्छ ।[१२२] पिङ्गल छन्दशास्त्रमा कविता रचनाका लागि विभिन्न छन्दहरूको व्यवस्था रहेको र विभिन्न गणहरूको योगबाट छन्द निर्माण भएझैं इस्लामिक छन्दशास्त्रमा पनि गजल रचनाका लागि विभिन्न बहरको व्यवस्था रहेको छ र विभिन्न रुक्नको योगबाट बहर निर्माण गरिने प्रचलन रहेको छ । रुक्ननको योगबाट बन्ने यस्ता बहरहरू तीन प्रकारका छन् :[१२३]

### ४.६.११.१ मुफरद बहर

एकै प्रकारका रुक्ननको योगबाट बनेको बहरलाई मुफरद बहर भनिन्छ । मुफरद बहर सालिम रुक्नको पुनरावृत्तिबाट निर्मित हुन्छ । मुफरद बहर सातप्रकारका छन् भने तिनका भेदहरूको आधारमा एक्काइसवटा बहरहरू रहेका छन् । सातवटा मुफरद बहरहरू हजज, रजज, रमल, मुतकारिब, मुतदारिक, कामिल र बाफिर हुन् । यसका पनि तीनवटा वर्गहरू छन्[१२४] :

अ. मुसम्म्न सालिमः

एकैप्रकारका चार रुक्ननको समायोजनबाट मिसराको रचना गरिन्छ भने त्यसलाई मुसम्मन सालिम भनिन्छ ।

आ. मुसद्दस सालिमः

एकै प्रकारका तीन सङ्कननको संयोजनबाट मिसराको रचना गरिन्छ भने त्यसलाई मुसद्दस सालिम भनिन्छ ।

इ. मुरब्बा सालिमः

एकै किसिमका दुई रुक्ननको मेलबाट मिसरा रचना गरिन्छ भने त्यसलाई मुरब्बा सालिम भनिन्छ ।

---

१२२ महम्मद मुस्तफा खाँ मद्दाह, उर्दु हिन्दी शब्दकोश, पूर्ववत्, पृष्ठ ४२९ ।

१२३ घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्दर्य मीमांसा, पूर्ववत्, पृष्ठ ७१ ।

१२४ ऐजन, पृष्ठ ७० ।

सातप्रकारका मुफरद बहर र तिनका सालिम रुक्न यसप्रकार रहेकाछन्[१२५] :

| मुफरद बहर | सालिम रुक्न |
|---|---|
| १. बहरे हजज | मफाईलुन् |
| २. बहरे रजज | मुस्तफ्इलुन् |
| ३. बहरे रमल | फाइलातुन् |
| ४. बहरे मुतकारिब | फऊलुन् |
| ५. बहरे मुतदारिक | फाइलुन् |
| ६. बहरे कामिल | मुतफाइलुन् |
| ७. बहरे बाफिर | मुफाइलतुन् |

सात प्रकारका मुफरद बहरका तीन वर्गका तीन तीनवटा भेदबाट निर्मित एक्काइवटा बहरहरू यसप्रकार रहेका छन्[१२६] :

| बहर | रुक्न | आवृत्ति |
|---|---|---|
| १. बहरे हजज मुसम्मन सालिम | मफाईलुन् | चार आवृत्ति |
| २. बहरे हजज मुसद्दस सालिम | मफाईलुन् | तीन आवृत्ति |
| ३. बहरे हजज मुरब्बा सालिम | मफाईलुन् | दुई आवृत्ति |
| ४. बहरे रजज मुसम्मन सालिम | मुस्तफ्इलुन् | चार आवृत्ति |
| ५. बहरे रजज मुसद्दस सालिम | मुस्तफ्इलुन् | तीन आवृत्ति |
| ६. बहरे रजज मुसद्दस सालिम | मुस्तफ्इलुन् | दुई आवृत्ति |
| ७. बहरे रमल मुसम्मन सालिम | फाइलातुन् | चार आवृत्ति |
| ८. बहरे रमल मुसद्दस सालिम | फाइलातुन् | तीन आवृत्ति |
| ९. बहरे रमल मुरब्बा सालिम | फाइलातुन् | दुई आवृत्ति |
| १०. बहरे मुतकारिब मुसम्मन सालिम | फऊलुन् | चार आवृत्ति |
| ११. बहरे मुतकारिब मुसद्दस सालिम | फऊलुन् | तीन आवृत्ति |
| १२. बहरे मुतकारिब मुरब्बा | फऊलुन् | दुई आवृत्ति |

१२५ जगन्नाथ, गजल के शिल्प विधान, पूर्ववत्, पृष्ठ ३५ ।

१२६ घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्दर्य मीमांसा, पूर्ववत्, पृष्ठ ७२-७९ ।

| | | |
|---|---|---|
| सालिम | | |
| १३. बहरे मुतदारिक मुसम्मन सालिम | फाइलुन् | चार आवृत्ति |
| १४. बहरे मुतदारिक मुसद्दस सालिम | फाइलुन् | तीन आवृत्ति |
| १५. बहरे मुतदारिक मुरब्बा सालिम | फाइलुन् | दुई आवृत्ति |
| १६. बहरे कामिल मुसम्मन सालिम | मुतफाइलुन् | चार आवृत्ति |
| १७. बहरे कामिल मुसद्दस सालिम | मुतफाइलुन् | तीन आवृत्ति |
| १८. बहरे कामिल मुरब्बा सालिम | मुतफाइलुन् | दुई आवृत्ति |
| १९. बहरे बाफिर मुसम्मन सालिम | मुफाइलतुन् | चार आवृत्ति |
| २०. बहरे बाफिर मुसद्दस सालिम | मुफाइलतुन् | तीन आवृत्ति |
| २१. बहरे बाफिर मुरब्बा सालिम | मुफाइलतुन् | दुई आवृत्ति |

४.६.११.२ मुरक्कब बहर

भिन्नभिन्न रुक्ननको संयोजनबाट निर्मित बहरलाई मुरक्कब बहर भनिन्छ। यो रुक्ननको मिश्रण प्रक्रियाबाट भन्ने बहर हो त्यसैले यसलाई मिश्रित बहर पनि भन्ने गरिन्छ।[१२७] मुरक्कब बहर बाह्रप्रकारका छन्। ती मुन्सरेह मुक्तनिव, मुजारे, खफिफ, बसित, मुजतस, सरिअ, मुसाकिल, जदिद, करिब, मदिद र तबिल हुन्। यस बहरको प्रचलन फारसी, उर्दू गजललेखनमा पनि कम हुँदै गएको छ। यस बहरको संरचना प्रक्रिया यसप्रकार छ :[१२८]

| मुरक्कब बहर | मिश्रित रुक्कन |
|---|---|
| १. बहरे मुन्सरेह | मुस्तफ्इलुन् + मफ्ऊलातु |
| २. बहरे मुक्तजिब | मफ्ऊलातु + मुस्तफ्इलुन् |
| ३. बहरे मुजारे | मफाईलुन् + फाइलातुन् |
| ४. बहरे खफिफ | फाइलातुन् + मुस्तफ्इलुन् + फाइलातुन् |
| ५. बहरे बसित | मुस्तफ्इलुन् + फाइलुन् |
| ६. बहरे मुजतस | मुस्तफ्इलुन+ फाइलातुन् |

१२७ ऐजन, पृष्ठ ८९।

१२८ जगन्नाथ, गजल के शिल्प विधान, पूर्ववत्, पृष्ठ ४१।

| | |
|---|---|
| ७. बहरे सरिअ | मुस्तफाइलुन् + मुस्तफाइलुन्+ मफऊलातु |
| ८. बहरे मुसाकिल | फाइलातुन+ मफाईलुन् + मफाईलुन् |
| ९. बहरे जदिद | फाइलातुन् + फाइलातुन् + मुस्तफ्इलुन् |
| १०. बहरे करिब | मफाईलुन + मफाईलुन् + फाइलातुन् |
| ११. बहरे मदिद | फाइलातुन् + फाइलुन् |
| १२. बहरे तबिल | फऊलुन् +मफाईलुन् |

४.६.११.३ मुजाहिफ बहर

सालिम रुक्ननलाई टुक्क्रयाएर बनाएको रुक्ननलाई जिहाफ र जिहाफको संयोजनबाट बनेको बहरलाई मुजाहिफ वा परिवर्तित बहर भनिन्छ ।[१२९] सालिम वा मूल रुक्ननलाई टुक्क्रयाउँदा अनेक नयाँ रुक्नन वा जिहाफ बन्न सक्छन् । यस्ता रुक्नन वा जिहाफको मिश्रण प्रक्रियाबाट अनेक नयाँ-नयाँ मुजाहिफ बहरहरू बन्छन् । मुजाहिफ बहरको सङ्ख्या बाइसवटा रहेको उल्लेख पाइए तापनि[१३०] सालिम रुक्नन टुक्क्रयाउँदा अनेक जिहाफ ती जिहाफको योगप्रक्रियाबाट अनेक मुजाहिफ बहर बन्नसक्ने सम्भावना रहेको पाइन्छ ।[१३१] यस्ता बहरहरूको प्रयोगपरम्परा हराउँदै गएको पाइन्छ । केही प्रचलनमा रहेका मुजाहिफ बहर र त्यसका परिवर्तित रुक्नन वा जिहाफ यसप्रकार छन् :

| मुजाहिफ बहर | परिवर्तित रुक्नन |
|---|---|
| १. बहरे खफिफ मुसद्दस मख्बुन | फाइलातुन् + मुफाइलुन् + फाइलातुन् |
| २. बहरे खफिफ मुसद्दस मख्बुन मख्तुअ | फाइलुन् + फाइलुन् + मफाइलुन् |
| ३. बहरे खदिफ मुसद्दस, मख्बुन मसङ्कुल | फिइलातुन् + मुफाइलुन् + फिइतालुन् |
| ४. बहरे खफिफ मुसद्दस मुतब्बी मख्तुअ | फाइलातुन् + मुफ्तइलुन् + फैलुन् |
| ५. बहरे खफिफ मुसद्दस मख्तुअ मक्फुफ मख्बुन | फैलुन् + मुस्तइलु + फिइलातुन् |
| ६. बहरे मुन्सरेह मसम्मन् मुतब्बी | मुफ्तइलुन् + फाइलातु + मुफ्तइलुन् |
| ७. बहरे मुन्सरेह मुसम्मन मुतब्बी मन्हुर | मुफ्तइलुन् + मफ्ऊलातु + मुफ्तइलुन् |

१२९ नरेश, गजल शिल्प और संरचना, पूर्ववत्, पृष्ठ ५२ ।

१३० कृष्णहरि बराल, गजल सिद्धान्त र परम्परा, पूर्ववत्, पृष्ठ ८९ ।

१३१ गोर्खे साइलो, “हुसैन खाँको डायरीभित्र लल्लिँदा”, पल्लव, वर्ष: ४, पूर्णाङ्क : १३, (चितवन : भरतप्रसाद लामिछाने, २०६४), पृष्ठ ४५ ।

| | |
|---|---|
| ८. बहरे मुन्सरेह मुसम्मनतुतब्बी मन्हुर | मुफ्तइलातुन् + मुफ्तइलातुन् |
| ९. बहरे मुन्सरेह मुसम्मन् मुतब्बी मन्हुर मुदाइफ | मुफ्तइलातुन् + मुफ्तइलातुन्+ मुफ्तइलातुन् + मुफ्तइलातुन् |
| १०. बहरे मजारे मुसम्मन् मुख्बुन् | मफाईलु + फाइलातु + मफाईलु + फाइलातु |
| ११. बहरे मुजारे मुसम्मन् मुख्बुन् | मफाईलुन् +फिइलातुन् + मफाईलु + फिइलातुन् |
| १२. बहरे मुजारे मुसम्मन् अखरब | मफऊलु + फाइलातुन् + मफऊल + फाइलातुन् |
| १३. बहरे मुजारे मुसम्मन् अख मक्फुफ महजुफ | मफऊल् + फाइलातु + मफाईलु + फाइलातुन् |
| १४. बहरे मुजारे मुसम्मन् अख मक्फुफ महजुफ | मुफाइलुन् + फिइलातुन् + मुफाइलुन् + फैलुन् |
| १५. बहरे मुजारे मुसम्मन अख मक्तुअ मक्फुफ | मुस्तफ्फैलुन् + फाइलातुन + फऊलुन् |
| १६. बहरे मुजारे मुसम्मन् अखब | मुस्तफ्इलुन् + मफऊलात + फैलुन् |
| १७. बहरे मुज्तस मुसम्मन् | मुफाइलुन् + फिइलातुन् + मुफाइलुन् + फिइलातुन् |
| १८. बहरे मुज्तस मुसम्मन् मख्बुन् मख्तुअ | मुफाइलुन् + फिइलातुन् + मुफाइलुन् + फिइलातुन् |
| १९. बहरे मुज्तस मुसम्मन् मक्सुर | मुफाइलुन् + फिइलातुन् + मुफाइलुन् + फैलुन् |
| २०. बहरे मुज्तस मुसम्मन् मुरब्बा मक्तुअ | मुफ्तइलुन् + फैलुन् + मुफ्तइलुन् + फिइलातुन् |
| २१. बहरे असम मुसद्दस् महजुफ मक्फुफ | फाइलुन् + मफा + फाइलुन् + मफा |
| २२. बहरे असम मुसद्दस् मसकुल अखरब महजुफ | फिइलातु + मफ्ऊलु + फाइलुन् |
| २३. बहरे असम मुसद्दस् मक्बुज महजुफ | फाइलातुन् + मुफाइलुन् + फाइलुन् |
| २४. बहरे करिब मुसद्दस मक्फुफ | मफाईलु + मफाईलु + फाइलातु |
| २५. बहरे करिब मुसद्दस मख्बुन् | मफाईलुन् + फऊलुन् + फाइलातुन् |
| २६. बहरे करिब मुसद्दस महजुफ | मफाईलुन् + फऊलुन् + फाइलातुन् |
| २७. बहरे मुक्तजिब मुसम्मन् मुतब्बी | फाइलातुन् + मुफ्तइलुन् + फाइलातु + मुफ्तइलुन् |

| | |
|---|---|
| २८. बहरे मुसाकिल मुसद्दस् मक्फुफ | फाइलातु + मफाईलु + मफाईलुन् |
| २९. बहरे मुसाकिल मुसद्दस् महजुफ मक्बुज | फाइलातुन् + मुफाइलुन् |
| ३०. बहरे सरिअ मुसद्दस मुतब्बी | मुफ्तइलुन् + मुफ्तइलुन् + फाइलातु |
| ३१. बहरे सरिअ मुसद्दस मुतब्बी मारफो | मुफ्तइलुन् + मुफ्तइलुन् + फाइलुन |
| ३२. बहरे तबिल मुसम्मन् मक्बुज | फऊलुन् + मुफाइलुन् + फऊलुन् + मुफाइलुन् |
| ३३. बहरे तबिल मुसम्मन् मक्बुज अखरब महजुफ | मुफाइलुन् + मुफ्तइलुन् + फऊलुन् |
| ३४. बहरे कबिल मुसम्मन् असलम अखरब महजुफ | मुस्त्फफैलुन् + फिइलातुन् + फऊलुन् |
| ३५. बहरे बुलिब मुसद्दस् मक्फुफ अबतर महजुफ | फाइलातु + फिइलातु + फऊलुन् |
| ३६. बहरे कलिब मुसद्दस् मस्कुल मक्फुफ अबतर | फिइलातु + फाइलातु + फा |
| ३७. बहरे सरिम मुसद्दस् अखरब महजुफ मुतब्बी | मफ्ऊलातु + मुफाइलुन् + मफा |
| ३८. बहरे बसित मुसम्मन् मुख्बन | मुस्तफ्इलुन् + फाइलातु + फाइलातुन् + मफा |
| ३९. बहरे सगिर मुसद्दस् मक्फुफ मक्तुअ मुतब्बी | मुस्तफ्इलु + मफ्ऊतालु + मफा |
| ४०. बहरे जदिद मुसद्दस् मख्बुन | फिइलातुन्+ फिइलातुन् + मुफाइलुन् |
| ४१. बहरे जदिद मुसद्दस्  मक्फुफ | फाइलातु + मुस्तफ्इलु |
| ४२. बहरे सलिम मुसद्दस् मुतब्बी | मुफ्तइलुन् + फाइलातु + फाइलातु |
| ४३. बहरे सलिम मुसद्दस् मक्फुफ मारफो | मुस्तफइतु +  फाइलुन् + फाइलुन् |
| ४४. बहरे मदिद मुसम्म मख्बुन् | फिइलातुन् + फइलुन् + फिइतालुन् + फइलुन् |
| ४५. बहरे मदिद मुसम्मन् मक्फुफ | फाइलातु + फाइलुन् + फाइलुजतु + फाइलुन् |
| ४६. बहरे मदिद मुसम्मन् मसकुल मक्तुअ | फिइलातु + फैलुन् + फिइलातु + फैलुन् |
| ४७. बहरे हमिद मुसद्दस तुतब्बी | फाइलातु + फाइलातुन् + फाइलातु |

| | |
|---|---|
| ४८. बहरे हमिद मुसद्दस् मख्बुन् | फिइलातुन् + मुफाइलुन् + मुफाइलुन् |
| ४९. बहरे हमिद मुसद्दस् मारफो | फाइलुन् + फाइलातुन् + फाइलुन |
| ५०. बहरे हमिम मुसद्दस् मुतब्बी | फाइलातुन्+ मुफ्तइलुन् + मुफ्तइलुन् |
| ५१. बहरे हमिम मुसद्दस् महजुफ मुतब्बी | फाइलातुन् + फिइलातुन् + फाइलुन् |
| ५२. बहे कबिर मुसद्दस् मुतब्बी | फाइलातुन् + फाइलातु + मुफ्तइलुन् |
| ५३. बहरे कबिर मुसद्दस् मारफो | फाइलातुन् + मफाइलुन् + मफा |

## ४.७ पिङ्गल छन्द र इस्लामिक बहरको समानता

हरेक भाषाको ऐतिहासिक परम्परा एवम् शास्त्रीय साहित्यिक मान्यता रहेको हुन्छ । संस्कृत भाषा सर्वप्राचीन भाषा हो । यसको आफ्नै ऐतिहासिक एवम् शास्त्रीय साहित्यिक परम्परा रहेको छ । त्यस्तै फारसी भाषा पनि आफ्नै इतिहास, परम्परा र शास्त्रीय साहित्यिक मान्यता रहेको भाषा हो । यी दुवै भाषाका शास्त्रीय मान्यता निकटस्थ रहेको देखिन्छ । संस्कृतकै पिङ्गल छन्दशास्त्रबाट इस्लामिक बहरशास्त्र प्रभावित र विस्तारिक रहेको[१३२] चर्चा पाइए तापनि इस्लामिक बहरविधानमा आफ्नै छुट्टै संरचनाप्रक्रिया पाइन्छ यद्यपि यी दुवै भाषामा प्रचलित काव्यशास्त्रीय मान्यताबीच शास्त्रीय समानता रहेको पाइन्छ । यो समानता पिङ्गल छन्द र इस्लामिक बहरबीचको समानता हो जुन यसप्रकार रहेको छ : [१३३]

| पिङ्गल छन्द | इस्लामिक बहर |
|---|---|
| १. भुजङ्गप्रयात | बहरे मुतकारिब मुसम्मन् सालिम |
| २. शङ्खनारी वा सोमराजी | बहरे मुतकारिब मुरब्बा सालिम |
| ३. भुजङ्गी | बहरे मुतकारिब मुसम्मन् मजहुफ |
| ४. इन्द्रब्रजा | बहरे मुतकारिब अस्लम् मुकबुज |
| ५. सग्विणी | बहरे मुतकारिब अस्लम् मकबुज |
| ६. विद्युन्माला | बहरे मुतदारिक मुसम्मन् मक्तुअ |
| ७. महालक्ष्मी | बहरे मुतदारिक मुसद्दस् सालिम |
| ८. ताटङ्क | बहरे मुतदारिक मक्तुअ महजुफ |

---

१३२ घनश्याम न्यौपाने परिश्रमी, जगल सौन्दर्य मीमांसा, पूर्ववत्, पृष्ठ ६२ ।

१३३ ऐजन, पृष्ठ ६३ ।

| | |
|---|---|
| ९. विमोहा | बहरे मुतदारिक मुरब्बा महजुफ |
| १०. चन्द्र | बहरे मुतदारिक मुरब्बा सालिम |
| ११. द्रुता | बहरे मुतदारिक मुजाहिफ |
| १२. पञ्चचामर | बहरे रजज मुसम्मन् मकबुज |
| १३. मधुमालती | बहरे रजज मुसम्मन् सालिम |
| १४. हरिगीतिका | बहरे रजज मुसम्मन् सालिम |
| १५. मौक्तिकदाम | बहरे मुतकारिब मुसम्मन् मक्बुज |
| १६. वितान | बहरे मुतकारिब मुसद्दस मक्बुज अस्लम |
| १७. सारङ्गी | बहरे मुतदारिक मुसम्मन् मख्तुअ मुदाइफ महजुफ |
| १८. विषधर | बहरे मुतदारिक मुसद्दस मक्तुअ मुदाइफ |
| १९. माला | बहरे मुतदारिक मुसद्दस मक्तुअ मुदाइफ महजुफ |
| २०. शीर्षरूपक | बहरे मुतदारिक मुरब्बा मक्तुअ मुदाइफ महजुफ |
| २१. तिलका | बहरे मुतदारिक मुरब्बा मख्बुन |
| २२. विजात | बहरे हजज मुसद्दस् महजुफ |
| २३. चामर | बहरे हजज मुसद्दस् महजुफ |
| २४. सुमेरू | बहरे हजज मुसम्मन् सालिम |
| २५. सिन्धु | बहरे हजज मुसद्दस् सालिम |
| २६. तोटक | बहरे हजज मुसम्मन् महजुफ |
| २७. दिगम्बरी | बहरे हजज मुसम्मन् महजुफ |
| २८. पीयूषवर्षा | बहरे हजज मुसद्दस् महजुफ |
| २९. प्रमाणिका | बहरे हजज मुरब्बा मकबुज |
| ३०. सारङ | बहरे हजज मुसम्मन् अखरब |
| ३१. वैश्वदेवी | बहरे हजज मुसम्मन् असरम महाजुफ |
| ३२. कन्दु | बहरे हजज मुसम्मन् महजुफ मक्फुफ |

| | |
|---|---|
| ३३. मणिमाला | बहरे हजज मुसम्मन् अखरब महजुफ |
| ३४. रूपामाली | बहरे हजज मुरब्बा मक्बुज |
| ३५. विद्युन्लेखा | बहरे हजज मुरब्बा अखरम |
| ३६. तनुमध्या | बहरे हजज मुरब्बा अखरब महजुफ |
| ३७. मन्थान | बहरे हजज मुरब्बा अखरम |
| ३८. रूपमाला | बहरे रमल मक्तुअ महजुफ |
| ३९. मेनका | बहरे रमल मुसम्मन् सालिम |
| ४०. माधवीमालती | बहरे रमल मुसम्मन सालिम |
| ४१. मनोरम | बहरे रमल मुरब्बा सालिम |
| ४२. पीयूषराशी | बहरे रमल मुसद्दस् मक्फुफ |
| ४३. मालिक | बहरे रमल  मुरब्बा महजुफ |
| ४४. चञ्चला | बहरे रमल मुसम्मन् मक्फुफ |
| ४५. मञ्जुला | बहरे रमल मुसम्मन् मक्फुफ मुहजुफ |
| ४६. रथोध्दता | बहरे रमल मुसद्दस मक्फुफ मसकुल महजुफ |
| ४७. मयुरसारिणी | बहरे रमल मुसछस् मुख्फुफ मख्तुअ |
| ४८. समानिका | बहरे रमल मुरब्बा मक्बुन मुतब्बी |
| ४९. वंशस्थ | बहरे रजज मुसद्दस् मरब्बुन मुतब्बी |
| ५०. संयुक्ता | बहरे कामिल मुरब्बा सालिम |
| ५१. प्रमदानन | बहरे कामिल मुसम्मन सालिम |
| ५२. मत्ता | बहरे खदिफ मुसद्दस मक्फुफ मरब्बुन् |
| ५३. चम्पकमाला | बहरे मुन्सरेह मुसम्मन् मुतब्बी मन्हुर |
| ५४. दिक्पाल | बहरे मुजारे मुसम्मन् अखरब |
| ५५. शालिनी | बहरे मुजारे मुसम्मन् अखरब मक्तुअ मक्फुफ |
| ५६. द्रुता | बहरे असम मुसद्दस् भहजुफ मक्फुफ |

| | |
|---|---|
| ५७. उपेन्द्रव्रजा | बहरे तबिल मुसम्मन् मक्बुज अखरब महजुफ |
| ५८. स्वागता | बहरे कलिब मुसद्दस् मक्फुफ मसकुल महजुफ |
| ५९. उपस्थिता | बहरे कलिब मुसद्दस् मक्तुअ मसकुल मक्बुज |
| ६०. शुद्धविराट् | बहरे सरिम मुसद्दस् अखरम मसकुल महजुफ |
| ६१. प्रभात | बहरे बसित मुसम्मन अखरम मसकुल महजुफ |
| ६२. सुषमा | बहरे सगिर मुसद्दस मक्तुअ मुतब्बी |

## ४.८ गजलका गुणदोषहरू

साहित्यका विभिन्न विधाहरूको आआफ्नै मौलिक स्वरूप र पहिचान रहेको हुन्छ र यसले नै ती विधाहरूको मौलिक अस्तित्व कायम गरेको हुन्छ । विधागत मौलिक अस्तित्व भन्नाले ती विधाहरूका गुणहरू हुन् । ती विधाहरूको मौलिक अस्तित्वमा विकृति देखाउने त्यसका दोषहरू हुन् । त्यस्तै गजल पनि एक स्वतन्त्र काव्यविधा भएकाले यसका पनि केही मौलिक गुण र दोषहरू पनि रहेका छन् ।

### ४.८.१ गजलका गुणहरू

गजल समग्रमा एउटा सुन्दर, आकर्षक, कलापूर्ण, प्रभावपूर्ण र चमत्कारपूर्ण रचना बन्नका लागि यसका केही महत्वपूर्ण मौलिक गुणहरू रहेका छन् । ती गुणहरूको कुशल समायोजनबिना गजल, गजल बन्न सक्दैन । गजलका त्यस्ता अपरिहार्य गुणहरू यसप्रकार छन् :

#### ४.८.१.१ शब्दविन्यासमयता

गजलमा सरल, सहज र सुकुमार पदपदावलीको कुशल समायोजन प्रक्रियालाई शब्दविन्यासमयता भनिन्छ । यसलाई इस्लामिक बहरशास्त्रमा फसाहत भनिन्छ ।[१३४] गजलमा अप्रचलित र क्लिष्ट पदपदावली प्रयोग वर्जित गरिएको छ यसर्थ शब्दविन्यासमा सचेत रहनु गजलकारको दायित्व हो ।

#### ४.८.१.२ आलङ्कारिकता

गजल रचनामा आवश्यक अलङ्कारपूर्ण भाषिक समायोजनलाई आलङ्कारिकता भनिन्छ । गजलको भाषिक संरचनामा कुनै गम्भीर भाव वा

१३४ जगन्नाथ, गजल के शिल्प विधान, पूर्ववत्, पृष्ठ ५४ ।

विचारलाई कलात्मक र चमत्कारपूर्ण शैलीमा अभिव्यक्त गर्ने कला नै आलङ्कारिकता हो । आलङ्कारिक अभिव्यक्तिले गजललाई आकर्षक र प्रभावपूर्ण बनाउँछ । यसलाई इस्लामिक काव्यशास्त्रमा बलागत भनिन्छ ।[१३५]

### ४.८.१.३ सहजग्राèता

गजलकारको सेरमा व्यक्त भाव वा विचारलाई सहज र बोधगम्य रूपमा प्रस्तुत गर्ने भाषिक शिल्प नै सहजग्राèता हो । गजलका सेरहरू अबोधगम्य, अस्पष्टता र अर्थमा अपूर्णता हुनु हुँदैन जसले गजललाई जटिल बनाउँछ । जटिलताले गजलको सौन्दर्य मर्ने हुँदा सहज स्पष्टता गजलमा आवश्यक मानिन्छ ।

### ४.८.१.४ साङ्केतिकता

गजल रचनामा आफ्नो भावना वा विचारलाई सङ्केतका रूपमा अभिव्यक्त गर्ने शिल्पलाई साङ्केतिकता भनिन्छ । ठाडो अभिव्यक्तिभन्दा साङ्केतिक अभिव्यक्तिले कुनै पनि रचना प्रभावपूर्ण बन्ने हुँदा गजल सौन्दर्य शास्त्रमा साङ्केतिक शिल्प आवश्यक मानिन्छ । यसलाई इस्लामिक काव्यशास्त्रमा किनाया भनिन्छ ।[१३६]

### ४.८.१.५ वास्तविकता

गजलका सेरहरूमा व्यक्त विचारको विश्वसनीय सत्यतथ्य नै वास्तविकता हो । अविश्वासिला वा अपत्यारिला अभिव्यक्ति गजलमा हुनुहुँदैन । जुन कुरा भनिएको हो त्यो यथार्थ, स्पष्ट र प्रभावपूर्ण हुनुपर्छ । वास्तविकताले गजलको सौन्दर्यवृद्धि गर्ने हुनाले यसलाई एक प्रमुख गुण मानिएको हो । यसलाई इस्लामिक काव्यशास्त्रमा हकिकत बयानी भनिन्छ ।[१३७]

### ४.८.१.६ अद्‌भुतता-नव्यता

गजलका सेरहरूमा व्यक्त भावको नित्य नवीनता र चमत्कारपूर्णता नै अद्‌भुतता र नव्यता हो । अद्‌भूतता-नव्यताले गजल लालित्यपूर्ण र कलापूर्ण बन्ने हुँदा यसलाई गजलको एक आवश्यक गुणको रूपमा लिइन्छ ।

### ४.८.१.७ शब्दाल्पता

---

१३५ ऐजन, पृष्ठ ५८ ।

१३६ ऐजन, पृष्ठ ५९ ।

१३७ ऐजन, पृष्ठ ५९ ।

गजलका सेरहरूमा अनावश्यक शब्दको प्रयोग नगरी भावअनुसार गरिने आवश्यक शब्दको संयोजनशिल्प नै शब्दाल्पता हो । गजलका सेरहरूमा जति शब्दहरू संयोजनले स्पष्ट अर्थबोध गर्छ त्यत्तिनै शब्द समायोजन गर्नुपर्छ । अनावश्यक शब्दहरूको प्रयोगले सेर भद्दा र अनाकर्षक हुने भएकाले आवश्यक शब्दको मात्र प्रयोग गर्नु गजलको एक महत्वपूर्ण गुण हो ।

### ४.८.१.८ उखानतुक्कात्मकता

गजलका सेरहरू व्यञ्जनात्मक बनाउन प्रयोग गरिने भाषिक संरचना नै उखानतुक्कात्मकता हो जसले सेरहरू प्राणवान् बनाउँछ । यसको होसियारीपूर्वक प्रयोगले सेर आकर्षक र प्रभावपूर्ण बन्छ यसको अप्रासङ्गिक प्रयोग हुनुहुँदैन । भावको प्रसङ्गअनुसार चिटिक्क रूपमा यसको प्रयोग हुनुपर्छ ।

### ४.८.१.९ अन्योन्याश्रितता

गजलका सेरहरूका मिसरा-ए-उल्ला र मिसरा-ए-सानीको भावको अन्तर्सम्बन्धलाई अन्योन्याश्रितता भनिन्छ । मिसरा-ए-उल्लामा उठान गरिएको विषय वा भावलाई मिसरा-ए-सानीले प्रभावपूर्ण रूपमा पुष्टि गर्ने कलाले गजल चमत्कारपूर्ण बन्ने हुँदा यी दुई मिसराबीचको अन्योन्याश्रितता गजलको आवश्यक गुण हो ।

### ४.८.१.१० गेयात्मकता

गजलका सेरहरूको बहरबद्धताका आधारमा उत्पन्न मात्रिक लय र तालको उतारचढावलाई गेयात्मकता वा मुसिकियत भनिन्छ । गजल गेय विधा हो । गेयताबिना गजल नै नहुने हुँदा यसको पहिलो सर्त नै गेयात्मक हो ।[१३८] लयबद्धताले नै गजललाई साङ्गीतिकता पनि प्रदान गर्छ । गजल गायनका लागि यसको भाषा सरल, शैली सहज र प्रवाहमय हुनुपर्छ ।

### ४.८.१.११ मर्मस्पर्शिता

गजलको भावनात्मक उच्चता नै मर्मस्पर्शिता हो । गजलमा गम्भीरभन्दा गम्भीर चिन्तनलाई पनि सरलभन्दा सरल र कलात्मक रूपमा अभिव्यक्ति दिनसके त्यो हृदयस्पर्शी हुन्छ । त्यस्ता चिन्तनले पाठकको मनमा छोड्ने प्रभाव नै

---

१३८ घनश्याम न्यौपाने परिश्रमी, गजल सौन्यर्द मीमांसा, पूर्ववत्, पृष्ठ १०६ ।

मर्मस्पर्शिता हो । ममस्पर्शी अभिव्यक्ति क्षमताले गजल उत्कृष्ट बन्ने हुँदा यसलाई एक आवश्यक तत्व मानिन्छ ।

### ४.८.१.१२ उक्तिवैचित्य

गजलका सेरहरूको विषय, भाव, विचार र प्रस्तुतिका आधारमा उत्पन्न सौष्ठवपूर्ण अभिव्यक्तकला नै उक्तिवैचित्य हो । यो गजलमा स्पन्दनका रूपमा रहेको हुन्छ । उक्तिवैचित्यले गजललाई रसिलो कसिलो, गठिलो र चमत्कारिलो बनाउँछ । पाठक वा स्रोताका हृदयमा झट्का दिने र तरङ्ग उत्पन्न गराउने काम उक्तिवैचि'यले गर्छ । यसलाई इस्लामिक काव्यशास्त्रमा तगज्जुल भनिन्छ ।[१३९]

### ४.८.१.१३ कल्पनात्मक उच्चता

गजलका सेरहरूमा व्यक्त विषयको भावनात्मक उच्च चिन्तनपूर्ण अभिव्यक्तिशिल्प नै कल्पनात्मक उच्चता हो । यस्तो चिन्तनमा विश्वासनीयता भने अनिवार्य रहनुपर्छ। कल्पनात्मक उच्चताले गजललाई प्रभावोत्पादक र चोटिला बनाउने हुँदा यसलाई एक आवश्यक गुणका रूपमा लिइन्छ ।

गजलका उल्लेखित गुणहरूका साथै रूपकात्मकता, प्रवाहमयता, हल्का हास्यात्मकता, कोमलता, प्रतीकात्मकता, अर्थपूर्णता, परिपक्वताजस्ता गुणहरू पनि रहेका छन् । गजललाई उच्च कलात्मक, भावनात्मक र चामत्कारिक बनाउनका लागि यस्ता गुणहरूको कुशल समायोजन हुनुपर्छ ।

## ४.८.२ गजलका दोषहरू

गजलका उल्लेखित गुणहरूका साथै यसका दोषहरू पनि रहेका छन् गजलरचनामा देखिएका कमजोर पक्षहरू नै यसका दोषहरू हुन् । त्यस्ता प्रमुख दोषहरू यसप्रकार छन् :

### ४.८.२.१ अस्पष्टता

गजलका सेरहरूमा उपयुक्त भाव स्पष्ट नहुनु नै अस्पष्टता हो । यस दोषले पाठकका हृदयमा उल्झन पैदा गर्छ र भाव पनि स्पष्ट हुँदैन । गजलमा भन्न खोजिएको कुरो स्पष्ट हुनुपर्छ ।

### ४.८.२.३ भाषिक दुरूहता

१३९ ऐजन, पृष्ठ ११० ।

गजलमा अभिव्यक्तिगत जटिलता नै भाषिक दुरूहता हो, गजलमा यो वर्जित छ ।[१४०] सहज बोधगम्य सरल भाषिक संरचना मात्र गजलमा प्रयुक्त हुनुपर्ने मान्यता रहेको छ । भाषा र भावको आपसी सरलता र सरसताको मेलले यस दोषबाट गजल मुक्त हुन सक्छ ।

४.८.२.३ अपूर्णता

गजलका सेरहरूमा आवश्यक वाक्यगत घटक तत्वहरूको अभाव नै अपूर्णता हो । गजलका हरेक सेरहरू स्वतन्त्र र आफैँमा अर्थपूर्ण हुन्छन्, त्यसका लागि आवश्यक कर्ता र पूर्णक्रिया हुनै पर्छ । भाषिक रूपमा व्याकरणिक कोटिको सङ्गतिहीनता दोष नै अपूर्णता भएकाले यसबाट मुक्त रहन भाषिक संरचनामा रचेत रहनुपर्छ ।

४.८.२.४ अश्लीलता

गजलका सेरहरूमा उच्छृङ्खल भाषिक संरचना भएमा अश्लीलता दोष हुन्छ । उछृङ्खलता भन्नाले नग्न, असभ्य, गुप्ताङ्ग र त्यससम्बन्धी विषयको चर्चा हो । यस्ता चर्चा भएका रचना सभ्य समाजका लागि अमान्य हुने हुँदा सभ्य, शिष्ट, नम्र र लोकमान्य भाषिक अभिव्यक्ति गजलमा हुनुपर्छ । गजलरचना गर्दा शब्दचयन र अभिव्यक्ति कलामा गजलकार सचेत हुनुपर्छ ।

४.८.२. ५ असामञ्जस्यता

गजलका सेरहरूमा प्रयुक्त शब्दहरू बीचको असङ्गति नै असामञ्जस्यता हो । यस्ता असङ्गति आदर, काल, सर्वनाम, क्रिया आदिमा हुनसक्छन् । एउटै सेरमा एउटै व्यक्तिलाई फरक आदर, फरक फरक सर्वनाम, एउटै समयबोधक स्थितिलाई फरक फरक पक्ष प्रयुक्त हुँदा असामञ्जस्यता दोष हुन्छ । गजलरचनामा असामञ्जस्याता दोष मुक्तिका लागि सजगता अपनाउनुपर्छ ।

४.८.२.६ असचेतता

गजलरचनाका आधारभूत मान्यताप्रतिको बेवास्ता नै असचेतता हो । गजलरचनाक्रममा देखिएका काफिया विचलन, मात्रा विचलन, शब्दसङ्कुचन, शब्ददूरता शब्दाधिक्यता वा पुनरावृत्ति, वचनभङ्गता, बहरभङ्गता र काफियाहीनता भएमा असचेतता दोष हुन्छ । यसर्थ गजलको रचनाक्रममा यसका आधारभूत मान्यताको पूर्ण पालनाप्रति सचेतता अत्यावश्यक मानिन्छ ।

१४० ऐजन, पृष्ठ ११२ ।

### ४.८.२.७ असुष्ठुता

गजलका सेरहरूमा पदलालित्य र उक्तिवैचित्यको अभाव नै असुष्ठुता हो । गजलका सेरहरू सौष्ठवपूर्ण, सुललित र कलात्मक हुनुपर्ने मान्यता रहेको छ । यसका लागि भाषिक शिल्प र भावसम्प्रेषण बीचको सामञ्जस्यता र उपमा अलङ्कार र प्रतीकात्मक अभिव्यक्तिकौशल आवश्यक ठहर्छ ।

## ४.९ गजलको वर्ण्य विषयक्षेत्र

गजल अरबी साहित्यको कसिदामा रहेको तस्बिबबाट प्रादुर्भूत शृङ्गारिक काव्यविधा हो ।[१४१] नारीसँगको वार्तालापको अर्थमा शाब्दिक व्युत्पत्ति भए पनि गजलको साहित्यिक विषयक्षेत्र जनजनसँगको वार्तालापका रूपमा विस्तार भइसकेको छ । नारीसँग प्रणयइतर विषयमा समेत वार्तालाप हुने हुँदा यसको वर्ण्यविषयमा पनि व्यापकता आउनु स्वाभाविक नै हो । आज गजल नारीसँगको प्रेमालापका अतिरिक्त जीवनभोगाइका विविध पक्षहरू अभिव्यक्त गर्ने एउटा सशक्त र प्रभावकारी माध्यम बनेको छ । सामाजिक, राजनैतिक, आर्थिक, पारिवारिक सङ्गति- असङगति, परिष्कृति- विकृति, सुकृतिदुष्कृति एवम् प्रकृति, संस्कृति र परिणति चित्रण गरिने काव्यविधा बनिसकेको छ । आदर्शवादी, यथार्थवादी, प्रतीकवादी, प्रकृतिवादी, छायावादी, प्रगतिवादी, समाजवादी, भावनावादी, मानवतावादी मूल्य र मान्यता पनि आजका गजलका मूल वर्ण्यविषयक्षेत्र हुन् । अधिकांश आधुनिक गजलमा सामाजिक यथार्थ एवम् मानवीय प्रवृत्तिको चित्रण टड्कारो रूपमा पाइन्छ यद्यपि गजलको मूल वर्ण्यविषयक्षेत्र समाज हो र सामाजिक चेतना वार्तमानिक गजलको मूल स्वर हो ।

## ४.१० गजलको विशेषता

गजलको सैद्धान्तिक मूल्य र रचनाप्रक्रियाको मान्यताअनुसार यसका आफ्नै मूलभूत विशेषताहरू रहेका छन् । त्यस्ता विशेषताहरूलाई निम्नलिखित बुँदाहरूमा देखाउन सकिन्छ :

१. गजल स्वतन्त्र एवम् आफैँमा परिपूर्ण शास्त्रीय काव्यविधा हो ।

२. गजल रचनाका लागि आफ्नै सैद्धान्तिक मान्यता रहेको छ ।

३. गजलका हरेक सेरहरूमा फरकफरक विषयलाई अर्थपूर्ण र स्वतन्त्र रूपमा अभिव्यक्ति गरिएको हुन्छ ।

४. गजलमा तीव्र भावनात्मक अनुभूतिलाई सुललित पदपदावलीमा संवेदनात्मकतासाथ व्यक्त गरिएको हुन्छ ।

५. गजलको भाषाशैली सरल, सहज, स्वाभाविक, सूत्रात्मक र सुकुमार हुन्छ ।

---

१४१ ऐजन, पृष्ठ १९ ।

६. गजलमा रचनागत आधारभूत तत्वहरू काफिया, हमकाफिया, रदिफ, मत्ला, मक्ता, मुसिकियत, गतज्जुल अन्दाजेबयाँ आदिको कुशल समायोजन गरिएको हुन्छ ।

७. गजलको हरेक सेरको हरेक मिसरा एउटै जमिनका एउटै वजनमा रचना गरिएको हुन्छ ।

८. गजल गेयविधा भएका हुनाले यो साङ्गीतिक चेतनालाई पूर्ण पालना गरी रचिएको हुन्छ ।

९. गजलमा हरेक सेरहरूमा विम्ब, प्रतीक, अलङ्कार, कल्पना आदिको प्रयोगद्वारा चामात्कारिकता प्रदान गरिएको हुन्छ ।

१०. गजलमा कम्तीमा तीन सेर र बढीमा तेह्र सेरसम्म रहेका हुन्छन् ।

## ४.११ गजलको अन्य विधासँग सम्बन्ध

गजल आफ्नै सैद्धान्तिक मूल्य र मान्यता रहेको साहित्यिक विधा भएकाले यसको अन्य समान मूल्य, मान्यता र आयाम रहेका साहित्यिक विधासँग निकटस्थ सम्बन्ध रहेको पाइन्छ । संरचनागत मान्यताका दृष्टिले गीत, कविता, मुक्तक र लघुकथासँग यसको निकटस्थ सम्बन्ध रहेको देखिन्छ । उपर्युक्त काव्यिक विधाहरूसँग संरचनागत, आयामगत र भावगतरूपमा गजलको केही समानता र केही असमानता रहेको छ ।

### ४.११.१ गजल र गीतको सम्बन्ध

गजल र गीत समान धर्मका रचना हुन् । दुवै गेयविधा भएकाले दुवै बीच भावगत समानता पाइन्छ भने दुवै फरक संरचनागत विधा भएकाले दुवै बीच रूपगत असमानता पनि पाइन्छ ।

#### ४.११.१.१ समानता

१. गजल र गीत दुवै साहित्यिक पद्यविधाअन्तर्गत पर्दछन् ।

२. दुवैमा गेयात्मकता र सङ्गीतात्मकता रहन्छ ।

३. दुवैमा भावको तीव्रता र अनुभूतिको तीक्ष्णता रहन्छ ।

४. दुवैको मिसरामा वर्णात्मक वा मात्रात्मक समानता रहन्छ ।

५. दुवैमा पदलालित्य र शिल्पचमत्कारिता रहन्छ ।

६. दुवैमा कसिलो संरचना र झरिलो अभिव्यक्ति रहन्छ ।

७. दुवैमा शीर्षक गजल र गीत नै राख्ने गरिन्छ ।

४.११.१.२ असमानता

१. गजलरचनाको निश्चित सिद्धान्त रहेको छ तर गीतको त्यस्तो सिद्धान्त पाइँदैन ।
२. गजलका हरेक सेरहरू स्वतन्त्र भावका हुन्छन् तर गीतमा एउटै भावको विस्तृति हुन्छ ।
३. गजलका हरेक सेरहरू एउटै जमिन र वजनका हुन्छन् तर गीतमा यस नियमको परिपालन हुँदैन ।
४. गजल दुई-दुई मिसराका सेरहरूबाट संरचित हुन्छ तर गीतमा त्यसको पालना नहुन पनि सक्छ ।
५. गजलका मत्लाको काफिया अन्य सेरको मिसरा-ए-सानीसँग हमकाफिया हुनुपर्छ तर गीतमा यसको अनिवार्यता छैन ।
६. गजलमा आत्मपरक अभिव्यक्ति मात्र रहन्छ तर गीतमा संवादात्मक अभिव्यक्ति पनि हुन्छ ।
७. गजलमा सेरहरूको मिसरा पुनरावृत्ति हुँदैन तर गीतमा केन्द्रीय भावको पङ्क्ति अन्तराको रूपमा पुनरावृत्ति भइरहन्छ ।

## ४.११. २ गजल र कविताको सम्बन्ध

गजल र कविता दुवै साहित्यका चर्चित पद्यविधा भएकाले दुवैबीच विषयगत र भावगत समानता छन् । त्यस्तै दुवैको रूपगत र संरचनागत महत्व भिन्न रहेकाले दुवैबीच असमानताहरू पनि छन् ।

४.११.२.१ समानता

१. गजल र कविता दुवै साहित्यिक मूल्य र महत्व भएका पद्यविधा हुन् ।
२. गजल र कविता दुवैमा अन्तर्लय अन्तर्निहित हुन्छ अर्थात् दुवैमा लयचेतना रहन्छ ।
३. गजल र कविता दुवैका शास्त्रीय छन्दका सैद्धान्तिक मान्यता रहेका छन् ।
४. गजल र कविता दुवैमा उपमा, प्रतीक, विम्ब, रूपक र अलङ्कारको समायोजन रहन्छ ।
५. गजल र कविता दुवैमा भावगाम्भीर्य, शिल्पचातुर्य र श्रुतिमाधुर्य रहन्छ ।

४.११.२.२ असमानता

१. गजलरचना पद्यात्मक हुन्छ तर कवितारचना गद्यात्मक पनि हुन्छ ।

२. गजलमा काफिया, हमकाफिया मल्ला, मक्ताको प्रयोग रहन्छ तर कवितामा अन्त्यानुप्रास मात्र रहन्छ ।

३. गजल आयामका दृष्टिले लघुस्वरूपको हुन्छ तर कविता आयामगत रूपमा स्फुट, खण्डकाव्य र महाकाव्य पनि हुन्छ ।

४. गजलमा सङ्गीतात्मकता अनिवार्य रहन्छ तर कवितामा यसको अनिवार्यता रहन्न ।

५. गजलमा शीर्षकको रूपमा गजल नै रहन्छ तर कवितमा भावअनुसार शीर्षक चयन गरिएको हुन्छ ।

## ४.११.३ गजल र मुक्तकको सम्बन्ध

गजल र मुक्तक दुवै साहित्यका रसिला, कसिला र झरिला पद्यविधा हुन् त्यसैले यी दुवैको भावविधानमा समानता रहेको छ । त्यसैगरी दुवै साहित्यका भिन्न संरचनागत स्वरूप रहेका विधा पनि हुन् त्यसैले दुवैवीच असमाता पनि रहेको हुन्छ ।

### ४.११.३.१ समानता

१. गजल र मुक्तक दुवै साहित्यका लघु काव्यविधा हुन् ।

२. गजल र मुक्तक दुवैमा अन्तर्लयको अनिवार्यता अन्तर्निहित हुन्छ ।

३. गजल र मुक्तक दुवैमा काफिया र हमकाफियाअन्तर्गत अनुप्रासात्मकता रहन्छ ।

४. गजल र मुक्तक दुवैमा तीव्र भावविन्यास र अनुभूतिसङ्कुलता रहन्छ ।

५. गजल र मुक्तक दुवैमा अलङ्कारिताको कुशल समन्विति रहन्छ ।

६. गजल र मुक्तक दुवैमा हल्का हास्यव्याङ्ग्यात्मक अभिव्यञ्जना रहन्छ ।

### ४.११.३.२ असमानता

१. गजलमा सङ्गीतचेतनाको अनिवार्यता रहन्छ तर मुक्तकमा यसको आवश्यकता पर्दैन ।

२. गजलमा न्यूनतम छ र सामान्यतः दस मिसरा रहन्छन् तर मुक्तकमा चार मिसरा मात्र रहन्छन् ।

४. गजलमा बहर, वजन आदिको अन्विति रहन्छ तर मुक्तकमा यस नियमको अनुशासन रहँदैन ।

५. गजलमा बढी हार्दिक र भावनात्मक अभिव्यक्ति रहन्छ तर मुक्तकमा बढी बौद्धिक र व्यञ्जनात्मक अभिव्यक्ति रहन्छ ।

६. गजलमा अनेक अनुभूति सन्दर्भ हुनेहुँदा छुट्टै शीर्षकीकरण गरिन्न तर मुक्तकमा अनुभूतिको एक झोक्का व्यक्त हुने हुँदा शीर्षकीकरण गरिन्छ ।

## ४.११.४ गजल र लघुकथाको सम्बन्ध

गजल र लघुकथा आयामगत अन्विति र प्रभावगत प्रवृत्तिका आधारमा समान भावविधान रहने साहित्यिक रचना हुन् यसर्थ भावगत रूपमा दुवै रचनाबीच समानता सन्निहित छ । गजल पद्य र लघुकथा गद्य रचना भएकाले दुवै रचनाबीच असमानता पनि विद्यमान छन् ।

### ४.११.४.१ समानता

१. गजल र लघुकथा दुवै साहित्यका सङ्क्षिप्त आयाम भएका रचना हुन् ।

२. गजल र लघुकथा दुवैमा अभिव्यक्तिको तीक्ष्णता आवश्यक रहन्छ ।

३. गजल र लघुकथा दुवैमा विम्बप्रतीकादिको प्रयोग प्रभावकारी रूपमा रहन्छ ।

४. गजल र लघुकथा दुवैमा शिल्पचातुर्य र भावगाम्भीर्य रहन्छ ।

५. गजल र लघुकथा दुवै लघु रचना भएकाले व्याख्याविश्लेषणको स्वतन्त्रता रहँदैन ।

### ४.११.४.२ असमानता

१. गजल शास्त्रीय मान्यताको पद्यरचना हो भने लघुकथा आख्यानात्मक गद्यरचना हो ।

२. गजल गेय हुनाले यसमा लय र सङ्गीतको समायोजन रहन्छ भने लघुकथा आव्यानपरक हुनाले विचारप्रधान हुन्छ ।

३. गजल सहज भावप्रधान हुन्छ भने लघुकथा बौद्धिक चिन्तनप्रधान हुन्छ ।

४. गजल अरबीफारसी साहित्यबाट आएको विधा हो भन्ने लघुकथा अङ्ग्रेजी साहित्यबाट आएको विधा हो ।

५. गजलको शीर्षक गजल नै राखिने गरिन्छ भने लघुकथाको छुट्टै शीर्षक राख्ने गरिन्छ ।

## ४:१० निष्कर्ष

ग, ज र अल शब्दको यौगिक विधानबाट निर्मित गजल अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो र यसको अभिधा अर्थ नारीको वाणी, लक्ष्यार्थ प्रेमालाप वा सौन्दर्यवर्णन र व्यङ्ग्यार्थ जीवनभोगाइका विविधाङ्गी अनुभव अनुभूतिको प्रभावकारी प्रस्तुति भन्ने हुन्छ । विभिन्न अध्येताहरूले आआफ्नै किसिमले परिभाषित गरे तापनि मूलतः गजल प्रेम-विछोड, हर्ष-विषाद, सुख-दुःख,
सङ्गति-असङ्गति, समयû-परिस्थिति, संस्कृति-परिस्कृति आदि अभिव्यक्त गर्ने सशक्त शास्त्रीय काव्यविधा हो । यसमा भाषिक तरलता, शैल्पिक सहजता र सम्प्रेष्य सरसता अनिवार्य रहन्छ ।

गजलनिर्माणप्रक्रियामा प्रयुक्त आक्षरिक एवम् मात्रिक समानतालाई बहर भनिन्छ । बहर विभिन्न प्रकार हुन् र ती विभिन्न रुक्नको संयोजनबाट निर्मित हुन्छन् । गजलनिर्माणका लागि निर्धारित आधारभूत तत्वहरू छन् र यसका गुण तथा दोषहरू पनि छन् । इस्लामिक बहरवृत्त र पिङ्गलछन्दशास्त्रबीच धेरै कुरामा  समानता रहेको छ भने गीत, कविता, मुक्तक र लघुकथा जस्ता अन्यविधासँग गजलको विषयगत, भावगत, आयामगत, प्रस्तुतिगत समानता र असमानता दुवै रहेका छन् । यद्यपि गजल एउटा स्वतन्त्र शास्त्रीय काव्यविधाका रूपमा प्रतिष्ठित रहेको छ ।

अध्याय पाँच

# नेपाली गजलको उद्भव र विकास

# ५. नेपाली गजलको उद्भव र विकास

## ५.१ पृष्ठभूमि

पृथ्वी, प्राणी र वनस्पतिको उत्पत्ति र विकासको आफ्नै इतिहास हुन्छ । भाषा, साहित्य र संस्कृतिको उत्पत्ति र विकासको आफ्नै ऐतिहासिक मूल्य हुन्छ । साहित्यका हरेक विधाको उत्पत्ति र विकास पनि आफ्नै ऐतिहासिक महत्व हुन्छ । ऐतिहासिक विधागत ऐतिहासिक परम्परालाई निरूपण गर्नु भनेको त्यसको उत्पत्तिको पृष्ठभूमि, आधार, कारण र मान्यतालाई गहनताका साथ खोज, अनुसन्धान, अध्ययान र मूल्याङ्कन गर्नु हो त्यसैले विधागत इतिहासको निरूपण र कालनिर्धारण त्यत्ति सहज हुन्न ।

साहित्यका कतिपय विधाहरू परम्परागत हुन्छन् भने कतिपय नवस्थापित हुन्छन् । कतिपय विधाहरू भाषागत रूपमा मौलिक हुन्छन् भने कतिपय आयातित हुन्छन् । गजल नेपाली काव्यपरम्परामा नवस्थापित एवम् नवआयातित विधा हो । यो अरबीबाट फारसी, हिन्दी, उर्दू हुँदै नेपाली भाषामा आएर विकसित भएको शास्त्रीय गेय विधा हो । नेपाली भाषामा यस विधाको उद्भव, विकास र विस्तारको निजी ऐतिहासिक परम्परा रहेको छ ।

## ५.२ नेपाली गजलको उद्भव

गजल अरबी भाषाको स्त्रीलिङ्गी नामवाचक शब्द हो । साहित्यिक विधाका रूपमा यसको उद्भवस्थल पनि अरब नै हुनसक्ने[१] अनुमान गरिए तापनि कतिपय विद्वान् अध्येताहरूले साहित्यिक विधागत रूपमा यसको उद्भवस्थल फारस नै भएको प्रमाण दिएका छन् ।[२] अरबी र फारसी दुवै भाषाका ज्ञाता रौद्कीले सर्वप्रथम फारसी भाषामा दसौँ शताब्दीमा गजलको उद्भव गरेका हुन् ।[३] उनले फारसी भाषामा गजलको विकासको जग निर्माण मात्र गरेनन्, विकास र विस्तारको नयाँ लहर ल्याएर काव्यविधाका रूपमा यसलाई प्रतिष्ठापितसमेत गरे । फारसीपछि हिन्दी भाषामा गजलको उद्भव भएको हो । अरबी र फारसी भाषाका विद्वान् अमीर खुसरो हिन्दीभाषाका आदिगजलकार हुन् ।[४] उनले तेह्रौँ शताब्दीमा फारसीबाट सोझै

---

१ घटराज भट्टराई "नेपाली गजलको प्रयोग र परम्परा" गरिमा, वर्ष ३, अङ्क १२, पूर्णाङ्क ३६, (ललितपुर : सा.प्रा., २०४२) पृष्ठ ६० ।

२ घनश्याम न्यौपाने परिश्रमी, "गजलको स्वरूप र बहरहरूको चिनारी" गजल प्रवाह (कैलाली: सु.प.ग.म., २०६०), पृष्ठ ३ ।

३ ऐजन, पृष्ठ ३ ।

४ ऐजन, पृष्ठ ३ ।

हिन्दी भाषामा गजल भि’याए र प्रसिद्धिको शिखरमा पुऱ्याए ।[छ] फारसी र हिन्दी भाषाको सम्मिश्रणबाट बनेको उर्दू भाषामा गजलको उद्‌भव हिन्दीपछि मात्र भएको हो[ट] र उर्दू भाषाका आदिगजलकार जनाव बली हुन् । उनले सत्रौँ शताब्दीमा उर्दू भाषामा गजलको आविर्भूत गरेर उर्दूकै एक मौलिक काव्यविधाका रूपमा स्थापितसमेत गरे ।[ठ] उर्दू भाषापछि नेपाली भाषामा गजलको उद्‌भव भएको हो । नेपाली भाषामा गजलको उद्‌भव गर्ने व्यक्ति नेपाली साहित्यका माध्यमिककालीन शृङ्गारिक कवि मोतीराम भट्ट (१९२३-१९५३) हुन् ।[ड] माध्यमिककालीन शृङ्गारिक काव्यप्रवृत्तिकै रूपमा उनले गजललाई नेपाली भाषामा भि’याएका हुन् । बनारस प्रवासकालमा फारसी, हिन्दी र उर्दू भाषाको गजल अध्ययन गर्ने सुअवसर पाएका मोतीराम भट्ट सङ्गीतप्रेमीसमेत भएको हुँदा तत्कालीन उर्दू र हिन्दी गजलपरम्पराबाट प्रभावित भएर विक्रमाब्द १९४० मा उनले नेपाली गजलको आविर्भाव गरेका हुन् ।[ढ] तत्कालीन दरवारी रङ्गमञ्चमा गजलका सौखिनहरूले विदेशी गायक कलाकारहरू झिकाएर उर्दू र हिन्दी गजल गाउन लगाएको देखी उर्दू र हिन्दीजस्तो शृङ्गारिक भावधाराका गजल नेपाली भाषामा पनि भए नेपाली भाषा र साहित्य लोकप्रिय हुनेथियो भन्ने भावना युवक मोतीराम भट्टमा जागृत भएको र यही भावनाबाट अेभिप्ररित भएर उनी बनारसबाट काठमाडौं फर्केपछि दरवारी रङ्गमञ्चमा गाइने गजलको अभावपूर्तिका लागि नेपाली गजल लेखन प्रारम्भ गरेका हुन् ।[ज्ञण]

अहिलेसम्मको अनुसन्धानले दिएको निष्कर्षका आधारमा मोतीराम भट्ट नै नेपाली भाषाका प्रथम गजलकार हुन् ।[ज्ञज्ञ] भारतका शासक गदरको समयपूर्वदेखि नै मुसलमान सङ्गीतज्ञहरू नेपाल पसेको र जङ्गबहादुरको समयदेखि नै नेपालमा गीतगजल गाउन थालिएको भए पनि नेपाली भाषामा गजल लेखन आरम्भ गर्ने प्रथम व्यक्ति मोतीराम भट्ट भएको तथ्य अध्येताहरूले प्रमाणित गरेका छन् ।[ज्ञद्द]

युवाकवि मोतीराम तीक्ष्ण बुद्धि भएका वा प्रत्युत्पन्न मति भएका युवक थिए । भारतेन्दु हरिश्चन्द्रको कवितावर्दिनी सभामा तत्कालै समस्यापूर्ति गरेबाट पुरस्कृत भएका भट्टले भारेतन्दुबाटै गजललेखनको प्रेरणा पाएका हुन् । काठमाडौं फर्किएपछि भारतेन्दुकै कवितावर्दिनी

५ ऐजन, पृष्ठ ३ ।

६ घनश्याम न्यौपाने परिश्रमी, “गजल परिचय नेपाली गजलको वर्तमान स्थिति”, साहित्य सन्दर्भ, (वीरगन्ज : नारायणी बुक्स, २०५५) पृष्ठ ७२ ।

७ ऐजन, पृष्ठ ७३ ।

८ अमर त्यागी, “नेपाली गजल परम्परा र प्रवृत्ति”, मधुपर्क, वर्ष ३१, अङ्क : ४, (काठमाडौं : ग.प.सं., २०५५), पृष्ठ १४० ।

९ ऐजन, पृष्ठ १४१ ।

१० घटराज भट्टराई, “नेपाली गजलको प्रयोग र परम्परा”, पूर्ववत्, पृष्ठ ६०

११ भरतराज पन्त, “नेपाली गजल प्रारम्भदेखि वर्तमानसम्म”, मधुपर्क, वर्ष २७, अङ्क ६, (काठमाडौं : गो.प.सं., २०५१), पृष्ठ ६ ।

१२ कृष्ण गौतम, “नेपाली गजल साहित्यः पृष्ठभूमि र परम्परा”, गरिमा, वर्ष १२, अङ्क ५, (ललितपुरः सा.प्र.,२०५१) पृष्ठ १६ ।

सभाबाट प्रेरित भएर उनले मोतीमण्डली गठन गरे र अन्य कविहरूलाई समेत गजल लेखनमा अभिप्रेरित गरे ।[१३] मोतीराम र उनका मण्डलीका अन्य गजलकारहरूले नेपाली हावापानी र माटो सुहाउँदो पारामा ढालेर गजललाई प्रसिद्ध तुल्याए र गजलपरम्पराको एउटा बलियो जग निर्माणसमेत गरे ।[१४] नेपाली साहित्यमा गजलको उद्‌भव र विकासमा मोतीराम भट्टको ठूलो योगदान रहेको छ । गजलको विकासलाई एउटा निश्चित दिशाप्रदान गर्ने मोतीराम भट्ट नै नेपाली गजलका आविर्भावक हुन् ।

संसारको कुनै पनि भाषाको साहित्यको कुनै विधाको उद्‌भव कुनै निश्चित कालमा कुनै निश्चित प्रभावबाट कुनै निश्चित प्रवृत्तिको रूपमा हुने गर्छ । यस तथ्यअनुसार नेपाली गजलको उद्‌भव नेपाली साहित्यको माध्यमिकालमा उर्दू, हिन्दी गजलको प्रभावबाट शृङ्गारिक प्रवृत्तिका रूपमा भएको देखिन्छ। उद्‌भवकालको नेपाली गजल शृङ्गारिक भावधाराका अतिरिक्त भक्तिधारामा समेत प्रवाहित रहेको पाइन्छ । शृङ्गार र भक्तिको मूल कथ्यविषयमा यस कालमा गजलहरू संरचित देखिन्छन् । रूपपक्ष फितलो रहे पनि वस्तुपक्ष दरो रहेका यस कालका गजलहरूमा शृङ्गारिक अनुभूति र भक्तिभाव सशक्त रूपमा अभिव्यञ्जित भएको पाइन्छ ।

## ५.३ नेपाली गजलको विकास

आजभन्दा एकसय पच्चीस वर्षअघि मोतीराम भट्टले आविर्भूत गरेको नेपाली गजलले वर्तमानसम्मको यात्रामा अनेक घुम्ती र कुइनेटाहरू पार गरिसकेको छ । प्रकृति, संस्कृति र जीवनभोगाइका विविधाङ्गी विम्बहरू टिपेर गजलले पोटिलो गेडा हालिसकेको छ । आदर्श र यथार्थको सारअभिसारमा गजलले गुम्बज बनाइसकेको छ । आज गजलमा चेतना चिर्बिराउँछ । भावना भुल्भुलाउँछ । कल्पना कुल्कुलाउँछ । विचार सग्बगाउँछ । अनुभूति सल्बलाउँछ ।

फारसी रूप, उर्दू छटा र हिन्दी भङ्गिमाको त्रिवेणीमा नेपाली गजलको प्रादूर्भाव भएको हो । यसको उद्‌भावक मोतीराम भट्टले दिएको शृङ्गारिक भाव र उनको मित्रमण्डलीले दिएको प्रेम र भक्तिको भावनाले ओतप्रोत भएर गजलले विकासको गति पक्रेको हो । मोतीराम भट्टको मित्रमण्डली नेपाली गजलको विकासको मूल आधारभूमि हो । यस मण्डलीले नेपाली गजलको विकासको गोरेटो खनेर विस्तारको दिशानिर्देश गरेको हो । नेपाली गजलको विकास र विस्तारका क्षेत्रमा मोतीमण्डलीको भूमिका सर्वोपरि रहेको छ । मोतीरामको नेतृत्वमा गठित

---

१३ कृष्णहरि बराल, गजल सिद्धान्त र परम्परा, (ललितपुर : सा.प्र., २०४६), पृष्ठ १९९ ।

१४ शिव रेग्मी, “नेपाली साहित्यमा गजल” गजल, पूर्णाङ्क ४, (काठमाडौं : प्रवाह परिवार, २०५४), पृष्ठ ९ ।

यस मण्डलीका अन्य गजलकारहरू नरदेव पाण्डे ‘सुधा’ (१९२९-२००१), गोपीनाथ लोहनी ‘नाथ’ (१९३०-१९७४), लक्ष्मीदत्त पन्त ‘इन्दु’ (१९२२-१९६२), रत्नलाल मियाँ, अमजद हुसैन र गजब हुन् ।[ज्ञछ] गोपीनाथ लोहनी र दुर्गादेव पाण्डेद्वारा सम्पादित र वि.सं. १९६९ मा प्रकाशित नेपाली गजलको पहिलो सङ्ग्रह सङ्गीत चन्द्रोदयमा मोतीमण्डलीका सदस्यहरूका अधिकांश गजलहरू प्रकाशित छन् । यस सङ्ग्रहमा मोतीराम भट्टका चौबीस, लक्ष्मीदत्त पन्तको बीस, नरदेव पाण्डेको पाँच, गोपीनाथ लोहनीको तेत्तीस, रत्नलाल रत्नका आठ, मियाँ अमजद हुसैनको एक र गजबका छवटा गजलहरू सङ्गृहीत छन् ।[ज्ञट] मोतीराम भट्टका प्राप्त सम्पूर्ण गजलहरू मोतीराम भट्टका गजलहरू (२०३८) कृतिमा समाविष्ट गरिएको छ । यस कृतिमा उनका प्राप्त बत्तीस गजलहरू रहेका छन् ।[ज्ञठ]

मोतीमण्डलीकै समयमा सशक्त गजलकारका रूपमा आशुकवि शम्भुप्रसाद ढुङ्गेल ‘शम्भु’ (१९४६-१९८५) को उदय हुन्छ । विशेष गरेर भजन रचना गर्ने ढुङ्गेलका गजलको मूल विषय पनि भक्ति र शृङ्गार नै रहेको देखिन्छ ।[ज्ञड] सङ्ख्यात्मक रूपमा अधिक गजल रचना गरेका उनका अधिकांश गजलहरू शम्भुका गजल (२०५४) मा प्रकाशित छन् ।

शम्भुप्रसाद दुङ्गेलले नेपाली गजलको यात्रामा थप पाइला बढाएपछि विभिन्न अन्य विधाका पुस्तकहरूमा फाट्टफुट्ट रूपमा भए पनि गजल रचना गरेर चक्रमणि चालिसे (१९४०-२०१८), पहलमान सिंह स्वार (१९३५-१९९१), शिखरनाथ सुवेदी (१९२१-२००५), दीपकेशर लोहनी (१९५३-२०२८), कृष्णबहादुर रेग्मी (१९४०-१९८५), रामप्रसाद बस्याल (१९३५-२०२०), रामजीप्रसाद अर्याल (१९४७-२०३८) नानकप्रसाद मिश्र (१९२७-२०११) ले पाइलाहरू थप्दै गए ।[ज्ञढ]

मोती मण्डलीपछि नेपाली गजलको विकास र विस्तारमा महत्वपूर्ण योगदान दिने दुई प्रतिभाहरू हुन् भीमनिधि तिवारी (१९६८-२०३०) र उपेन्द्रबहादुर जिगर । तिवारीको बयासी र बीस मेरी (१९९३) एवम् जिगरको एकसयएक गजल (१९९६) प्रकाशित छन् । तिवारी र जिगरको गजलको विषय, भाव र प्रस्तुतिगत प्रवृत्ति मोती मण्डलीकै सादृश्य देखिए पनि

---

१५ टीकाराम उदासी, गजल सिद्धान्त र नेपाली गजलको इतिहास , (नेपालः अतिरिक्त प्रकाशन, वि.सं. ५९), पृष्ठ ४२ .

१६ ऐजन, पृष्ठ ४४ ।

१७ मोतीराम भट्ट, मोतीराम भट्टका गजलहरू, (काठमाडौँ: ने.शि.प.वि.सं. २०३८) .

१८ टीकाराम, उदासी, पूर्ववत्, पृष्ठ ४५ ।

१९ शिव रेग्मी, पूर्ववत्, पृष्ठ १० ।

पारिवारिक पीडा, नारी, ईश्वर र देशप्रति प्रेम र परिस्थितिप्रतिको आक्रोशका झिल्काझिल्की र मानवीय जीवन भोगाइका ससाना फिलुङ्गाहरू पनि पाइन्छन् ।[२०] सङ्क्षेपमा भन्नुपर्दा मोतीरामले वीजारोपण गरेको नेपाली गजललाई शम्भुप्रसादले अङ्कुरित गराए भने भीमनिधि र उपेन्द्रबहादुरले पल्लवित तुल्याए ।

भीमनिधि तिवारी र उपेन्द्रबहादुर जिगरले पल्लवित तुल्याएको नेपाली गजललाई बालकृष्ण सम (१९६६-२०३८), लेखनाथ पौड्याल (१९४१-२०२२), लक्ष्मीप्रसाद देवकोटा ( १९६६-२०१६), बहादुर सिंह बराल (१८९१-१९६२), दुर्गा मल्ल र गङ्गावतीले पुष्पित गराउने कार्य गरे ।[२१] समका केही गजलहरू मेरो कविताको आराधाना र चिसो चुल्हो कृतिमा रहेका छन् भने लेखनाथ पौड्यालका गजलहरू लालित्य-२, भर्तृहरि निर्वेद र लक्ष्मीपूजा कृतिहरूमा रहेका छन् । त्यसैगरी लक्ष्मीप्रसाद देवकोटाका गजलहरू सुनको बिहान, चिल्लापातहरू, मनोरञ्जन र सावित्री सत्यवान्मा रहेका छन् । त्यसैगरी बहादुरसिंह बरालका गजलहरू बरालको आँसुमा सङ्गृहीत छन् भने दुर्गा मल्ल र गङ्गावतीका गजलहरू पनि बरालको आँसु सङ्ग्रहमै सङ्गृहीत छन् । बरालको आँसु सङ्ग्रहमै मैतराम, पवित्रादेवी, शम्शेर सिंह, दिलीप, मित्रसेन र कृष्णमञ्जरीका गजलहरू पनि सङ्गृहीत छन् ।[२२] त्यसपछिका गजलकारहरू तारिणीप्रसाद कोइराला (१९७७-२०२१)का गजलहरू 'झङ्कारमा म.वि.वि.शाह (१९७७-२०२८) का गजलहरू 'उसैको लागि र 'फेरि उसैको लागिमा भूपि शेरचन (१९९२-२०४६) का गजलहरू 'कवि भूपिः विश्लेषण र मूल्याङ्कनमा छिन्नलता (१९८०-२०५६)का गजलहरू 'अन्ततरङ्ग र 'अन्तर्स्पन्दनमा समाविष्ट छन् ।[२३] गजल रचनागत सैद्धान्तिक मान्यताको परिपालना हुन नसके पनि वा फाट्टफुट्ट रूपमा रचना गरेर भए पनि नेपाली गजलको विकास र विस्तारको निरन्तरतामा उल्लेखित गजलकारहरूले दिएको योगदान महत्वपूर्ण मान्न सकिन्छ ।

साहित्य मानवीय जीवनभोगाइका कलात्मक अभिव्यक्ति हो । साहित्यमा सामाजिक यथार्थ, राष्ट्रिय मूल्य तथा अन्तर्राष्ट्रिय प्रभावको प्रस्तुति पाइन्छ । नेपाली साहित्यमा मोतीराम भट्टले आरम्भ गरेको शृङ्गारिक काव्यमान्यता तत्कालीन राणा शासनको विलासिताको प्रभाव थियो भने लेखनाथ पौड्यालले प्रारम्भ गरेको शास्त्रीयतावादी काव्यमान्यता तत्कालीन बौद्धिक जागरणको प्रभाव थियो । लक्ष्मीप्रसाद देवकोटाले प्रारम्भ गरेको स्वच्छन्दन्तावादी

---

२० अमर त्यागी, नेपाली गजलको परम्परा र प्रवृत्ति, पूर्ववत्, मधुपर्क, वर्ष ३१ अङ्क ४, (काठमाडौं : गो.प.सं., वि.सं. २०४५), पृष्ठ १४० ।

२१ कृष्णहरि बराल, पूर्ववत्, पृष्ठ २१६ ।

२२ ऐजन, पृष्ठ २२५ ।

२३ ऐजन, पृष्ठ २२७ ।

काव्यप्रवृत्तिमा विश्वजनीन परिस्थितिको प्रभाव रहेको थियो भने मोहन कोइरालाले प्रारम्भ गरेको प्रयोगवादी प्रवृत्ति तत्कालीन पञ्चायती शासनको डर, आशङ्का र सन्त्रासगत प्रभावको परिणाम थियो । त्यसै गरी २०२७ को जनमत सङ्ग्रहपश्चात् नयाँ सोच र विचारको प्रस्फुटनसँगै नेपाली काव्यजगत्मा समसामयिक प्रवृत्ति प्रारम्भ भएको हो । नेपाली जनमानस प्रयोगवादी कविताको दुरूहता र अबोधगम्यताका कारण साहित्यबाट टाढिन थालेको अवस्थामा तत्कालीन नवकविहरूले सरल र सम्प्रेष्य भाषामा कविता रचना गरेर पाठक र लेखकबीचको दुरीलाई घटाउन सफल भएका थिए । यही सहज, सरल र सम्प्रेष्य काव्यिक प्रवृत्तिलाई समसामयिक धारा भनिएको हो । यही धारामा नेपाली गजल लेखन पनि नवीन मूल्य र मान्यताका साथ पुनर्जागृत भएको हो ।

पञ्चायती व्यवस्थाको अराजकता, अनैतिकता, बेइमानी र भ्रष्टाचारी प्रवृत्ति, अन्तर्विरोध, अन्तर्पीडा, जनअसन्तोष एवम् सामाजिक विसङ्गति, विकृति, विषमता र वितण्डताहरूलाई अभिव्यक्त गर्ने क्रममा नेपाली गजलको पुनर्जागरण भएको हो । यसरी नेपाली गजललाई पुनर्जागरण गर्ने प्रथम गजलकारको श्रेय ज्ञानुकाकर पौडेलले पाएका छन् । उनको २०३६ साल असोजको रूपरेखामा 'मुक्तक शीर्षकमा प्रकाशित तीन सेरको गजल नै नेपाली गजलमा नयाँ मूल्य र महत्वको प्रथम गजल मानिएको छ । नेपाली कविताका समसामयिक प्रवृत्तिको रूपमा पुनर्जागृत गजल एउटा छुट्टै विधागत महत्ताका साथ स्थापित भएर आज यसको विकास र विस्तार भइरहेको छ ।

शृङ्गारिक काव्यमान्यताका रूपमा प्रादुर्भूत नेपाली गजलले शृङ्गारिक प्रवृत्तिबाट काँचुली फेरेर नयाँ स्वरूप धारणा गर्नपुग्यो । सर्वथा नवीन विषय, प्रस्तुति र भावभङ्गिमामा नवीनताका प्रयोक्ता पौडेलले नेपाली गजललाई नवीन दिशा प्रदान गरे । पारस्परिक प्रवृत्तिबाट वैचारिक धरातलमा ओर्लेर नवीन महत्ता र भावच्छायामा नवीन वस्तुविन्यासको नवीन क्षितिज उधारी नवजागृतिको उद्घोष गर्दै समयसापेक्ष रूपमा कुण्ठा, विसङ्गतिबोध र जीवनबोधका फिलुङ्गाहरूलाई नयाँ विम्ब, प्रतीक र उपमाहरूले गजललाई चिरिच्याट्ट पार्ने ज्ञानुवाकर पौडेल, ललिजन रावल, मनु ब्राजाकी, धर्मोगत शर्मा तुफान, रवि प्राञ्जल, घनश्याम न्यौपाने, बूँद राना, श्रेष्ठ प्रिया पत्थरजस्ता गजलकाहरूको उदयपछि नेपाली गजलको विकास र विस्तारमा तीव्रता आएको हो ।[२४] युवायुवतीको प्रणय कामना, सामाजिक समस्या, मानवीय पीडा, न्याय र समानता, विकृति र विसङ्गति, विद्रुपता र विषमता एवम् नवीन सोच र खोजको विषयगत भावउच्छलन गर्दै राममान तृषित, मुन पौडेल, पुस्कर माथेमा, वियोगी बुढाथोकी, भरत

२४ अमर त्यागी, '"नेपाली गजलको परम्परा र प्रवृत्ति", पूर्ववत्, पृष्ठ १४० ।

भारद्वाज, चन्द्र पोखरेल, खगेन्द्र बस्याल, कुमार शिशिर, यज्ञविक्रम शाही, दुवसु क्षेत्री, गोवर्धन पूजा, अमर त्यागी, रासा, रत्न प्रजापति, सानुराजा अन्जान, अमीर निशाचर, सुनील पुरी, गुलाब सेतान, व्याकुल पाठक, कृसु क्षेत्री, प्रमोद स्नेही, राजेश्वर रेग्मी, खड्गसेन ओली, दिव्य गिरी, काशीराम विरस, धर्म प्रधान, टीकाराम उदासी, भीम विराग, गोविन्दराज विनोदी, विजय सुब्बा, उत्सव खरेल, पूर्ण भण्डारी, माधव वियोगी, विष्णुबहादुर सिंह, गोपाल पौडेलजस्ता गजलकारहरू देखापरे । त्यसैगरी खगेन्द्र गिरी, शम्भुकुमार मिलन, गोपाल अश्क, धनराज गिरी, चंकी श्रेष्ठ, स्वागत नेपाल, प्रोल्लास सिन्धुलीय, ऋचा लुइँटेल, अशोक बोहरा, रमेश हरिलट्टक, पदम गौतम, रामगोपाल आँशुतोष, नेत्र एटम, शिव प्रणत, होमशङ्कर बाँस्तोला, अनमोलमणि, निर्मल ढुङ्गाना जनकराज पौडेल, सरुभक्त, रूपक वनवासी, सुरेश सुवेदी, सुवीसुधा आचार्य, शीतल कादम्बिनी, पुष्प अधिकारी, दीपक समीप, सरस्वती शर्मा, प्रेमविनोद नन्दन, राजेन्द्र थापा, मिजाज तेम्बो, घनेन्द्र ओझा, सुमित्रा वाङ्देल, विमलप्रसाद देवकोटा, कपिल अज्ञात, केशवराज आमोदी, किसान प्रेमी, धर्म प्रधान, रमेश प्रभात[२५] जस्ता गजलकाहरूको ठूलै जमघट देखापरेपछि नेपाली गजलको विस्तारमा गति थपिँदै गयो । स्वनिर्मित बहरका साथै शास्त्रीय बहरमा समेत गजल सृजना गर्ने प्रवृत्तिको विस्तार पनि हुँदै गएर वर्तमान गजल स्वतन्त्र काव्य विधाका रूपमा स्थापित भएको छ ।

## ५.४ नेपाली गजलको कालविभाजन

गजल साहित्यको अत्यन्त लोकप्रिय गेय विधा हो । यसको सङ्गीतसँग घनिष्ट सम्बन्ध रहेको छ। गजल नेपाली भाषाको आफ्नै काव्यविधा नभएर फारसीबाट आयातित लघुकाव्यविधा भएको हुँदा यसको प्रादुर्भाव, विकास, विस्तार र विभिन्न चरणगत प्रवृत्तिको अध्ययन-विश्लेषण हुनु आवश्यक देखिन्छ । कुनै पनि साहित्यिक विधाको प्रादुर्भाव कुनै विशेष परिस्थितिमा कुनै विशेष प्रभावबाट हुने गर्दछ । नेपाली गजलको प्रादुभार्व पनि नेपाली कविताको शृङ्गारिक धाराअन्तर्गत हिन्दी, उर्दू शृङ्गारिक प्रभाव तथा राणाकालीन शृङ्गारिक प्रवृत्तिको प्रभावबाट भएको हो । शृङ्गारिक काव्यप्रवृत्तिका रूपमा मोतीरामबाट वि.सं. १९४० मा उद्भव भएको गजलविधाको वर्तमानसम्मको विकासयात्रालाई विभिन्न अध्येताहरूबाट कालक्रमिक रूपमा अध्ययन गरिएको पाइए पनि त्यस्ता अध्ययनले अझै पूर्णता पाउन सकेका छैनन् ।

---

२५ कृष्णहरि बराल, गजलः सिद्धान्त र परम्परा, पूर्ववत्, पृष्ठ २३८-२६८ ।

कुनै पनि विधाको कालविभाजन त्यति सहज हुँदैन । विधागत रूपमा प्रादुर्भाव हुँदा त्यस विधाले ग्रहण गरेको विषय, शैली र प्रवृत्ति तथा त्यस प्रवृत्तिको अन्त्य र अन्य नवीन प्रवृत्तिको प्रारम्भ आदि विषयगत तथ्यको गहन विश्लेषणबाट मात्र कुनै पनि विधाको कालनिर्धारण गर्नु केही हदसम्म मान्य हुन्छ । यस सन्दर्भमा नेपाली गजलको कालनिर्धारण गर्दा यसको उद्भव हुँदाको प्रवृत्तिगत नवमान्यता र त्यसपछि केकस्ता प्रवृत्तिगत मान्यताको पुनर्स्थापना भयो भन्ने कुराको विश्लेषण आवश्यक हुन्छ । नेपाली गजलको एकसय पच्चीस वर्षको यात्रालाई विभिन्न अध्येताहरूले आआफ्नै किसिमले अध्ययन गरेको पाइन्छ । जजसले नेपाली गजलको खोज, अध्ययन र विश्लेषण गरेका छन् तिनीहरूबीचको धारणा र मान्यतामा एकरूपता पाइँदैन । कसैले गजललाई विधा मानेका छन् भने कसैले मानेका छैनन् । कसैले गजलको विकासक्रमलाई कालक्रमिक अध्ययन गरेका छन् भने कसैले गरेका छैनन् । नेपाली गजलको विकासक्रमलाई कसैले तीन कालमा विभाजन गरेका छन् भने कसैले दुई कालमा मात्र यसको विभाजन गरेका छन् । यसरी गजलका सम्बन्धमा अध्ययन गर्ने अग्रजहरूबीच आआफ्नै अवधारणा विकसित हुँदा गजलविषयका नवअध्येताहरूमा भ्रम उत्पन्न भएको पाइन्छ । यस विधाको अध्ययनसम्बन्धमा एउटा स्पष्ट अवधारणा विकसित हुनु आवश्यक देखिएको छ ।

नेपाली गजलको विकासप्रक्रियाका सम्बन्धमा तीन किसिमले अध्ययन गर्ने प्रचलन रहेको पाइन्छ । एकथरी अध्येताहरू नेपाली साहित्यको प्राथमिक कालको एक शृङ्गारिक काव्यप्रवृत्तिका रूपमा गाभेर गजलको उद्भवको मूल्याङ्कन गर्छन् र वार्तमानिक गजललाई समसामयिक नेपाली कविताको सामान्य काव्यप्रवृत्ति मात्र ठान्छन् । गजलको स्पष्ट कालनिर्धारण नगर्ने यस्ता अध्येताहरूमा रमा शर्मा, भरतराज पन्त, घटराज भट्टराई, शिव रेग्मी, कृष्ण गौतम, दामोदर रिजाल आदि उल्लेख्य छन् । दोस्राथरी अध्येताहरू गजलको विकास यात्रालाई प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन कालमा विभाजन गरेर अध्ययन गर्छन् । विधागत प्रवृत्तिको तथ्यपूर्ण मूल्याङ्कनको आधारभन्दा पारम्परिक चरणगत मान्यतालाई आधार मानेर कालनिर्धारण गर्ने यस्ता अध्येताहरू दुवसु क्षेत्री, रोशन थापा, गोवर्धन पूजा, देवी पन्थी, प्रभाती किरण आदि रहेका छन् । तेस्राथरी अध्येताहरू परम्परागत चरण विभाजनभन्दा विधागत विषय, विशेषता र प्रवृत्तिको तथ्यगत आधारमा कालविभाजन गर्नु उपयुक्त हुन्छ भने मान्यता राख्दछन् । यस्ता अध्येताहरूमा ललिजन रावल, मनु ब्राजाकी, घनश्याम न्यौपाने, टीकाराम उदासी, अमर त्यागी, सनतकुमार वस्ती, कृष्णहरि बराल प्रमुख रहेका छन् ।

पहिला वर्गका अध्येताहरूमध्ये रमा शर्माले गजलबारे केही कुरा[२६]मा गजलको विकासक्रमको चर्चा गरे पनि यसको उद्भव र विकासगत कालविभाजन गरेर स्पष्ट अध्ययन

२६ रमा शर्मा, "'गजलबारे केही कुरा" मधुपर्क: वर्ष १४, अङ्क ६-७, (काठमाडौं : गो.प.सं. २०३८), पृष्ठ १७७ ।

गर्ने जमर्को गरेको पाइँदैन । अर्का अध्येता भरतराज पन्तले 'नेपाली गजल : प्रारम्भदेखि वर्तमानसम्म[२७] मा गजलको विकासको परिचर्चा मात्र गरेका छन्, कालनिर्धारण गर्ने काम गरेका छैनन् । त्यस्तै घटराज भट्टराईले 'नेपाली गजलको प्रयोग र परम्परा[२८] मा पनि गजलको विषय र रूपबारे विश्लेषण गरेर छोडेका छन्, स्पष्ट कालनिर्धारण गरेर अध्ययन गरेका छैनन् । त्यसैगरी शिव रेग्मीले पनि 'साहित्यमा गजलको अवस्था र विकास[२९] मा गजलको मूल्याङ्कन गर्दा स्पष्ट रूपमा कालविभाजन गर्ने चासो राखेको पाइन्न । त्यस्तै अर्का अध्येता वामदेव पहाडीले पनि 'गजलको परम्परा र नेपाली गजल[३०]मा नेपाली गजलको परम्परागत विकास प्रक्रियाको सिंहावलोकन गरे पनि कालनिर्धारण गर्ने चेष्टा गरेका छैनन् । त्यस्तै अर्का अध्येता दामोदर रिजालले गजलकार भीननिधि तिवारी[३१] शोधपत्रमा मोतिराम भट्टलाई नेपाली गजलको प्रथम प्रयोक्ता र शम्भुप्रसाद ढुङ्गेललाई त्यसका उत्थापकका रूपमा उल्लेख गरिएको भए पनि त्यसपछिको गजलका विकासप्रक्रियाको चर्चा छैन ।

अर्का अनुसन्धाता कृष्ण गौतमले पनि 'नेपाली गजल साहित्यः पृष्ठभूमि परम्परा र मूल्याङ्कन[३२] मा गजलको उद्भव, विकास र विस्तारको विस्तृत चर्चा गरे तापनि तथ्यगत रूपमा कालविभाजन गरेका छैनन् । यस वर्गका सबै अध्येताहरू गजललाई स्वतन्त्र साहित्यिक विधा ठान्दैनन् । यसलाई मात्र काव्यको एक भेद मान्दछन् । यसको स्वरूप र प्रवृत्तिको विश्लेषण गरेर कालविभाजन गर्ने चासो यिनीहरूले राखेका छैनन् ।

दोस्रो वर्गका अध्येताहरूमा दुवसु क्षेत्रीले 'समसामयिक नेपाली गजल[३३] को भूमिकामा नेपाली गजलको कालविभाजन यसरी गरेका छन् :

१. प्राथमिक काल (वि.सं.१९४०-१९९४) मोतीराम युग

२. माध्यमिक काल (वि.सं. १९४०-२०३५) भीमनिधि युग

३. आधुनिक काल (वि.सं.२०३६ - हाल) ज्ञानुवाकर युग

अर्का अध्येता रोशन थापा नीरवले 'नेपाली गजलको विकासः एक चर्चा[३४] मा यसरी कालविभाजन गरेका छन् :

---

२७ भरतराज पन्त, "नेपाली गजल, प्रारम्भदेखि वर्तमानसम्म", पूर्ववत्, पृष्ठ ४५ ।

२८ घटराज भट्टराई, "नेपाली गजलको प्रयोग र परम्परा", पूर्ववत्, पृष्ठ ६० ।

२९ शिव रेग्मी, "साहित्यमा गजलको अवस्था र विकास", गजलः वर्ष ४, अङ्क २, (काठमाडौंः प्रवाह परिवार, २०५४), पृष्ठ १२ ।

३० वामदेव पहाडी, आलोचनाको वृत्त, (काठमाडौंः ने.रा.प्र.प्रतिष्ठान, २०५४), पृष्ठ १७० ।

३१ दामोदर रिजाल, गजलकार भीमनिधि तिवारी, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (कीर्तिपुर : त्रिवि, नेपाली केन्द्रीय विभाग, २०४५) पृष्ठ ५९ ।

३२ कृष्ण गौतम, "नेपाली गजल साहित्यः पृष्ठभूमि, परम्परा र मूल्याङ्कन", पूर्ववत्, पृष्ठ १३७ ।

३३ दुवसु क्षेत्री (सम्पा). समसामयिक नेपाली गजल, (काठमाडौंः वसुन्धरा प्रकाशन, २०५०), पृष्ठ १३५ ।

३४ रोशन थापा नीरव "नेपाली गजलको विकासः एक चर्चा" गजलः वर्ष १, अङ्क २, (काठमाडौं : प्रवाह परिवार, २०५३), पृष्ठ १८ ।

१. प्राथमिक कालः मोतीराम र उनको मित्रमण्डली काल

२. माध्यमिक कालः भीमनिधि र उपेन्द्रबहादुर जिगरको काल

३. आधुनिक कालः ज्ञानुवाकर पौडेलदेखि हालसम्म

अर्का अध्येता गोवर्धन पूजाले 'आकाश गजल अङ्क'[३५]को भूमिकामा नेपाली गजलको काल विभाजन यसरी गरेका छन् :

१. प्राथमिक कालः (वि.सं.१९४०-१९९२)

२. माध्यमिक कालः (वि.सं.१९९३-२०३५)

३. पुनर्जागरण कालः (वि.सं. २०३६-२०४५)

४. आधुनिक कालः (वि.सं.२०४६-हाल)

अर्का अध्येता देवी पन्थीले 'गजल सिद्धान्त र समालोचना'[३६] पुस्तकमा नेपाली गजलको काल विभाजन यसप्रकार गरेका छन् :

१. प्राथमिक कालः (वि.सं. १९४०-१९९२)

२. माध्यमिक कालः (वि.सं. १९९३-२०३५)

३. आधुनिक कालः (वि.सं.२०३६-हाल)

अर्का 'गजलअध्येता प्रभाती किरणले 'नेपाली गजलः विगत र वर्तमान'[३७] मा नेपाली गजलको यसरी काल विभाजन गरेका छन् :

१. पहिलो चरण : (वि.सं. १९४०-२००२), प्रारम्भ काल

२. दोस्रो चरण : (वि.सं. २००३-२०३५) सुषुप्त काल

३. तेस्रो चरण : (वि.सं.२०३६-हाल) आधुनिककाल

आधुनिक काल

(क) पुनर्जागरणकाल (२०३६-२०५०),

(ख) उर्वर वा विकासकाल (२०५१-हाल)

नेपाली गजलको कालविभाजनसम्बन्धमा परम्परागत सोच र मान्यताका आधारमा प्रस्तुत दुवसु क्षेत्री, रोशन थापा, गोबर्धन पूजा, देवी पन्थी र प्रभाती किरणका अवधारणालाई तथ्यगत रूपमा युक्तिसङ्गत मान्न सकिन्न, मोतीरामदेखि उपेन्द्रबहादुर जिगर पछिका म.वि.वि. शाह

---

३५ गोवर्धन पूजा, भूमिका, आकाश वर्ष ४, अङ्क १, (काठमाडौं : आकाश परिवार, २०५३), पृष्ठ क-ज ।

३६ देवी पन्थी, गजल सिद्धानत र समालोचना, (विराटनगरः वि.वा.प्र., २०५९), पृष्ठ २७ ।

३७ प्रभाती किरण, नेपाली गजलः विगत र वर्तमान (काठमाडौं : अनाममण्डली, २०६४), पृष्ठ ८४ ।

(१९४०-२०३५) सम्मका गजलको विषयगत, भावगत र प्रवृत्तिगत मान्यतामा कुनै भिन्नता पाइँदैन । शृङ्गारिक भावमा संरचित भक्ति र प्रेमकै गजलहरूकै बहुलता यस अवधिमा रहेको पाइन्छ । यसर्थ यस अवधिलाई दुई कालमा विभाजन गर्नुको कुनै औचित्य रहँदैन भने कुनै व्यक्तिविशेषको नाममा सिङ्गै युग नामकरण गर्नु पनि औचित्यपूर्ण मान्न सकिन्न । विक्रमाब्द १९४० देखि २०३४ सम्मका गजलको प्रवृत्तिगत साम्यता रहेको पाइन्छ र विक्रमाब्द २०३५ देखि मात्र गजलको विषय र प्रवृत्तिमा नवीनता आएको हो ।

तेस्रो वर्गमा अध्येताहरूमा ललिजन रावल, घनश्याम न्यौपाने, मनु ब्राजाकी, सनतकुमार, अमर त्यागी, टीकाराम उदासी र कृष्णहरि बरालले नेपाली गजलको कालविभाजन यस प्रकार गरेका छन् :

१. ललिजन रावल

(क) प्राथमिक काल : (वि.सं.१९४०-१९९६), मोतीरामदेखि उपेन्द्रबहादुरसम्म ।

(ख) पुनर्जागरण काल : (वि.सं.२०४०-हाल) ज्ञानुवाकरदेखि वर्तमानसम्म । [३८]

२. घनश्याम न्यौपाने परिश्रमी

(क) प्राथमिक काल : (वि.सं.१९४०-१९९६) मोतीरामदेखि उपेन्द्रबहादुरसम्म ।

(ख) पुनर्जागरण काल : वि.सं. २०३६-हाल) ज्ञानुवाकरदेखि वर्तमानसम्म । [३९]

३. सनतकुमार बस्ती

(क) पहिलो चरण : मोतीरामदेखि मवि.वि.शाहसम्म

(ख) दोस्रो चरण : ज्ञानुवाकरदेखि हालसम्म ।[४०]

४. अमर त्यागी

(क) प्राथमिक काल : वि.सं. १९४०-१९९६, मोतीरामदेखि जिगरसम्म

(ख) पुनर्जागरण काल : वि.सं. १०३५-हाल), ज्ञानुवाकरदेखि वर्तमानसम्म [४१]

५. टीकाराम उदासी

(क) पहिलो रचण : वि.सं १९४०-२०३५)

(ख) दोस्रो चरण : वि.सं. २०३६-हाल) [४२]

---

३८ ललिजन रावल, (सम्पा), भूमिका, समकालिन नेपाली गजल, (काठमाडौं : बगर प्रकाशन, २०४७), पृष्ठ ६ ।

३९ घनशयाम न्यौपाने "नेपाली गजलको विकास प्रक्रिया", मधुपर्कः वर्ष २९, अङ्क ३, (काठमाडौंः गो.प., २०५३), पृष्ठ ४ ।

४० सनतकुमार, सबैरै आएँ, (कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर सृजनापत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०५२) पृष्ठ ३१ ।

४१ अमर त्यागी, "नेपाली गजलको परम्परा र प्रवृत्ति", पूर्ववत्, पृष्ठ १४० ।

४२ टीकाराम उदासी, गजल सिद्धान्त र नेपाली गजलको इतिहास, (नेपाल, अ.प्र., २०५९), पृष्ठ ४१ ।

६. कृष्णहरि बराल

(क) प्रथम चरण : (वि.सं. १९४०-२००२ सम्म)

(१) पूर्वार्द्ध : (वि.सं. १९४०-२००२ सम्म)

(२) उत्तरार्द्ध : (वि.सं. २००३-२०३५ सम्म)

(ख) द्वितीय चरण : (वि.सं. २०३६- हालसम्म)[४३]

नेपाली गजलको उद्भवदेखि हालसम्मको विकास प्रक्रियाको विषय, भाव, प्रस्तुति र प्रवृत्तिगत मूल्य र महत्तालाई केही हदसम्म मूल्याङ्कन गरेर यस वर्गका अध्येताहरूले नेपाली गजलको काल निर्धारण गर्ने प्रयास गरे पनि त्रुटिरहित विभाजन भने हुन सकेको छैन । ललिजन रावल, घनश्याम न्यौपाने, अमर त्यागी आदिले प्राथमिक काल र पुनर्जागरणकाल विभाजन गर्दै प्राथमिक काल वि.सं. १९४० देखि १९९६ सम्मलाई र पुनर्जागरणकाल २०३६ देखि हालसम्मलाई मानेका छन् । वि.सं. १९९७ देखि २०३५ सम्मको समयलाई शून्यमा राख्नु युक्तिसङ्गत मान्न सकिन्न किनकि यस अवधिमा पनि न्यून मात्रामै भए पनि गजल सृजना भएको पाइएको छ र यस अवधिका गजललाई शून्यमै हराइदिनु न्यायसङ्गत हुँदै हुँदैन । त्यसैगरी वि.सं. २०३५ देखि हालसम्म गजल के पुनर्जागरण नै भइरहेको छ त ? भन्ने प्रश्न उठ्छ, यसर्थ यस विभाजनलाई पनि समुचित मान्न सकिन्न । त्यसैगरी सनतकुमारले मोतीरामदेखि म.वि.वि. शाहसम्मलाई पहिलो चरण र ज्ञानुवाकरदेखि हालसम्मलाई दोस्रो चरण मानेका छन् । टीकाराम उदासीले पनि वि.सं. १९४० देखि २०३५ सम्मलाई पहिलो चरण र वि.सं. २०३६ देखि हालसम्मलाई दोस्रो चरण मानेका हुन् । यो विभाजन अन्यविभाजनभन्दा बढी उचित देखिन्छ । तर पनि सनतकुमारको पहिलो चरणलाई म.वि.वि.सम्मलाई नै मान्नुपर्ने स्पष्ट तथ्यगत औचित्य देखिन्न भने ज्ञानुवाकर पौडेलदेखि हालसम्मलाई दोस्रो चरण मान्नुले नेपाली गजलको पुनर्जागरण नै भइरहेको सङ्केत गर्छ । त्यस्तै उदासीको प्रथमचरणमा मोतीरामदेखि कुन गजलकार २०३५ को विन्दुमा रह्यो र दोस्रो चरणमा ज्ञानुवाकर पौडेलदेखि हालसम्मका गजल केकस्ता अवस्थासम्ममा आइपुगेका छन् भन्ने स्पष्ट यथार्थ निक्यौंल पाइन्न । त्यसैगरी बरालले पूर्वार्द्धलाई वि.सं. १९४० देखि २०३५ सम्म मानेर त्यसलाई दुई चरणमा विभाजन गरे पनि उत्तरार्द्धलाई चरण विभाजन नगरेकाले कालविभाजन युक्तिसङ्गत बन्नसकेको छैन । उत्तरार्द्ध पुनर्जागरणबाट सुरू भएर हालसम्म आइपुग्दा नेपाली गजलले

४३ कृष्णहरि बराल, गजलः सिद्धान्त र परम्परा (काठमाडौं: सा.प्र., २०६४), पृष्ठ २६४ ।

व्यापकता, उर्वरता र उत्कर्षता प्राप्त गरिसकेको हुँदा यसलाई पनि दुई चरणमा विभाजन गरेको भए बढी युक्तिपूर्ण हुने थियो भन्न सकिन्छ ।

नेपाली गजलको विकासक्रमलाई विभिन्न अध्येताहरूले विभिन्न किसिमले काल निर्धारण गर्ने प्रयास गरे पनि यहाँ तेस्रो वर्गका अध्येताहरूको कालनिर्धारण केही हदसम्म युक्तिसङ्गत रहेको मान्न सकिन्छ । त्यसमा सनतकुमार, टीकाराम उदासी र कृष्णहरि बरालको काल निर्धारणलाई केही परिमार्जित गरेर नेपाली गजलको काल विभाजन यसरी गर्न सकिन्छ :

१. पहिलो चरण : वि.सं. १९४० देखि २०३४ सम्म

(क) सक्रिय काल : वि.सं. १९४० देखि १९९६ सम्म

(ख) निष्क्रिय काल : वि.सं. १९९७ देखि २०३४ सम्म

२. दोस्रो चरण : वि.सं. २०३५ देखि हालसम्म

(क) पुनर्जागरण काल : वि.सं. २०३५ देखि २०५० सम्म

(ख) उर्वर काल : वि.सं. २०५१ देखि हालसम्म

## ५.५ नेपाली गजलको प्रथम चरण

नेपाली गजलको प्रथम चरण वि.सं. १९४० देखि २०३४ सम्मलाई मान्नु युक्तिपूर्ण देखिन्छ किनकि यस अवधिका नेपाली गजलको विषय, भाव, शिल्प र प्रस्तुतिमा समानता रहेको छ । मोतीराम भट्टबाट प्रादुर्भूत नेपाली गजलको यस चरणलाई पनि सक्रियकाल र निष्क्रिय काल गरी दुई कालमा विभाजन गर्नु समुचित देखिन्छ । मोतिराम भट्टदेखि उपेन्द्रबहादुर जिगरसम्मको अर्थात् १९४० देखि १९९६ सम्मलाई सक्रिय काल र १९९७ देखि २०३४ सम्मलाई निष्क्रिय काल मान्नु अधिक तर्कसङ्गत छ । सक्रियकालमा गजलको उद्भव शृङ्गारिक भावधारामा भयो र यस कालका गजलको मूल प्रवृत्ति पनि शृङ्गारिक नै रहयो ।[४४] शृङ्गारभित्र भक्ति र नीति पनि रहेको छ। त्यसैगरी निष्क्रिय कालको गजलको मूल प्रवृत्ति पनि शृङ्गारिक विषयको प्रस्तुति नै हो । शृङ्गारिक विषयभित्र जीवनबोध, समाजबोध, राष्ट्रबोध, र अस्तित्वबोधका ससाना झिल्का- झिल्कीहरू पाइए पनि यस अवधिका गजलको मूल स्वर शृङ्गार र भक्ति नै रहेको देखिन्छ। सक्रिय काल गजलको सशक्त काल हो र यस कालमा गजलमण्डली सामूहिक तथा निजी सङ्ग्रह प्रकाशनमा सक्रियता रहेको पाइन्छ । निष्क्रिय कालमा यस्तो सक्रियता नरहेर विभिन्न पुस्तक तथा सङ्ग्रहहरूमा फाट्टफुट्ट रूपमा मात्र गजलसङ्कलन गरिएको पाइन्छ ।

---

४४ टीकाराम उदासी, गजल सिद्धान्त र नेपाली गजलको इतिहास, पूर्ववत्, पृष्ठ ४८ ।

## ५.५.१ प्रथम चरणका प्रमुख गजलकार र गजलकृतिहरू [४५]

| | गजलकार | गजलकृति | गजल सङ्ख्या |
|---|---|---|---|
| १ | मोतीराम भट्ट 'मोती' (१९२३-१९५३) | १. सङ्गीत चन्द्रोदय (१९६९) | बत्तीस गजल प्रकाशित |
| २. | लक्षीदत्त पन्त 'इन्दु' (१९२२-१९६२) | १. सङ्गीत चन्द्रोदय (१९६९) | सोह्र गजल प्रकाशित |
| ३. | नरदेव पाण्डे 'सुधा' (१९२९-२००१) | १. सङ्गीत चन्द्रोदय (१९६९) | तीन गजल प्रकाशित |
| ४. | गोपीनाथ लोहनी 'नाथ' (१९३०-१९७४) | १. सङ्गीत चन्द्रोदय (१९६९) | तेत्तीस गजल प्रकाशित |
| ५. | रत्नलाल 'रत्न' | १. सङ्गीत चन्द्रोदय (१९६९) | उन्नाइस गजल प्रकाशित |
| ६. | मिया अमजद हुसैन 'अन्जान' | १. सङ्गीत चन्द्रोदय (१९६९) | एक गजल प्रकाशित |
| ७ . | अजब | १. सङ्गीत चन्द्रोदय (१९६९) | छ गजल प्रकाशित |
| ८. | शम्भुप्रासद ढुङ्गेल (१९४६-१९८६) | १. नत्रा गजल (१९९१)<br>२. शम्भु भजनमाला (१९८३)<br>३. शम्भुका गजल (२०५६) | उन्नईस गजल प्रकाशित<br>सय गजल प्रकाशित<br>एकसय पचास गजल प्रकाशित |
| ९. | भीमनिधि तिवारी (१९६०-२०३०) | १. मेरी बयासी गजल (१९९३)<br>२. बयासी र बीस गजल मेरी (२०५१) दो.सं. | बयासी गजल प्रकाशित<br>थप बीस प्रकाशित |
| १०. | उपेन्द्रबहादुर जिगर (१९६०-२०३०) | १. एकसय एक गजल (१९९६) | एकसय एक गजल प्रकाशित |
| ११. | भक्त | १. 'नत्रा गजल | दुई गजलरचना प्रकाशित |
| १२. | बेहोसी | १. नत्रा गजल | एक गजल रचना प्रकाशित |
| १३. | निराला | १. नत्रा गजल | एक गजल रचना प्रकाशित |
| १४. | बहादुरसिंह बराल | १. बरालको आँसु (२०५०), दो.सं. | एकसय एकासी गजल प्रकाशित |
| १५. | दुर्गा मल्ल | १. बरालको आँसु (२०५०) दो.सं. | एक गजल प्रकाशित |
| १६. | मङ्गावती | १. बरालको आँसु (२०५०) दो.सं. | तीन गजल प्रकाशित |
| १७. | मैतराम | १. बरालको आँसु | एक गजल प्रकाशित |

४५ कृष्णहरि बराल, गजल सिद्धान्त र परम्परा, पूर्ववत्, पृष्ठ २६४ ।

| | | | |
|---|---|---|---|
| | | (२०५०), दो.सं. | |
| १८. | पवित्रादेवी | १. बरालको आँसु (२०५०) | एक गजल प्रकाशित |
| १९. | शम्शेरसिंह | १. बरालको आँसु<br>(२०५०), दो.सं. | एक गजल प्रकाशित |
| २०. | दिलीप | २. मनको विर्ह<br>(१९३८), दो.सं. | दुई गजल प्रकाशित |
| २१. | मित्रसेन | १. बरालको आँसु<br>(२०५०), दो.सं.<br>२. मनको विर्ह (१९३८) | तीन गजल प्रकाशित<br><br>दुई गजल प्रकाशित |
| २२. | कृष्णमञ्जरी | १. मेरो आँसु (२००४) | उनन्तीस गजलरचनाको प्रकाशित |
| २३. | तारिणीप्रसाद कोइराला<br>(१९७७-२०३१) | १. झङ्कार (२००८) | तीन गजलसंरचनाको रचना<br>प्रकाशित |
| २४. | लेखनाथ पौड्याल<br>(१९४१-२०२२) | १. लक्ष्मीपूजा (१९९४)<br><br>२. भर्तृहरि निर्वेद (२०२०)<br>३. लालित्य भाग २ (२०३४) | एक गजलसंरचनाको रचना<br>प्रकाशित<br>दुई गजलसंरचनाको रचना<br>प्रकाशित<br>आठ गजलसंरचनाको रचना<br>प्रकाशित |
| २५. | बालकृष्ण सम<br>(१९५९-२०३८० | १. मेरो कविताको आराधना<br>(२०१३)<br>२. चिसो चुल्हो (२०३१) | आठ गजलसंरचनाको रचना<br>प्रकाशित<br>एक गजलसंरचनाको रचना<br>सङ्कलित |
| २६. | लक्ष्मीप्रसाद देवकोटा<br>(१९६६-२०१६) | ४. सावित्री सत्यवान् (२०१३)<br><br>२. चिल्ला पातहरू (२०२१)<br><br>३. मनोरञ्जन (२०२४)<br><br>१. सुनको बिहान (२०३१) | तीन गजलसंरचनाको रचना<br>प्रकाशित<br>पाँच गजलसंरचनाको रचना<br>प्रकाशित<br>तीन गजलसंरचनाको रचना<br>प्रकाशित<br>एक गजलसंरचनाको रचना<br>प्रकाशित |
| २७. | म.वि.वि.शाह<br>(१९७७-२०२८) | १. उसैको लागि (२०१५)<br>२. फेरि उसैको लागि (२०४५)<br><br>३. अर्कै उसैको लागि (२०५८)<br><br>४. के छ र दिउँ (२०५८) | छ गजलसंरचनाको रचना<br>प्रकाशित<br>बाह्र गजलसंरचनाको रचना<br>प्रकाशित<br>तीन गजलसंरचनाको रचना<br>प्रकाशित |

| | | | |
|---|---|---|---|
| | | | दुई गजलसंरचनाको रचना प्रकाशित |
| २८. | भूपि शेरचन (१९९२-२०४६) | १. कवि भूपि : विश्लेषण र मूल्याङ्कन (२०५७) | दुई गजलसंरचनाको रचना प्रकाशित |
| २९. | छिन्नलता (१९८०-२०५७) | १. अन्तर्तरङ्ग (२०४७)<br>२. अन्तस्पदन (२०४८)<br>३. अन्तर्वेदना (२०५९)<br>४. अन्तर्भावना (२०५१) | सोह्र गजल<br>पन्ध्र गजल<br>दुई गजल<br>छ गजल |
| ३०. | राममान तृषित (१९९७) | १. फूल थरीथरीको (२०३३)<br>२. शोरा (२०४०) | चार गजल<br>तेत्तीस गजल |

## ५.६ नेपाली गजलको द्वितीय चरण

नेपाली गजलको विकासक्रमको दोस्रो चरण वि.सं. २०३६ बाट सुरु हुन्छ । पहिलो चरणको निष्क्रियकाललाई अन्त्य गरेर ज्ञानुवाकर पौडेलले नेपाली गजललाई पुनर्जागरण गरेपछि नै दोस्रो चरण सुरु भएको हो । दोस्रो चरणको पूर्वार्द्धलाई पुनर्जागरण काल र उत्तरार्द्धलाई उर्वरकाल मान्नु अधिक औचित्यपूर्ण मान्न सकिन्छ। नेपाली गजलको पुनर्जागरण भएपछि अहिलेसम्म पुनर्जागरण नै भइरहेको छैन, अहिले त नेपाली गजल निकै उर्वर भइसकेको छ । हालसम्म आइपुग्दा नेपाली गजलको असङ्ख्य गजलकार भेटिसकेका छन् र असङ्ख्य पत्रपत्रिकामा यसले अटुट रूपमा स्थान ओगटिसकेको छ । पुनर्जागरणदेखि हालसम्मको नेपाली गजलको विषयगत, भावगत, प्रस्तुतिगत, शिल्पसंरचनागत र प्रवृत्तिगत भाव भङ्गिमामा समानता रहेको छ ।[४६] पुनर्जागरणकालमा स्वनिर्मित बहरको अत्यधिक प्रचलन रहेको र उर्वरकालमा इस्लामिक बहरको पनि प्रयोग हुन थालेको पाइन्छ। साथै उर्वरकालमा गजलसिद्धान्तका पुस्तक तथा गजलपत्रिका प्रकाशन एवम् गजलसंस्था र पुरस्कारको स्थापनामा समेत तीव्रता आएको पाइन्छ।

### ५.६.१ दोस्रो चरणका प्रमुख गजलकार र गजलकृतिहरू

$^ ऐजन, पृष्ठ २७४ .

| | गजलकार | गजलकृति | प्रकाशक र प्रकाशन मिति |
|---|---|---|---|
| १. | रवि प्राञ्जल (२०१७) | १. तारिदेऊ न माफी दाइ<br>२. उही बाढी उही भेल | काठमाडौं : अनुराग प्रकाशन, (२०३८)<br>काठमाडौं : लेखक स्वयम्, (२०६०) |
| २. | ललिजन रावल (२०२१) | १. केही गजलहरू<br>२. बिरानो यो देशमा<br>३. सिरानीमा आँशु<br>४. बन्द खामभित्र | काठमाडौं : साहित्य सन्ध्या (२०४२)<br>काठमाडौं: महेशविक्रम शाह (२०४६)<br>काठमाडौं : अनुराग प्रकाशन (२०५९)<br>काठमाडौं : अनाममण्डली (२०६६) |
| ३. | धर्मोगत शर्मा तूफान (२०१३) | १. तूफानका गजलहरू<br>२. देशको माटो दुख्ने गर्छ | काठमाडौं : विप्लव प्रकाशन (२०४२)<br>काठमाडौं : विप्लव प्रकाश २०४९) |
| ४. | ज्ञानुवाकर पौडेल (२००९) | १. खण्डहर नयाँ नयाँ | काठमाडौं : साझा प्रकाशन (२०४९) |
| ५ | बद्रीलाल निराशा (२०१६) | १. केही गजलहरू निरासाका | काठमाडौं : लेखक स्वयम् (२०४९) |
| ६. | खगेन्द्रप्रसाद बस्याल (२०१६) | १. दैलातुङ फाँटबाट सुरु भएको यात्रा | नवलपरासी : देवचुली प्रकाशन (२०४९) |
| ७. | कुमार शिशिर (२०२९) | १. शिशिरका शीतहरू | काठमाडौं : प्रतिभा समूह (२०५०) |
| ८. | मनु ब्राजाकी (१९९९) | १. गजलगङ्गा<br>२. काँडाका फूलहरू | काठमाडौं : साझा प्रकाशन (२०५१)<br>काठमाडौं : साझा प्रकाशन (२०५६) |
| ९. | यज्ञविक्रम शाही (२०२७) | १. बाच्ने रहरहरू | काठमाडौं : गोविन्द भट्टराई, (२०५०) |
| १०. | घनश्याम न्यौपाने (२०१५) | १. यो मौसम<br>२. घामको छहारीमा<br>३. जून चुहेको रात<br>४. जुनुमामा<br>५. राम्रा चाचा मीठा खाना | सौदामिनी प्रकाशन नवलपसारी (२०५०)<br>काठमाडौं : पम्फा नेपाल, (२०५२)<br>काठमाडौं : भूँडीपुराण प्रकाशन, (२०६३)<br>नेपाल : अतिरिक्त प्रकाशन (२०६०)<br>काठमाडौं : बि.सृ.प्र. (२०६३) |
| ११. | चन्द्र पोखरेल प्रभात (२०१९) | १. धर्ती र आकाश | पाँचथर : नौलो सा.वि. (२०५१) |
| १२. | वियोगी बुढाथोकी (२०११) | १. आफन्तका चोटहरू<br>२. गजल तिम्रो नाम होइन | काठमाडौं : सकुन्तला बुढाथोकी (२०५३)<br>काठमाडौं : शिवपुरी साहित्य समाज (२०६३) |
| १३. | धर्म प्रधान अकिञ्चन ( | १. मृगमरीचिका | नारायणगढ जु-च्याम्बर चितवन ( |

| | | | |
|---|---|---|---|
| | २०1०) | | २०५२) |
| १४. | श्रेष्ठ प्रिया पत्थर (२०२१) | १. पग्लिएका व्यथाहरू<br>२. पत्थरका प्रलापहरू<br>३. आँसुको सौगात | कैलाली : क.सा. समूह (२०५३)<br>कैलाली : सुदू स.स. समाज (२०५४)<br>कैलाली : सुदूर स.स. समाज (२०६०) |
| १५. | मुन पौडेल (1०1२) | १. गजलोत्सव | जनकपुर : पद्मानन्द ट्रष्ट (२०५३) |
| १६. | निमेष नेवा (२०२७) | १. याद | काठमाडौं : प्रतिभा समूह (२०५३) |
| १७. | आर.वी. फ्लेम (२०२०) | १. ज्वालाका रापहरू | पोखरा : कल्पना घिमिरे (२०५४) |
| १८. | दिव्य गिरी (२०११) | १. सागर लहर किनार | ललितपुर : शकुन्तला पुरी (२०५४) |
| १९. | गोवर्धन पूजा (२०२७) | १. धर्तीको धुलो | ललितपुर : आकाश परिवार (२०५४) |
| २०. | के.वी. उदय (२०३८) | १. जेलभित्रको मुटु | दाङ : थम्मन अधिकारी (२०५४) |
| २१. | सङ्गसेन ओली (२०२९) | १. बादलको गुफा | काठमाडौं : लेखक स्वयम् (२०५४) |
| २२. | विजयभक्त उपाध्याय (२०२८) | १. विजयको गजल | गोरखा : अम्बिका उपाध्याय (२०५४) |
| २३. | राजेश्वर रेग्मी | १. परिभाषा हराउँदा | विराटनगर : लेखक स्वयम् (२०५५) |
| २४. | गोविन्द नेपाल (२०२६) | १. ढुङ्गाको मन | काठमाडौ : उपेन्द्र नेपाल (२०५५) |
| २५. | बूँद राना (२००३) | १. रातो मलाई प्यारो<br>२. चल्दै छ जिन्दगी | नेपाल : रा.ज.मञ्च (२०५६)<br>काठमाडौं : अनाममण्डली (२०६४) |
| २६. | काशीराम विरस (२०३३) | १. जिन्दगीका रेखाहरू<br>२. स्पर्शको अनुभूति | भक्तपुर : प्रवाह सा.प. (२०५६)<br>काभ्रे : जनमत प्रकाशन (२०५८) |
| २७. | टीकाराम उदासी (२०३०) | १. वर्तमान बाँच्न खोज्दा<br>२. परिवेशका धुनहरू | दाङ : भरत जङ्गम (२०५०)<br>काठमाडौं : मध्य प.सा.प. (२०५६) |
| २८. | गोविन्दराज विनोदी (२०1०) | १. मिर्मम निर्मम घडीहरू | चितवन : चि.सा.प. (२०५६) |
| २९. | दिव्यसागर साउद (२०३३) | १. एउटा लहर सागरको | कैलाली : आर्दशदीप रावल (२०५६) |
| ३०. | भीम विराग (१९९१) | १. भीम विरागका गीतगजल | मकवानपुर : म.उ.ब.सङ्घ २०५० |
| ३१. | पूर्ण भण्डारी (२०२७) | १. सङ्कल्पका शिखा | काठमाडौं : मध्य प.स.प. (२०५६) |
| ३२. | उत्सव खरेल (२०३३) | १. टाढिएको वसन्त | काठमाडौ : ने.सा.सं. (२०५७) |

| | | | |
|---|---|---|---|
| ३३. | विजय सुब्बा (२०१५) | १.विजय सुब्बाका गीत गजलहरू | तेह्रथुम : स्वरअभियान (२०५७) |
| ३४. | रमेश हरिलट्टक (२०३७-२०६२) | १. दबाइएका स्वरहरू<br>२. जिन्दगीको कहानीमा | भरतपुर : बाडुली जमघट (२०५६)<br>बुटवल : गजल सागर (२०६१) |
| ३५. | अमर त्यागी (२०२५) | १. बाँसुरीमा आँसुको गीत | बारा : देवकोटा स्मृति सभा (२०५७) |
| ३६. | गोपाल अश्क (२०१८) | १. जीवनको लेकबेसी<br>२.प्रेमान्तर (गजल महाकाव्य) | पर्सा : सौरभ प्रकाशन (२०५४)<br>पर्सा : लेखक स्वयम् (२०६२) |
| ३७. | रामलाल जोशी (२०५४) | १. टाढिएको वसन्त | काठमाडौं : ने.सा.स. (२०५७) |
| ३८. | राममान तृषित (१९९७) | १. प्रेमसीका आँखासित पिरतीका कुरा | काठमाडौं : वासुशशी.स्मृ.प्र. (२०५४) |
| ३९. | मधु साश्रु (२०३१) | १. पीडा अनन्त हुन्छ | बर्दिया : लेखक स्वयम् (२०५७) |
| ४०. | रासा (२०२६) | १. रात निदाएका रातमा<br>२. घाउमाथि घाउ | काठमाडौं : सायमी प्रकाशन (२०५८)<br>काठमाडौं : सायमी प्रकाशन (२०६३) |
| ४१. | माधव वियोगी (२०१८) | १. गुम्सिएका भावहरू | कास्की : ग.सा.प. (२०५८) |
| ४२. | नारद निठुरी (२०२७) | १. चहराइरहेका घाउहरू | काठमाडौं : संस्करण प्रकाशन (२०५८) |
| ४३. | विष्णुबहादुर सिंह (२००९) | १. सल्बलाउँछन् ओठहरू | काठमाडौं : ग्रा.म.वि.समाज (२०५८) |
| ४४. | रोशनकुमार राजभण्डारी | १. पुष्पाञ्जलि[1]<br>२. पुष्पाञ्जलि[2]<br>३. गजलान्ती | भक्तपुर : सत्यनारायण प्रजापति (२०५२)<br>भक्तपुर : सु.क्रि.स. (२०५५)<br>भक्तपुर : कृष्णमैयाँ राजभण्डारी (२०६०) |
| ४५. | देवी पन्थी (२०१५) | १. मनको बह | विराटनगर : वाणी प्रकाशन (२०५६) |
| ४६. | शान्तिनारायण श्रेष्ठ (१९९६) | १. स्पन्दन | पर्वत : लेखक स्वयम् (२०६०) |
| ४७. | कृसु क्षेत्री (२०३२) | १. अर्धमूदित आँखाहरू | काठमाडौं : व.मा.प्र.प्र. (२०५८) |
| ४८. | पुष्करराज भट्ट (२०६५) | १. सुनौलो बिहानी | कैलाली : सु.प.सा.स. (२०५८) |
| ४९. | मीनबहादुर थापा (२०३४) | १. मेरा हत्केलाका रेखाहरू | कैलाली : लेखक स्वयम् (२०५८) |
| ५०. | दीर्घराज अनुराग | १. उनैको यादमा | काठमाडौं : गजल मञ्च (२०५९) |
| ५१. | गोपाल पौडेल (२०३०) | १. छातभिरि तिम्रो माया | काठमाडौं : गजल मञ्च (२०५९) |
| ५२. | शम्भुकुमार मिलन (२०५६) | तिम्रो शहरमा | काठमाडौं : निर्मला रेग्मी (२०५९) |

| | | | |
|---|---|---|---|
| ५३. | विमलप्रसाद देवकोटा (२०२७) | १. पलपलका तलतलहरू<br>२. पलपलमा परिमल | नवलपरासी : त्रि.सा.प. (२०६३)<br>चितवन : प.सा.प्र. (२०६३) |
| ५४. | श्यामप्रसाद शर्मा (२०२४) | १. बोली गजबको | बुटवल : टङ्गप्रसाद न्यौपाने (२०५९) |
| ५५. | प्रोल्लास सिन्धुलीय (२०३१) | १. आँखाभरि भुइँकुइरो | काठमाडौं : शब्दघर (२०५९) |
| ५६. | प्रकाश अधिकारी (२०३६) | १. यात्रा अधुरो छ | काठमाडौं : गोविन्द भण्डारी (२०५९) |
| ५७. | टेकबहादुर ठकुल्ला (२०२८) | १. मनभित्रको ज्वारभाटाहरू | कैलाली : सु.प.ग.मञ्च (२०५९) |
| ५८. | जीवनपानी (२०२८) | १. जीवनपानीका फोहराहरू<br>२. जीवनपानीका सुस्केराहरू<br>३. जीवनपानीका तरङ्गहरू | काठमाडौं : दा.वा.प्र. (२०५९)<br>काठमाडौं : दा.वा.प्र. (२०६१)<br>काठमाडौं : दा.वा.प्र. (२०६३) |
| ५९. | खगेन्द्र गिरी कोपिला (२०२२) | १. व्यग्र चाँदनी | कैलाली : सु.प.ग.म., (२०६०) |
| ६०. | रमेश समर्थन (२०१७) | १. पर्खी बसेँ | गौर : रौटहटरश्मि (२०६०) |
| ६१. | धनराज गिरी (२०१५) | १. गजलामृत<br>२. ढल्दैन स्वाभिमान कसै गरे पनि | चितवन : वा.सा.स. (२०६०)<br>चितवन : गजल मञ्च (२०६०) |
| ६२. | प्रदीप बगर (२०४४) | १. तिम्रो याद | बाग्लुङ : दलबहादुर थापा (२०६०) |
| ६३. | शशी मरासिनी (२०३८) | १. नजुरेको धुन | काठमाडौं : द.म.स्मृति.प्र. (२०६०) |
| ६४. | अथाहसागर तीर्थमान (२०३९ | वर्तमान बिझाउँदा | काठमडौं : प्रमिला श्रेष्ठ. (२०६०) |
| ६५. | चंकी श्रेष्ठ (२०२८) | १. फूलबिनाको शाखा | काठमाडौं : वि.सि.प्र. (२०६०) |
| ६६. | नवीन राई (२०३२) | १. चोटका फूलहरू | खोटाङ : रा.वा.क.प्र. (२०६०) |
| ६७. | स्वागत नेपाल (२०३०) | १. धमिराको दरबार | काठमाडौं : वि.स.प्र. (२०६०) |
| ६८. | जनकराज पौडेल (२०३७) | १. एउटा कथा | झापा : पूर्वाञ्चल ग.म. (२०६०) |
| ६९. | रामगोपाल आँशुतोष (२०३०) | १. आँशुतोषका रहरहरू | काठमाडौं : वि.सि.प्र. (२०६०) |
| ७०. | पदम गौतम (२०३१) | १. एकलासको फूल | काठमाडौं : वि.सि.प्र. (२०६०) |
| ७१. | मणि कोइमी (२०३७) | १. जूनको आभा | काठमाडौं : वि.सि.प्र. (२०६०) |
| ७२. | गोपीकृष्ण ढुङ्गाना (२०३१) | १. मौनताका रातहरू | काठमाडौं : वि.सि.प्र. (२०६०) |
| ७३. | सुमित्रा बाङ्देल (२०२४) | १. गङ्गाजल | दमक : दमक.सा.प्र. (२०६०) |

| | | | |
|---|---|---|---|
| ७४. | नेत्र एटम (२०२६) | १ भित्र कतै दुख्छ भने | काठमाडौं : दोभान प्रकाशन (२०६०) |
| ७५. | नारायण कौशिक (२०२७) | १. उही धर्ती उही आकाश | कञ्चनपुर : इन्टरनेशनल स्कुल (२०६०) |
| ७६. | अशोक राई (२०२९) | १. रहर | झापा : पवला राई (२०६०) |
| ७७. | केशवराज आमोदी (२०१३) | १. जलतरङ्ग | चितवन : वा.सा.स. (२०६१) |
| ७८. | रमेश सुवेदी (२०३०) | १. मनको तरेलीमा | दाङ : राप्ती साहित्य परिषद्, (२०६१) |
| ७९. | शिव प्रणत (२०२६) | १. कुन्ती (गजलकाव्य) | झापा : निर्माण व्य. सङ्घ, (२०६१) |
| ८०. | होमप्रसाद बाँस्तोला (२०२८) | १. घाम हराएको दिन | विराटनगर : वाणी प्रकाशन, (२०६१) |
| ८१. | अञ्जु अञ्जलि (२०४१) | १. च्यातिएर वर्तमान | काठमाडौं : गजलमञ्च, नेपाल (२०६१) |
| ८२. | दीपक सुवेदी | १. दीप जलेपछि | झापा : गजल मञ्च (२०६१) |
| ८३. | अनमोलमणि (२०३८) | १. नदी किनारमा उभिएर | काठमाडौं : वि.सं.प्र.प्रा.लि. (२०६१) |
| ८४. | धनकुटे कान्छा (२०२६) | १. लाशमाथि एउटा बच्चा | धनकुटा : पु.गजल मञ्ज, (२०६१) |
| ८५. | नारायणप्रसाद शर्मा (२०५०) | १. एउटा अर्को आकाश<br>२. स्वप्नलोक | नेपालगन्ज : मध्य.प.ग.म. (२०६३)<br>नेपालगन्ज : मध्य प.ग.म. (२०६३) |
| ८६. | तारा धुर्कापानी | १. बिसौनीमा | इलाम : प्रभा घिमिरे (२०६१) |
| ८७. | श्यामप्रसाद न्यौपाने (२०२४) | १. फेरि पनि अचम्मको बात | नवलपरासी : त्रिवेणी सा.प. (२०६१) |
| ८८. | ऋचा लुइँटेल (२०३९) | १. भावनाको यात्रा<br>२. पुष्पलता : कलमका डोबहरूमा | काठमाडौं : गजलमञ्च, (२०६१)<br>काठमाडौं : गजल मञ्च (२०६१) |
| ८९. | घनेन्द्र ओझा (२०३६) | १. आफ्नै चिहानमा पुगेर<br>२. बल्झेर याद तिम्रो | काठमाडौं : वि.सं.प्र.प्रा.लि. (२०६१)<br>काठमाडौं : हजुरको प्रकाशन, (२०६१) |
| ९०. | अतीत ओझा (२०३६) | १. अभिशप्त आशीष | काठमाडौं : चुप्लु समाज (२०६१) |
| ९१. | छविलाल कोपिला | १. भौगर | दाङ : सबिता प्रकाशनः (२०६१) |
| ९२. | बुद्धिसागर चपाइँ (२०३८) | १. रारा जलेपछि | काठमाडौं : वैरागी जेठा, (२०६१) |
| ९३. | गीता सापकोटा (२०३८) | १. इतिहासङका पानाभित्र | इलाम : तिलक चैतन्य (२०६१) |
| ९४. | कृष्ण पौडेल (२०३९) | १. नानी हजुरको | भोजपुर : नेत्र ढुङ्गाना, (२०६१) |
| ९५. | निर्मल ढुङ्गाना (२०४०) | १. दिन हराएको दिन | काठमाडौं : एशिया पब्लिकेशन (२०६१) |

| | | | |
|---|---|---|---|
| ९६. | लेखनाथ सापकोटा (१९८३) | १. श्रद्धाका फूलहरू | चितवन : अनामिका पब्लिकेशन (२०६१) |
| ९७. | राजेन्द्र पौडेल | १. रूप तिम्रो माधुर्य | झापा : जगत् पौडेल, (२०६१) |
| ९८. | ईश्वरी कार्की वर्षा (२०३६) | १. टुक्रटुक्रा आकाश | काठमाडौं : वि.सि.प्र. (२०६१) |
| ९९. | मिजाज तेम्बे (२०३९) | १. प्यास नजरको | काठमाडौं : वि.सि.प्र. (२०६१) |
| १०१. | उज्ज्वल जी.सी.(२०४७) | १. नखोज आँसु बर्साउन | काठमाडौं : ने.रा.प्र.प्र. (२०६१) |
| १०२. | लक्की चौधरी (२०३५) | १. सहीदान<br>२. अन्तर्भाव | कैलाली : सु.प.ग.म. (२०६१)<br>कैलाली : सु.प.ग.म. (२०६३) |
| १०३. | मीनबहादुर थापा (२०३४) | १. तिम्रो प्यार र छुटेको आँयल | कैलाली : सु.प.ग.म. (२०६१) |
| १०४. | सपनाको सहर (२०३३) | १. सपनाको सहर | बाँके : पूर्णिमा साहित्य समूह (२०६१) |
| १०५. | रामप्रसाद साह (सन् १९४९) | १. अश्रुपूरित आँखाहरू | बारा : रामदुलारी साह (२०६१) |
| १०६. | दीपा ढकाल (२०४७) | १. शान्तिको बिगुल | कैलाली : सु.प.ग.मञ्च (२०६१) |
| १०७. | सुवीसुधा आचार्य (२०३८) | १. समाजदेखि सगरमाथासम्म<br>२. अब शहीद बोल्छ | ललितपुर : र.रा.सा. परिवार (२०६१)<br>ललितपुर : र.रा.सा. परिवार (२०६३) |
| १०८. | गोर्खे साइँलो (२००८) | १. मुस्कान<br>२. सम्मोहन<br>३. सूत्रमाला | चितवन : प.सा.प्र. (२०६२)<br>चितवन : प.सा.प्र.(२०६२)<br>चितवन : प.सा.प्र. (२०६२) |
| १०९. | राजेन्द्र थापा (२००८) | १. सहनेकै छाती अचानो<br>२. सूर्जे पनि अस्ताउने मात्रै | काठमाडौं : सा.प्र. (२०६२)<br>धनगढी : सु.प्र.ग.म. (२०६२) |
| ११०. | टि.एन.जोशी (२०३५) | १. देश रोएको बेला | कैलाली : सु.प.ग.म. (२०६२) |
| १११. | अनुराग अधिकारी (२०३५) | १. अनुराग | तनहुँ : विकास गुरुङ, (२०६२) |
| ११२. | रत्न प्रजापति (२०२५) | १. मधुमास | काठमाडौं : ब.मा.प्र.प. (२०६२) |
| ११३. | गोरखबहादुर खत्री (२०३७) | १. फूल मुस्कुराउँदा | परासी : न.सा.प. (२०६२) |
| ११४. | ईश्वर 'बा' (२०३४) | १.जीवनका छालहरू | परासी : ल.सा.प, (२०६२) |
| ११५. | भरतरोदन साउद (२०३९) | १. आँखामा डुबेर आकृति | नेपालगन्ज : अ.सा.स. (२०६२) |
| ११६. | दीपक समीप (२०३३) | १. भूगोलभित्र नकोरिएको क्षेत्र | पोखरा : पो.यु.सा.प. (२०६२) |
| ११७. | पुष्प अधिकारी (२०३३) | १. मनभित्रको मन | चितवन : हाम्रो म.सा.प. (२०६२) |
| ११८. | करणसिंह गोयला (२०३०) | १. समाधिमा भक्त | गीता गोयला, (२०६२) |

| | | | |
|---|---|---|---|
| ११९. | राममाया अधिकारी (२०३३) | १. हृदयाञ्जलि | धादिङ : त्रिवेणी सा.प., (२०६२) |
| १२०. | सरस्वती शर्मा (२०२५) | १. हुस्सुभित्रको घाम | पर्वत : माधुरी सा.प्र. (२०६२) |
| १२१. | लोकेन्द्र बन्जारा (२०३९) | १. आँखाभरि सपना | विनोद शिवाकोटी, (२०६२) |
| १२२. | सरोज काफ्ले (२०३९) | १. अधरामृत | पाल्पा : पोखराथोक सा.स (२०६२) |
| १२३. | शीतल कादम्बिनी (२०२५) | १. सुगन्धयात्रा | चितवन : चि.सा.प. (२०६२) |
| १२४. | इन्द्रकुमार विकल्प (२०१८) | १. लालीगुराँस फुल्ने मन | चितवन : हा.म.सा.प्र. (२०६२) |
| १२५. | शान्तिराम पोखरेल (२०३७) | १. आँखाभित्रको बस्ती | इलाम : इसारा सा.प्र. (२०६२) |
| १२६. | खालिङ बन्दना विवश | १. अदृश्य व्यथा | इलाम : इशारा साहित्य परिवार (२०६२) |
| १२७. | शुक्रप्रसाद अचार्य (२०३७) | १. जनता जिन्दावाद | सिन्धुपाल्चोक : योजना खनाल (२०६२) |
| १२८. | दीपेन्द्र कार्की (२०४३) | १. तिर्खा र खोली | म्याग्दी : म्याग्दी साहित्य परिषद् (२०६२) |
| १२९. | कृष्ण पहारी (२०२७) | १. बारुदका धुँवाहरू | पाल्पा : पो.सा.सं.(२०६२) |
| १३०. | प्रकाश राजापुरी (१९९६) | १. जीवनको मुस्कान | नेपालगन्ज : म.प..ग.म. (२०६२) |
| १३१. | सुनिता कार्की (२०२९) | १. सगरमाथा झुकेपछि | धनकुटा : लेखिका स्वयं (२०६२) |
| १३२. | राजेश उदासी | १. पोख्न बाध्य व्यथाहरू | नेपाल : गजल मञ्च (२०६२) |
| १३३. | कृष्ण उदासी (२०२४) | १. नयन तालैमा | पोखरा : गजल सन्धा (२०६३) |
| १३४. | सरला जोशी (२०२७) | १. शब्दको सुवास | चितवन : शिव जोशी (२०६३) |
| १३५. | रामणि ढुङ्गाना | १. पुष्पदंश | काठमाडौं : शब्दघर प्रकाशन (२०६३) |
| १३६. | केशु विरही | १. दन्किएको आगो | बारा : नेपाल गजल प्रतिष्ठान, (२०६३) |
| १३७. | दीपक आचार्य (२०३९) | १. आँसुभित्रको अविरल यात्रा | वर्दिया : लेखकस्वयं (२०६३) |
| १३८. | गोपीकृष्ण काफ्ले | १. समुद्रमा आगो | काठमाडौं : भानुभाषा प्रकाशन, (२०६३) |
| १३९. | पुष्पकराज भट्ट (२०३४) | १. सुनौलो बिहानी | कैलाली : सु.प.गजल मञ्च (२०६३) |
| १४०. | कृष्ण कुसुम | १. अमृतको प्याला | काठमाडौं : इ.सा.स. (२०६३) |
| १४१. | सुवासचन्द्र ढुङ्गेल (२०१७) | १. भाँचिएको मन | भक्तपुर : पूर्वविद्यार्थी मञ्च (२०६३) |
| १४२. | रञ्जित ज्ञवाली | १. धराको कल्पवृक्ष | काठमाडौं : सत्सङ्गी साहित्य सदन (२०६३) |
| १४३. | रूपक वनवासी (२०३९) | १. हल्का मद्यपान<br>२. ओ ¤ इराकको मेनका | काठमाडौं : व. प्र. प्रतिष्ठान (२०६३)<br>काठमाडौं : बैरागी जेठा (२०६५) |
| १४४. | प्रेमविनोद नन्दन (१९९२) | १. भीडमा एक्लै एक्लै | चितवन :मनकामना दर्शन प्रा.लि. (२०६३) |

| | | | |
|---|---|---|---|
| १४५. | किसान प्रेमी (२०१९) | १. गजब छ मान्छे | चितवन : अभिव्यञ्जन सा.प. (२०६३) |
| १४६. | कृष्णकुमारी महत | १. संयोग-वियोग | चितवन : चितवन चितवन सा.प. (२०६३) |
| १४७. | काशीराम ढुङ्गाना (२०२१) | कुर्ले ढुकुरका गजलहरू | कैलाली : मीनदत्त ढुङ्गाना (२०६३) |
| १४८. | भोजराज घिमिरे (२०१४) | १. आहत<br>२. आवाजभित्रको आवाज | काठमाडौ : गजल गृह नेपाल (२०६३)<br>काठमाडौ : गजल गृह नेपाल (२०६५) |
| १४९. | सरूभक्त (२०१४) | १. साइबर क्याफेमा एकदिन | पोखरा : सरुभक्त सरोकार केन्द्र (२०६४) |
| १५०. | सुरेश सुवेदी (२०३६) | १. अनुभूतिका डोबहरू | काठमाडौं : अनाम मण्डली (२०६४) |
| १५१. | जीत कार्की (२०१६) | २. आस्थाका हिउँचुलीहरू | काठमाडौं : अनाम मण्डली (२०६४) |
| १५२. | नारायण निराशी (२०३८) | १. तुषारोमा फुलेका फूलहरू | काठमाडौं : अनाम मण्डली (२०६४) |
| १५३. | विक्रम विवश (२०४०) | १. जेल जिन्दगी | पर्वत : मोहनबहादुर मल्ल सा. प्र. (२०६४) |
| १५४. | श्रीजन श्री (२०३७) | १. माटो बोल्छ | काठमाडौं : अनाममण्डली (२०६४) |
| १५५. | जय गौडेल (२०४१) | १. आशाका बयेलीहरू | काठमाडौं : अनाममण्डली (२०६४) |
| १५६. | विक्रम तिमिल्सेना (२०३९) | १. अलिअलि चोट देऊ | काठमाडौं : अनाममण्डली (२०६४) |
| १५७. | सुशील गौतम (२००९) | २. गजल रापती | दाङ : लेखक सङ्घ (२०६४) |

## ५.६.२ संयुक्त गजलसङ्ग्रह प्रकाशन गर्ने गजलकार र गजलकृतिहरू

| | संयुक्त गजलकारहरू | गजलकृति | प्रकाशन र मिति |
|---|---|---|---|
| १. | भोगेन एक्ले (२०२९)<br>धनप्रसाद सुवेदी (२०२६) | १. बेनाम | खोटाङ : लेखकद्वय स्वयम् (२०५८) |
| २. | अशोक बोहरा (२०३६)<br>ऋचा लुइँटेल (२०३९) | १ .बाँसुरीका धुनहरू | कैलाली : सुदूर .प.सा. समाज (२०५८) |
| ३. | उदय जी.एम. (२०३४)<br>नवीन विभास (२०३६) | १. उनका गजल | काठमाडौं : अतिरिक्त प्रकाशन (२०५९) |
| ४. | रमेश सुभेच्छु (२०३६)<br>खगेन्द्र दाहाल (२०३८) | १. अनुत्तरित प्रश्न | काठमाडौं : वि.सि.प्र. (२०६१) |
| ५. | भूपेन्द्र तिम्सिना (२०३१)<br>मायामितु न्यौपाने (२०३४) | १. निर्वासित चराहरू | काठमाडौं : नागार्जुन .सा.प्र. (२०६२) |
| ६. | सूर्यबहादुर दौल्याल<br>तीर्थराज जोशी | १. कल्पनाको आकाशभरि | गोरखपुर : ज्ञानशक्ति प्रकाशन (२०६४) |
| ७. | घनश्याम न्यौपाने परिश्रमी | १. जुनुमामा | नेपाल : विविध.वा. प्रकाशन (२०६३) |

| | | | |
|---|---|---|---|
| | बूँद राना, अर्जुन पौडेल | | |
| ८. | केशवराज आमोदी (२०१३)<br>विमलप्रसाद देवकोटा (२०२७) | १. गजल दीपिका | चितवन : वाल्मीकि .सा.स. (२०६३) |

## ५.६.३ सामूहिक गजलसङ्ग्रह प्रकाशन गर्ने सम्पादक र गजलकृतिहरू

| | सम्पादक | सङ्कलन कृति | प्रकाशक |
|---|---|---|---|
| १. | ललिजन रावल (२०२१) | १. समकालीन नेपाली गजल | काठमाडौं : बगर प्रकाशन, (२०४६) |
| २. | दुवसु क्षेत्री (सन् १९६२) | १. समसामयिक नेपाली गजल | काठमाडौं : ब. प्र.प्र., (२०५०) |
| ३. | राजकुमार दिक्पाल | १. सप्तकोशीको किनारबाट | धरान : स्पर्श प्रकाशन (२०५५) |
| ४. | वियोगी बुढाथोकी (२०२१)<br>र कृसु क्षेत्री (२०३२) | १. प्रतिनिधि नेपाली गजल | काठमाडौं : दुवसु क्षेत्री, (२०५७) |
| ५. | इन्द्रकुमार विकल्प (२०१८) | १. धौलागिरी स्पन्दन<br>२. कालीको सुसेली | पर्वत : पर्वत साहित्य सदन (२०५९)<br>पर्वत : पर्वत साहित्य सदन (२०५३) |
| ६. | प्रभाती किरण (२०१०)<br>र अन्य | १. अवरुद्ध गजलहरू | काठमाडौं : ब.प्र. प्रतिष्ठान (२०६१) |
| ७. | श्यामप्रसाद न्यौपाने | १. नवलपरासीका समसामयिक गजल | नवलपरासी : नवलपरासी सा.प.(२०६१) |
| ८. | बालकृष्ण थपलिया | १. गजलपथका यात्रीहरू | चितवन : अभिव्यञ्जना सा.प्र. (२०६१) |
| ९. | शिव प्रणत (२०२६) | १. पूर्वाञ्चलको कही गजल | झापा : नि.व्या.संघ (२०६१) |
| १०. | गोपीकृष्ण दुङ्गाना (२०३१)<br>गङ्गाप्रसाद भेटवाल (२०३५) | १. काठमाडौं गजलसङ्ग्रह | काठमाडौं : गङ्गा सा.प्र. (२०६१) |
| ११. | पुष्प अधिकारी (२०२३) | १. गजलविम्ब<br>२. गजलदीप<br>३. गजलयात्रा | चितवन : हा.म.सा.प्र. (२०६२)<br>चितवन : हा.म.सा.प्र. (२०६३)<br>चितवन : हा.म.सा.प्र. (२०६४) |
| १२. | निर्मल ढुङ्गाना (२०४०) | १. शुभयात्री गजलगङ्गा | लुम्बिनी : रेडियो लुम्बिनी (२०६२) |

| | | | |
|---|---|---|---|
| १३. | घनेन्द्र ओझा (२०३६) | १. बहरमाला<br>२. गजलमाला | काठमाडौं : अनामण्डली (२०६३)<br>काठमाडौं : विपिन मिश्र, राधा कँडेल (२०६६) |
| १४. | रमेश शुभेच्छु | १. गजलमा नारी हस्क्षतर | काठमाडौं : पुष्पलता नेपाली प्रतिष्ठान (२०६४) |
| १५. | एकादेशको गगनराज | १. गजलपराग | सुनसरी : ने.ग. प्रतिष्ठान (२०६४) |
| १६. | आर.के अदीप्त गिरी (२०४४) | १. ई समकालीन नेपाली गजल | पर्वत : ऋतुरङ्ग साहित्य प्रतिष्ठान (२०६४) |
| १७. | अनुराग अधिकारी (२०३५) | १. गजलयात्राका सहयात्रीहरू | पोखरा : पोखरा एफ्.एम (२०६५) |
| १८. | ललिजन रावल (२०२१) | १. प्रतिनिधि नेपाली गजलहरू | काठमाडौं : वि.सि.प्र. (२०६५) |

## ५.६.४ गजल पत्रिकाका सम्पादक र पत्रिकाहरू

| | सम्पादक | पत्रिका | प्रकाशन |
|---|---|---|---|
| १. | इन्द्रकुमार श्रेष्ठ | गजल | काठमाडौं : प्रवाह परिवार (२०४१) |
| २. | अमर त्यागी | मूर्च्छना | बारा : गजल गुँड (२०४६) |
| ३. | पुष्प अधिकारी | पुष्पाञ्जलि | चितवन : हाम्रो मझेरी सा.प्र. (२०५८) |
| ४. | सुरेश वाग्ले | पलाँस | काठमाडौं : गजल गृह (२०५८) |
| ५. | धीरज गिरी | नेपाली गजल | काठमाडौं : गजल मञ्च (२०६०) |
| ६. | दीपसागर पन्त | प्यास | बैतडी : (२०६१) |
| ७. | टोपेन्द्रबहादुर शाह | गजल प्रवाह | कैलाली : (२०६२) |

## ५.६.५. गजल विशेषाङ्क प्रकाशित गर्ने पत्रपत्रिकाहरू

नेपाली गजलको विकासका निम्ति गजल विशेषाङ्क प्रकाशित गरेर विभिन्न पत्रपत्रिकाहरूले महत्वपूर्ण योगदान दिएका छन् । गजल विशेषाङ्क प्रकाशित गर्ने त्यस्ता पत्रपत्रिकाहरू विजया (२०४७), सन्देश (२०४९), बसुन्धरा २०४९, प्रयास (२०५१), प्रज्ञापन (२०५१), कविता २०५२), सन्देश २०५२), प्रतिभा (२०५३), आकाश २०५३), झरना २०५३), प्रतिभा (२०५३), गोधुली (२०५३), काँचुली (२०५४), नवरस (२०५४),

बन्दना

(२०५५), प्रवाह (२०५५), उपहार (२०५५), सौदामिनी (२०५५), बाडुली (२०५६), आरोह

(२०५६), शिवपुरी सन्देश (२०५७), पूर्णिमा (२०५७), मालिका (२०५७), गुञ्जन (२०५८), सगर (२०६०), प्रज्ञान (२०६०), शारदा (२०६४), पल्लव (२०६४) प्रमुख रहेका छन् ।

## ५.६.६ अन्य साहित्यिक विधासँग संयुक्तरूपमा गजल प्रकाशन गर्ने गजलकार र कृतिहरू

| | गजलकार | कृति | प्रकाशित गजल सङ्ख्या | प्रकाशन र मिति |
|---|---|---|---|---|
| १. | जैनेन्द्र जीवन (२०२८) | सपनाहरूको पालो पहरा | पाँच गजल | पोखरा : विजय बजिमय (२०३८) |
| २. | छिन्नलता (१९८०-२०५६) | १. अन्तर्स्पन्दन<br>२. अन्तर्तरङ्ग<br>३. अन्तर्वेदना<br>४. अन्तर्भावना | सोह्र गजल<br>पन्ध्र गजल<br>छ गजल<br>छ गजल | काठमाडौं : लेखिका स्वयम् (२०४६)<br>काठमाडौं : लेखिका स्वयम् २०४३)<br>काठमाडौं : लेखिका स्वयम् (२०५१)<br>काठमाडौं : लेखिका स्वयम् (२०५१) |
| ३. | राममान तृषित (१९९७) | १. शोरा | तेत्तीस गजल | काठमाडौं : नेपाल गीत सङ्घ (२०४७) |
| ४. | वासुदेव अधिकारी | १. मनको हरियो मनको गीत | दश गजल | काठमाडौं : लहर प्रकाशन (२०४७) |
| ५. | कृष्णदेव पन्त (१९६४-२०५१) | १. कृष्णदेव पन्तका कविताहरू | चौबीस गजल | काठमाडौं : यादवदेव पन्त (२०५८) |
| ६. | रामबहादुर पहाडी (२००१) | १. घाउ रैछ जिन्दगी यो | छत्तीस गजल | काठमाडौं : गोविन्द सिग्देल (२०५९) |
| ७. | सजल सल्यानी (२०१८-२०५८) | १. अर्थहीन युद्ध | एघार गजल | काठमाडौं : क. प्र. (२०६१-२०६२) |
| ८. | सुदीप गौतम (२०३१) | १. परेलीमा बाछिटा | तीस गजल | दाङ : लेखक समाज (२०५९) |
| ९. | नवराज पुडासैनी ज्योत्स्ना (२०१३) | १. ज्योत्स्नाका गीतहरू | एकहत्तर गजल | काठमाडौं : कल्पतरू प्रकाशन (२०६१) |
| १०. | दुःखी महल तिम्सिना | १. काव्यलहर | सत्ताइस गजल | काठमाडौं : काठमाडौं जसस ( |

| | | | | |
|---|---|---|---|---|
| | (२०३३) | | | २०६२) |
| ११. | रमेश क्षितिज (२०२७) | १. आफै आफ्नो साथी भए | आठ गजल | काठमाडौं : लेखक स्वयम्. (२०६३) |
| १२. | सुभाषचन्द्र ढुङ्गेल (२०१७) | १. भाँचिएको मन | बत्तीस गजल | भक्तपुर : पूर्वविद्यार्थी समाज (२०६३) |
| १३. | रामप्रसाद प्रदीप (२००४) | १. बेलाको बोली | तेइस गजल | काठमाडौं : शीला पौडेल (२०६३) |

### ५.६.७ गजलसिद्धान्त र इतिहासका अन्वेषक र ग्रन्थहरू

| क्र.सं. | अन्वेषक | ग्रन्थ | प्रकाशन र मिति |
|---|---|---|---|
| १. | टीकाराम उदासी (२०३०) | गजल सिद्धान्त र नेपाली गजलको इतिहास | नेपाल : अतिरिक्त प्रकाशन (२०५९) |
| २. | देवी पन्थी (२०१५) | गजल सिद्धान्त र समालोचना | काठमाडौं : वि.वा.प्रकाशन, (२०५९) |
| ३. | घनश्याम न्यौपाने (२०१५) | गजल सौन्दर्य मीमांसा | रूपन्देही : सन्.आ.उ.मा.वि.,(२०६४) |
| ४. | कृष्णहरि बराल (२०१०) | गजल सिद्धान्त र परम्परा | काठमाडौं : साझा प्रकाशन (२०६५) |
| ५. | देवी नेपाल, (२०३०)<br>सुरेश सुवेदी (२०३४)<br>घनेन्द्र ओझा (२०३७) | गजल कसरी लेख्ने ? | काठमााडौं : अनाममण्डली (२०६६) |

## ५.७ नेपाली गजलको वर्तमान स्थिति र भविष्य

मोतीराम भट्टबाट वि.सं. १९४० मा प्रादूर्भूत नेपाली गजल अनेक उकाली ओराली पार गर्दै एकसय पच्चीस वर्षको यात्रा पार गरेर वर्तमानसम्म आइपुग्दा जनमनको भावाभिव्यक्ति गर्ने एक सशक्त र लोकप्रिय काव्यविधाका रूपमा स्थापित भइसकेको छ । आज हरेक लेखकलाई गजलले मोहनी लगाएको छ । हरेक पत्रिकासँग यसले मितेरी गाँसेको छ र हरेक पाठकलाई सम्मोहित पारेको छ यसर्थ वर्तमान नेपाली गजलले नयाँ धर्ती, नयाँ आकाश र नयाँ आयाम मात्र पाएको छैन यो विधा नवीन वैचारिक सञ्चेतनाले समेत ओतप्रोत भएको छ ।

वर्तमान नेपाली गजलमा मान्छेका पीडा, निराशा, निस्सारता र असन्तुष्टिको स्वर पाइन्छ । राजनैतिक विकृति, विसङ्गति र विद्रुपताको चित्र पाइन्छ । विरोध, विद्रोह र विभावनाको विम्ब पाइन्छ। लोकतन्त्र, जातीय समानता र प्रगतिवादी चिन्तनको प्रतिविम्ब

पाइन्छ । जीवनवादी, मानवतावादी र आशावादी भावनाको प्रतिध्वनि पाइन्छ । विषय ग्रहणमा विविधता र भावसम्प्रेषणमा सशक्तता वर्तमान नेपाली गजलको मूल प्रवृत्ति हो ।

वर्तमान नेपाली गजलको शिल्पविधान पनि विविधतायुक्त छ । आजका धेरै गजल स्वनिर्मित बहरमा संरक्षित छन् । स्वनिर्मित बहरको प्रयोगमा विवधता रहेको छ । अरबी बहरबद्ध गजलकृतिहरू प्रकाशनको क्रम पनि बढ्दो छ । रदिफ, काफिया, तखल्लुस, तगज्जुल र अन्दाजेबयाँजस्ता गजल संरचनाका आधारभूत मान्यतालाई आजका गजलमा सचेततासाथ परिपालना गरिन थालेको छ । सरल सहज र सम्प्रेष्य भाषाशैली, अनेक विम्ब, प्रतीक र अलङ्कारको प्रयोग एवम् सुसाध्य सुहृद्य र सुरम्य प्रस्तुति वर्तमान नेपाली गजलको शिल्प वैशिष्ट्य हो ।

पुनर्जागरणपछि गड्गडाएर उर्लिएको नेपाली जगलको बाढी भ्याउपत्कर, ढुङ्गामुढा र बलुवालाई किनारा लगाउँदै, थेग्रिँदै र सङ्लिँदै मूल प्रवाहका रूपमा गतिशिल छ । कतैकतै बाँकी रहेका भ्याउपत्करलाई किनार लगाउँदै भविष्यमा स्वच्छ नदीका रूपमा प्रवाहशील बन्ने सम्भावना वर्तमान स्थितिले स्पष्ट पारेको छ यसर्थ नेपाली गजलको भविष्य सुसम्मृद्ध र समुज्ज्वल बन्दै गएको छ ।

## ५.८ निष्कर्ष

अरबी भाषामा अङ्कुराएर फारसी भाषामा मुजुराउँदै हिन्दी, उर्दू, नेपालीलगायत अन्यभाषामा भ्याङ्गिएको गजल आफ्नै स्वरूप र संरचना भएको काव्यविधा हो । अरबी भाषामा गजलको बीजारोपण इस्लामपूर्व नै भएको र जमिल, अबु नुबास मुतानवी आदिले अङ्कुरित गराएको चर्चा[४७] पाइन्छ । अरबीपछि फारसी भाषामा दशौँ शताब्दीमा रोद्कीले गजल बीजाङ्कुरित गरे भने रुमी, जामी, सानाइ, निजामी, हाफिज आदिले पल्लवित पुष्फित बनाए । त्यस्तै हिन्दी भाषामा तेह्रौं शताब्दीमा अमीर खुसरोले गजल बीजाङकुरित गराएपछि भारतेन्दु हरिश्चन्द्र, शम्शेरबहादुर, महावीरप्रसाद द्विवेदी आदिले पुष्पित तुल्याए । त्यसरी नै उर्दू भाषामा सत्रौं शताब्दीमा जनावलीले गजललाई बीजाङ्कुरित तुल्याए भने मीर, दर्द, गालिब, फैज आदिले हरितिमामय तुल्याए । त्यसपछि नेपाली भाषामा विक्रमाब्द १९४० मा मोतीराम भट्टले गजललाई बीजाङ्कुरित गराएपछि शम्भुप्रसाद ढुङ्गेल, उपेन्द्रबहादुर जिगर, भीमनिधि तिवारीले पल्लवित र ज्ञानुवाकर पौडेल, मनुवाजाकी र बूँद राना, रवि प्राञ्जल घनश्याम न्यौपाने परिश्रमी, श्रेष्ठ प्रिया पत्थर आदिले पुष्पित गराएर ढकमक्क फुलाए । शृङ्गार र भक्तिभावका माध्यमबाट प्रार्दुभाव भएर जनमनको भाव र भाषा ग्रहण गर्दै नेपाली

---

४७ ऐजन, पृष्ठ ४७ ।

गजलयात्रा वर्तमानसम्म आइपुग्दा विविध रूप, रङ र छटाले भरिपूर्ण एउटा विशाल वाटिका बन्न पुगेको छ ।

अध्याय छैटौं

# गजलकार घनश्याम न्यौपाने परिश्रमी र उनका गजलयात्रा

# ६. गजलकार घनश्याम न्यौपाने परिश्रमी र उनका गजलयात्रा

## ६.१ पृष्ठभूमि

मानिस चेतनशील सामाजिक प्राणी हो । बाल्यकालदेखि नै मानिसले सामाजका हरेक स्थिति-परिस्थितिको सूक्ष्म अवलोकन गर्दै आएको हुन्छ । देश, काल र वातावरणको निरीक्षण गर्दै मानिसको जीवन अगाडि बढ्दै जान्छ । पारिवारिक र सामाजिक वातावरणमा उसको व्यक्तित्व निर्माण हुँदै जान्छ । मानिसको व्यक्तित्व निर्माणमा बाė तथा आन्तरिक रूपमा कुनै व्यक्ति, घटना वा परिस्थितिको प्रभाव परेको हुन्छ । कोही कुनै यथार्थबाट प्रभावित भएर त्यहीअनुसार आफ्नो क्रियाकलाप गर्न थाल्छ भने कोही आफ्नो आन्तरिक इच्छा वा चाहनाअनुसार आफ्नो क्रियाकलाप गर्दै जान्छ । मानिसको आन्तरिक इच्छा वा चाहनामा पनि कुनै न कुनै क्षेत्रको मनोवैज्ञानिक प्रभाव भने परेकै हुन्छ । पारिवारिक वा सामाजिक परिस्थितिले पनि व्यक्तिलाई कुनै क्षेत्रमा लाग्न बाध्य तुल्याउँछ । प्रभाव सकारात्मक र नकारात्मक दुवै किसिमका हुन्छन् । सकारात्मक प्रभावले नै व्यक्तिलाई महान् कार्य गर्न उत्साहित गर्छ । प्रभावबाटै कोही महान् योद्धा, कोही महान् वैज्ञानिक, कोही महान् समाजसेवी, कोही महान् कलाकार त कोही महान् सर्जक बनेका प्रशस्त उदाहरणहरू छन् । यस सन्दर्भमा नेपाली साहित्यको पुनर्जागरण कालको उत्तरार्द्धका सुप्रसिद्ध गजलकार घनश्याम न्यौपाने परिश्रमी पनि कुनै विशेष क्षेत्र वा व्यक्तिबाट प्रभावित भएर साहित्यिक सृजनमा प्रवेश गरेका देखिन्छन् ।

घनश्याम न्यौपाने परिश्रमीका पिता हजुरबासँगको वैचारिक विमतिका कारणले कलिलो उमेरमै छुट्टिभिन्न मै बस्नु एकाले उहाँको पारिवारिक जीवनस्तर सामान्य किसिमको थियो । यही सामान्य परिवारमा जन्मेका परिश्रमीको बाल्यकाल अभावपूर्ण नै थियो । उनी जन्मेर हुर्केको समाज गरिबी र शोषणयुक्त थियो । धनी एवम् उच्च वर्गबाट गरिब तथा तल्ला वर्गकाहरू हेपिने, चेपिने र थिचिने गरिन्थे । यस्तो सामाजिक अवस्थाको अवलोचन गर्दै उनको बाल्यकाल बित्दै गयो भने अध्ययनका सिलसिला पनि अगाडि बढ्दै गयो । सानैदेखि शान्त, नम्र, र चिन्तनशील स्वभावका उनको व्यक्तित्व निर्माणमा सामाजिक परिस्थितिको ठूलो प्रभाव पर्दै गयो भने अध्ययनक्षेत्रबाट पनि उनले प्रभाव ग्रहण गर्दै गए । गरिबी र शोषणयुक्त

समाजको प्रभावबाट सुखदुःखका गीत-कविता गुन्गुनाउन थालेका बेलादेखि साहित्यिक प्रभाव बढ्दै गएर देवकोटाको कविता पढ्न र बुझ्न थालेदेखि देवकोटालाई काव्यगुरु मानी प्रभाव ग्रहण गरेर कविता सृजनाको माध्यमबाट साहित्यमा प्रवृत्त[ग] भएका डा परिश्रमी नकुल सिलवालद्वारा सम्पादित एवम् प्रकाशित पत्रिकाको पूर्णाङ्क १० मा प्रकाशित मनु ब्राजाकीको गजलबाट एकाएक प्रभावित भएर सुटुक्क गजल लेखनतिर तानिएका हुन् ।[ङ] यसरी उनी आन्तरिक रूपमा सामाजिक एवम् बाह्य रूपमा व्यक्तिप्रतिभाबाट प्रभावित भएर गजल सृजनामा प्रवृत्त भएका देखिन्छन् ।

## ६.२ नेपाली गजल क्षेत्रमा घनश्याम न्यौपाने परिश्रमीको प्रवेश

गजल कोमल भाव र पदपदावलीयुक्त गेयात्मक  शास्त्रीय लघु काव्यविधाका रूपमा प्रसिद्ध, साहित्यिक रचना हो । अरबी भाषाको व्युत्पन्न शब्द गजल अरबी, फारसी, हिन्दी, उर्दू हुँदै माध्यमिककालीन नेपाली कविताको शृङ्गारिक प्रवृत्तिका रूपमा युवाकवि मोतीराम भट्टद्वारा विक्रम संवत् १९४० मा एक आयातित विधाका रूपमा नेपाली साहित्यमा भित्रिएको हो ।[घ] मोतीराम र उनका मित्रमण्डलीले यस विधाको विकासमा एउटा तरङ्ग उत्पन्न गरेपछि शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी र उपेन्द्रबहादुर जिगरले त्यस तरङ्गलाई छालको रूप दिए ।[ङ] जिगरपछि यो छाल सुकेर चारदशकसम्म गजल थोपाथोपीका रूपमा मात्र देखियो ।

विक्रमसंवत् २०३५ माघदेखि ज्ञानुवाकर पौडेलले थोपाथोपी गजललाई एउटा गतिशील उछालको रूप प्रदान गरे अर्थात् ज्ञानुवाकरले गजलको पुनर्जागरण गरेर एउटा निश्चित गति दिए ।[छ] तत्पश्चात् ललिजन रावल, मनु ब्राजाकी, धर्मोगत शर्मा तूफान, रवि प्राञ्जल, घनश्याम न्यौपाने परिश्रमीलगायत अनेक गजलस्रष्टाहरूले गजललाई एउटा ठूलै बाढीको स्वरूप प्रदान गरे र वर्तमानसम्म आइपुग्दा यो बाढी सङ्लिएर एउटा कलकलाउँदो नदीका रूपमा गतिशील रहेको छ ।

---

१ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

२ अर्जुन पौडेल, घनश्याम न्यौपाने परिश्रमीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र, (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग २०५८) पृष्ठ २२ ।

३ दामोदर रिजाल, गजलकार भीमनिधितिवारी, अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र (कीर्तिपुरः त्रि.वि. केन्द्रीय नेपाली विभाग २०४५), पृष्ठ २२ ।

४ ऐजन, पृष्ठ ४६ ।

५ अमर त्यागी, "नेपाली गजलको परमपरा र प्रवृत्ति" मधुपर्क, वर्ष : २१, अङ्क : ४, (काठमाडौं : गो.प.सं. २०५५), पृष्ठ १४१ ।

प्रथमतः आयो वसन्त शीर्षकको कविता लेखन र जागजाग शीर्षकको कविता प्रकाशनबाट[ट] साहित्ययात्रा प्रारम्भ गर्ने घनश्याम न्यौपाने परिश्रमी मनु ब्राजाकीको गजलबाट प्रभावित भएर विक्रम संवत् २०४४ माघ १८ गते एकाएक जिन्दगी त जिएकै छु हाँस्न कहिल्यै पाइन, त्यसैले त कसैसित प्रीति गाँस्न रुचाइन गजलरचना गरेर नेपाली गजलक्षेत्रमा प्रवेश गर्न पुगे ।[ठ] गजललाई प्रेमविषयक, शृङ्गारिक रचना मात्र ठान्ने घनश्याम न्यौपाने परिश्रमीले सामाजिक जीवन भोगाइका विषयमा आधारित मनु ब्राजाकी गजल पढेपछि गजलको विषयगत प्रभावले गर्दा उनी गजल क्षेत्रमा प्रवेश गरेका हुन् ।[ड] यस गजल रचनापछि उनी गजल विषयमै केन्द्रित भएर सृजनामा प्रवृत्त भइरहे, फलस्वरूप विक्रम संवत् २०४५ माघको मधुपर्कमा पहिलो गजल प्रकाशन[ढ] भएपश्चात् विभिन्न पत्रपत्रिकामा उनका अनेक गजलहरू प्रकाशित हुँदै गए । उनले प्रेमविषयक शृङ्गारिक विषयभन्दा फरक रहेर सामाजिक जीवन भोगाइका पीडा, प्रताडना, शोषण, विसङ्गति र विद्रुपतालाई गजलको मूल विषय बनाए । क्रमशः उनीले प्रगतिवादी विचार र मर्मलाई गजलमा उतारेर प्रगतिवादी धारका प्रखर गजलकारका रूपमा प्रतिष्ठित भए । हिन्दी गजलमा प्रगतिवादी धार भित्र्याउने दुष्यन्त कुमारसँग तुलना गरेर उनलाई नेपाली गजलका दुष्यन्तकुमार पनि भनिन्छ ।[ज्ञण] वैचारिक चेतनप्रवाहका आधिक्यका कारण उनका कतिपय गजलमा कोमलताको अभाव खट्किए तापनि गजलको सैद्धान्तिक मर्म र धर्मलाई निर्वाह गरेर रचिएका उनका गजलहरू अनुभूति र चेतनाका एकएक झल्झलाउँदा झल्काका रूपमा रहेका छन् ।

## ६.३ घनश्याम न्यौपाने परिश्रमीको गजलयात्रा

वर्तमान समयका प्रसिद्ध गजलकार र गजल प्रशिक्षकका रूपमा सम्मान पाएका घनश्याम न्यौपाने परिश्रमी मनु ब्राजाकीको गजलको विषयगत अभिव्यक्तिको प्रभावबाट गजलयात्रा प्रारम्भ गरेका प्रतिभा हुन् । यसै क्रममा प्रकाशित गजल : एक चर्चा (वर्ष : २२, अङ्क : ९ मधुपर्क) शीर्षकको गजल विषयक समीक्षामा स्पष्ट सम्भावना भएका गजलकारहरूको पङ्क्तिमा उनको नाम उल्लेखित भएपछि हर्षातिरेकका साथ उत्साहित भएर

---

६ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

७ अर्जुन पौडेल, घनश्याम न्यौपाने परिश्रमीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली शिक्षण विभाग, २०५८) पृष्ठ ३२ ।

८ शोधनायकको कथनअनुसार ।

९ ऐजन, पृष्ठ ४६ ।

१० अमर त्यागी, "आधुनिक नेपाली गजल र घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता",वन्दना वर्षः १७, अङ्कः३,चैत्र, (काठमाडौंः डि.वि. निरौला, २०५५) पृष्ठ ६३ ।

गजल सृजनलाई आफ्नो जिम्मेवारी ठानी गजलयात्रालाई निरन्तरता दिएका हुन् ।[११] वि.सं. २०४५ माघको मधुपर्कमा उनको प्रथम गजल प्रकाशित भएपश्चात् गरिमा, आरोहण, विजया, लहर, नवकविता, तन्नेरी,  जनमत, सुगन्ध, सौदामिनी, उपहार, समसामयिक नेपाली गजल, सम्प्रेषण, समीक्षा, शब्दग्राम जस्ता पत्रपत्रिकामा उनका अनेक गजलहरू प्रकाशित हुँदै गए ।[१२] वि.सं. २०४४ देखि २०४९ रचना गरिएका प्रकाशित र अप्रकाशित पचहत्तर गजलहरू सङ्लित तत्कालीन गजलको मौसमलाई इङ्गित गरी वि.सं. २०५० मा यो मौसम शीर्षकको पहिलो गजलकृति प्रकाशित गरेर उनले आफ्नो गजलयात्रालाई निरन्तरता प्रदान गरे भने नेपाली गजलक्षेत्रमा स्थापित गजलकारका रूपमा समेत प्रतिष्ठित हुन पुगे । यो गजलकृति प्रकाशित भएपछि उनले गजलविधालाई आनो सृजनाको केन्द्रीय विधा बनाए । तत्पश्चात् वि.सं. २०५० देखि २०५२ सम्म रचना गरिएका साठी गजलहरू सङ्कलित घामको छहारीमा, वि.सं. २०५३ मा र वि.सं. २०५३ देखि २०५९ सम्म रचना गरिएका बयासी गजलहरू सङ्कलित जून चुहेको रात वि.सं. २०६० मा प्रकाशित भएपछि[१३] उनी नेपाली गजलक्षेत्रका सुविख्यात गजलकारका रूपमा सुप्रतिष्ठित भए । यसबाहेक वि.सं. २०६० मा प्रकाशित संयुक्त बालगजलसङ्ग्रह जुनुमामामा दशवटा र वि.सं. २०६३ मा प्रकाशित बालगजलसङ्ग्रह राम्रा चाचा मीठा पापामा बीसवटा बालगजलहरू प्रकाशित छन् ।[१४] विक्रम संवत् २०४४ देखि २०६३ सम्मको घनश्याम न्यौपाने परिश्रमीको गजलयात्रामा पाँच पुस्तकाकार कृतिहरूमा जम्मा दुईसय सत्र थान वयस्क गजल र तीसथान बाल गजल प्रकाशित भइसकेका छन् भने विभिन्न पत्रपत्रिकामा उनका अनेक गजलहरू छरिएर रहेका छन् । उनका वयस्क गजलहरूमा समसामयिक जीवनभोगाइका अनेकानेक सन्दर्भहरू संश्लेषित छन् भने बालगजलहरूमा बालचेतना र ज्ञानका अनेक प्रसङ्गहरू प्रदर्शित छन् ।

### ६.३.१ घनश्याम न्यौपाने परिश्रमीको गजलयात्राको चरण विभाजन

नेपाली गजलको पुनर्जागरण कालको उत्तरार्द्धमा उदाएका गजलप्रतिभाहरूमध्ये घनश्याम न्यौपाने परिश्रमी एक उज्ज्वल प्रतिभा हुन् । उनको गजलयात्रा वि.सं. २०४४ बाट सुरु भएर हालसम्म चलिरहेको छ । वि.सं. २०४४ देखि  २०६० सम्मको यात्रामा प्रकाशित भएका पुस्तककार तीन गजलकृतिहरू यो मौसम, घामको छहारीमा र जून चुहेको रातमा सङ्कलित गजलहरूको मात्र प्रवृत्तिगत अध्ययन र विश्लेषणका आधारमा

---

११ घनश्याम न्यौपाने परिश्रमी, आत्मकथा, यो मौसम, (नवलपरासीः सौदामिनी प्रकाशन, वि.सं. २०५०), पृष्ठ १६ ।

१२ ऐजन, पृष्ठ अन्तिम पाना ।

१३ शोधनायकको गजलकृति अध्ययनअनुसार ।

१४ ऐजन ।

यहाँ घनश्याम न्यौपाने परिश्रमीको गजलयात्राको चरणविभाजन गर्ने जमर्को गरिएको छ ।

प्रथमतः घनश्याम न्यौपाने परिश्रमीले मनु ब्राजाकीको गजलको विषयगत प्रभावलाई मात्र ग्रहण गरेर गजलयात्रा प्रारम्भ गरेकाले प्रारम्भिक चरणका उनका गजलहरू गजल संरचनागत सिद्धान्तलाई बुझेर रचना गरेका पाइँदैनन् ।[१५] सामान्य संरचनागत मान्यतामा विषयगत वैविध्यलाई समेटेर रचिएका उनका यस्ता प्रारम्भिक गजलहरू यो मौसममा सङ्कलित छन् । यो मौसम प्रकाशनपछि मात्र उनले गजलरचनागत सैद्धान्तिक मान्यतालाई बुझेर र व्यवहारतः रचनामा उतारेर विषयगत र भावगत गहनताका साथ गजलरचना गरेको देखिन्छ । यस तथ्यलाई निरूपण गर्दा घनश्याम न्यौपाने परिश्रमीको गजलयात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन गर्नु बढी समीचीन देखिन्छ । यी दुई चरणलाई प्रथम चरण र द्वितीय चरण भन्नु पनि त्यत्तिकै सान्दर्भिक ठहर्छ ।

### ६.३.१.१ प्रथम चरण

सामाजिक सञ्चेतनाका गजलकार[१६] घनश्याम न्यौपाने परिश्रमीको गजलयात्राको प्रथमचरण गजलसृजनाको प्रारम्भिक र विकासशील चरण हो । यस चरणको प्रारम्भ वि.सं. २०४४ बाट भएर वि.सं. २०४९ सम्म फैलिएको छ अर्थात् यो चरण जिन्दगी त जिएकै छुबाट प्रारम्भ भएर यो मौसम प्रकाशनको समयावधिसम्म जम्मा पाँच वर्षसम्म विस्तारित रहेको छ । यस समयावधिमा उनले रचना गरेका जम्मा पचहत्तर गजल यो मौसममा प्रकाशित छन् ।[१७] यस चरणमा उनले गजलसिद्धान्तलाई बुझेर भन्दा विषयगत विविधतालाई समेटेर गजलरचना गरेका छन् । गजलको प्रथम सर्त मुसिकियत वा गेयात्मकता हो । यस चरणका गजलमा यो सर्तलाई त्यति निर्वाह गरिएको पाइँदैन भने अर्को सर्त कोमल भाव र पदपदावलीको प्रयोगमा पनि अभाव खट्किन्छ यसर्थ उनको यो चरण गजलमा भावप्रकाशनको स्वच्छन्द माध्यम नै अधिक बनेको देखिन्छ । घनश्याम न्यौपाने परिश्रमीको गजलयात्राको प्रथम चरण भनेको आभ्यासिक चरण पनि हो र सृजनक्रमसँगै संरचनामा परिपक्वता आउँदै गएको हुनाले उनको गजल यात्राको यस चरण विकासशील चरण पनि हो ।

---

१५ घनश्याम न्यौपाने परिश्रमी, (आत्मकथा), यो मौसम, पूर्ववत्, पृष्ठ १६ ।

१६ अमर त्यागी, “आधुनिक नेपाली गजल र घनश्याम परिश्रमीको गजलकारिता”, पूर्ववत्, पृष्ठ ६३ ।

१७ यो मौसम गजलकृतिको अध्ययनअनुसार ।

गजलकार घनश्याम न्यौपाने परिश्रमीको गजलयात्राको प्रथम चरणमा प्रकाशित एउटै कृति यो मौसममा सङ्कलित पचहत्तर गजलको विषय सामाजिक जनजीवनका विविधाङ्गी पाटाहरू रहेका छन् । समाजमा व्याप्त विकृति, विसङ्गति, असमानता, अभाव, गरिबी, पीडा, प्रताडना, पीर, व्यथा, वेदना, धोका, भ्रष्टाचार, राजनैतिक खिचातानी र मानवीय मूल्यहीनता नै उनका यस चरणका गजलका विषयगत विशेषता हुन् । सामाजिक, आर्थिक, राजनैतिक र व्यावहारिक विभेद र वितण्डाको उद्घाटन गर्नु र तिनीहरूप्रति व्यङ्ग्य गर्दै सुधारको सन्देश दिनु उनका यस चरणका गजलको मूलभाव वा उद्देश्यगत प्रवृत्ति हो । रदिफ, काफिया, तखल्लुसयुक्त शेरसंरचनाजस्ता गजल रचनाका सामान्य नियमहरूको परिपालना, तत्सम, तद्भव, आगन्तुक र मौलिक शब्द एवम् मुक्त लयप्रयोग उनका यस चरणका गजलका संरचनागत विशेषता हुन् । गजल रचनागत आक्षरिक समानतालाई त्यति ख्याल नगरिएको भए पनि पठनगत प्रवाह र प्रभावशीलतालाई भने विशेष ख्याल गरिएको पाइन्छ । उनका यस चरणका गजलमा कवितामा जस्तै भावको गहनता, गीतमा जस्तै अभिव्यक्तिको प्रवाहशीलता र मुक्तकमा जस्तै अनुभूतिको तीक्ष्णता पाइन्छ ।[१८] यस चरणका एउटा गजल उदाहरणार्थ प्रस्तुत गर्न सकिन्छ :

*भोक छ जताततै, कोलाहल छ जताततै*
*विवाद छ, द्वन्द्व छ, खलबल छ जताततै*

*सहिष्णुता खै ¤ मान्छेमा मानवता खै ¤*
*मेलमिलाप कमै देख्छु कल छ जताततै*

*महलमा बस्नेहरू मस्त छन् भोगविलासमा*
*झुपडी ओरिपरि बादल छ जताततै*

*गरिबीले थिचिएका कठै ¤ दीनहीन छन्*
*पैसावालहरूको नै बल छ जताततै*

*सहयोगी भावनाको सुकेछ कि स्रोत*
*नशा जस्तै स्वार्थको अम्मल छ जताततै*

---

१८ ऐजन ।

*कसलाई पत्याउँछस् धनु ¤ आफ्नो मानी*

*सत्य पहिचान्न खोज्दा छल छ जतातत्तै*[१९]

यसरी घनश्याम न्यौपाने परिश्रमी यस चरणका गजलमा विषय, भाव र प्रस्तुतिमा सशक्तता प्रदान गर्दै, संरचनागत सैद्धान्तिक मान्यतालाई पनि बुझ्दै, परिपक्व गजल रचनातर्फ अभिमुख हुँदै आएका देखिन्छन् त्यसैले उनको गजलयात्राको यस चरणलाई विकासशील चरण भन्नु युक्तिसङ्गत नै देखिन्छ ।

### ६.३.१.२ द्वितीय चरण

मानवीय पीडाका गजलकार[२०] घनश्याम न्यौपाने परिश्रमीको गजलयात्राको द्वितीय चरण गजल सृजनाको विकसित चरण हो । यस चरणको प्रारम्भ वि.सं. २०५० बाट सुरु भएर हालसम्म चलिरहेको छ । यस समयावधिमा उनका दुई गजलकृतिहरू घामको छहारीमा (२०५३) र जून चुहेको रात (२०६०) प्रकाशित छन् । यस अवधिमा यस चरणमै उनका दुई बाल गजल कृतिहरू जुनुमामा र राम्रा चाचा मीठा पापा पनि प्रकाशित छन् । घामको छहारीमा साठी थान र जून चुहेको रातमा बयासी थान अर्थात् दुवैका जम्मा एकसय बयालीस थान गजलहरू सङ्कलित छन् । फुटकर रूपमा छरिएर रहेका गजललाई छोडेर यिनै एक सय बयालीस गजलका आधारमा उनको गजलयात्राको द्वितीय चरणको गजलकारितालाई निरूपण गर्दा उनले यस अवधिमा गजलको सैद्धान्तिक मर्म बुझी संरचनागत धर्म निर्वाह गरेर गजलरचना गरेको पाइन्छ । साथै यस अवधिमा संरचित उनका गजल परिपक्व बनेका र शैलीशिल्प पनि परिष्कृत रहेको देखिन्छ ।[२१]

गजलकार घनश्याम न्यौपाने परिश्रमीको गजलयात्राको यस चरणमा पुस्तकाकार रूपमा प्रकाशित एकसय बयालीस गजलको विषय, भाव र प्रस्तुतिमा विविधता रहेको छ। समग्र मानवीय तथा राष्ट्रिय जनजीवनको अनेक विडम्बना, विवशता, विषाद, प्रेम, प्रतारणा, असन्तुष्टि, भ्रान्ति, ग्लानि, कुण्ठा, दमन तथा क्रान्तिचेतनाका साथै सामाजिक विद्रुपता, नैतिक मूल्यहीनता, मानव अस्तित्वको अवमूल्यन, भोगाइको विशृङ्खलता र राजनैतिक निकृष्टताका झाँकीहरू प्रदर्शित गर्नु उनका यस चरणका गजलको विषयगत विशेषता हो। मानवतावादी अस्तित्ववाद

१९ घनश्याम न्यौपाने परिश्रमी, यो मौसम, पूर्ववत्, पृष्ठ २९ ।

२० अमर त्यागी, "आधुनिक नेपाली गजल र घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता" पूर्ववत्, पृष्ठ ६३ ।

२१ घामको छहारीमा र जून चुहेको रात गजलकृति अध्ययनअनुसार ।

तथा प्रगतिवादी यथार्थवाद र एवम् मानवीय स्वत्व, स्वाभिमान र स्वाधीनताको प्रतिष्ठापन उनका यस चरणका गजलको मूल भाव वा उद्देश्यगत प्रवृत्ति हो । साथै गजल संरचनागत तत्वहरू बहर, रदिफ, काफिया, तखल्लुस, अन्दाजेवयाँ ( उक्तिवैचित्र्य) आदिको सचेततापूर्वक प्रयोग तथा इबारत, इसारत र अदा (शैली, प्रतीक र छटा) को कुशल समायोजनको माध्यमबाट गजलमा व्यङ्ग्यप्राचुर्य, उपमासौन्दर्य, लयमाधुर्य र भावसौन्दर्यको सृजना गर्नु उनका गजलमा पाइने शिल्पगत वैशिष्ट्य हो ।[२३] उनका यस चरणका गजलमा हार्द भावना, चेतना र विचार तरङ्गित भएका पाइन्छन् । यस चरणको एउटा गजल दृष्टान्तका रूपमा यहाँ प्रस्तुत छ :

*बिक्रीमा छ विवेक हजुर डाक बढाबढ बोले हुन्छ*
*सबैभन्दा सस्तो भाउमा ‘धनु’लाई मोले हुन्छ*

*आजभोलि यतातिर जिन्दगीको भाउ छैन*
*पढालेखा बुद्धिजीवी नेताजीको झोले हुन्छ*

*अभावको चक्रवातमा परेपछि ज्युँनलाई*
*सरस्वतीपुत्र पनि बाउसाहेबको डोले हुन्छ*

*सन्तहरू नजिकमा जोगीजस्तै भएका छन्*
*टाढा जो छ ढोँगी, उही सिद्धबाबा भोले हुन्छ*

*जमानाको प्रवाहमा बग्नै आखिर पर्छ भने*
*बेच्नै पर्छ स्वाभिमान नैतिकता पोले हुन्छ*

*लुकाएर कति राख्ने हृदयमा चोटहरू*
*‘घनु’ तैले ‘मनु’सँग गाँठी कुरा खोले हुन्छ*[२४]

२३ अमर त्यागी, “आधुनिक नेपाली गजल र घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता”, पूर्ववत्, पृष्ठ ६२-६५ ।

२४ घनश्याम न्यौपाने परिश्रमी, जून चुहेको रात, (काठमाडौं : भूँडी पुराण प्रकाशन, २०६०), पृष्ठ १४ ।

यसरी घनश्याम न्यौपाने परिश्रमी यस चरणमा गजल रचनागत विषय, भाव र सम्प्रेषणमा परिपक्व र सैद्धान्तिक मान्यताप्रति निष्ठावान् रहेका देखिन्छन् यसर्थ उनको गजलयात्राको यस चरणलाई विकसित चरण भनिएको हो ।

### ६.३.२ घनश्याम न्यौपाने परिश्रमीको गजलयात्राको निरन्तरता र गजलप्रति प्रतिबद्धता

गजलकार घनश्याम न्यौपाने परिश्रमीको गजलयात्रा विक्रम संवत् २०४४ देखि वर्तमानसम्म विस्तारित रहेको छ र गजलविधाको विधागत पहिचान, विस्तार, विकास र सैद्धान्तिक मान्यताको प्रतिस्थापनमा उनी निरन्तर प्रतिबद्ध भएर तन्मयताका साथ समर्पित रहेका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले अग्रणी गजलसर्जक घनश्याम न्यौपाने परिश्रमी गजलसिद्धान्तका अधिष्ठाता, अहिलेसम्म सबैभन्दा धेरै गजलकृतिमा भूमिका लेख्ने गजलभूमिकाकार र अनेक गजल लेख-समालोचनामार्फत् नवपुस्तालाई गजलसृजनमा प्रशिक्षण दिने गजलप्रशिक्षकका रूपमा प्रतिष्ठित छन् । गजललाई नै सृजनाको केन्द्रीय विधा बनाएर निरन्तर गजल सृजन र प्रकाशन गर्ने घनश्याम न्यौपाने परिश्रमीले अहिलेसम्म पाँचसयभन्दा बढी गजल सृजना गरिसकेका छन् ।[६छ] यसबाट उनको गजलसृजनाको निरन्तरता र गजलप्रतिको प्रतिबद्धता पुष्टि हुन्छ । मानवीय संवेदना र प्रगतिवादी सञ्चेतनालाई गजलमा उतारेर गजलयात्रालाई निरन्तरता दिने उनी वर्तमान नेपाली गजलक्षेत्रका वरिष्ठ हस्तीमध्येका एक प्रतिबद्ध गजल सर्जक हुन् ।

## ६.४ निष्कर्ष

हरेक सर्जक कुनै विशेष घटना, परिस्थिति वा व्यक्तिबाट प्रभावित भएर सृजनामा प्रवृत्त भएको हुन्छ र कुनै एक विधालाई आफ्नो कन्द्रीय सृजना क्षेत्र बनाएर त्यसैमा विशिष्टता हासिल गरेका हुन्छ। यस तथ्यलाई हृदयङ्गम गर्दा घनश्याम न्यौपाने परिश्रमी मनु ब्राजाकीको गजलबाट प्रभावित भएर गजलविधामा प्रवेश गरी गजलविधालाई नै आफ्नो केन्द्रीय सृजनाक्षेत्र बनाएर त्यसैमा विशिष्टता हासिल गरेका गजलसर्जक हुन् । विक्रम संवत् २०४४ बाट सुरु भएर हालसम्म विस्तारित रहेको उनको गजलयात्राको प्रथम चरणमा यो मौसम एवम् द्वितीय चरणमा घामको छहारीमा र चून चुहेको रात गरी तीन वयस्क

२५ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

गजलकृतिहरू प्रकाशित छन् । यी तीन कृतिहरूमा क्रमशः पचहत्तर, साठी र बयासी गरी जम्मा दुई सय सत्र थान गजलहरू समाविष्ट छन् । उनका प्रथम  चरणको गजलमा भावपक्ष सघन रहे पनि संरचना पक्ष फितलो रहेको छ भने द्वितीय चरणका गजलमा भाव र संरचना दुवै पक्ष सबल रहेका छन् । विषयगत विविधता, भावगत सम्बलता र सम्प्रेषणगत सशक्तता उनका गजलका विशेषता हुन् । गजलप्रति प्रतिबद्ध भएर गजल यात्रालाई निरन्तरता दिने घनश्याम न्यौपाने परिश्रमी एक सचेत गजल स्रष्टा हुन् ।

## अध्याय सात

# घनश्याम न्यौपाने परिश्रमीका गजलमा सामाजिक चेतनाको अध्ययन

# ७. घनश्याम न्यौपाने परिश्रमीका गजलमा सामाजिक चेतनाको अध्ययन

## ७.१ पृष्ठभूमि

विभिन्न जातजाति, वर्ग र सम्प्रदायका मानिस बसोबास गर्ने सुव्यवस्थित संरचनागत स्वरूपलाई समाज भनिन्छ । समाज मानवसभ्यताको पहिलो पहिचान र मानव विकासको पहिलो आधारभूमि हो । मानिस समाजमै जन्मन्छ । समाजमै हुर्कन्छ । आफ्नो सम्पूर्ण जीवन समाजमै व्यतीत गर्छ । मानिसले समाजबाटै ज्ञान र विवेक ग्रहण गर्छ । सभ्यता र संस्कृति संवरण गर्छ । जीवननिर्वाहको क्षेत्र निर्धारण गर्छ, त्यसैले समाज मानिसको पहिलो कर्मक्षेत्र हो ।

आफू बाँचेको समाजको भूगोल, प्रकृति, संस्कृति, परम्परा, परिस्थिति, रीतिरिवाज, धर्म, संस्कार आदिसँग मानिसको घनिष्ट सम्बन्ध रहेको हुन्छ । त्यस्तै विकृति, विसङ्गति, बेथिति, विभेद, विषाद एवम् विडम्बनापूर्ण अवस्थासँग पनि मानिसको निकटतम सम्पर्क रहेको हुन्छ । सामाजिक संरचना, स्वरूप र अवस्थाअनुसार मानिसको मानसिक सोच र जीवन भोगाइको स्तर आविष्कृत भएको हुन्छ । सामाजिक जीवन भोगाइकै क्रममा आफ्नो रूचिअनुसार मानिसले एउटा विशिष्ट कार्यक्षेत्र बनाएको हुन्छ । त्यही कार्यक्षेत्र नै कुनै पनि व्यक्तिको सार्वजनिक वा राष्ट्रिय पहिचान बनेको हुन्छ । कुनै पनि व्यक्ति सामाजिक परिवेशको प्रभाव एवम् निजी रूचिअनुसार आफ्नो कार्यक्षेत्रको चयन गरी त्यस क्षेत्रमा निरन्तर लगनका साथ विशिष्टता हासिल गरेर राष्ट्रिय प्रतिभाको रूपमा प्रतिष्ठित हुनेहरूमा घनश्याम न्यौपाने परिश्रमी पनि एक हुन् ।

## ७.२ सामाजिक चेतनाको सैद्धान्तिक स्वरूप

समाज विभिन्न वर्ग, धर्म, सम्प्रदाय, संस्कृति, परम्परा, रहनसहन र रीतिथितिद्वारा सङ्गठित समुदाय हो जहाँ अनेक आचार, विचार र व्यवहारका मानिसहरूको अविच्छिन्न सम्बन्ध रहेको हुन्छ । बाè रूपले हेर्दा समाजको संरचन सरल र सहजजस्तो देखिए पनि आन्तरिक रूपमा अत्यन्त जटिल एवम् असहज रहेको हुन्छ किनभने समाजभित्र अनेक निष्ठा

र विचारका, अनेक चिन्तन र संस्कारका, अनेक चरित्र र प्रवृत्तिका मानिसहरू रहेका हुन्छन् र तिनीहरूबीच अप्रत्यक्ष रूपमा वर्गीय एवं चारित्रिक द्वन्द्व चलिरहेको हुन्छ, तसर्थ समाजमा हरेक व्यक्ति सामाजिक प्रभावमा बाँचेको हुन्छ । उसको हरेक क्रियाकलाप सामाजिक संस्कारमा अडेको हुन्छ । जन्मदेखि नै व्यक्तिमा गहिरो रूपमा संस्कारजन्य सामाजिक असर परेको हुन्छ । व्यक्तिको चरित्रमा पर्ने सामाजिक असरका क्षेत्रहरू यसप्रकार बुँदागत रूपमा देखाउन सकिन्छ :[1]

- व्यक्तिको वंशपरम्परा
- घरेलु सामाजिक वातावरण
- शिक्षादीक्षा, साथीसँगातीको सम्पर्क र उठबस
- सामाजिक, आर्थिक तथा वर्गीय धरातल
- व्यक्तिको कर्मक्षेत्र, विचार वा चिन्तन
- व्यक्ति बाँचेको देश, काल,परिस्थिति वा सिङ्गो सांस्कृतिक वातवारण
- राजनैतिक परिवेशजन्य प्रभाव
- राज्यको आर्थिक संरक्षण एवम् अवस्था

यसर्थ समाजका हरेक व्यक्तिको जीवन सामाजिक मूल्य र मान्यतामा उठेको हुन्छ । सामाजिक भोगाइ र संस्कारमा उसको जीवनपद्धति निर्मित भएको हुन्छ । हरेक व्यक्तिको घरायसी र सामाजिक अवस्था एवम् परम्परा र परिवर्तनशीलताका आधारमा उसको निजी चेतनाचिन्तन विकसित भएको हुन्छ । यही चेतनाचिन्तनलाई सर्जकले आफ्नो साहित्यिक सिर्जनामा अभिरेखाङ्कित गरेको हुन्छ ।

## ७.२.१ साहित्यमा सामाजिक चेतना

साहित्य समाजको प्रतिरूप हो जसमा सिङ्गो समाज प्रतिबिम्बित भएको हुन्छ । समाजका अनेक वस्तुसत्यहरूको यथार्थ अभिरेखाङ्कन साहित्यमा हुने भएको हुँदा यसलाई समाजको दर्पण भनिएको हो । सामाजिक चेतना भनेको समाजसँग सम्बन्धित चेतना तथा समाजमा हुने वा भएको सत्-असत्लाई छुट्याउन सक्ने ज्ञान, बुद्धि वा विवेक हो । यस चेतनाका अनेकानेक रूपप्रतिरूपहरू रहेका हुन्छन् जुन साहित्यमा निम्न रूपमा आउने गर्छन् :[2]

- समाजको सम्बन्ध, भूमिका र व्याख्याको निरूपणका रूपमा,
- समाजको प्रभाव, विचारधारा तथा अन्तर्वस्तुगत तथ्य प्रतिस्थापनका रूपमा,
- सामाजिक मनोजगतको प्रतिबिम्बन एवम् पुनर्स्थापनाका रूपमा,

---

१ वासुदेव त्रिपाठी, पाश्चातय समालोचनाको सैद्धान्तिक परम्परा भाग २, (ललितपुर : सा.प्र., २०३६) पृष्ठ १६५ ।

२ मैनेजर पाण्डेय, साहित्य के सामाज शास्त्रकी भूमिका, (चन्दीगढ : हरियाणा साहित्य एकेडेमी, सन् १९८९), पृष्ठ ५-१८ ।

- सामाजिक ज्ञान, चेतना, विश्वदृष्टि र वस्तुचेतको अभिव्यक्तिका रूपमा,
- सामाजिक जीवनभोगाइ, चेतना, चिन्तन एवम् दृष्टिकोणको अभिरेखाङ्कनका रूपमा,
- सर्जकले अरूको अनुभवजगत्लाई आत्मसात् गरी पाठकसमक्ष प्रक्षेपण गर्ने कलाका रूपमा, र
- सामाजिक मूल्य, मान्यता, महत्ता, संवेदना र संचेतनाको अभिव्यञ्जनाका रूपमा ।

सामाजिक अन्तर्वस्तु साहित्यको मुटु हो र सामाजिक चेतना त्यसको अनन्त स्पन्दन हो । साहित्य र समाज एकअर्काका पूरक हुन् । सामाजिक चेतना र साहित्यिक रचना आत्माको धमनी र त्यसको रक्तप्रवाह हो । सामाजिक चेतना साहित्यको अनिवार्य सर्त हो । यस तथ्यको आधारमा सामाजिक चेतनाको सैद्धान्तिक स्वरूपलाई अध्यात्मवादी सामाजिक चेतना र भौतिकवादी सामाजिक चेतनाका रूपमा विश्लेषण गर्नु अधिक युक्तिसङ्गत हुन्छ ।

७.२.१.१ अध्यात्मवादी सामाजिक चेतना

आत्मा र परमात्माका गुण र तिनको पारस्परिक सम्बन्धका विषयमा गरिने चिन्तन, निरूपण वा विवेचनालाई अध्यात्म र अन्तिम सत्य वा वास्तविकता परमात्मा नै हो र सांसारिक विषयवस्तु चाहिँ झुट्टा एवम् भ्रमपूर्ण हुन् भनी मान्ने मत वा धार्मिक आस्था तथा विश्वासको मतलाई अध्यात्मवाद भनिन्छ भने अध्यात्मवादको अनुशरण गर्ने एवम् त्यसलाई मान्ने वा विश्वास गर्ने व्यक्तिलाई अध्यात्मवादी भनिन्छ ।[घ] यस तथ्यअनुसार धार्मिक आस्था वा विश्वासलाई अध्यात्मवाद र धार्मिक क्रियाकलापमा संलग्न व्यक्तिलाई अध्यात्मवादी भन्ने बुझिन्छ । समाजमा परम्परागत धार्मिक संस्कारहरू विद्यमान रहने हुनाले धर्मकर्ममा आस्था राख्नेहरूकै बाहुल्य समाजमा रहेको हुन्छ । यस्ता धार्मिक संस्कारले समाजमा जन्मदेखि मृत्युसम्म नै ठूलो प्रभाव पारेको हुन्छ । त्यसकारण अध्यात्मवादी सामाजिक चेतना समाजको अभिन्न अङ्ग नै हो । अध्यात्मवादका केही सकारात्मक र केही नकारात्मक पक्षहरू पनि रहेका छन् जसलाई निम्नानुसार बुँदागत रूपमा देखाउन सकिन्छ :

७.२.१.१.१ अध्यात्मवादका सकारात्मक पक्षहरू

- यसले सबैमा अनुशासन कायम गराउँछ ।
- नैतिक आदर्शलाई प्रश्रय दिन्छ ।

---

३ बालकृष्ण पोखरेल (निर्देशक), नेपाली बृहद् शब्दकोष (ललितपुर : साझा प्रकाशन, २०४०) पृष्ठ ३१ ।

- मानवीय एकता, सद्भाव र सहअस्तित्वबोध गराउँछ ।
- आपसमा सदाशयता र सहिष्णुतालाई बढावा दिन्छ ।
- दानी र उदार चरित्रको विकास गर्छ ।
- परोपकारी भावमा बृद्धि गराउँछ ।
- प्राणीजगत्प्रति प्रेम र अहिंसाको भाव जगाउँछ ।

७.२.१.१.२ अध्यात्मवादका नकारात्मक पक्षहरू

- धार्मिक आडम्बर सृजना गराउँछ ।
- धर्मको आडमा शोषण गराउँछ ।
- पापको भय सृजना गराई अन्धविश्वासलाई यथावत राख्छ ।
- भूतप्रेतपिशाचप्रति विश्वास जगाउँछ ।
- धार्मिक अहम् र उदण्डता बढाउँछ ।
- भौतिकताप्रति अनास्था जगाउँछ ।
- धार्मिक विभेद सृजना गर्छ ।
- धर्मको नाममा नरसंहारसमेत निम्त्याउँछ ।

हरेक समाजमा अध्यात्मवादी चेतनाले गहिरो रूपमा जरो गाडेर बसेको हुन्छ । बहुसङ्ख्यक मानिसले जन्मदेखि नै यस वादलाई जीवनमा अभिन्न रूपमा अँगालेका हुन्छन् । अध्यात्मवादीहरूले संसारका यावत् वस्तु ईश्वरको देन ठान्छन् र आफूलाई ईश्वरको वरदान मान्छन् । ईश्वरभक्तिबाटै जीवनमा सुख, शान्ति र समृद्धि हुने विश्वास राख्छन् । परम्परादेखि अध्यात्मवादी चेतना साहित्यमा पनि मुखरित हुँदै आएको छ । वेद, उपनिषद्, रामायण, महाभारत, बाइबल, कुरान, त्रिपिटक आदि अध्यात्मवादी साहित्यिक ग्रन्थ हुन् । अध्यात्मवादी चेतनालाई चिन्तनको रूपमा ग्रहण गरेर साहित्यिक रचना गर्ने स्रष्टा अध्यात्मवादी साहित्यिक स्रष्टाहरू मानिन्छन् । उनीहरूका रचनामा ईश्वरीय शक्तिको उपासना, सर्वव्यापिता, औपदेशिकता आदि मुखरित भएको हुन्छ ।

७.२.१.२ भौतिकवादी सामाजिक चेतना

पृथ्वीका यावत् वस्तुतथ्यको संरचनालाई भौतिक र यस्ता वस्तुत्वको यथार्थलाई मान्ने मत वा जीवन जगत्को वस्तुसत्यलाई मान्ने सिद्धान्त तथा भौतिक गुण एवम् निर्माणतत्वलाई शाश्वत मान्दै भौतिक जगत्लाई परिवर्तनशील वा विकासशील रूपमा बुझ्ने र पदार्थबाटै चेतनाको सृष्टि भएको हो भनी मान्ने वैज्ञानिक दार्शनिक सिद्धान्त

वा मतलाई भौतिकवाद भनिन्छ । यस वादको अनुयायी वा समर्थक तथा यसवादमा विश्वास राख्ने व्यक्तिलाई भौतिकवादी भन्ने गरिन्छ ।[४] भौतिकवादको आधारभूमि सामाजिक वस्तुसत्य हो । सामाजिक मूल्य र मान्यता नै भौतिकवादी महत्ताको सर्वोपरिता हो । यसर्थ भौतिकवादी सामाजिक चेतना मानवीय वस्तुसत्य हो ।

भौतिकवादमा आस्था राख्नेहरू नास्तिक हुन्छन् । उनीहरू अध्यात्मवादका विरोधी र परिवर्तनशील, प्रगतिशील एवम् जनवादी सोचका हुन्छन् । भौतिकवादीहरू मार्क्सवादी चिन्तनका अनुयायी हुन्छन् । मार्क्सवादप्रति आस्था राख्छन् । राज्य व्यवस्थामा श्रमको यथोचित फल मिल्नुपर्छ र पूँजीवाद तथा सामन्तवादको अन्त्य भएर साम्यवाद स्थापित हुनुपर्छ भन्ने मान्यता राख्छन् । यही मान्यता नै भौतिकवादी सामाजिक चेतना हो । समाजमा विद्यमान जातपात, छुवाछुत, धनीगरीब, शोषणशोषित, अभिजातदलितजस्ता वर्गीय सामाजिक असमानता रहेको हुन्छ । यस्ता असमानताको उत्पीडनबाट मुक्तिको चाहना प्रगतिवादी चेतना पनि हो । यही चेतना भौतिक सामाजिक चेतना हो । भौतिकवादी सामाजिक चेतना समाजको एक अभिन्न अङ्ग पनि हो । भौतिकवादका केही सकारात्मक र नकारात्मक पक्षहरू पनि रहेका हुन्छन् जसलाई निम्नानुसार बुँदागत रूपमा देखाउन सकिन्छ ।

७.२.१.२.१ भौतिकवादका सकारात्मक पक्षहरू

- यसले समाजलाई निरन्तर प्रगतिउन्मुख गराउँछ ।
- यसले व्यक्तिलाई चिन्तनशील, सृजनशील र कर्मशील बनाउँछ ।
- यसले वैज्ञानिक चिन्तनलाई विकसित तुल्याउँछ ।
- यसले सामाजिक असमानताको अन्त्य र समानताको स्थापनामा जोड दिन्छ ।
- यसले सामाजिक स्वत्व, अस्तित्व र महत्ताबोध गराउँछ ।
- यसले धार्मिक अहम् र अन्धविश्वासको अन्त्य गराउँछ ।
- यसले व्यक्तिको श्रमको सही मूल्य पहिचान गराउँछ ।
- यसले व्यक्तिलाई श्रमजीवी भएर बाँच्न सिकाउँछ ।

७.२.१.२.२ भौतिकवादका नकारात्मक पक्षहरू

- यसले परम्परागत मूल्य र मान्यताको अन्त्य गराउँछ ।

---

४ ऐजन, पृष्ठ १०-३० ।

- यसले व्यक्ति-व्यक्तिमा प्रतिद्वन्द्विता र मुठभेद निम्त्याउँछ ।
- यसले व्यक्तिको सदाशयता, विनम्रता र सहिष्णुता समाप्त पार्छ ।
- यसले आपसी प्रेम, निष्ठा र विश्वासबाट विमुख पार्छ ।
- यसले आफू, आफन्त र आफ्नो नैतिकताप्रति बेवास्ता गराउँछ ।
- यसले व्यक्तिलाई व्यस्त, कृत्रिम र अनुत्तरदायी बनाउँछ ।
- यसले अश्लीलता, उच्छृङ्खलता र एकलकाँटेपन वृद्धि गर्छ ।
- यसले ध्वंश, विकृति र विलासितालाई चुल्याउँछ ।

हरेक समाज भौतिकवादी चेतनाको धरातलमा अडेको हुन्छ । भौतिक वस्तुतथ्य नै जीवनभोगाइको मूल आधार बनेको हुन्छ । भौतिकताबिनाको जीवन, जीवन नै रहँदैन, तसर्थ भौतिकवादी सामाजिक चेतना जीवनको ऊर्जा हो । भौतिकवादीहरू ईश्वर नमानेर भौतिक सर्वोपरितालाई मान्छन् । समतामूलक सामाजिक मान्यतालाई मान्छन् । साम्यवादलाई मान्छन् । प्रगतिशीलतालाई मान्छन् । मार्क्स, एङ्गेल्स, हेगेल र गोर्कीका रचनाहरू भौतिकवादी सामाजिक चेतनाका उत्कृष्ट नमुना हुन् । द्वन्द्वात्मक भौतिकवादी सौन्दर्य चेतनालाई चिन्तनको रूपमा ग्रहण गरेर साहित्य सृजना गर्ने स्रष्टाहरू भौतिकवादी साहित्यिक स्रष्टा मानिन्छन् । उनीहरूको रचनामा भौतिकवादी-साम्यवादी मूल्य, मान्यता र महत्ताका साथै समानता, स्वाधीनता र स्वाभिमानको भाव मुखरित भएको हुन्छ ।

## ७.३ घनश्याम न्यौपाने परिश्रमीको गजलमा अन्तर्निहित सामाजिक चेतना

द्वन्द्वात्मक भौतिकवादी सौन्दर्य चिन्तनको पृष्ठभूमिमा रचना गरिएका साहित्यलाई प्रगतिशील साहित्य भनिन्छ । प्रगतिशील साहित्यमा भौतिकवादी सामाजिक चेतना सशक्त रूपमा प्रतिस्थापित भएको हुन्छ । घनश्याम न्यौपाने परिश्रमी प्रगतिशील गजलकार हुन् । उनका गजलको मूल भावभूमि भौतिकवादी सामाजिक चेतना हो । भौतिकवादी चेतनाचिन्तन उनका गजलका मूल अन्तरवस्तु हो । उनका गजलमा अन्तर्निहित भौतिकवादी सामाजिक चेतनालाई निम्नलिखित बुँदाहरूमा देखाउन सकिन्छ[छ]:

- भौतिक वस्तुतथ्यको यथावत् अङ्कनका रूपमा
- कालिक-समकालिक घटना र परिवेशको प्रतिबिम्बनका रूपमा
- मानवीय चरित्रको यथार्थ चित्राङ्कनका रूपमा

---

५ कृष्णप्रसाद आचार्य, पाश्चात्य साहित्य सिद्धान्त, (काठमाडौं : क्षितिज प्रकाशन, २०६२) पृष्ठ १२९ ।

- भौतिक वैज्ञानिकद्वारा प्रमाणित वस्तुयथार्थका अन्तर्वस्तुको अनुकरणका रूपमा
- मानवता, स्वतन्त्रता, राष्ट्रिय गौरवप्रति आस्था एवम् विश्वासको रूपमा
- जीवनजगत् र भोगाइका निष्पक्ष र यथार्थवादी अभिव्यक्तिका रूपमा
- वर्गीय असमानताको विरोध र विकृतिप्रति व्यङ्ग्यका रूपमा
- वर्तमान कुरूप यथास्थितिप्रति आलोचनात्मक दृष्टिका रूपमा
- राजनैतिक दुराचार एवम् दुर्नीतिको उद्घाटनका रूपमा
- समतामूलक समाज निर्माणको पृष्ठपोषणका रूपमा
- स्वमूल्य, स्वमान्यता, स्वअस्तित्व र स्वाभिमानको उद्बोधनका रूपमा
- देशभक्ति र जनवादी भावनाको प्रक्षेपणका रूपमा

## ७.४ घनश्याम न्यौपाने परिश्रमीका गजलमा सामाजिक चेतना अध्ययनको आधार

भनिन्छ, साहित्य समाजको दर्पण हो । साहित्यकार समाजको एक सचेत एवम् चेतनशील सदस्य हो । उसले समाजकै वस्तुस्थिति र जीवनभोगाइको यथार्थलाई साहित्यमा प्रतिविम्बित गरेको हुन्छ त्यसैले साहित्यलाई समाजको दर्पण भनिएको हो । उसले समाजकै वस्तुतथ्यलाई प्रत्यक्ष वा परोक्ष रूपमा सृजनामा उद्घाटित गरेको हुन्छ । दुःख, सुख, हाँसो, आँसु, मिलन, बिछोड आदिदेखि लिएर विकृति, विसङ्गति, विभेद, विषमता तथा प्रेम, सद्भाव, साहचर्य एवम् सम्मानता, संस्कृति, संस्कार र संवृत्ति समाजकै उपज हुन् त्यसैले सर्जकले सृजनामा समाजकै कुनै एक वा समग्र पक्षलाई चित्रण गरेको हुन्छ अर्थात् सर्जकका हरेक सृजनामा सामाजिक चेतनामूल अन्तर्वस्तुका रूपमा आएको हुन्छ । यही अन्तर्वस्तु नै सामाजिक चेतना अध्ययनको मूल आधार हो । घनश्याम न्यौपाने परिश्रमीका गजलको मूल अन्तर्वस्तु पनि सामाजिक चेतना नै रहेको छ । उनका हरेक गजलमा कुनै न कुनै रूपमा सामाजिक चेतना अङ्कित भएको पाइन्छ । उनले दुःख र सुखको होस् वा हर्ष र पीडाको होस्ý विकृति र विसङ्गतिको होस् वा विभेद र वितण्डाको होस्ý प्रेम र सद्भावको होस् वा प्रकृति र संस्कृतिको होस्ý राष्ट्र र राजनीतिको होस् वा अभाव र समस्याको होस्ý मानवीय सञ्चेतना र संवेदनाको होस् वा अत्मिक कुण्ठा र चाहनाको होस्ý जुन पक्ष वा विषयको गजल रचना गरेका भए पनि उनको गजलरचनाको मूल आधार भनेको समाज नै हो त्यसैले उनको गजलमा अन्तर्निहित सामाजिक चेतनाको अध्ययन औचित्यपूर्ण र सर्वोपरि रहेको छ ।

### ७.४.१ घनश्याम न्यौपाने परिश्रमीका गजलमा सामाजिक चेतनाको स्तरनिर्धारण

सामाजिक चेतनाको स्तरनिर्धारण रचनामा अन्तर्निहित सामाजिक अन्तर्वस्तुगत अभिव्यक्ति क्षमताअनुसार गरिन्छ यसर्थ घनश्याम न्यौपाने परिश्रमीका तीन गजल

कृतिका दुईसय सत्र थान गजलमा अन्तर्निहित सामाजिक अन्तर्वस्तुको रूपमा भौतिकवादी सामाजिक चेतना प्रतिष्ठापन भएको देखिन्छ । यही भौतिकवादी सामाजिक चेतनाको सशक्तताका आधारमा घनश्याम न्यौपाने परिश्रमीका गजलका स्तरनिर्धारण गर्नु उपयुक्त हुन्छ । यस मान्यतामा उनका गजललाई उच्च, मध्यम र निम्न स्तरमा वर्गीकृत गर्नु सान्दर्भिक ठहर्छ ।

#### ७.४.१.१ उच्च स्तर

भौतिकवादी सामाजिक अन्तर्वस्तुको गहिराइसम्म पुगेर त्यसलाई गहन र कलात्मक रूपमा अभिव्यञ्जित गरिएका घनश्याम न्यौपाने परिश्रमीका गजलहरूलाई सामाजिक चेतनाका दृष्टिले उच्चस्तरमा वर्गीकृत गरिएको छ । यस सन्दर्भमा उनका के-कति गजल सामाजिक चेतनाका दृष्टिले उच्च स्तरका छन् भन्ने तथ्य छानबिन गरी यहाँ तिनको स्तर अङ्कित गरिएको छ ।

#### ७.४.१.२ मध्यम स्तर

भौतिकवादी सामाजिक विषयवस्तुलाई सतही रूपमा मात्र अभिलेखन गरिएका घनश्याम न्यौपाने परिश्रमीका गजलहरूलाई सामाजिक चेतनाका दृष्टिले मध्यम स्तरमा वर्गीकृत गरिएको छ । यस सन्दर्भमा उनका के-कति गजल सामाजिक चेतनाका दृष्टिले मध्यम स्तरका छन् भन्ने तथ्यको छानबिन गरी यहाँ तिनको स्तर अङ्कित गरिएको छ ।

#### ७.४.१.३ निम्न स्तर

भौतिकवादी सामाजिक अन्तर्वस्तुको चित्रणभन्दा अन्य विषयचित्रणबाट प्रभावित घनश्याम न्यौपाने परिश्रमीका गजललाई सामाजिक चेतनाका दृष्टिले निम्नस्तरमा वर्गीकृत गरिएको छ । यस सन्दर्भमा उनका के-कति गजल सामाजिक चेतनाका दृष्टिले निम्न स्तरका छन् भन्ने तथ्यको छानबिन गरी यहाँ तिनका स्तर अङ्गित गरिएको छ ।

### ७.४.२ संरचनागत स्तर निर्धारण

सैद्धान्तिक रचनागत मान्यताहरूको परिपालना एवम् भावविधान र शिल्पविधागत सशक्तताका आधारमा रचनाको संरचनागत स्तरनिर्धारण गरिन्छ । यस तथ्यअनुसार घनश्याम

न्यौपाने परिश्रमीका गजललाई शिल्पगत सशक्तताका आधारमा उत्कृष्ट, मध्यम र सामान्य स्तरमा वर्गीकृत गर्नु सान्दर्भिक ठहर्छ ।

#### ७.४.२.१ उत्कृष्ट स्तर

गजलका रचनागत आधारभूत तत्वहरू काफिया, रदिफ, तखल्लुस, मुसिकियत, अन्दाजेबयाँ, इबारत, इसारत, अदा आदिको पूर्णतः प्रयोगगत परिपालना गरी रचिएका गजललाई उत्कृष्ट स्तरमा राखेर परिश्रमीका के-कति गजल संरचनात्मक दृष्टिले उत्कृष्ट स्तरका छन् भन्ने तथ्यगत स्तर यहाँ इङ्गित गरिएको छ ।

#### ७.४.२.२ मध्यम स्तर

गजलका रचनागत आधारभूत तत्वहरू काफिया, रदिफ, तखल्लुस, मुसिकियत, अन्दाजेबयाँ, इबारत, इसारत र अदा आदिको अधिक प्रयोगगत परिपालना गरी रचिएका गजललाई मध्यम स्तरमा राखेर परिश्रमीका के-कति गजल संरचनात्मक दृष्टिले मध्यम स्तरका छन् भन्ने तथ्यगत स्तर यहाँ इङ्गित गरिएको छ ।

#### ७.४.२.३ सामान्य स्तर

गजलका रचनागत आधारभूत तत्वहरू काफिया, रदिफ, तखल्लुस, मुसिकियत, अन्दाजेबयाँ, इबारत, इसारत र अदा आदिको न्यून रूपमा मात्र प्रयोगगत परिपालना गरी रचिएका गजलहरू सामान्य स्तरमा राखेर परिश्रमीका के-कति गजलहरू सामान्य स्तरका छन् भन्ने तथ्यगत स्तर यहाँ इङ्गित गरिएको छ ।

गजलकार परिश्रमीका तीन गजलकृतिका दुईसय सत्र थान गजलमा रहेका वस्तुतथ्यमा उल्लेखित तीन स्तर नै सामाजिक चेतना अध्ययनका आधारक्षेत्र हुन् । साथै भावसम्प्रेषण र शिल्पसंयोजनका आधारमा उल्लेखित तीन स्तर नै संरचनात्मक मान्यताका आधारक्षेत्र पनि हुन् । यही आधार क्षेत्रभित्र रहेर घनश्याम न्यौपाने परिश्रमीका तीन गजलकृतिका दुई सय सत्र थान गजलको सामाजिक चेतनाको अध्ययन र विश्लेषण गरिएको छ ।

## ७.५ यो मौसम गजल कृतिमा सामाजिक चेतनाको अध्ययन

यो मौसम[८] घनश्याम न्यौपाने परिश्रमीको पहिलो गजलकृति हो । विक्रम संवत् २०५० मा सौदामिनी प्रकाशनबाट प्रकाशित यस गजलकृतिमा पचहत्तर थान गजलहरू सङ्कलित छन् । राष्ट्रिय एवम् सामाजिक जीवनभोगाइका विभिन्न वस्तुतथ्यलाई विषय बनाएर आफ्ना भावना र विचारलाई अभिव्यक्त गरिएको उनको यस कृतिका गजलहरूमा मानवीय सञ्चेतना र संवेदना सामाजिक अन्तर्वस्तुका रूपमा आएका छन् । सामाजिक परिवेश र परिस्थितिजन्य सत्यतथ्यहरू उनका यस कृतिमा गजलका मूल अन्तर्वस्तु हुन् ।[७] प्रगतिवादी वैचारिक निष्ठा[८] अन्तर्मनका ऊहापोह र विभेदजन्य यथास्थिति पनि उनका यस कृतिका गजलमा अन्तर्वस्तुका रूपमा प्रयोग भएका छन् । समाजलाई हेर्ने दृष्टि एवम् समाजप्रतिको धारणा नै यस कृतिका सामाजिक चेतना र यस चेतनाको सम्प्रेषणकला नै संरचनात्मक स्वरूप हो । सामाजिक अन्वर्तस्तुको प्रभाव र प्रवाहपूर्ण सशक्त प्रस्तुति उनको यस कृतिको गजलको संरचनात्मक स्तर हो । यो मौसम गजलकृतिभित्रका पचहत्तर गजलको सामाजिक चेतना एवम् संरचनात्मक स्तरलाई निम्न लिखित रूपमा अङ्कन गर्नु सान्दर्भिक देखिन्छ ।

| क्र.स. | गजलको बोल | सामाजिक चेतनाको स्तर | संरचनात्मक स्तर | शेर संख्या |
|---|---|---|---|---|
| १ | जिन्दगी त जिएकै छु हाँस्न कैल्यै पाइन | मध्यम | मध्यम | ६ |
| २ | बोलूँ त बोल्न हुन्न मुक भइरहेछु आज | मध्यम | मध्यम | ६ |
| ३ | पल्हाउन सकिन म सतहमै गुट्मुटिएको छु | उच्च | मध्यम | ६ |
| ४ | जसलाई आफ्नो ठानी जान्छु उही ठूलो हुँदो रहेछ | मध्यम | सामान्य | ६ |
| ५ | मौन भई बाँच्नु पनि बाँचेको के सार भो | मध्यम | मध्यम | ६ |
| ६. | माथि चढ्ने प्रयास गर्दा उल्टै तल खस्नुपर्छ | उच्च | मध्यम | ६ |
| ७ | बाध्यताको प्राचीर नाघ्न सकिएन कसो गरूँ | मध्यम | मध्यम | ६ |
| ८ | बेचैन छु, विवश छु, हर्दम् किन जान्न सकिएन | मध्यम | सामान्य | ६ |

---

६ घनश्याम न्यौपाने परिश्रमी, यो मौसम, (नवलपरासी : सौदामिनी प्रकाशन, २०५०) पृष्ठ १९३ ।

७ कपिल लामिछाने, "घनश्याम न्यौपाने परिश्रमीका गजलको अन्तर्वस्तु", यथार्थवादी नेपाली समालोचना, (पोखराः गण्डकी साहित्य सङ्गम, २०६२) पृष्ठ २९५ ।

८ ऐजन, पृष्ठ ५९ ।

| | | | | |
|---|---|---|---|---|
| ९ | यथार्थता कति तीतो हुंदो रैछ आजभोलि | उच्च | मध्यम | ६ |
| १० | धुरीमा पुग्ने रहर  नगर्नुस् हजुर | मध्यम | सामान्य | ६ |
| ११ | भोक छ जताततै, कोलाहल छ जताततै | उच्च | मध्यम | ६ |
| १२ | तपाईंको नुहे जस्तो छ शिर साहेब ¤ | मध्यम | सामान्य | ६ |
| १३ | वसन्तमा पालुवाले मुर्झाउनु परेको छ | निम्न | सामान्य | ६ |
| १४ | उज्यालो रोशनी किन हटेर उज्यालो भयो | उच्च | मध्यम | ६ |
| १५ | कालो बादल हुरीले हटाइसकेको छैन साथी | उच्च | मध्यम | ६ |
| १६ | खुसीका प्यालाहरू तुरिन थालेका छन् | उच्च | मध्यम | ६ |
| १७ | अभिशाप जिन्दगी जिउँदै छ, कसरी | मध्यम | मध्यम | ६ |
| १८ | हाँस्ने हाँसिरहेछन् त रूनेहरू रूँदै छन् | मध्यम | सामान्य | ६ |
| १९ | मृत्युलाई नजिस्क्या तेरै विरूद्ध लड्दैछु म | मध्यम | सामान्य | ६ |
| २० | म एउटा आफैसँग रम्ने कलाकार | मध्यम | सामान्य | ६ |
| २१ | उड्ने रहर मेरो उन्मुक्त चाहना छ | मध्यम | सामान्य | ६ |
| २२ | सुनौलो भविष्यको कल्पना गर्दै बाँचेको छु | मध्यम | सामान्य | ६ |
| २३ | बेइमानहरूलाई मान चाहिन्छ | मध्यम | सामान्य | ६ |
| २४ | बज्न छाडे उत्साहका रमाइला बिगुलहरू | मध्यम | मध्यम | ६ |
| २५ | औंसीको रात बित्या छैन बत्ती निभ्न नदेऊ | मध्यम | मध्यम | ६ |
| २६ | जनतालाई आज पनि फेरि झुक्याइयो | उच्च | मध्यम | ६ |
| २७ | मिर्मिरे झरे पन्छीहरू कलरव गर्न थालेका छन् | मध्यम | मध्यम | ६ |
| २८ | विश्वासका दियाहरू जलाउँदै गर प्रिये ¤ | उच्च | मध्यम | ६ |
| २९ | सुरक्षाको प्रत्याभूतिमा मानवता आतङ्कित छ | मध्यम | सामान्य | ६ |
| ३० | अटाई नसक्नु छन् मनको तख्तामा चाहनाहरू | मध्यम | मध्यम | ६ |
| ३१ | म आएथैं अनायास घृणा गरेजस्तो लाग्यो | मध्यम | उत्कृष्ट | ६ |
| ३२ | द्वन्द्व किन हुन्थ्यो जीवन आसान भैदिए | मध्यम | सामान्य | ४ |
| ३३ | प्रतीक्षामा बसे निकै बेकार भयो | मध्यम | मध्यम | ६ |
| ३४ | साजिश रच्दै साख्खै बन्न पर्दैन  नआऊ अब | मध्यम | मध्यम | ६ |
| ३५ | आँगनीमा ताप्न न्यानो घाम पाइन | मध्यम | सामान्य | ६ |
| ३६ | रोइरहेछ यो समाज दिक्क छ यो वातावरण | उच्च | मध्यम | ६ |

| | | | | |
|---|---|---|---|---|
| ३७ | जिन्दगीको हरेक पल साउने झरी भयो | मध्यम | मध्यम | ६ |
| ३८ | मान्छे सक्रिय छन्, अचेल जतातते | मध्यम | मध्यम | ६ |
| ३९ | केही गुमाएको छु र केही पाएको छु | उच्च | मध्यम | ५ |
| ४० | हावा चल्दाचल्दै तातो आउँदै छ कतैबाट | मध्यम | मध्यम | ६ |
| ४१ | कठै ¤ धेरैको मन बैलाउन थालेछ | मध्यम | मध्यम | ५ |
| ४२ | मुक्ति पाउने विश्वासमा उठ्दै छौँ हामी | उच्च | मध्यम | ६ |
| ४३ | बाँच्ने रहर गर्थे जीवन ज्यूँदो लास भएछ | मध्यम | मध्यम | ६ |
| ४४ | मलाई प्रीतिको गीत सुनाउने नगर | मध्यम | मध्यम | ६ |
| ४५ | अपराधीले छुट पाउन चाहेजस्तो यो मौसम | उच्च | मध्यम | ६ |
| ४६ | खै, कहाँ छ,के यहाँ नयाँ सबथोक पुरानै | उच्च | मध्यम | ६ |
| ४७ | समयले चाहेको छ नौलो यात्रा थप्नुपर्छ | मध्यम | मध्यम | ६ |
| ४८ | आहत मनले पीडा बुझ्ने कोही रहेनछ | मध्यम | मध्यम | ६ |
| ४९ | अलिकति रात पाए हुन्थ्यो ढुक्क निदाउन | उच्च | मध्यम | ५ |
| ५० | आकाशलाई मुट्ठीभित्र थुन्न खोज्ने यहाँ छन् | मध्यम | मध्यम | ६ |
| ५१ | सपनाका सुख टिप्दै साँच्नुपरेको छ मैले | मध्यम | मध्यम | ६ |
| ५२ | खतराका घण्टीहरू बज्दै छन् अचेल | मध्यम | सामान्य | ६ |
| ५३ | मान्छेहरू अब होशियार हुँदै छन् सुस्तसुस्त | मध्यम | मध्यम | ६ |
| ५४ | जबजब विपरीत हावा चल्न थाल्छ | मध्यम | मध्यम | ५ |
| ५५ | आफ्नै वास नहुनाले कतै कसैको घरमा छु | मध्यम | मध्यम | ५ |
| ५६ | किन साह्रो अचेल मेरो सधैँभरि मन दुख्छ | मध्यम | मध्यम | ६ |
| ५७ | मौसमको दमन सè नहुँदा फूल झर्न थालेछ | मध्यम | मध्यम | ५ |
| ५८ | वृक्षारोपण भैरहेछ हरियाली हराउँदै छ | मध्यम | मध्यम | ५ |
| ५९ | केही भन्ने रहर थियो बोल्न सकिन | मध्यम | मध्यम | ५ |
| ६० | अनजानमै आज एउटा भूल भएछ | मध्यम | मध्यम | ५ |
| ६१ | जवाफ खोज्छु पाउँदिन के हो जिन्दगी | मध्यम | मध्यम | ५ |
| ६२ | बहार आयो तर उजाड देखिँदै छन् पाखाहरू | मध्यम | मध्यम | ६ |
| ६३ | कोही गाउँ खोज्न हिँडे, कोही सहर खोज्न हिँडे | उच्च | मध्यम | ५ |
| ६४ | हाँसो जति बाल्यकालमा पुरै हाँसिएछ | मध्यम | उत्कृष्ट | ५ |

| | | | | |
|---|---|---|---|---|
| ६५ | शक्तिविनाको दिल अभिलाषी | मध्यम | सामान्य | ६ |
| ६६ | काँढे झ्याङमा आशाको लहरो | निम्न | मध्यम | ५ |
| ६७ | बोल्न पनि नहुने भो अचेल तिमीसित | मध्यम | मध्यम | ५ |
| ६८ | हृदय छ भित्र भने सुक्नु हुँदैन | मध्यम | मध्यम | ६ |
| ६९ | लेखूँ लेखूँ लाग्छ केही लेख्नै सकिएन | मध्यम | मध्यम | ५ |
| ७० | मुस्कुराउने रहर थियो मुर्झाउनुपरेको छ | मध्यम | मध्यम | ५ |
| ७१ | पिए तापनि सुरा लागेको कत्ति मात थिएन | मध्यम | मध्यम | ५ |
| ७२ | नजिस्क्या र अन्धकार परिपरि मलाई अब | उच्च | मध्यम | ४ |
| ७३ | मैले मीठो माया माग्दा किन रूखो बोली दियौ | मध्यम | मध्यम | ५ |
| ७४ | खुन खराबी जति बढोस् कोही जिम्मेवार छैन | उच्च | मध्यम | ५ |
| ७५ | भनिदेऊ प्रिय ¤ मैले रहस्य बुझिन | निम्न | सामान्य | ५ |

घनश्याम न्यौपाने परिश्रमीको यो मौसम जगलकृतिका पचहत्तर गजलहरूमा सामाजिक चेतनाका दृष्टिले उच्च स्तरका अठार, मध्यम स्तरका चउन्न र निम्न स्तरका तीन गजलहरू रहेका छन् । यस कृतिका गजलहरूमा सामाजिक सञ्चेतना र संवेदना सशक्त रूपमा सम्प्रेषित भएका गजलहरू उच्च स्तरमा परेका छन् । सामाजिक जीवन भोगाइका विविधाङ्गी अनुभवअनुभूति र दृश्यपरिदृश्यलाई उद्घाटित गर्दै समाजवादी-प्रगतिवादी चेतना संवाहन गर्नु यस कृतिका उच्च स्तरका गजलको रचनागत उद्देश्य रहेको देखिन्छ । साथै मानवीय मूल्य र मान्यतालाई रचनात्मक आधारभूमि बनाएर जीवनबोध र अस्तित्वबोधको यथार्थ उद्बोधन गर्नु परिश्रमीका यस स्तरका गजलको भावभूमि हो । त्यस्तै सामाजिक जनजीवनका परिदृश्य वा परिस्थितिका झाँकी उद्घाटित गरिएका गजलहरू मध्यम स्तरमा परेका छन् । जीवन भोगाइका आशा, निराशा, हर्ष, पीडा, सङ्गति, विसङ्गति, आरोह, अवरोह विषमता, विद्रूपता, विभिन्डोपन तथा समानता, स्वतन्त्रता, स्वाधिकारबोधका अनेकानेक भावहरूको समष्टिगत सम्प्रेषण नै परिश्रमीका यस कृतिका गजलका मध्यम स्तरगत स्वरूप हो । साथै समाजबोध र मानवमूल्यखोजको यथार्थ प्रदर्शन पनि यस स्तरका गजलका भावभूमि हो । यो मौसम भित्रका पचहत्तर गजलहरूमा तीनवटा गजल मात्र सामाजिक चेतनाका दृष्टिले निम्नस्तरका छन् । सामाजिक धरातलमै रहेर पनि सामाजिक भावभूमिभन्दा भिन्न विषयमा रचिएका गजलहरू सामाजिक चेतनाका दृष्टिले निम्न स्तरमा परेका छन् । प्रकृति चित्रण, प्रणय प्रदर्शन, नैराश्य उद्बोधन र जैविक स्वरूपको उद्घाटन यस स्तरका गजलको भावभूमि हो यद्यपि सामाजिक मूल्यमान्यतागत यथार्थको उद्घाटन नै परिश्रमीको यो मौसमभित्रका गजलको सामाजिक चेतनाको अन्तर्भूमि हो ।

घनश्याम न्यौपाने परिश्रमीको यो मौसममा संरचनात्मक दृष्टिले उत्कृष्ट स्तरका दुई, मध्यम स्तरका सन्ताउन्न र सामान्य स्तरका सोह्र गजलहरू रहेका छन् । घनश्याम न्यौपाने परिश्रमीका प्रारम्भिक चरणका गजलहरू कृतिमा परेकाले सामान्य संरचनात्मक स्तरका गजलहरूको सङ्ख्या आधिक्य रहेको छ । गजल संरचनागत आधारभूत मान्यताको पूर्णतः परिपालना गरिएका गजलहरू उच्च स्तरमा परेका छन् । यस स्तरका गजलमा भावगाम्भीर्य, शील्पसौन्दर्य र लयमाधुर्यजस्ता गजलगुणलाई गहनतासाथ सम्प्रेषण गरिएको छ । त्यस्तै गजल संरचनागत मान्यताको मध्यम रूपमा परिपालना गरिएका गजलहरू मध्यम स्तरमा परेका छन् । यस स्तरका गजलमा कलात्मकता, प्रभावोत्पादकता र गेयात्मकतालाई सहजता साथ ग्रहण गरिएको छ । गजलको संरचनागत मान्यताभित्रै रहे तापनि कवितात्मक प्रस्तुति रहेका गजलहरू सामान्य स्तरमा परेका छन् । यस स्तरका गजलमा भावगत, शिल्पगत र लयगत स्तर सामान्य रहेका छन् यद्यपि जीवनभोगाइका अनुभवअनुभूति तथा अन्तर्मनमा उद्वेलित भावतरङ्गलाई सहज सम्प्रेष्य भाषाशैलीमा अभिव्यक्त गर्नु परिश्रमीको यो मौसम गजलकृतिको गजलको संरचनात्मक वैशिष्ट्य हो ।

## ७.६ घामको छहारीमा गजलकृतिमा सामाजिक चेतनाको अध्ययन

घामको छहारीमा[९] घनश्याम न्यौपाने परिश्रमीको दोस्रो गजलकृति हो । विक्रमाब्द २०५३ आषाढमा पम्फा नेपालद्वारा प्रकाशित यस कृतिमा जम्मा साठी थान गजलहरू सङ्कलित छन् । राष्ट्र, राष्ट्रियता, जनजीविका एवम् सामाजिक मूल्य र मान्यतालाई मूल विषय बनाएर आफ्ना चेतनाचिन्तन र अनुभवअनुभूति अभिव्यञ्जित गरिएको यस कृतिका गजलहरूमा समाजबोध, जीवनबोध, अस्तित्वबोध र स्वमूल्यखोज सामाजिक अन्तर्वस्तुका रूपमा आएका छन् । सामाजिक, राजनैतिक र आर्थिक विसङ्गति र विरोधाभासपूर्ण परिस्थितिका यथार्थ दृष्टिविम्ब उनका यस कृतिका गजलका मूल सामाजिक अन्तर्वस्तु हुन् । मानवीय स्वत्वप्रतिस्थापन, वार्तमानिक गजल प्रवृत्तिप्रति व्यङ्ग्य र अंशतः प्रणय र प्रकृतिचिन्तन[१०] पनि उनका यस गजलकृतिका गजलमा अन्तर्वस्तुका रूपमा प्रयुक्त छन् । समाजप्रतिको वैचारिक दृष्टि र जीवनभोगाइका मूल्य र महत्ता नै उनको गजलको सामाजिक चेतना हो र यस चेतनाको सहज सम्प्रेषण नै संरचनात्मक स्वरूप हो । सामाजिक अन्तर्वस्तुका रूपमा आएका जनजीविकागत आरोह, अवरोह एवम् मानवीय मनोगत उहापोहको प्रभावकारी प्रस्तुति उनको यस कृतिका गजलको संरचनात्मक स्तर हो । घामको छहारीमा गजल कृतिभित्रका साठी गजलको सामाजिक चेतनाको स्तर एवम् संरचनात्मक स्तर निम्न तल लेखिएबमोजिम अङ्कित गर्नु उपयुक्त देखिन्छ :

| क्र.सं. | गजलको बोल | सामाजिक | संरचनात्मक | सेर सङ्ख्या |
|---|---|---|---|---|

९ घनश्याम न्यौपाने परिश्रमी, ये मौसम, (काठमाडौं : पम्फा नेपाल, वि.सं.. २०५३), पृष्ठ ५९ ।

१० ऐजन, पृष्ठ २९७।

| | | चेतनाको स्तर | स्तर | |
|---|---|---|---|---|
| १. | जतिबेला मेरो मुटुभित्र घाउ आलो थियो | मध्यम | मध्यम | ६ |
| २. | इमान बचाउन खोज्नेको घोर अपमान हुन्छ | मध्यम | मध्यम | ५ |
| ३. | किन होला अचेल स्वच्छ आकाश हराएझैँ लाग्छ | उच्च | मध्यम | ५ |
| ४. | टाढाटाढा पवनले यो दिल उदाउँछ घरिघरि | मध्यम | उत्कृष्ट | ५ |
| ५. | नृत्यकलाको महत्व नाचेर बुझ | मध्यम | मध्यम | ५ |
| ६. | सधैं सबैको बनेर बाँच्न पाए हुन्थ्यो | उच्च | उत्कृष्ट | ४ |
| ७. | माथि थिए आफ्नै धुनमा तल झार्‍यो किन | मध्यम | उत्कृष्ट | ५ |
| ८. | समस्याको चुनौतीले निकै डस्तै छ | उच्च | मध्यम | ६ |
| ९. | नपिएरै तिमीलाई मात लागेछ | मध्यम | मध्यम | ६ |
| १०. | मेरो मनको संसारमा एउटा शून्य सहर छ | उच्च | मध्यम | ६ |
| ११. | तिमीसँग मनका कुरा गर्ने रहर छ | उच्च | मध्यम | ५ |
| १२. | बाहिर काँचै छ भित्र ता पाक्न थालेको छु | उच्च | मध्यम | ६ |
| १३. | बेखुसी बेखुसी खुसी भएजस्तो गर्दै छु म | मध्यम | मध्यम | ५ |
| १४. | मेरो महानगरीमा शान्त कुनै चोक छैन | उच्च | मध्यम | ५ |
| १५. | खुसी खोज्दै हिँडेको थेँ, जे पाएँ त्यो पीर रहेछ | मध्यम | मध्यम | ५ |
| १६. | प्रकृतिको नियमबाट प्रकृति नै चुक्दो रै छ | मध्यम | उत्कृष्ट | ६ |
| १७. | सुन्दा सुन्दै गुनासा म दिक्दार भएको छु | मध्यम | मध्यम | ५ |
| १८. | अन्यायका सही बस्नु अझ कति प्रहार सधैं | उच्च | मध्यम | ६ |
| १९. | विपनामा दुस्मन मेरा सपनामा मीत बन्छन् | मध्यम | उत्कृष्ट | ४ |
| २०. | मान्छेलाई प्रकृतिको माया दिन्छ इलाम | मध्यम | मध्यम | ६ |
| २१. | पानी दिन नसक्ने म बादलजस्तै भएछु | मध्यम | मध्यम | ६ |
| २२. | जूनको चित्र कोर्दाकोर्दै तारा पो भएछ | मध्यम | मध्यम | ७ |
| २३. | देखेँ युगल नयनले त्यो अपिल देखेँ | मध्यम | मध्यम | ६ |
| २४. | अँध्यारोमा पिल्पिलाउँदो बत्ती बाल्दै छु म | मध्यम | मध्यम | ५ |
| २५. | अर्काको सहारा लिई चल्ने बानी छोड्दै छु म | मध्यम | मध्यम | ५ |
| २६. | तिनै तिम्रा हत्केलाले हिजो मलाई ताली दियौ | उच्च | उत्कृष्ट | ५ |

| | | | | |
|---|---|---|---|---|
| २७. | आशातन्तु चुँडे पनि कसले भन्छ गाँस्नु हुन्न | उच्च | मध्यम | ५ |
| २८. | बिरामी छ माटो यहाँ | उच्च | मध्यम | ६ |
| २९. | माटो मात्र होइन अब ढुङ्गा पनि गल्नुपर्छ | उच्च | उत्कृष्ट | ४ |
| ३०. | के छ अचेल हजुरको हाल श्रीमान् | उच्च | मध्यम | ८ |
| ३१. | जिन्दगीमा बाढी आउँदा खोलानाला तरेको छु | उच्च | मध्यम | ६ |
| ३२. | फुल्दाफुल्दै वेलैका छन् यो मौसमका फूलहरू | मध्यम | मध्यम | ५ |
| ३३. | राजनीतिको टुँडिखेलमा फोहोर खेल भइरहेछ | उच्च | मध्यम | ५ |
| ३४. | जे बोल्छु त्यो विरोध बोल्ने बानी भएछ | उच्च | मध्यम | ५ |
| ३५. | शान्त सहरको सडकमा नारा नखोज | मध्यम | मध्यम | ५ |
| ३६. | टाढा तिमी भए पनि चिट्ठीले ओठ खोल्ने गर्छ | मध्यम | मध्यम | ५ |
| ३७. | नजानेर हो कि जानीजानी तल भर्छ मान्छे | उच्च | मध्यम | ५ |
| ३८. | कैले डुब्न मन लाग्छ, भावनाको पोखरीमा | मध्यम | मध्यम | ५ |
| ३९. | घुम्ने रहर छ यो मनमा | मध्यम | मध्यम | ६ |
| ४०. | बाहिर निकै सहमतिका कुरा | उच्च | मध्यम | ६ |
| ४१. | आफैलाई थाहा छैन | मध्यम | मध्यम | ५ |
| ४२. | थियो जे जे उतै दिएर आएँ | मध्यम | मध्यम | ५ |
| ४३. | बालुवाको ठडिएझैं महल जिन्दगी | मध्यम | मध्यम | ५ |
| ४४. | घामको छहारीमा शीतल शीतल आभास पाएँ | उच्च | मध्यम | ५ |
| ४५. | खुसी छु कसरी भनूँ दुःखी छु पो किन भनूँ | मध्यम | मध्यम | ६ |
| ४६. | लोकप्रिय बन्न यहाँ जाडरक्सी धोक्ने गर्छन् | उच्च | मध्यम | ६ |
| ४७. | धेरै व्यय थोरै आय यस्तै छ जिन्दगी | उच्च | मध्यम | ५ |
| ४८. | नुहाइदिने कोही भए रूखको डाली छुन्थ्यौं होला | उच्च | उत्कृष्ट | ६ |
| ४९. | मेरो परिवेश बदल्यो, हावा बदल्यो, पानी बदल्यो | मध्यम | मध्यम | ५ |
| ५०. | हिसाब असुल भैसकेको खाताको के काम | मध्यम | मध्यम | ५ |
| ५१. | निकै दिनहरू बिते घामको खोजीमा | उच्च | मध्यम | ५ |
| ५२. | म फूल दिन्छु फ्याँक या माला गाँस जेसुकै | मध्यम | मध्यम | ६ |

| | | | | |
|---|---|---|---|---|
| | गर | | | |
| ५३. | मलाई लाग्छ झुपडीमै म बसेको राम्रो | उच्च | उत्कृष्ट | ५ |
| ५४. | घुम्ने कुर्ची भेटेपछि उनलाई बिर्सिदियौ | मध्यम | मध्यम | ६ |
| ५५. | जमेको थियो दिल | मध्यम | मध्यम | ६ |
| ५६. | हाँसहरूको बथानमा | मध्यम | मध्यम | ५ |
| ५७. | महल तिमी बनाऊ मैले कटेरो नै बारेको छु | उच्च | मध्यम | ६ |
| ५८. | निराशाका बादलहरू हटाउने मन छ | मध्यम | मध्यम | ५ |
| ५९. | आनन्दमा रमाउँदै जुनेली रातमा सखी | मध्यम | मध्यम | ६ |
| ६०. | मेरो आगनीमा आज बेहुलीझैँ तिमी आयौँ | मध्यम | मध्यम | ५ |

घनश्याम न्यौपाने परिश्रमीको घामको छहारीमा गजल कृतिका साठी गजलहरूमा सामाजिक चेतनाका दृष्टिले उच्च स्तरका पच्चीस र मध्यम स्तरका पैँतीस गजलहरू रहेका छन् । यस सङ्ग्रहमा सामाजिक चेतनागत निम्न स्तरका गजल रहेका छैनन् । सबै गजलमा कुनै न कुनै रूपमा सामाजिक अन्तर्भाव उद्‌बोधित भएको छ । सामाजिक जनजीवनका भोगाइ, चेतना, विचार, दृष्टिकोण, अनुभूति, मूल्य र मान्यता गहन तथा उच्च रूपमा अभिव्यञ्जित भएका गजलहरू सामाजिक चेतनाका दृष्टिले उच्चस्तरमा परेका छन् । राष्ट्रिय स्वाभिमान, स्वतन्त्रता र स्वाधिकारलाई उद्‌घोषित गर्दै जनवादी सञ्चेतना सञ्चारित गर्नु यस स्तरका गजलको रचनागत मर्म रहेको देखिन्छ । साथै जीवनभोगाइका यथार्थ धरातललाई गजलको पृष्ठभूमि बनाएर मानवीय अन्तर्चेतलाई हरेक मिस्रामिस्रामा अङ्कित गर्नु पनि परिश्रमिको यस स्तरको गजलको मूल भावभूमि हो । त्यस्तै सामाजिक जनजीवन र स्थिति-परिस्थितिका यथार्थ स्वरसन्धान गरिएका यस कृतिका अन्य गजलहरू मध्यम स्तरमा परेका छन् । जीवनभोगाइका क्रममा अनुभूत विविधाङ्गी तथ्यगत सकारात्मक र नकारात्मक भावविम्बहरूको उद्‌घाटन नै घनश्याम न्यौपाने परिश्रमीका यस स्तरका गजलका मूल स्वरूप हो । सामाजिक जीवनका आरोह-अवरोहका अनेक समविषम दृश्यपरिदृश्यहरू तथा मानवीय अन्तर्चेत र अन्तर्दशाका विम्बप्रतिविम्बहरू घनश्याम न्यौपाने परिश्रमीका यस स्तरका गजलको सृजनसञ्चेतनाभूमि हुन् यद्यपि समतामूलक समाजबोध र जीवनस्वत्वको महत्ताबोधलाई सर्वोपरि रूपमा सम्बोधित गर्दै समतावादी राष्ट्रिय स्वाधीनताको मूल्यचेतलाई सम्प्रेषित गर्नु परिश्रमीको गजलको सामाजिक चेतनाको मूल वैशिष्ट्य हो ।

परिश्रमीको घामको छहारीमा गजल कृतिमा संरचनात्मक दृष्तिले उत्कृष्ट स्तरका एघार र मध्यम स्तरका उनन्पचास गजलहरू रहेका छन् । यस कृतिको प्रकाशनकालसम्म आइपुग्दा परिश्रमीको गजलकारितामा स्तरीयता एवम् परिपक्वता आइसकेको हुँदा

संरचनात्मक दृष्टिले मध्यम स्तरका गजल यस कृतिमा रहेका छैनन् ।गजल रचनागत आधारभूत मान्यताहरूको पूर्णतः परिपालना गरेर रचिएका गजलहरू संरचनात्मक आधारमा उच्च स्तरमा परेका छन् । यस स्तरका गजल संरचनात्मक सौन्दर्य र भावगत गाम्भीर्यका दृष्टिले सबल रहेका छन् । अभिव्यक्तिकौशल, उक्तिवैचिœय, लयमाधुर्य र पदलालित्यको आधारमा उच्च स्तरको भएकाले नै यी गजलहरू उत्कृष्ट छन् । त्यसरी नै गजल रचनागत मान्यताहरू अधिक रूपमा पालना गरिएका तर पूर्णतः परिपालना हुन नसकेका गजलहरू मध्यम स्तरमा परेका छन् । यस स्तरका गजलमा भावगत,शील्पगत एवम् लयगत अभिव्यक्तिसौन्दर्य प्रभावपूर्ण रहेको छ । शाब्दी र आर्थी व्यञ्जनामूलक भाषिक समायोजनमा संवेद्य र भावनात्मक प्रस्तुति उनका यस स्तरका गजलको संरचनाभूमि हो । साथै सामाजिक विशृङ्खलता, नैतिक मूल्यहीनता, मानव अस्तित्वको अवमूल्यन र राजनैतिक निकृष्टताका झाँकीहरू सौष्ठवका साथ उद्घाटित गर्नु पनि उनका यस स्तरका गजलका सारच्य स्वरूप हो । मानवीय मूल्यचेत र राष्ट्रिय महत्ताबोधलाई सहज, सरस र सुलिलत भाषाशैलीमा अभिगुञ्जित गर्नु घनश्याम न्यौपाने परिश्रमीको घामको छहारीमा गजलकृतिको गजलको सामाजिक चेतनागत पहिचान र प्रतिष्ठा हो ।

## ७.७ जून चुहेको रात गजलकृतिमा सामाजिक चेतनाको अध्ययन

जून चुहेको रात[ज्ञ] घनश्याम न्यौपाने परिश्रमीको तेस्रो गजलकृति हो ।विक्रमाब्द २०६० मा भूँडीपुराण प्रकाशन, काठमाडौंबाट प्रकाशित यस कृतिमा जम्मा बयासी थान गजलहरू सङ्गृहीत छन् । देश, काल, परिस्थिति, जनजीवन, भोगाइ र अनुभूतिका अनेकानेक पाटाहरूलाई मूल वर्ण्यविषय बनाएर मानवीय स्वत्व, अस्तित्व, स्वाभिमान र स्वमूल्यलाई अभिव्यञ्जित गरिएका यस कृतिका गजलहरूमा राष्ट्रियता, स्वाधीनता, समानता, मानवता, स्वमान्यता र स्वनिष्ठाका साथै वार्तमानिक सम-विषम परिस्थितिजन्य यथार्थ सामाजिक अन्तर्वस्तुका रूपमा आएका छन् । समग्र राष्ट्रिय सामाजिक जनजीवनका सत्-असत्वृत्तिको निरूपण घनश्याम न्यौपाने परिश्रमीको यस कृतिको मूल अन्तर्वस्तुगत तथ्य हो । साथै देश र समाजप्रतिको दायित्वबोध, आत्मिक मानवीय साहचार्य, भ्रातृत्वभावबोध, मावताको मूल्यबोध तथा सापेक्ष-समतामूलक समाजको परिकल्पना पनि उनका गजलका सामाजिक चेतनागत अन्तर्वस्तु हुन् ।[ज्ञद] यसका साथै युगबोध र सन्देश, विषमताविरूद्ध विद्रोह र आक्रोश, जीवनका

११ घनश्याम न्यौपाने परिश्रमी, जुन चुहेका रात (काठमाडौं : भूँडी पुराण प्रकाशन, २०६०) पृष्ठ १ - ८२ ।

१२ अमर त्यागी, "आधुनिक नेपाली गजल र घनश्याम परिश्रमीको गजलकारिता" बन्दना, वर्ष : १७, अङ्क : ३ (काठमाडौं : डि.बी. निरौला, २०५५), पृष्ठ ५९ ।

कुठाराघात र मानवद्रोही वृत्तिउपवृत्ति[१३] पनि उनका गजलमा सशक्त रूपमा प्रयुक्त छन् । राष्ट्र, राष्ट्रियता र समाजप्रतिको स्वदृष्टिकोण वा स्वधारण नै परिश्रमीको गजलको सामाजिक चेतना हो र यस चेतनाको महत्वपूर्ण प्रस्तुति नै संरचनात्मक स्वरूप हो । सामाजिक अन्तर्वस्तुगत मत्हवका रूपमा आएका विद्यमान सामाजिक, आर्थिक,सांस्कृतिक, राजनैतिक विकृति विसङ्गतिप्रतिको आक्रोश र असन्तुष्टिको प्रवाहपूर्ण र प्रभावपूर्ण प्रस्तुति उनको यस गजलकृतिको संरचनात्मक स्तर हो । जून चुहेको रात गजल कृतिको समग्र गजलको सामाजिक चेतनाको स्तर एवम् संरचनात्मक स्तर निम्नलिखित ढाँचामा प्रस्तुत छ :

| क्र.सं. | गजलको बोल | सामाजिक चेतनाको स्तर | संरचनात्मक स्तर | सेर सङ्ख्या |
|---|---|---|---|---|
| १ | हिँड्न थाले अचेल खुलेआम चोरहरू | उच्च | उत्कृष्ट | ५ |
| २ | सिक्री बनेजस्तै गाडीहरूको लाम छ | उच्च | मध्यम | ५ |
| ३ | मैनबत्ती जस्तै सधैं बालेको छु जिन्दगीलाई | मध्यम | उत्कृष्ट | ६ |
| ४ | जून चुहेको रात मलाई राम्रो लाग्छ | मध्यम | उत्कृष्ट | ६ |
| ५ | देश यसरी चल्दैन साथी | मध्यम | मध्यम | ५ |
| ६ | स्वावलम्बी बनेपछि उनलाई बिर्सिदियौ | उच्च | उत्कृष्ट | ६ |
| ७ | सम्झनामा तिम्रै मैले मात्रा थालेको छु | मध्यम | उत्कृष्ट | ६ |
| ७ | सम्झनामा तिम्रै मैले यात्रा थालेको छु | मध्यम | उत्कृष्ट | ६ |
| ८ | फूलहरू मबाट किन भइरहेछन् टाढा अचेल | उच्च | मध्यम | ६ |
| ९ | व्यभिचार गर्छौ किन | उच्च | मध्यम | ६ |
| १० | भोक निकै छट्पटाइरहेछ सहरमा | उच्च | मध्यम | ६ |
| ११ | आफ्नै सहरभित्र मैले हराउनु हुँदैनथ्यो | मध्यम | मध्यम | ५ |
| १२ | हजुरहरूलाई निकै मन पर्छ सहर | उच्च | मध्यम | ४ |
| १३ | स्याल कराउँदै छन् कस्तो प्रजातन्त्र | उच्च | मध्यम | ६ |
| १४ | बिक्रीमा छ विवेक हजुर डाक बढाबढ बोले हुन्छ | उच्च | उत्कृष्ट | ६ |
| १५ | मलाई दिव्य सहर खण्डहरूजस्तै लाग्छ | मध्यम | मध्यम | ६ |
| १६ | फूल मेरा लागि अचेल काँडा भएको छ | मध्यम | उत्कृष्ट | ६ |
| १७ | जरा काट्ने नियत भए हाँगा पनि काटे हुन्छ | उच्च | उत्कृष्ट | ५ |

१३ रमेश गोर्खाली विकासवादी नेपाली गजल र अब्बल प्रतिमा घनश्याम परिश्रमी", गजल, वर्ष : १, अङ्क : ४, (काठमाडौं: प्रवाह परिवार, २०५४), पृष्ठ १८ ।

| | | | | |
|---|---|---|---|---|
| १८ | क्या स्वार्थी हुन्छन् यी सहरका मान्छे | उच्च | मध्यम | ६ |
| १९ | रून्ने गर्छन् हिउँदभरि वर्षा याममा मात्ने खोला | मध्यम | मध्यम | ४ |
| २० | खराबहरूबीच असल छान्नु परेकोछ मैले | मध्यम | मध्यम | ४ |
| २१ | छक्काउने बैगुनीको सङ्गत छोड्नुपर्ला | मध्यम | उत्कृष्ट | ५ |
| २२ | सिङ्गो जङ्गल बनिन म, न सवा नअर्द्ध भएँ | मध्यम | मध्यम | ४ |
| २३ | सङ्घर्षको मैदानबाट म सम्झौता गर्ने छैन | मध्यम | मध्यम | ५ |
| २४ | बाहिर गोरा भए पनि हृदयका काला | उच्च | मध्यम | ५ |
| २५ | खै कहाँ पो यो धर्तीमा शुद्ध भन्ने जल रहेछ | मध्यम | मध्यम | ६ |
| २६ | माथि पुग्छन् यहाँ गाेएका सिनो बोक्नेहरू | उच्च | उत्कृष्ट | ६ |
| २७ | दर्तामा छौ तिमी भने म पनि चलानीमा छु | उच्च | उत्कृष्ट | ५ |
| २८ | सानोको रहन्छ सबै ठूला भएपछि | मध्यम | मध्यम | ६ |
| २९ | नबजाऊ ताली यहाँ अँध्यारो छ | उच्च | मध्यम | ५ |
| ३० | जब गमलामा गुलाब सुकेको देखेँ | मध्यम | मध्यम | ६ |
| ३१ | चल्दाचल्दै मन्द पवन हुरी भइदियो | मध्यम | मध्यम | ५ |
| ३२ | खै, के बताऊँ म मेरो हाल खबर सहरको | उच्च | मध्यम | ५ |
| ३३ | भोकोझैँ छ उसले केही खाएन शायद | उच्च | मध्यम | ५ |
| ३४ | रूनुहुन्न जस्तोसुकै आपद आइपरे पनि | उच्च | उत्कृष्ट | ६ |
| ३५ | हात दिन सक्छु समाई नदी तर्नेलाई | मध्यम | उत्कृष्ट | ५ |
| ३६ | भाषण मात्र छाट्नुहुन्छ सधै कति | उच्च | मध्यम | ६ |
| ३७ | भागमा मेरो घोप्टिएको दुनु परेको छ | उच्च | उत्कृष्ट | ५ |
| ३८ | सामन्तको हात अझै हट्या छैन ताउबाट | उच्च | उत्कृष्ट | ५ |
| ३९ | आदर्शको बाटो हिँड्दा धेरै चोट खाएको छु | मध्यम | मध्यम | ६ |
| ४० | आज पनि घुम्टोभित्र छोपिँदै छ लाज यहाँ | मध्यम | मध्यम | ६ |
| ४१ | किन उड्छौ व्यर्थै चैते धुलो बनेर | मध्यम | मध्यम | ५ |
| ४२ | किन मान्छे गाउँबाट सहरतिर सरेको छ | उच्च | उत्कृष्ट | ५ |
| ४३ | धेरै मितबीचमा छु, तिमीले एक्लै पारे पनि | मध्यम | मध्यम | ५ |
| ४४ | इशारामै बाटो मोड्यौ के पो पायौ | मध्यम | मध्यम | ५ |
| ४५ | छहारीमा पनि अचेल चर्को धूप छ | उच्च | उत्कृष्ट | ६ |

| | | | | |
|---|---|---|---|---|
| ४६ | सर्पभन्दा खराब हुन्छन् मान्छेलाई डस्ने मान्छे | उच्च | उत्कृष्ट | ६ |
| ४७ | भावनाले तिर्न तिम्रो गुन सकिएन | मध्यम | मध्यम | ६ |
| ४८ | भैरहेछ नौला मान्छे भेला यहाँ | उच्च | मध्यम | ६ |
| ४९ | तिमीले प्रीतप्याला भनेर मात्र पुग्छ | मध्यम | मध्यम | ६ |
| ५० | मान्छेसँग मान्छेलाई कति सारो डर अचेल | उच्च | उत्कृष्ट | ६ |
| ५१ | निको छैन चाल यहाँ | उच्च | मध्यम | ५ |
| ५२ | जिन्दगीमा कसैलाई नपिर्नु साथी | उच्च | मध्यम | ५ |
| ५३ | कैले काँही बुझिदिनु हृदयको चोट मेरो | उच्च | उत्कृष्ट | ५ |
| ५४ | बनाएर विषयवस्तु शृङ्गारका कुरा | मध्यम | मध्यम | ५ |
| ५५ | निकै पिरो हुँदो रै"छ मनको पीडा | मध्यम | मध्यम | ५ |
| ५६ | षड्यन्त्रको सिंढीबाट पुगेका छौ माथि तिमी | उच्च | उत्कृष्ट | ५ |
| ५७ | कोही हुँदै छन् आफ्ना सहरमा | उच्च | मध्यम | ६ |
| ५८ | खोजे बाँच्न निकै म बाँच्न रङ्गीन जिन्दगी | मध्यम | मध्यम | ६ |
| ५९ | आँसुमात्र अरूलाई दिन खोज्छन् मान्छेहरू | उच्च | मध्यम | ५ |
| ६० | सहरको मान्छे अचैतन्य भयो | उच्च | मध्यम | ५ |
| ६१ | बगेको नदीमा पसेझैं भएँ म | मध्यम | उत्कृष्ट | ६ |
| ६२ | नारासहित सडकमा जब जुटछन् भोकाहरू | उच्च | उत्कृष्ट | ६ |
| ६३ | किन भनि साह्रै यो मन तिमी | मध्यम | मध्यम | ६ |
| ६४ | तिर्खाएको छु म, तिम्रो आँखाभरि पानी | मध्यम | मध्यम | ६ |
| ६५ | कुर्सीमोह बढेकाले खुब छ खिँचातानी | उच्च | मध्यम | ६ |
| ६६ | जाल षड्यन्त्रको बुन्छ कैले यो मन | उच्च | मध्यम | ६ |
| ६७ | रमाएको छैन किन वसन्तमा बाग साथी | मध्यम | उत्कृष्ट | ५ |
| ६८ | कमिसनमा मोटो रकम खायो उसले | उच्च | मध्यम | ६ |
| ६९ | नचाहिँदा आरोप धेरै सुने मैले | उच्च | मध्यम | ६ |
| ७० | धेरैपटक सडकमा पोखिएको छु म | मध्यम | मध्यम | ५ |
| ७१ | सानाहरू गरून् के व्यापार ठूलाहरूकै छ | उच्च | मध्यम | ५ |
| ७२ | फल्दैन भन्दै छौ जुन विरूवा फल्छ जरूर | मध्यम | मध्यम | ५ |
| ७३ | उपवनमा जब रातो फूल देखेँ | मध्यम | मध्यम | ६ |
| ७४ | गन्हाउँदै फोहोरको डङ्गुरझैं | मध्यम | मध्यम | ४ |
| ७५ | तिमीलाई जहाँ दुख्छ त्यही दुख्छ मलाई पनि | उच्च | उत्कृष्ट | ६ |
| ७६ | दीपशिखा निभाउँदै कोही आउँदैछ यहाँ | उच्च | मध्यम | ६ |

| | | | | |
|---|---|---|---|---|
| ७७ | छैन केही तिम्रो मेरो बीचमा लिनुदिनू | मध्यम | मध्यम | ५ |
| ७८ | घाउ दुख्छ मुटुभित्र कसलाई सुनाऊँ हजुर | उच्च | मध्यम | ५ |
| ७९ | कोही बेसी ओर्लंदैछन् कोही लेक चढ्न थाले | उच्च | मध्यम | ५ |
| ८० | अधिकारका निम्ति लड्छन् साहसी र सुराहरू | उच्च | उत्कृष्ट | ५ |
| ८१ | जब माथि चढ्न थाल्छन् जान्नेहरू | उच्च | मध्यम | ५ |
| ८२ | एकान्तमा एक्लै पर्दा सम्झेँ तिमीलाई प्रिया | मध्यम | मध्यम | ७ |

घनश्याम न्यौपाने परिश्रमीको जून चुहेको रात गजलकृतिका बयासी गजलहरूमा सामाजिक चेतनाका दृष्टिले उच्च स्तरका त्रिचालीस र मध्यम स्तरका उनन्चालीस गजलहरू रहेका छन् । सामाजिक मूल्य, मान्यता र सञ्चेतना परिश्रमीका गजलको मूल स्वर भएकाले यस कृतिमा सामाजिक चेतनागत निम्नस्तरका गजल रहेका छैनन् । सामाजिक स्वरूप, स्वमूल्य, स्वचिन्तन र स्वअस्तित्वको यथार्थ एवम् उच्च स्वसन्धान गरिएका गजल उच्च स्तरमा परेका छन् । राष्ट्रिय परिवेशका सङ्गत-विसङ्गत अवस्थाको निरूपण गर्दै समतामूलक सामाजिक सञ्चेतनाको संवाहन गर्नु उनका यस स्तरका गजलको संरचनागत स्वधर्म हो । साथै प्रगतिशील चिन्तन र मानवतावादी दृष्टिकोणको मुल मर्मलाई गजलको केन्द्रीय सांरच्य पृष्ठभूमि बनाएर राष्ट्रिय तथा सामाजिक अन्तर्बोधलाई गजलका हरेक सेर सेरमा समाहित गर्नु परिश्रमीको गजलको मूल भावभूमि हो । त्यस्तै सामाजिक, राजनैतिक, आर्थिक, नैतिक, शैक्षिक, सांस्कृतिक परिदृश्य एवम् स्वतन्त्रता, समानता, स्वाभिमान, क्रान्तिचेत[१४] र राष्ट्रप्रेम यथार्थ भावविम्बहरू सहज रूपमा प्रतिविम्बित गरिएका यस कृतिका अन्य गजलहरू सामाजिक चेतनाका दृष्टिले मध्यम स्तरमा परेका छन् । समसामयिक विसङ्गति र विद्रुपता, मानवीय स्वत्व र मूल्यहीनता, नातावाद र कृपावाद, मानवता एवम् राष्ट्रियताका ठेकेदारी प्रवृत्तिप्रति[१५] आक्रोशका उछाल प्रच्छालित गर्दै न्याय, समानता स्वतन्त्रता र जनअधिकारको प्रतिष्ठापनका लागि जनएकता र  जागरणको उद्घोष गर्नु उनको यस स्तरको गजलको मूल भावभूमि हो । सामाजिक जनजीवनका विविधाङ्गी चेतना, विचार र अनुभूतिका अन्तर्तरङ्गहरूको सञ्चारण पनि घनश्याम न्यौपाने परिश्रमीका गजलको अन्तर्भूमि हो । यद्यपि समतायुक्त सामाजिक सञ्चेतना र मानवतायुक्त हार्दिक संवेदनालाई सर्वोपरी रूपमा सञ्चारित गर्दै सहिष्णु, शोषणमुक्त र स्वतन्त्र राष्ट्रिय सामाजिक परिवेश निर्माणको भाव सम्प्रेषित गर्नु परिश्रमीको जून चुहेको रात गजलकृतिको सामाजिक चेतनाको  मूल अन्तर्भावभूमि हो ।

---

१४ बालिका आचार्य, घनश्याम न्यौपाने परिश्रमीको जीवनी व्यक्तित्व र जून चुहेको रात गजल सङ्ग्रहको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (बाँके : महेन्द्र बहुमुखी क्याम्पस, २०६५०), पृष्ठ ८५ ।

१५ ऐजन, पृष्ठ ८५ ।

परिश्रमीको जून चुहेको रात गजल कृतिमा संरचनात्मक दृष्टिले उत्कृष्ट स्तरका उनन्तीस र मध्यम स्तर त्रिपन्न गजलहरू रहेका छन् । यस कृति परिश्रमीको गजलकारिताको विकसित चरणमा प्रकाशित भएकाले यसमा संरचनात्मक दृष्टिले सामान्य स्तरका गजलहरू रहेका छैनन् । गजल रचनागत सैद्धान्तिक मान्यताहरूको पूर्णता समायोजन गरेर रचिएका गाजलहरू संरचनात्मक आधारमा उत्कृष्ट स्तरमा परेका छन् । यस स्तरका गजलको संरचना र प्रस्तुति, भावविन्यास र शिल्पविन्यास गहन र लालित्यपूर्ण रहेको छ । भावनात्मकता, तथ्यात्मकता, विम्बात्मकता र सुष्ठुताका आधारमा उनका यस स्तरका गजलहरू ओजस्वितापूर्ण रहेका छन् । त्यसरी नै गजल रचनागत सैद्धान्तिक मान्यताहरू पूर्णतः नभएर अधिक समायोजना गरेर रचिएका यस कृतिका अन्य गजलहरू संरचनात्मक आधारमा मध्यम स्तरमा परेका छन् । यस स्तरका गजलमा भाव, शिल्प र लयगत सामन्जस्य  मध्यम रूपमा प्रभावकारी रहेको छ । युगीन जटिलता, कुटिलता र विषमताको प्रस्तुति सहज, सरस सम्प्रेष्य रूपमा गर्नु उनका यस स्तरका गजलको संरचनागत स्तर हो यद्यपि राष्ट्र, समाज र जीवन भोगाइका अनेकानेक विषय र सन्दर्भहरूलाई वैचारिक सृजनधर्मिताका साथ सुगठित सुललित र सुसंस्कृत भाषिक सामाजस्यपूर्ण ढङ्गले प्रस्तुतीकरण गर्नु परिश्रमीको जून चाहेको रात गजल कृतिको सामाजिक चेतनागत विशिष्टता हो ।

## ७.८ निष्कर्ष

समाजवादी सञ्चेतना र मानवतावादी संवेदनाका गजलकार घनश्याम न्यौपाने परिश्रमीका दुई बालगजलकृतिसहित पाँच गजल कृतिहरू प्रकाशित छन् जसमध्ये यहाँ तीन वयस्क गजल कृतिको मात्र सामाजिक चेतनाको अध्ययन गरिएको छ ।उनको पहिलो गजलकृति यो मौसमका पचहत्तर, दोस्रो घामको छहारीका साठी र तेस्रो जून चुहेको रातका बयासी गरी गरी जम्मा दुईसय सत्रवटा गजलहरूमध्ये सामाजिक चेतनाका दृष्टिले उच्च स्तरका छयासी, मध्यम स्तरका एकसय अठ्ठाइस र निम्नस्तरका तीन गजलहरू रहेका छन् । उनका उच्च सामाजिक चेतनायुक्त गजलहरूमा राष्ट्रिय परिवेशगत, सामाजिक जीवनभोगाइका विविधाङ्गी वस्तुस्थिति एवम् समाजवादी, मानवतावादी यथार्थको महत्ता उद्बोधन गरिएको छ । त्यस्तै मध्यम सामाजिक चेतनायुक्त गजलका देश, काल र परिस्थितिगत सामाजिक वस्तुतथ्यहरूको उद्घाटन गरिएको छ । त्यसरी नै निम्न सामाजिक चेतनायुक्त गजलहरूमा प्रेम, प्रकृति र जैविक स्वरूपगत परिदृश्य प्रस्तुत गरिएको छ । मानवीय  जीवनभोगाइका विविधाङ्गी सन्दर्भहरूको यथार्थ स्वरसन्धान नै परिश्रमीको गजलको सामाजिक चेतनाको भावभूमि हो ।

परिश्रमीका तीन गजलकृतिका  दुई सय सत्रवटा गजलहरूमध्ये संरचनात्म्क स्तरका दृष्टिले उत्कृष्ट बयालीस, मध्यम एकसय उनन्तीस र समान्य सोह्रवटा गजलहरू रहेका छन् । उत्कृष्ट संरचनायुक्त गजलहरूमा गजलका रचनागत आधारभूत सैद्धान्तिक मान्यताहरू पूर्णतः परिपालन गरिएको छ र यस्ता गजलहरू शिल्पसौन्दर्य र भावगाम्भीर्यका दृष्टिले सौष्ठवपूर्ण रहेका छन् । त्यस्तै मध्यम संरचनायुक्त गजलहरूमा गजलका रचनागत सैद्धान्तिक मान्यताहरूको पूर्णतः नभएर अधिक परिपालना गरिएको छ र यस्ता गजलहरू रूपविन्यास र वस्तुविन्यासका दृष्टिले प्रभावोत्पादक रहेका छन् । त्यसरी नै सामान्य संरचनायुक्त गजलहरूमा गजल रचनागत सैद्धान्तिक मान्यताको न्यून परिपालना गरिएको छ र यस्ता गजलहरू भावनात्मकता र रचनात्मकताका दृष्टिले कवितात्मक रहेका छन् । सहज, सरस र सम्प्रेष्य भाषाशैलीमा सामाजिक यथार्थको मर्मस्पर्शी उद्‌बोधन नै घनश्याम न्यौपाने परिश्रमीको गजलको सामाजिक चेतनागत भावभूमि हो ।

अध्याय आठ

# सामाजिक चेतनाका आधारमा घनश्याम न्यौपाने परिश्रमीका गजलको मूल्याङ्कन

# ८. सामाजिक चेतनाका आधारमा घनश्याम न्यौपाने परिश्रमीका गजलको मूल्याङ्कन

## ८.१ पृष्ठभूमि

गजल साहित्यको लोकप्रिय गेयात्मक काव्यविधा हो । फारसी, हिन्दी, उर्दू हुँदै नेपाली भाषामा आयातित विधा गजलका प्रथम प्रणेता युवाकवि मोतीराम भट्ट हुन् । भट्टदेखि उपेन्द्रबहादुर जिगरको समयसम्म गजल विधाको सृजनामा सक्रियता देखिए पनि जिगरपछि चार दशकसम्म प्रायः गजल सृजन निष्क्रिय रèो । विक्रमको २०३६ मा ज्ञानुवाकर पौडेलले पुनर्जागृत गरेपछि यस विधाको सृजनप्रक्रियामा व्यापकता आयो र वर्तमानसम्मको यात्रामा यस विधाले विशाल धर्ती ओगटिसकेको छ। ज्ञानुवाकर पौडेल, ललिजन रावल, मनु ब्राजाकी, धर्मोगत शर्मा तूफान, बूँद राना, रवि प्राञ्जल र घनश्याम न्यौपाने परिश्रमी पुनर्जागरणकालीन नेपाली गजलका प्रतिनिधि गजलकार हुन् । घनश्याम न्यौपाने परिश्रमीका पाँच गजलकृतिहरू प्रकाशित छन् जसमध्ये जुनुमामा र राम्रा चाचा मीठा पाप बाल गजलकृति हुन् भने यो मौसम, घामको छहारीमा र जून चुहेको रात वयस्क गजलकृति हुन् । यहाँ उनका तीन वयस्क गजलकृतिका दुई सय सत्र थान गजललाई मात्र सामाजिक चेतनाका दृष्टिले मूल्याङ्कनको आधार बनाइएको छ । घनश्याम न्यौपाने परिश्रमी सामाजिक सचेतनाका गजलकार हुन् । सामाजिक जनजीविकाका विविध सङ्गत-विसङ्गत सन्दर्भहरूलाई गजलको विषय बनाएर समाजवादी, मानवतावादी भाव संवरण गर्नु नै उनको गजल सृजनको मूल उद्देश्य हो । साथै आधारभूत संरचनागत मर्म र मान्यतामा गजलसृजना गरेर गजलको सैद्धान्तिक महत्तालाई प्रतिष्ठापित गर्नु पनि उनको गजल सृजनागत उद्देश्य रहेको देखिन्छ। उनी आफ्नो उद्देश्यमा सचेत र सफल रहेका छन् ।

## ८.२ मूल्याङ्कनका आधार

साहित्य समाजको दर्पण मानिन्छ । साहित्यका हरेक विधामा परोक्ष वा प्रत्यक्ष रूपमा समाजको प्रतिच्छायामा प्रतिविम्बित भएको हुन्छ । सर्जकले आफू बाँचेको, आफूले भोगेको र अनुभूत गरेको समाजको यथार्थ अङ्कन सृजनामा गरेको हुन्छ र सृजनामा समाजका के कति सत्यतथ्य अङ्कित हुनसके र त्यो कुन रूपरङ वा भावछटामा हुनपुग्यो भन्ने तथ्य उसको

प्रतिभा वा सृजनक्षमता एवम् अभिव्यक्ति कौशलमा निर्भर रहन्छ । यस सन्दर्भमा वर्तमान नेपाली साहित्यको एक लोकप्रिय विधा गजलको पुनर्जागरणकालका एक प्रतिनिधि गजलकार घनश्याम न्यौपाने परिश्रमीको तीन गजलकृतिका दुई सय सत्र थान गजलका वस्तु, शिल्प र मूल प्रवृत्तिलाई सामाजिक चेतनाको मूल्याङ्कनको आधार मान्नु उपयुक्त हुने देखिन्छ । सामाजिक चेतनाका दृष्टिले रचनाको मूल्याङ्कन गर्दा सर्वप्रथम सामाजिक विषयवस्तुलाई आधार मान्नुपर्ने हुन्छ । रचनामा समाज, सामाजिक जनजीविका, जीवनभोगाइ, सङ्गति, विसङ्गति र आर्थिक, सामाजिक पक्ष, स्वमूल्य र मान्यता, स्वअस्तित्व र स्वाधिकारजस्ता विषयगत सन्दर्भहरू के कति मात्रामा समाहित हुनसके भन्ने यथार्थको छानबिन नै सामाजिक चेतना मूल्याङ्कनको मूल आधारभूमि हो । त्यस्तै सामाजिक विषयवस्तुलाई अभिव्यक्त गर्ने भाषाशैली वा रूपविधान नै शिल्पसंरचनागत मूल्याङ्कनको मूल आधार हो त्यसैगरी रचनामा अन्तर्निहित सामाजिक दृष्टिकोण, भावविधानगत उद्देश्य तथा सन्देश रचनाको प्रवृत्तिगत मूल्याङ्कनका आधारक्षेत्र हुन् । यस तथ्यअनुसार सामाजिक चेतनाका आधारमा घनश्याम न्यौपाने परिश्रमीका गजलको मूल्याङ्कन विषयवस्तुका आधारमा, शिल्पसंरचनाका आधारमा र प्रवृत्तिगत मान्यताका आधारमा गर्नु सर्वाधिक औचित्यपूर्ण देखिन्छ । साथै उनका गजलको मूल स्वर, नेपाली गजल विकासमा उनको योगदान र नेपाली गजलक्षेत्रमा उनको स्थाननिर्धारण पनि उनका गजलको मूल्याङ्कनका सहायक आधारक्षेत्र हुन् यसर्थ यहाँ विषयवस्तु, शिल्पसंरचना भाषिक प्रयोग र प्रवृत्तिगत मान्यताका आधारभूमिमा घनश्याम न्यौपाने परिश्रमीका दुई सय सत्र थान गजलको छानविन गरिएको छ । साथै उनको गजलको मूल स्वर, नेपाली गजलको उन्नयनमा उनको योगदान र नेपाली गजलक्षेत्रमा उनको स्थाननिर्धारण पनि यथास्थानमा गरिएको छ ।

## ८.२.१ विषयवस्तुको आधारमा मूल्याङ्कन

घनश्याम न्यौपाने परिश्रमीको गजलको विषय भनेकै सामाजिक यथार्थ हो । सामाजिक सरोकारका विविध सन्दर्भहरू उनका गजलमा विषयवस्तु बनेर आएका छन् । आशा-निराशा, सङ्गति-विसङ्गति, विकृति-विमति, घात-प्रतिघात, उपेक्षा-उपेक्षा, छल-प्रपञ्च, झूट-बेइमान, आश्वासन-आडम्बर, क्षुद्रता-नीचता, पीडा-प्रताडना, दुश्चिन्ता-दुर्दशा, वितण्डा-विडम्बनाजस्ता विविध सामाजिक सन्दर्भहरू उनका गजलमा अभिव्यक्त भएका छन् । जीवनमा विवशता, समाजको असमानता, मानवको हृदयहीनता, राजनीतिको निकृष्टता, नेताको पथभ्रष्टता, संस्कृतिको विशृङ्खलता, भावनाको कुरूपता, चिन्तनको विकलाङ्गता, नीति र कार्यमा असामञ्जस्यताजस्ता विषयवस्तुगत तथ्यहरू पनि उनका विषयगत वैविध्य हुन् । यसका साथै शोषित, पीडित र अपहेलितप्रति

सहानुभूति, बालक, वृद्ध र नारीप्रति सद्भाव, समानता, स्वाधीनता र स्वाभिमानप्रति आस्था, शोषण, अन्याय र अत्याचारप्रति आक्रोश, नातावाद, कृपावाद र अहम्वादप्रति असन्तुष्टि, चाकरी, चाप्लुसी र बेमाइनीप्रति घृणा, अन्धनीति, परम्परा र रुढीप्रति व्यङ्ग्य उनका गजलको विषयवस्तुगत व्यापकता हो । युगबोध, राष्ट्रबोध, समाजबोध, जीवनबोध, अस्तित्वबोध र मानवीय महत्ताबोध उनका गजलका मूल विशेषता हुन् । सामाजिक विषयवस्तुमा अन्तर्निहित प्रगतिवादी चिन्तन, मानवतावादी भाव, प्रजातन्त्रप्रति आस्था, स्वाभिमानप्रति निष्ठा, राष्ट्र र राष्टि½यताप्रति श्रद्धा, नारीप्रति सम्मान, प्रणयवादी भावना, निराशावादी स्वर घनश्याम न्यौपाने परिश्रमीका गजलका विषयवस्तुगत मूल प्रवृत्ति हुन् ।

## ८.२.१.१ प्रगतिवादी चिन्तन

प्रगतिवादी चिन्तन घनश्याम न्यौपाने परिश्रमीका गजलको मूल सामाजिक विषयवस्तु हो । शोषणमुक्त समतामूलक समाजको चाहना राख्ने उनी प्रगतिवादी चिन्तनलाई आत्मसात् गर्दै सामाजिक विभेद र सामन्ती प्रवृत्तिको अन्त्यको उद्घोष गर्छन् ।[१] द्वन्द्वात्मक भौतिकवादी मान्यतामा मार्क्सवादी चिन्तनबाट अनुप्राणित उनका गजलमा समाज, राष्ट्र, मानवीय मूल्य र स्वतन्त्रताका पक्षमा वैचारिक भावसम्प्रेषण गरिएको छ ।[२] क्रान्तिबाटै समाजपरिवर्तन गर्न सकिन्छ र समाजपरिवर्तनका लागि सामन्ती संस्कारको अन्त्य हुनुपर्छ भन्ने भाव उनका अधिकांश गजलमा समाहित छ ।

*उखेलेर फ्याक्नुपर्छ जतिसक्यो छिटो*
*समाजबाट सामन्तको संस्कारको जरो*

- यो मौसम, पृष्ठ ८४ ।

*माटो मात्र होइन अब ढुङ्गा पनि गल्नुपर्छ*
*कालो धनले चुलिएका महलहरू ढल्नुपर्छ*

- घामको छहारीमा, पृष्ठ २९।

*सामन्तीको हात अझै हट्या छैन ताउबाट*
*प्रजातन्त्र कुल्चिँदैछ अपवित्र पाउबाट*

---

१ बालिका आचार्य, घनश्याम न्यौपाने परिश्रमीको जीवनी व्यक्तित्व र जून चहेको रात गजलसङ्ग्रहको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र (बाँके : म.ब.क्या., २०६५) पृष्ठ ८५ ।

२ कृष्णप्रसाद बस्याल, घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (पाल्पा : त्रिभुवन बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६२), पृष्ठ १०२ ।

- जून चुहेको रात, पृष्ठ ३८ ।

यसरी सामन्तवादी कुसंस्कारको अन्त्यबाटै जनअधिकार, स्वतन्त्रता र समानता स्थापित गर्ने भाव संवाहन गर्ने घनश्याम न्यौपाने परिश्रमीका गजलहरू प्रगतिवादी मूल्य र महत्ताले ओतप्रोत छन् । हरेक व्यक्तिको अन्तर्मनमा सामाजिक एकता र समानताको भाव जागृत भए मात्र समाज स्वच्छ, स्वस्थ्य, सुन्दर र समतामुखी बन्न सक्छ भन्ने सन्देश उनका गजलका मूल मर्म हुन् । यी मर्म उनका अत्यधिक गजलमा पाइन्छ ।

### ८.२.१.२ मानवतावादी भाव

मानवतावादी भाव घनश्याम न्यौपाने परिश्रमीका गजलको अर्को मूल सामाजिक विषयवस्तु हो । मानवीय स्वअस्मिता ह्रास भएर मानव अमानव बन्दै गएको यथार्थलाई उद्घाटित गर्दै आपसमा प्रेम, सद्भाव, सदाचार र भ्रातृत्व भावको संवरण गर्ने सन्देश प्रक्षेपण गर्नु उनका गजलको मानवतावादी भाव हो । मानवतामै जीवनको महानता विद्यमान रहने हुँदा हरेक मानवमा मानवतावादी सञ्चेतना संलिष्ट रहनुपर्ने धारणा उनका गजलमा पाइन्छ ।

*अब मानवतावादी मनु कुन कुनामा होला*
*खोज्दा भेटेँ भट्टीभित्र मज्जाले पिउँदो रहेछ*

- यो मौसम, पृष्ठ २२ ।

*सधैँ सबैको बनेर बाँच्न पाए हुन्थ्यो*
*सन्तुष्टिको अनुभूतिमा हाँस्न पाए हुन्थ्यो*

- घामको छहारीमा, पृष्ठ ६ ।

*तिमीलाई जहाँ दुख्छ, त्यहीँ हुन्छ मलाई पनि*
*बचनवाणले नहिर्काऊ यति साह्रो कठोर बनी*

- जून चुहेको रात, पृष्ठ ७५ ।

मान्छेको द्वैधचरित्र र अमानवीय व्यवहारले मानवताको उपहास भएको तथा व्यक्तिगत स्वार्थ र निकृष्ट प्रवृत्तिका कारण प्रेम, सद्भाव, सहयोग र सहिष्णुता[घ] हराएको तथ्यलाई उद्बोधित गर्दै व्यक्तिगत स्वार्थ र विकृष्ट क्रियाकलापबाट माथि उठेर मानवतावादी भाव आत्मसात् गर्ने सन्देश दिनु घनश्याम न्यौपाने परिश्रमीका गजलको मानवतावादी भावको मूल मर्म हो । यो मर्म उनका अधिक गजलहरूमा पाइन्छ ।

## ८.२.१.३ स्वाभिमानप्रतिको निष्ठा

स्वाभिमानप्रतिको निष्ठा घनश्याम न्यौपाने परिश्रमीका गजलको अर्को मूल सामाजिक विषयवस्तु हो। निकृष्ट स्वार्थमा लिप्त भएर आफ्नो स्वाभिमानलाई तिलाञ्जलि दिने प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै यस्तो प्रवृत्तिले मानवीय मूल्य दिनदिनै ह्रास हुँदै जाने वास्तविकताको प्रकटन तथा आफ्नो इमान, नैतिकता, मानवता र पौरखमा स्वाभिमान उच्च रहने भावको उद्बोधन नै उनको गजलमा अन्तर्निहित स्वाभिमानप्रतिको निष्ठा हो । स्वाभिमानमै मानवीय अस्तित्व उच्च रहने हुँदा स्वाभिमानबाट तल झरेर जीवनस्वत्वलाई मूल्यहीन बनाउन नहुने धारणा उनका गजलमा पाइन्छ :

*हृदय छ भित्र भने सुक्नु हुँदैन*
*अस्मिता नै गमाएर झुक्नु हुँदैन*

-यो मौसम, पृष्ठ ८६ ।

*अर्काको सहारा लिई चल्ने बानी छोड्दै छु म*
*आफ्नै* हातले *समाएर छाता आफ्नो ओढ्दै छु म*

- घामको छहारीमा, पृष्ठ २५ ।

*जिन्दगीमा कसैलाई नपिर्नू साथी*
*स्वाभिमानको धुरीबाट नगिर्नू साथी*

- जून चुहेको रात, पृष्ठ ७५ ।

३ वालिका आचार्य, घनश्याम न्यौपाने परिश्रमीको जीवनी, व्यक्तित्व र जून चुहेको रात गजलसङ्ग्रहको अध्ययन, (बाँके : महेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६५) पृष्ठ ९९ ।

यसरी मानवीय स्वाभिमानलाई सर्वोपरि मानेर जीवनका कर्म गर्ने एवम् आत्मनिर्भरता वा स्वावलम्बनबाट स्वाभिमान र मानवीय महत्ता उच्च रहने धारणा घनश्याम न्यौपाने परिश्रमीका गजलमा अन्तर्निहित स्वाभिमानप्रतिको निष्ठा हो । यही निष्ठाबाट मानवजीवनको सार्थकता रहने सन्देश उनको गजलका मूल भाव हो । यो भाव उनका अधिक गजलहरूमा सन्निहित छ ।

### ८.२.१.३ जीवनवादी सञ्चेतना

जीवनवादी संचेतना घनश्याम न्यौपाने परिश्रमीका गजलको अर्को सामाजिक विषयगत प्रवृत्ति हो। जीवन सर्वोपरि रहने, मानिसको जीवन कर्म, कर्तव्य र जिम्मेवारीले भरिपूर्ण हुने, परिवार, समाज र राष्ट्रप्रति समर्पित गएर जीवन बाँच्नुपर्ने, यथार्थमै जीवन सार्थक र बचाइ सजीव बन्ने तथ्यको उद्घाटन घनश्याम न्यौपाने परिश्रमीका गजलमा पाइन्छ । जीवनको स्वमूल्य, भोगाइको महत्ता, कर्मशीलताको महानता एवम् मानवीय सद्भाव, संवेदना र स्वतन्त्रता नै उनको गजलका जीवनवादी सञ्चेतना हो ।

*बन्दी जिन्दगी हुँदैन अब बाँच्नु सधैं*
*भत्काउन अग्ला पर्खाल हिँड्दै छौं हामी*

û - यो मौसम, पृष्ठ ६० ।

*साहित्य, सङ्गीत, कला जे मान्यो त्यही*

*'घनु' तेरा लागि मीठो गजल जिन्दगी*

- घामको छहारीमा, पृष्ठ ४३ ।

*अनेक मोड पार गर्दै चलिरहेको छ यात्रा*

*परिवेशअनुकूल ढालेको छु जिन्दगीलाई*

- जून चुहेको रात, पृष्ठ ३ ।

सामाजिक असमानताको पर्खाल भत्काएर समानतापूर्ण जीवन बाँच्नु नै जीवन भोगाइको सर्वोच्चता हो । साहित्य, सङ्गीत र कलामा जीवनको सार्थकता रहन्छ । अनेक बन्धन र परिबन्धबीच यात्रा चले पनि समयपरिस्थितिअनुकूल जीवन ढालेर बाँच्नु जीवनको सर्वोपरि मूल्य हो भन्ने जीवनवादी सञ्चेतना घनश्याम न्यौपाने परिश्रमीका अत्यधिक गजलमा अन्तर्निहित विषयगत भावभूमि हो ।

### ८.२.१.५ प्रजातन्त्रप्रति आस्था

प्रजातन्त्रप्रति आस्था घनश्याम न्यौपाने परिश्रमीका सामाजिक गजलको विषयगत मूल प्रवृत्तिमध्ये एक हो । सर्वोच्च प्रशासनिक प्रणाली प्रजातन्त्रको प्रतिस्थापनमा सहिदले बगाएको रगतको पनि सर्वोपरि महत्ता रहेको तथ्य उद्‌बोधन गर्दै प्रजातन्त्रका नाममा भइरहेको राजनैतिक फोहोरी खेल एवम् सहिदको रगतको अपमानप्रति व्यङ्ग्य तथा प्रजातान्त्रिक मूल्य र मान्यताविपरित बढ्दै गइरहेको विकृति, विसङ्गति र विद्रुपताको चित्रण उनको गजलको विषयभूमि हो । समाजवादी संस्कार, राजनैतिक सद्‌भाव सहिदको बलिदानको सम्मान र समतामूलक राष्ट्रिय मान्यताप्रति प्रतिबद्धताको प्रक्षेपण उनका गजलमा सन्निहित प्रजातन्त्रप्रतिको आस्था हो ।

*जीवन सङ्घर्ष हो भन्ने पाठ बुझेका छौँ*

*हक लिन लड्नुपर्छ, लड्दै छौँ हामी*

-यो मौसम, पृष्ठ ६० ।

*अन्याय सही बस्नु अझ कति प्रहार सधैँ*

*प्रजातन्त्रभित्र देख्छु खुल्ला दमनद्वार सधैँ*

- घामको छहारीमा, पृष्ठ १८ ।

*सामन्तको हात अझै हट्या' छैन ताउबाट*

*प्रजातन्त्र कुल्चिदै छ अपविका पाउबाट*

- जून चुहेको रात, पृष्ठ ३८ ।

जीवन सङ्घर्ष हो । सङ्घर्षबाटै प्रजातन्त्र प्राप्त भएको हो । प्रजातन्त्रमा पनि जनताले पूर्ण अधिकार पाएका छैनन् त्यसैले पूर्ण अधिकार प्राप्तिका लागि अझै लड्नुपर्ने आवश्यकता छ । प्रजातन्त्रभित्रै अझै अन्याय छ । दमनद्वारहरू खुल्लै छन् । ताउबाट सामन्तको हात अझै हटेको छैन । अपवित्र पाउबाट प्रजातन्त्र अझै कुल्चिइँदै छ भन्ने यथार्थको उद्‌बोध उनका गजलमा पाइन्छ । प्रजातान्त्रिक संस्कारमा पूर्ण अधिकार प्राप्तिका लागि सम्पूर्ण सामन्ती अवशेष अन्त्य हुनुपर्छ भन्ने भावप्रक्षेपण नै उनका गजलमा अन्तर्निहित प्रजातन्त्रप्रतिको आस्थाको मूल स्वर हो ।

### ८.२.१.६ राष्ट्रवादी चेतना

राष्ट्रवादी चेतना घनश्याम न्यौपाने परिश्रमीका गजलको अर्को विषयगत प्रवृत्ति हो । राष्ट्र र राष्ट्रियता सर्वोपरि सार्वभौमिक मान्यता हो । हरेक सचेत

सर्जकका सृजनामा राष्ट्रप्रति आस्था र राष्ट्रियताप्रति निष्ठा अन्तर्निहित हुन्छ । यसप्रकारको आस्था र निष्ठा घनश्याम न्यौपाने परिश्रमीका गजलमा पनि अन्तर्गर्भित छ । राष्ट्रिय स्वतन्त्रता, समानता, अखण्डता र एकताको भाव नै उनको राष्ट्रवादी चेतनाको अन्तर्भाव हो । प्रजातन्त्रका नाममा भएको छाडातन्त्रले राष्ट्रिय मूल्य र मान्यताको विघटन भएको छ । शान्ति, सुरक्षा र न्यायको नामोनिसान छैन । यस्तो अवस्थामा जनजीवन दिनदिनै अशान्त र असुरक्षित बन्दै गएको छ भन्ने वास्तविकताबोध उनका गजलको भावभूमि हो । राष्ट्रिय सार्वभौमिक सर्वोपरिता, सर्वतोमुखी राष्ट्रिय सम्बर्द्धन र समग्र मानवीय सद्भावका लागि आमूल राष्ट्रिय परिवर्तनप्रति सम्पूर्ण चेतनशील वर्ग जागरुक रहनुपर्ने भावोद्बोध नै घनश्याम न्यौपाने परिश्रमीका गजलको राष्ट्रवादी चेतना हो :

*सुरक्षाका प्रत्याभूतिमा मानवता आतङ्कित छ*
*स्वतन्त्रताको नाममा राष्ट्र क्रूर बाघपञ्जामा कुण्ठित छ,*

- यो मौसम, पृष्ठ ४७ ।

*बिरामी छ माटो यहाँ*
*बिग्रेको छ बाटो यहाँ*

*हटेन किन हो किन*
*कालो कालो टाटो यहाँ*

- घामको छहारीमा, पृष्ठ २८ ।

*देश यसरी चल्दैन साथी*
*हुरीविना रूख ढल्दैन साथी*

*नच्यातेसम्म रुढीको पर्दा*
*चैतन्यज्योति बल्दैन साथी*

- जून चुहेको रात, पृष्ठ ५ ।

सुरक्षाका नाममा जनमानसमा आतङ्क छ । न्यायको नाममा देश निरङ्कुशतामा जकडिएको छ त्यसैले यहाँको माटो अस्वस्थ छ । प्रजातन्त्रको बाटो पनि खण्डित छ । सामन्ती कुसंस्कारको टाटो पनि हट्नसकेको छैन । यस्तो सामन्ती प्रवृत्तिले देशको कहिल्यै पनि हित हुन सक्दैन र सामन्ती रूढीको अन्त्य र जनताको

वास्तविक प्रजातन्त्र प्राप्तिका लागि सम्पूर्ण राष्ट्रिय शक्ति एकढिक्का हुनुपर्ने भाव उनका गजलमा व्यक्त राष्ट्रवादी चेतना हो ।

### ८.२.१.७ नारीप्रति सम्मान

नारीप्रति सम्मान घनश्याम न्यौपाने परिश्रमीका गजलको सामाजिक विषयवस्तुगत प्रवृत्तिमध्ये एक हो । सृष्टिकी संरक्षिका, राष्ट्रकी अभिन्न शक्ति, समाजकी अनन्त ऊर्जा, परिवारकी परम मार्गदर्शिनी नारी पुरुषकी आद्यसहयात्री हो । नारीबिनाको संसार परिकल्पना गर्न सकिन्न । नारीका अनेक रूप र कार्यपीठिका हुन्छन् तर पुरुषप्रधान समाजमा नारी विलसिताकी वस्तु बनाइएकी छिन् । उनको सौन्दर्यको विज्ञापन गरेर व्यापारिक फाइदा लिइएको छ । नारी मुक्ति, स्वतन्त्रता र समान अवसर प्रदान नै नारीप्रतिको सम्मान हो । समग्र नारीवादी सचेतकले नारीको मौलिक अधिकार पुनःस्थापित गर्नु आजको माग हो भन्ने नारी समानता र स्वतन्त्रताप्रतिको ऐक्यभाव नै घनश्याम न्यौपाने परिश्रमीको गजलमा व्यक्त नारीप्रतिको सम्मान हो :

*जुठोचुल्हो मात्र तिम्रो कर्मक्षेत्र कहाँ हो र*
*नारी उन्मुक्ति अभियान चलाउँदै गर प्रिय* ¤

*तिमीभित्र जागृतिको बन्नुपर्छ बत्ती अब*
*अज्ञानले निदाउनेलाई जगाउँदै गर प्रिय* ¤
- यो मौसम, पृष्ठ ४६ ।

*निर्झरीको कन्जन पानी जस्तै हुनुपर्छ तिमी*
*प्रदूषित नहुनू है सौन्दर्यको मातमा सखी* ¤
- घामको छहारीमा, पृष्ठ ५९ ।

*चुली टेक्नेहरू यौटा इतिहास बनाउँछन्*

*पासाङ ल्हामु शेर्पालिभैंँ नफर्कैरै मरे पनि*

- जून चुहेको रात, पृष्ठ ३४ ।

जुठोचुल्होको चौघेराबाट बाहिर पनि नारीले ठूल्ठूला कार्य गर्न सक्छन् । घरायसी बन्धनबाट बाहिर निस्कन नारी स्वयंले अभियान चलाउनुपर्छ । त्यसका लागि सर्वप्रथम नारी स्वयम् जागृत हुनुपर्छ । सौन्दर्यको मातमा पुरुषको दासी नबनेर

आफ्नो अस्मितालाई झरनाको पानीजस्तै कञ्चन राखी आफ्नो कर्मक्षेत्रमा अगाडि बढेमा पुरुषले दमन गर्ने ठाउँ पाउँदैन र नारीले पनि नयाँ-नयाँ इतिहास रच्नसक्छन् । नारीजागरण अभियान, उन्मुक्ति, स्वतन्त्रता र समानताको अपरिहार्यताप्रति पुरुषको पूर्ण समर्थन र सहभागिताको धारणा घनश्याम न्यौपाने परिश्रमीका गजलमा रहेको नारीप्रतिको सम्मान हो ।

८.२.१.८ प्रणयवादी भावना

प्रणयवादी भावना घनश्याम न्यौपाने परिश्रमीका गजलको अर्को सामाजिक विषयवस्तुगत प्रवृत्ति हो । प्रणय जीवनको अपरिहार्य ऊर्जा हो । प्रणयको स्तर र क्षेत्र फरक हुन सक्छन् तर प्रणयबिनाको जीवन वास्तवमा जीवन नै हुन सक्दैन । प्रणय जीवनमा सर्वोपरि रहन्छ । गजलको मूल आद्यकथ्यविषय पनि प्रणय नै हो । वर्तमानमा गजलले विषयको व्यापकता ग्रहण गरेर विविध विषयलाई उद्घाटन गर्ने गरेको छ । प्रणयको सर्वोपरि मान्यता र महत्ता घनश्याम न्यौपाने परिश्रमीका गजलमा पनि सम्प्रेषित छ । जीवनलाई सुखशान्तिमय बनाउन प्रणयको भूमिका सर्वोपरि रहने हुँदा हरेकको अन्तरमा स्वच्छ र स्वस्थ प्रणय उद्बोधन र स्तर क्षेत्रअनुकूल प्रणयअभिसारको सञ्चेतना संवाहनको सन्देश नै घनश्याम न्यौपाने परिश्रमीका गजलको प्रणयवादी भावना हो । प्रणयभावको उच्छलन मानवीय जीवन गतिशील बनाउने प्रमुख तत्व भएको यथार्थ उद्घाटन पनि उनका गजलमा पाइन्छः

*तिमी आयौ जाडोको घाम जस्तै नजिकिँदै*
*न्यानो न्यानो अनुभव बिथोल्न सकिनँ*

- यो मौसम, पृष्ठ ७७ ।

*पिरतीको सत्यकथा दिलको भाषा बोल्ने गर्छ*
*घनश्याम टाढा हुँदा राधाको मन पोल्ने गर्छ*

- घामको छहारीमा, पृष्ठ ३६ ।

*किन यति साह्रै यो मन हर्छ्यौ तिमी*
*लाग्छ पिरतीको टुना गर्छ्यौ तिमी*

*जब सम्झनामा गजल गाउँछु म*
*छेउमा आई सुरताल भर्छ्यौ तिमी*

- जून चुहेको रात, पृष्ठ ६५ ।

प्रणय हिउँदे घामझैँ न्यानो हुन्छ । यसले हृदयलाई ऊर्जावान् बनाउँछ । साँचो प्रणय जीवनको आत्मा हो । आत्माको उच्छ्वास हो । प्रणयविरहमा आत्मा पोल्ने गर्छ । जीवनको गति अल्मलिने गर्छ । मन सधैँ प्रणयमै रमाउन सक्छ । प्रणयकै सुरतालमा जीवन झङ्कृत हुन्छ । जीवनको सुखशान्ति उद्बोधित हुन्छ । प्रणय जीवनको गति हो, आत्माको शक्ति हो भन्ने भाव घनश्याम न्यौपाने परिश्रमीका गजलको प्रणयवादी सञ्चेतना हो ।

### ८.२.१.९ निराशावादी स्वर

निराशावादी स्वर घनश्याम न्यौपाने परिश्रमीको गजलका एक प्रमुख सामाजिक विषयगत प्रवृत्ति हो । जीवन सुख मात्र होइन, दुःख पनि हो । हर्ष मात्र होइन, विषाद पनि हो । आशा मात्र होइन, निराशा पनि हो । जीवनमा आशाभन्दा बढी निराशा नै हात लाग्छ । जीवनका उदास क्षणहरूमा निराशाका भावहरू तरङ्गित हुने गर्छन् र त्यस्ता भावहरू रचनामा उतार्दा निराशावादी स्वरहरू प्रतिध्वनित हुने गर्छन् । घनश्याम न्यौपाने परिश्रमीको गजलमा पनि जीवनका यस्तै उदास क्षणहरूमा उद्बोधित निराशावादी भावका स्वरहरू प्रतिध्वनित भएको पाइन्छ । प्रजातन्त्रको प्राप्तिपछि पनि समाजको असमानताको अन्त्य नहुँदा उब्जिएको नैराश्य, जीवनमा अनेक सङ्घर्ष र परिश्रम गर्दा पनि त्यसको प्रतिफलको अप्राप्ति, समाजमा विद्यमान धोका, छल, बेइमान, चाकरी, पूर्वाग्रही प्रवृत्ति, सामाजिक बेरोजगारी, महँगी, समस्या एवम् मानवीय स्वत्व, स्वाभिमान र राष्ट्रिय गौरवहीनताबाट उत्पन्न उदासीनताको अभिव्यक्ति नै घनश्याम न्यौपाने परिश्रमीका गजलको निराशावादी स्वर हो :

*बाध्यताको प्राचीर नाघ्न सकिएन कसो गरूँ*

*लक्ष्यको सिमाना भेट्न सकिएन कसो गरूँ*

- यो मौसम, पृष्ठ २५ ।

*बाहिर काँचै छु भित्रता पाक्न थालेको छु*

*जिन्दगीको यात्राबाट थाक्न थालेको छु*

- घामको छहारीमा, पृष्ठ १२ ।

*खोजेँ बाँच्न निकै म रङ्गीन जिन्दगी*

*बाँचेको छु तर रङ्गहीन जिन्दगी*

- जून चुहेको रात, पृष्ठ ५८ ।

जीवनमा अनेक सङ्घर्ष गर्दा पनि समस्याबाट मुक्त हुन नसकेको, जीवनको बाध्यताका कारण लक्ष्यमा पुग्न नसकेको, अनेक बाध्यता र समस्याले भित्रभित्रै हृदय गलेको र जीवनयात्रामा थकित अनुभव भएको एवम् रङ्गीन जीवन बाँच्न खोज्दा परिस्थितिले रङ्गहीन बनाएको भाव नै घनश्याम न्यौपाने परिश्रमीका गजलको निराशावादी स्वर हो । यो स्वर उनका अधिक गजलमा प्रतिध्वनित भएको पाइन्छ । यस निराशालाई शक्तिमा बदलेर समाजपरिवर्तनका लागि उठ्नुपर्ने भाव पनि उनका गजलमा पाइन्छ ।

सामाजिक विषयवस्तु कुनै पनि रचनाको पहिलो सर्त हो अर्थात् सामाजिक विषयवस्तुबिना कुनै पनि रचना सृजित हुन सक्दैन । सामाजिक अन्तर्वस्तु रचना मूल्याङ्कनको मूल आधार पनि हो । यस तथ्यअन्तर्गत सामाजिक विषयवस्तुका आधारमा घनश्याम न्यौपाने परिश्रमीका गजलमा सामाजिक चेतनाको मूल्याङ्कन गर्ने क्रममा यहाँ उनका गजलमा प्रयुक्त विविध विषयवस्तुलाई आधार मानेर प्रत्येक विषयको सोदाहरण भावभूमिलाई देखाइएको हो जसअन्तर्गत घनश्याम न्यौपाने परिश्रमीका गजलमा प्रयुक्त विषयसम्प्रेषणक्षमता ऊर्जाशील रहेको पाइन्छ ।

## ८.२.२ शैलीशल्पको आधारमा मूल्याङ्कन

शैली कला हो । यो रचनाधर्मिताको विशिष्ट पक्ष हो । लेखकीय कौशलको उच्च पहिचान हो । कुनै पनि सृजनामा शैलीको सर्वोपरि महत्व हुन्छ । शैलीगत विशिष्टताले नै सृजनालाई कलात्मक उच्चता प्रदान गर्छ । विचार सम्प्रेषणको माध्यम भाषा हो भने सम्प्रेषणकला शैली हो । भावसम्प्रेषणशैली नै लेखकीय शिल्प हो अर्थात् भावसम्प्रेषणको कलात्मक विशिष्टता नै शैलीशिल्प हो । साहित्यका प्रत्येक विधाको शैलीशिल्प फरक-फरक हुन्छन् । दृश्य विधा नाटक संवादात्मक, श्रव्यविधा उपन्यास, कथा, निबन्ध र गद्यकविता आदि गद्यात्मक शैलीमा संरचित हुन्छन् भने कविता, गीत, गजल आदि पद्यात्मक शैलीमा संरचित हुन्छन् । गजल कोमल भावना र पदपदावलीयुक्त एउटा स्वतन्त्र शास्त्रीय पद्यविधा हो । यसमा हार्दिकता उच्च रूपमा रहन्छ । गेयात्मकता यसको पहिलो सर्त हो । गजलसंरचनाका लागि सहज, सरस र सरल भाषिक शिल्प

अनिवार्य मानिन्छ । सुकुमार भाव, भाषा र शिल्पको समायोजनले गजल सशक्त र सम्प्रेष्य बन्छ र यसका लागि विम्ब, प्रतीक, अलङ्कार र रसको कुशल समायोजन आवश्यक हुन्छ । यस तथ्यअनुसार घनश्याम न्यौपाने परिश्रमीका गजलको शैलीशल्पको मूल्याङ्कन उनका गजलमा प्रयुक्त विम्ब, प्रतीक, उखानतुक्का, रसभाव, अलङ्कारविधान र भाषाशैलीको प्रयोगको आधारमा गर्नु उपयुक्त हुन्छ ।

### ८.२.२.१ बिम्ब र प्रतीकको प्रयोग

बिम्ब वा प्रतीकको शाब्दिक अर्थ चिा वा प्रतिरूप हुन्छ भने साङ्केतिक अर्थ लक्षण वा सङ्केत भन्ने हुन्छ । विम्ब वा प्रतीक देश, काल, परिस्थिति, वातावरण, इतिहास, पुराण, आदिसँग सम्बन्धित हुन्छ र यसको सफल प्रयोगले रचना भावगाम्भीर्य, शिल्पसौन्दर्य र अर्थचातुर्यपूर्ण बन्छ । संरचना ओजस्वितापूर्ण हुन्छ । यस तथ्यका आधारका घनश्याम न्यौपाने परिश्रमीका अधिकांश गजलमा विम्ब र प्रतीकका सफल प्रयोग पाइन्छ । उनका गजलमा प्रकृति संस्कृति, परम्परा, जनजीवन, इतिहास, समसामयिक परिस्थिति र प्रसङ्गसँग सम्बन्धित सटीक बिम्ब र प्रतीकको सशक्त रूपमा आएका छन् । उनका गजलमा प्रयुक्त बिम्ब र प्रतीकद्वारा मानवीय जीवन भोगाइको पीडा र प्रताडना, सामाजिक विसङ्गति र विकृति राजनैतिक खिचातानी र स्वार्थप्रवृत्ति, प्रजातान्त्रिक बिभिन्डोपना र विरूपता, सामन्ती कुरीति र कुकृति, प्रगतिवादी मूल्य र मान्यता, राष्ट्रिय स्वाधीनता र स्वाभिमानको भाव गम्भीर तथा लाक्षणिक रूपमा सम्प्रेषित भएको पाइन्छ ।

### ४.२.२.२ उखान र तुक्काको प्रयोग

उखान भन्नाले लाक्षणिक अर्थ प्रदान गर्ने कहावत वा लोकोक्ति भन्ने बुझिनछ भने तुक्का (टुक्का) भन्नाले अभिव्यञ्जनापूर्ण वाक्यांश भन्ने बुझिन्छ । उखान र तुक्काको प्रयोगले भाषिक अभिव्यक्ति लाक्षणिक वा अभिव्यञ्जनात्मक हुन्छ भन्ने तथ्य स्पष्ट हुन्छ । यसअनुसार घनश्याम न्यौपाने परिश्रमीका गजलमा पनि भाव वा अर्थको अभिव्यञ्जनापूर्ण प्रस्तुतिका क्रममा उखान र तुक्काको सफल प्रयोग पाइन्छ । परिस्थितिअनुकूल उखान र तुक्काको प्रयोगले परिश्रमीका गजलमा शैलीगत चमत्कार थपिएको छ र सम्प्रेषणकला प्रभावकारी बनेको छ । जीवन, जगत्, भोगाइ, परिस्थिति, राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र स्वाधीनताको भावनात्मक प्रस्तुतिका क्रममा

प्रयुक्त सान्दर्भिक उखान-तुक्काहरूको माध्यमबाट व्यङ्ग्यार्थ वा गूढार्थपूर्ण भावोद्घाटनमा सशक्तता प्रदान गरेका छन् ।

*हौँचो मुखमा घौँचो वास्तवमा सत्य रैछ*
*अपराधी निर्दोष र निर्दोषी हत्यारो भयो*

- यो मौसम, पृष्ठ ३२ ।

*फुल्नुपर्दा पहरामा कहर काट्नुपर्छ गाह्रो*
*हरेस नखा 'घनु' तेरा हार पनि जीत बन्छन् ।*

- घामको छहारीमा, पृष्ठ १९ ।

*एउटै हत्केलाले ताली कसरी बजाऊँ*
*तिमीलाई बिर्सनु जरूरी भइदियो*

- जून चुहेको रात, पृष्ठ २७ ।

यहाँ हौँचोको मुखमा घौँचो उखानले ठूलाबडाको थिचोमिचो, कहर काट्नु तुक्काले जीवन भोगाइको जटिलता एवम् एउटा हत्केलाले ताली बजाउनु तुक्काले एकतर्फी प्रेमको औचित्यहीनताको अभिव्यञ्जनापूर्ण भावोद्घाटन गरेको छ । यस्ता अनेक उखान तुक्काहरू घनश्याम न्यौपाने परिश्रमीको अन्य विभिन्न गजलमा पनि भावसम्प्रेषणको क्रममा सान्दर्भिक रूपमा प्रयुक्त भएका छन् ।

### ४.२.२.३ रसभावको प्रयोग

रसको सामान्य अर्थ तरलपदार्थ हुन्छ जसको सम्बन्ध जिब्रोसँग रहन्छ भने विशिष्ट अर्थ आनन्द हुन्छ जसको सम्बन्ध हृदयसँग रहन्छ । यसका सम्बन्धमा विभिन्न रसवादीहरूले अनेक परिभाषाहरू दिएका छन् र रस उत्पत्तिका बारेमा अनेक व्याख्या विश्लेषणसमेत गरेका छन् । रसवादी अयार्यहरू भरतमुनि, भामह, विश्वनाथ आदिले रसलाई काव्यको आत्मा मानेका छन् भने रसविरोधी दण्डी, रुद्रट, वामन आदिले पनि रसका बारेमा कुनै न कुनै रूपमा चर्चा गरेकै छन् ।[छ] रसवादी आचार्यहरूले विभाव, अनुभाव र व्यभिचारी (सञ्चारी) भावको संयोगबाट स्थायी भाव जाग्रत भई रसनिष्पत्ति हुने कुरा बताएका छन् ।[ट] यहाँ विभाव भन्नाले हृदयमा

५ केशव उपाध्याय, साहित्य प्रकाश, (ललितपुर : साझा प्रकाशन, छैटौं प्रकाशन , २०५९), पृष्ठ २०४ ।

६ ऐजन, पृष्ठ २०५ ।

रहेको स्थायी भावलाई जागृत गराउने आलम्बनका रूपमा रहेको विषय वा पात्र अर्थात् नरनारी आदिका मनमा रहेको प्रेम, शोक आदि तथा स्थायी भावलाई उद्दीप्त गराउने उद्दीपनको रूपमा रहेको वस्तु वा अवस्था अर्थात् रूप, गुण, भूषण, दृश्य आदि तत्व, अनुभाव भन्नाले आलम्बन र उद्दीपन विभावको माध्यमबाट स्थायी भावको जाग्रत अवस्थामा हुने रोमाञ्च, स्वरभङ्ग, कम्पन, अश्रुपात, कटाक्ष आदि एवम् व्यभिचारी वा सञ्चारी भाव भन्नाले स्थिर रूपमा रहने स्थायी भावलाई कहिले उद्वेलित र कहिले दमित गराउने आवेग, शङ्का, दैन्य, मद, मोह, श्रम, जडता, उग्रता आदि र स्थायी भाव भन्नाले रति, उत्साह, शोक, विस्मय, क्रोध, हाँसो, घृणा, भय, शान्ति भन्ने बुझिन्छ ।[७] स्थायी भावअनुसार शृङ्गार, वीर, करूण, अद्भूत, रौद्र, हास्य, वीभत्स, भयानक र शान्त गरी जम्मा नौ किसिमका रसहरू रहेका छन् । सिर्जनालाई अधिक आश्वाद्य, प्रभावकारी र चामत्कारिक बनाउन सर्जकहरूले आफ्ना रचनाहरूमा विभिन्न रसहरूलाई विषय र प्रसङ्गअनुकूल रूपमा प्रयोग गरेका हुन्छन् । घनश्याम न्यौपाने परिश्रमीले पनि आफ्ना गजलमा केही रसलाई सफलतासाथ प्रयोग गरेका छन् । विशेषतः उनका गजलमा शृङ्गार, वीर, शान्त र रौद्र रसको अधिकाधिक प्रयोग पाइन्छ भने अन्य रसहरूको सामान्य पुट वा छनक मात्र भेटिन्छ ।

अ. शृङ्गार रस

रति स्थायी भाव हुने र नरनारी वा प्रेमप्रेमिकाबीचको मिलन एवम् बिछोडको अवस्थामा उत्पन्न हुने रस नै शृङ्गार रस हो । प्रेमीप्रेमिकाको मिलनावस्थामा परस्पर रतिरागात्मक क्रियाप्रतिक्रिया हुँदा संयोग शृङ्गार तथा बिछोडावस्थामा परस्पर रतिरागविहीनताको अवस्थामा उत्पन्न छट्पटी हुँदा वियोग शृङ्गार रस उद्रेक हुन्छ । घनश्याम न्यौपाने परिश्रमीका कतिपय गजलहरूमा संयोग र वियोग दुवै शृङ्गार रस आश्वाद्य रूपमा प्रयुक्त छन् ।

अ. १. संयोग शृङ्गार

नायक-नायिकाबीचको आपसी प्रेम स्थायी भाव हुने संयोग वा सम्भोग शृङ्गार रस घनश्याम न्यौपाने परिश्रमीका कतिपय गजलांशहरूमा संवेद्य रूपमा आएको पाइन्छ :

७ P]hg, k[i7 @)^–@)& .

*किन यति सारै यो मन हर्छ्यौं तिमी*

*लाग्छ पिरतीको टुना गर्छ्यौं तिमी*

- जून चुहेको रात, पृष्ठ ६५ ।

संयोग शृङ्गार रस नायकनायिकाको रतिरागात्मक स्थितिमा उत्पत्ति हुने हुँदा यस गजलांशमा नायकनायिका आलम्बन, मन हेर्नु उद्दीपन, टुना गर्नु अनुभाव र मन हरेर टुना गरेपछि उत्पन्न आवेग व्यभिचारी भावको मेलबाट स्थायी रतिभाव जाग्रत भई रतिरागात्मक विलासभाव उद्‌बोध भएकोले यहाँ संयोग शृङ्गार रस उद्‌भूत देखिएको छ ।

## अ.२. वियोग शृङ्गार

नायकनायिकाको प्रेमविरह वा रतिहीनताको छटपटीअन्तर्गत प्रेम स्थायी भाव हुने वियोग वा विप्रलम्भ शृङ्गार रस घनश्याम न्यौपाने परिश्रमीको कतिपय गजलांशमा सफल रूपमा आएको छः

*साथ नहुँदा अनायास घृणा गरे जस्तो लाग्यो*

*अब तिम्रो मप्रति माया मरे जस्तो लाग्यो*

- घामको छहारीमा, पृष्ठ ४९ ।

वियोग शृङ्गार रस नायकनायिकाको रतिरागविहीनतामा उत्पन्न हुने हुँदा प्रस्तुत गजलांशमा नायकनायिका आलम्बन, घृणाभाव उद्दीपन, माया मार्नु अनुभाव घृणा भावले माया मारेपछि उत्पन्न छट्पटी सञ्चारी भावका रूपमा मेल भएर रति स्थायी भाव जाग्रत भई रतिरागात्मक विलासविहीनताको अवस्था उद्‌बोध भएकाले यहाँ वियोग शृङ्गाररस सम्पुटित भएको छ ।

## आ. वीर रस

उत्साह स्थायी भाव हुने र युद्ध, साहस, दया आदि विशेष उत्साह वा सक्रियतापूर्वक कार्यावस्थामा उत्पन्न हुने वीर रस घनश्याम न्यौपाने परिश्रमीका अधिक गजलमा वर्गीय विभेदको अन्त्य तथा समतामूलक समाज निर्माणार्थ प्रगतिवादी चिन्तन प्रवाहित गर्ने क्रममा सबलता साथ आएको छ :

*मृत्युलाई नजिस्क्या तेरै विरुद्ध लड्दैछ ।*

*जति खसेको छु तल उति उचाइ चढ्दैछु*

- यो मौसम, पृष्ठ ३७ ।

वीर रस उत्साह स्थायी भाव हुने र साहसपूर्ण कार्यमा उत्पन्न हुने हुँदा प्रस्तुत गजलांशमा मृत्यु वा सामन्ती प्रथा आलम्बन, मृत्युको जिस्काइ वा सामन्ती प्रथाको दमन उद्दीपन, लड्ने वा चढ्ने प्रक्रिया अनुभाव, मृत्यु वा सामन्ती प्रथाको अन्यायविरुद्धको आवेगपूर्ण जोश व्यभिचारी भावको मेलबाट उत्साह स्थायी भाव जाग्रत भई वीर रसको परिपाक भएको छ । उनका अधिकांश गजल वीर रसको परिपाक पाइन्छ ।

### इ. शान्त रस

शान्ति स्थायी भाव हुने र नैराश्य एवम् वैराग्यपूर्ण चित्तवृत्तिबाट उत्पन्न हुने शान्त रस घनश्याम न्यौपाने परिश्रमीको गजलमा सामाजिक बेथिति, विकृति, विसङ्गति, अभाव, पीडा, अपमान, घृणा, तिरस्कार, उपेक्षा आदि मानवीय व्यवहारबाट उत्पन्न नैस्सार्य, नैराश्य र वैराग्य भाव सम्वाहित गर्ने क्रममा सम्पृक्त रूपमा आएको छ :

*धेरै व्यय थोरै आय यस्तै छ जिन्दगी*

*दुःखैदुःखको पर्याय जस्तै छ जिन्दगी*

- घामको छहारीमा, पृष्ठ ४७ ।

शान्ति स्थायी भाव हुने यस शान्त रस नैराश्य वा वैराग्यपूर्ण अन्तर्भावबाट उत्पन्न हुने हुँदा प्रस्तुत गजलांशमा जिन्दगी आलम्बन विभाव, आयव्यय उद्दीपन विभाव, दुःखैदुःख अनुभाव र त्यसबाट उत्पन्न नैराश्य वा वैराग्य व्यभिचारी भावको मेलबाट शान्ति स्थायी भाव जाग्रत भई शान्त रसको उपस्थिति भएको छ । यसैगरी उनका अधिक गजलहरूमा शान्त रसको उपस्थिति पाइन्छ ।

### ई. रौद्र रस

क्रोध स्थायी भाव हुने र आफू वा स्वजनमाथि अन्याय, अत्याचार, शत्रुवत् व्यवहार, अपराध, अपमान, निन्दा आदि कार्यबाट उत्पन्न हुने रौद्र रस घनश्याम न्यौपाने परिश्रमीका गजलहरूमा सामन्तको दमन र दुर्व्यवहार, प्रजातन्त्रको नाममा हुने भ्रष्टाचार र विकृति एवम् बेइमान र फटाहाहरूको कुकृति एवम् भ्रष्टनीतिप्रति उत्पन्न असन्तोष एवम् रोष भाव सम्बोधित गर्ने क्रमा सम्प्रेष्य रूपमा आएको छ :

*सामन्तको हात अझै हट्या छैन ताउबाट*

*प्रजातन्त्र कुल्चिदैछ अपवित्र पाउबाट*

- जून चुहेको रात, पृष्ठ ३८ ।

स्थायी भाव क्रोध हुने र अनिष्ट कार्यबाट उत्पन्न हुने रौद्र रस प्रस्तुत गजलांशमा सामन्त आलम्बन विभाव, कुल्चाइ वा दमन उद्दीपन विभाव, यथास्थितिबोध अनुभव र त्यसबाट उत्पन्न रोषपूर्ण उग्रता व्यभिचारी भावको रूपमा मेल भई क्रोध स्थायी भाव जाग्रत भएर रौद्र रस प्रादुर्भूत भएको छ ।

### ८.२.२.३ अलङ्कारविधान

अलङ्कारको सामान्य अर्थ गहना वा आभूषण भन्ने हुन्छ जसको सम्बन्ध शरीर र आँखासँग रहन्छ भने विशेष अर्थ सौन्दर्य वा वैदग्ध्यपूर्ण चमत्कार भन्ने हुन्छ जसको सम्बन्ध हृदय वा अनुभूतिसँग हुन्छ । अलङ्कारवादी आचार्यहरू भामह, दण्डी, वामन, रुद्रट, उद्भट, जयदेव आदिले अलङ्कारका बारेमा अनेक व्याख्याविश्लेषण गर्दै अलङ्कारका विभिन्न भेदोपभेद, त्यसको महत्व र महिमाका बारेमा समेत चर्चा-परिचर्चा गरेका छन् । अलङ्कारवादीहरूले अलङ्कारलाई काव्यको कारक वा मुख्य तत्व मानेका छन् भने अन्य ध्वनिवादी, रसवादी आदिले यसलाई काव्यको सहायक वा शोभावर्द्धक तत्व मात्र मानेका छन् । संस्कृतको 'कृ' धातुमा 'अलम्' उपसर्ग र 'घञ्' प्रत्यय लागेर (अलम्+कृ+घञ् ऽ अलङ्कार) बनेको अलङ्कारलाई अलङ्कारवादीहरूले शब्दालङ्कार र अर्थालङ्कारमा विभाजन गरी शब्दालङ्कारलाई पाँच भेद र अर्थालङ्कारलाई चारदेखि बत्तीस भेद गरेका छन् ।[८] अलङ्कारको अर्थ शब्दगत रूपमा शारीरिक आकर्षण वा दर्शनीय अवस्था सृजना गर्ने साधनबोध हुन्छ भने काव्यगत रूपमा आनन्द वा वैदग्ध्यपूर्ण चमत्कार पैदा गर्ने साधनबोध हुन्छ । काव्यमा

---

८ ऐजन, पृष्ठ ११६-११७ ।

अलङ्कारको अत्यन्त महत्वपूर्ण स्थान रहन्छ । अलङ्कार काव्यलाई शिल्पसौन्दर्यपूर्ण, श्रृतिमाधुर्यपूर्ण र भावगाम्भीयपूर्ण बनाउँछ जसले गर्दा काव्य चमत्कारपूर्ण र प्रभावपूर्ण हुन्छ त्यसैले कविहरूले काव्यलाई चमत्कारपूर्ण वा प्रभावकारी बनाउन विषय र सन्दर्भअनुकूल रूपमा अलङ्कारको समुचित प्रयोग गर्छन् ।

गजल एक लघुकाव्य विधा हो । गजलमा अलङ्कारको प्रयोग सर्वोपरि मानिन्छ । गजललाई रसात्मक, चमत्कारपूर्ण र भावात्मक पार्न कोमलकान्त पदपदावलीयुक्त सुन्दर र सुकुमार अलङ्कारहरू गजलकारहरूबाट प्रयोग गरिएको पाइन्छ । नेपालका चर्चित गजलकार घनश्याम न्यौपाने परिश्रमीले पनि आफ्ना गजलमा विभिन्न अलङ्कारहरू विषय र प्रसङ्गअनुकूल समुचित रूपमा प्रयोग गरेका छन् ।

### अ. शब्दालङ्कार

शब्दगत विचित्रताको माध्यमबाट काव्यलाई सुशोभित पार्ने प्रशाधनलाई शब्दालङ्कार भनिन्छ । यस अलङ्कारअन्तर्गत पुनरुक्तवदाभास, वक्रोक्ति, श्लेष, यमक र अनुप्रास पर्दछन् ।[९] यस अलङ्कारअन्तर्गत घनश्याम न्यौपाने परिश्रमीका गजलमा अनुप्रास अलङ्कारको कुशल समायोजन पाइन्छ भने अन्य शब्दालङ्कारको सामान्य आभास मात्र पाइन्छ ।

### क. अनुप्रास अलङ्कार

एउटै वर्ण वा वर्णसमूह दोहोरिएमा वा पुनरावृत्ति भएमा अनुप्रास अलङ्कार हुन्छ । एकनासे तुकबन्दी शब्दहरूको प्रयोगबाट यो अलङ्कार सृजना हुन्छ । गजलमा काफ्रिया र रदिफको संयुक्त मेल र पुनरावृत्ति प्रक्रियाबाट अनुप्रास र हमकाफियाको मेल र पुनरावृत्ति प्रक्रियाबाट अन्तरअनुप्रास सृजना हुन्छ ।

*बाहिर गोरा भए पनि हृदयका काला*
*मानवताको छातीमा रोप्ने गर्छन् भाला*

*इमानको शिक्षा दिने गुरुहरू छैनन्*
*चेलाहरू पाठशालामा पड्काउँछन् ताला*

*दुर्भाग्य नै मान्नुपर्छ यो माटोको लागि*
*मन्त्रीभन्दा पनि ठूला हुन्छन् तिनका साला*

९ ऐजन, पृष्ठ ११७ ।

- घामको छहारीमा, पृष्ठ २४ ।

घनश्याम न्यौपाने परिश्रमीको प्रस्तुत गजलांशमा 'काला' 'भाला' शब्दमा प्रयुक्त समान वर्णसमूहको पुनरावृत्तिले अनुप्रास र 'ताला', 'साला' वर्ण समूहको पुनः पुनरावृत्तिले अन्तरअनुपास सृजना भई अनुप्रासअलङ्कारको कुशल समायोजन भएको छ । यो अलङ्कार घनश्याम न्यौपाने परिश्रमीका सम्पूर्ण गजलहरूमा रहेको छ ।

ख. यमक अलङ्कार

उही क्रममा एउटै प्रकारको वर्ण समूहको शब्द दाहोरिँदा वा आवृत्ति हुँदा यमक अलङ्कार हुन्छ । आकारगत रूपमा शब्दसमूह एकै प्रकारका हुन्छन् र अर्थ भन्ने भिन्नभिन्न हुन्छ भने यमक अलङ्कार समायोजित हुन्छ । घनश्याम न्यौपाने परिश्रमीका गजलमा यस अलङ्कारको आभास मात्र पाइन्छ :

*मीठा मीठा सपनाका तरङ्ग भरङ्ग हुन्छन्*
*षड्यन्त्रले जे पनि गरिँदो रैछ आजभोलि*

- यो मौसम, पृष्ठ : २७

प्रस्तुत गजलांशमा तरङ्ग भरङ्गजस्ता उही क्रममा एकै प्रकारको वर्णसमूहले यमक अलङ्कारको सामान्य आभास मात्र दिएको छ ।

ग. पुनरुक्तवदाभास अलङ्कार

समान अर्थका भिन्नभिन्न आकारका पर्यायवादी शब्दहरू दोहोरिए वा पुनरावृत्ति भएजस्तो आभास भएमा पुनरुक्तवदाभास अलङ्कार हुन्छ । यसमा पर्यायवाची शब्दको पुनरूक्ति भएझैँ लागे पनि शब्द मात्र होइन अर्थ पनि भिन्न हुन्छ । घनश्याम न्यौपाने परिश्रमीका गजलमा यस अलङ्कारको आभास मात्र पाइन्छ ।

*औंसीका ती काला रात हटिसके कि झैँ लाग्छ*
*पूर्णिमाको जुनेली रात आइसकेको छैन साथी* ¤

- यो मौसम, पृष्ठ : ३३ ।

प्रस्तुत गजलांशमा 'पूर्णिमा' र 'जुनेली' शब्दहरू पर्यायवाची शब्दको रूपमा पुनरुक्ति भएजस्तो आभाष भएको छ तर शब्द र अर्थ भिन्न भएकाले पुनरूक्तवदाभास अलङ्कारको सामान्य आभास दिएको छ ।

आ. अर्थालङ्कार

अर्थगत विचित्रताको माध्यमबाट काव्यलाई सुशोभित पार्ने प्रशाधनलाई अर्थालङ्कार भनिन्छ । विभिन्न अलङ्कारवादीले यस अलङ्कारको विभिन्न भेदोपभेदको विश्लेषण गर्ने क्रममा विभिन्न आचार्यहरूले यसको चारदेखि बयासठ्ठी भेदसम्मको चर्चा गरेका छन् ।[ज्ञण] घनश्याम न्यौपाने परिश्रमीको गजलमा उपमा, उत्प्रेक्षा लोकोक्ति, स्वभावोक्ति, सम्भावना, संसृष्टि र प्रश्नालङ्कारजस्ता केही प्रचलित अलङ्कारहरू कुशल रूपमा समायोजन गरिएको पाइन्छ ।

क. उपमा अलङ्कार

कुनै वस्तु वा व्यक्तिको अर्को वस्तु वा व्यक्तिसँग तुलना गरिँदा उपमा अलङ्कार हुन्छ, अर्थात् उपमेय र उपमानका बीच तुल्यता देखाउँदा उपमा अलङ्कार हुन्छ । यस अलङ्कारमा जुन वस्तु वा व्यक्तिसँग तुल्यता देखाइएको हुन्छ त्यो उपमान, उपमेय र उपमानमा पाइने समभाव वा तुल्यता साधारण धर्म र समभाव वा तुल्यता बोधक झैं, जस्तै, गरी, तुल्य आदि शब्दहरू वाचक मानिन्छन् ।

*पानी दिन नसक्ने म बादलजस्तै भएछु ।*
*चर्किएको चारैतिर महल जस्तै भएछु*

- घामको छहारीमा, पृष्ठ २१ ।

घनश्याम न्यौपाने परिश्रमीको प्रस्तुत गजलांशमा म उपमेय, बादल र महल उपमान, दिननसक्नु वा चर्कनु धर्म र जस्तै वाचकका रूपमा समभाव वा तुल्यता देखाई उपमा अलङ्कार प्रयुक्त भएको छ । उनका अन्य धेरै गजलहरूमा यस अलङ्कारको प्रयोग पाइन्छ ।

ख. उत्प्रेक्षा अलङ्कार

तुलना गरिने वस्तु वा व्यक्तिको तुल्य वस्तु वा व्यक्तिमा अथवा उपमेयमा उपमानको सम्भावनाको परिकल्पना गरिन्छ भने उत्प्रेक्षा अलङ्कार हुन्छ । यस अलङ्कारमा तुल्यताबोधक कि, मानौं, यद्वा, निश्चय, प्रायः

१० P]hg, k[i7 !!^–!!& .

सम्भवतः जस्ता वाचक शब्दहरूको माध्यमबाट उपमेयमा उपमानको सम्भावना कल्पित गरिएको हुन्छ :

*आनन्दमा रमाउँदै जुनेली रातमा सखी ¤*
*सुम्पियौ कि आफूलाई कसैको हातमा सखी ¤*

- घामको छहारीमा, पृष्ठ ५९ ।

घनश्याम न्यौपाने परिश्रमीको प्रस्तुत गजलांशमा जुनेली रातमा रमाउँदै मिलनको अपेक्षा राख्ने प्रेमी वा उपमेय वा नायक नायिकाले त आफूलाई अर्कैको हातमा सुम्पेको आशङ्काले आतङ्कित भएको अवस्थामा अर्कैको हात उपमान कल्पित गरिएको हुँदा उत्प्रेक्षा अलङ्कार उपस्थित भएको छ । उनका अन्य धेरै गजलांशहरूको उत्प्रेक्षा अलङ्कार समायोजन पाइन्छ ।

ग. लोकोक्ति अलङ्कार

जनमानसमा प्रचलित भावपूर्ण उक्तिलाई काव्यमा समायोजन गरिँदा लोकोक्ति अलङ्कार हुन्छ । लोकोक्ति भन्नाले उखान, तुक्का वा सूत्रात्मक उक्ति भन्ने बुझिन्छ । लोकोक्तिको प्रयोगले काव्यको भाव गम्भीर, शिल्प चातुर्यपूर्ण र प्रस्तुति प्रभावपूर्ण हुन्छ । गजलमा लोकोक्तिको प्रयोगलाई मुहबराबन्दी भनिन्छ ।

*छुट्टियाउँले सगरलाई धान्न खोजेजस्तै*
*सूर्यलाई हत्केलाले छेक्न खोज्ने यहाँ छन्*

- यो मौसम, पृष्ठ ६८ ।

घनश्याम न्यौपाने परिश्रमीको प्रस्तुत गजलांशमा सामन्ती र परम्परावादी शासक र शोषकहरूले देश र जनता आफ्नै जिम्मेवारीमा रहेको झूटो भ्रम र जनताको कान्ति र परिवर्तनको ज्वलन्त चाहनालाई रोक्न खोज्नुको अर्थमा प्रयुक्त हुट्टिट्याउले सगरलाई धान्न खोज्नु र सूर्यलाई हत्केलाले छेक्न खोज्नुजस्ता लोकोक्तिको प्रयोगले यहाँ लोकोक्ति अलङ्कारको उपस्थिति भएको छ । उनका अन्य कतिपय गजलांशहरूमा यस अलङ्कारको कुशल प्रयोग पाइन्छ ।

घ. स्वभावोक्ति अलङ्कार

कुनै पनि वस्तु, व्यक्ति वा परिस्थिति वा जीवन भोगाइका दृश्य परिदृश्यको यथार्थपरक र चित्रात्मक वर्णन गरिँदा स्वभावोक्ति अलङ्कार हुन्छ । यस अलङ्कारमा वस्तु, स्थिति वा परिदृश्यको मिल्दोजुल्दो, सुहाउँदो र सुगठिलो वर्णन हुन्छ :

*भोक छ जताततै कोलाहल छ जताततै*
*विवाद छ, द्वन्द्व छ, खलबल छ जताततै*

- यो मौसम, पृष्ठ २९ ।

प्रजातन्त्र आगमनपश्चात् स्वतन्त्रताका नाममा बढेको छाडापन, अहम्वादी चरित्र र शक्तिवालाको शक्तिको होडबाजीमा सोझासिदाको जीवन भोक, अभाव र पीडाले कष्टप्रद बनेको र यस्तो अवस्था गजलकारले पनि भोग्नुपरेको हुँदा मिल्दोजुल्दो स्वभाव तथा वातावरणको अशान्त अवस्थाको यथार्थपरक र चित्रात्मक वर्णन भएको प्रस्तुत गजलांशमा स्वभावोक्ति अलङ्कार समायोजित छ । उनका अन्य धेरै गजलांशहरूमा यस अलङ्कारको समुचित प्रयोग पाइन्छ ।

ङ. सम्भावना अलङ्कार

कुनै पनि स्थिति वा अवस्थाको कार्य वा कारणको सम्भाव्यताको परिकल्पना गरिँदा सम्भावना अलङ्कार हुन्छ । यस अलङ्कारमा यसो भएदेखि यसो हुने थियो भन्ने कल्पना गरिएको हुन्छ :

*सधैँ सबैको बनेर बाँच्न पाए हुन्थ्यो*
*सन्तुष्टिको अनुभूतिमा हाँस्न पाए हुन्थ्यो*

- घामको छहारीमा, पृष्ठ ६ ।

आफ्ना असल कार्यहरूद्वारा सबैको मन जितेर मानवहित कार्यमा सार्थक जीवन बाँच्न पाए हुन्थ्यो भन्ने परिकल्पना र सार्थक कार्यद्वारा सन्तुष्टिको अनुभूतिमा हाँस्न पाए हुन्थ्यो भन्ने आन्तरिक मनोभावगत कल्पना रूपायित गरिएको घनश्याम न्यौपाने परिश्रमीको प्रस्तुत गजलांशमा सम्भावना अलङ्कार संयोजित छ। उनका अन्य कतिपय गजलांशमा पनि यस अलङ्कारको उपस्थिति पाइन्छ ।

च. संसृष्टि अलङ्कार

शब्दगत र अर्थगत अलङ्कारको मेल एकै रूपमा भिन्नभिन्न छुट्टिने गरी प्रयुक्त हुँदा संसृष्टि अलङ्कार हुन्छ । यस अलङ्कारमा एकातिर शब्द र अर्थको सामन्जस्य रहन्छ भने अर्कोतिर प्रतीकात्मक अर्थबोध हुन्छ र अभिव्यक्तिमा गहनता देखिन्छ :

*स्याल कराउँदै छन् कस्तो प्रजातन्त्र*
*जनता डराउँदैछन् कस्तो प्रजातन्त्र*

- जून चुहेको रात, पृष्ठ १३ ।

घनश्याम न्यौपाने परिश्रमीको प्रस्तुत गजलांशमा प्रजातन्त्रका स्वतन्त्र वातावरणमा पनि स्याल मनोवृत्तिका हैकमबाजी र जालसाजी प्रवृत्तिको बोलबालासँग परस्पर विरोधको स्थिति आएकाले विरोध अलङ्कार एवम् जनता अझै डराउनुपर्ने कारणका रूपमा सामन्ती शोषण र दमन बाँकी रहेको प्रतीकात्मक अर्थबोध हुने हुँदा अतिशयोक्ति अलङ्कार एकै रूपमा भिन्नभिन्न छुट्टिने गरी प्रयुक्त भएकाले संसृष्टि अलङ्कार समायोजन भएको छ । उनका अन्य कतिपय गजलांशमा यस अलङ्कार प्रयोग भएको छ ।

छ. प्रश्नालङ्कार

शब्दगत र अर्थगत सामन्जस्यबाट अभिव्यक्तिमा प्रश्नबोधक भाव सम्प्रेषित हुँदा प्रश्नालङ्कार हुन्छ । यस अलङ्कारमा अन्तर्मनमा उद्वेलित जिज्ञासाको प्रकटन प्रश्नात्मक रूपमा हुन्छ र भाव र शिल्पमा सशक्तता थप्छ ।

*माथि थिएँ आफ्नै धुनमा तल झार्‍यौ किन ?*
*बोलाएर फेरि मलाई एक्लै पार्‍यौ किन ?*

- घामको छहारीमा, पृष्ठ २३ ।

आफ्नै अवस्थामा रहेकालाई तल झारेपछि साथ दिनुपर्नेमा एक्लै पारेर गएको शब्दगत भाव र छल र धोकाका अर्थगत भावबोधको सामञ्जस्यबाट यस प्रवृत्तिप्रति प्रश्नात्मक अभिव्यक्तिको सम्प्रेषणबाट प्रस्तुत गजलांशमा प्रश्नालङ्कार प्रयुक्त भएको छ । उनका अन्य कतिपय गजलांशमा यस अलङ्कारको प्रयोग सबल रूपमा पाइन्छ ।

### ८.२.३ भाषिक प्रयोगको आधारमा मूल्याङ्कन

गजल अरबबाट फारस हुँदै भारतीय भूमिपछि नेपाली भूमिमा प्रवेश गरेर विकसित भएको विधा हो । यस विधाका अनेक सर्जकहरूमध्ये घनश्याम न्यौपाने परिश्रमी पुनर्जागरण कालका एक प्रतिनिधि सर्जक हुन् । उनको गजलमा जनताको भाषा पाइन्छ । निम्न, मध्यम र उच्च तीनै वर्गका जनताको प्रयोग गर्ने भाषिक संरचना उनको गजलमा प्रयुक्त छ । अभिधात्मक, लक्षणात्मक र व्यञ्जनात्मक तीनै प्रकारका भाषिक प्रयोग उनले गजलको विशेषता हो । तत्सम, तद्भव, आगन्तुक र मौलिक चारै प्रकारका शाब्दिक सामन्जस्य पनि उनका गजलमा पाइन्छ । प्रथम, द्वितीय र तृतीय तीनै पुरुष दृष्टिविन्दुमा उनका गजल संरचित छन् । शृङ्गारिक कम र यथार्थवादी भाषिक योजना उनको गजलमा अधिक रहेको छ । जीवन, प्रकृति, संस्कृति, समाज, देश, काल र परिस्थितिजन्य पदपदावलीहरू विषय र प्रसङ्गअनुकूल उनका गजलमा आएका छन् । उनका गजलको भाषा सुस्पष्ट, सहज, सरस, सम्प्रेष्य र सुगठित रहेको छ । विम्ब, प्रतीक र लोकोक्तिको प्रयोग प्रभावकारी रूपमा गरेर गजल सृजना गर्नु उनको विशेषता हो । व्यञ्जनामूलक व्यङ्ग्योक्ति पनि उनको गजलमा ठाउँठाउँमा प्रयुक्त छ । गजलमा आवश्यक पर्ने कोमल शब्दावलीको सट्टामा कतिपय गजलांशमा संस्कृतनिष्ठ गाह्रा शब्दहरूको प्रयोग र अभिव्यक्तिमा कठोरता उनका भाषिक कमजोरी हुन् । कतिपय क्रियागत पदावलीमा सङ्क्षिप्त कथ्य स्वरूपको प्रयोगले व्याकरणगत विचलन देखिए पनि अभिव्यक्तिगत स्वाभाविकता कायम नै रहेको छ । नेपाली लोकलगायत आक्षरिक एवम् मात्रिक समानताका आधारमा स्वनिर्मित बहरका साथै उर्दूफारसी बहरमा संरचित उनका गजलमा लयविधानको कुशलतापूर्वक समायोजन गरिएको पाइन्छ । यस तथ्यअनुसार घनश्याम न्यौपाने परिश्रमीका गजलको भाषिक प्रयोग उच्च र मध्यम श्रेणीको रहेको छ ।

### ८.२.४ घनश्याम न्यौपाने परिश्रमीका गजलको प्रवृत्तिगत मूल स्वर

शृङ्गारिक काव्यविधाका रूपमा प्रादुर्भूत नेपाली  गजल वर्तमानमा मानवीय हर्ष, पीडा, प्रताडना र प्रवञ्चना अभिव्यक्त गर्ने विधाका रूपमा प्रसिद्ध रहेको छ । राष्ट्र, राष्ट्रियता, राजनीति, संस्कृति, प्रकृति र मानवीय जीवन भोगाइका अनेक दृश्य-परिदृश्यहरू वार्तमानिक नेपाली गजलका मूल विषय हुन् । राष्ट्रिय राजनीति, सामाजिक जीवनभोगाइ र स्वगत विचार तथा चिन्तनका कारण हरेक सर्जक एउटा निश्चित

सिद्धान्त वा चिन्तनप्रति आस्थावान् हुने र आफ्नो आस्था वा विचारलाई सृजनामा संवाहिक गर्ने गर्दछन् । यस तथ्यअनुसार वर्तमानमा एकातिर समाजवादी मूल्य र मान्यताको केन्द्रमा रहेर गजल रचना गर्नेहरू छन् भने अर्कोतिर प्रगतिवादी चेतना र महत्ताको आधारभूमिमा रहेर गजल रचना गर्नेहरू छन् । घनश्याम न्यौपाने परिश्रमी दोस्रो कित्ताका गजलकारहरूमध्ये एक वरिष्ठ सर्जक हुन् । उनको गजलमा राष्ट्रिय राजनीतिको विकृति, सामाजिक जीवनका विकृति, आर्थिक असमानता र त्यसबाट उत्पन्न समस्या, वर्गीय विभेद र त्यसको विद्रूपता एवम् मानवीय अस्तित्वको विघटन र मानवताको विचलनको यथार्थपरक चित्रण पाइन्छ । अन्याय, दमन, असमानता र विभेदरहित स्वच्छ र ममतामूलक समाज निर्माणको चाह एवम् राष्ट्रिय स्वतन्त्रता, स्वाभिमान र अस्मिताको प्रतिष्ठापनको भाव उनको गजलमा गजलको मूल मर्म हो । ईश्वरीय सत्ताप्रति अनास्था र मानवीय सत्ताको सर्वोपरिताप्रतिको निष्ठा उनका गजलमा उद्बोधित छन् । उनको गजलको मूल स्वर प्रगतिवादी चिन्तन हो । राष्ट्रप्रेम, स्वाभिमानप्रेम, स्वतन्त्रताप्रेम, समानताप्रेम, मानवताप्रेम र अस्तित्वप्रेमको संवाहन पनि उनका गजलका सशक्त पक्ष हो । त्यसैगरी राष्ट्रहित र मानवकल्याणका निमित्त तमाम असङ्गति र असमानताको अन्त्य हुनुपर्ने भाव पनि उनका गजलमा सम्प्रेषित छ । यथार्थवादी उद्भावना, प्रगतिवादी सञ्चेतना र मानवतावादी संवेदना उनको गजलको मूल स्वर रहेको देखिन्छ । यथार्थतः 'सत्यम् शिवम् सुन्दरम्' र 'वसुधैव कुटुम्बकम्' उनको गजलका मूल स्वर हो ।

### ८.२.५ नेपाली गजलको विकासमा घनश्याम न्यौपाने परिश्रमीको योगदान

घनश्याम न्यौपाने परिश्रमी नेपाली गजलको पुनर्जागरण कालका प्रसिद्ध र प्रखर गजलकार हुन् । उनका पाँच गजलकृतिहरू यो मौसम, घामको छहारीमा, जून चुहेको रात, जुनुमामा र रामो चाचा मीठो पापा प्रकाशित छन् । सङ्ख्यात्मक दृष्टिले उनका अधिक गजल प्रकाशित देखिन्छन् भने गुणात्मक रूपमा पनि उनका ती उच्चकोटिका रहेका छन् । उनले गजललाई सिद्धान्तनिष्ठ बनाउन र नेपाली गजलमा प्रगतिवादी मूल्यप्रतिष्ठापन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । गजल सौन्दर्य मीमांसा नामको सैद्धान्तिक ग्रन्थका साथै गजलसम्बन्धी अनेक लेख समालोचनामार्फत् नवपुस्तालाई गजलज्ञान दिने उनको कार्य उल्लेखनीय रहेको छ । साथै अनेक गजलकृतिहरूमा उनले लेखेका भूमिकाहरूको सङ्ग्रह गजल भूमिकावली ग्रन्थसमेत प्रकाशित छ । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उच्चस्तरको गजल सृजना गर्ने

घनश्याम न्यौपाने परिश्रमीले नेपाली गजलको विकासमा दिएको योगदान उच्च रहेको छ । यथार्थवादी, प्रगतिवादी र सञ्चेतनावादी मूल्य र अस्मिताको धरातलमा आफ्नो छुट्टै पहिचान स्थापित गर्ने घनश्याम न्यौपाने परिश्रमीले नेपाली गजललाई प्रसिद्ध तुल्याउने कार्यमा समेत महत्वपूर्ण कार्य गरेका छन् । मेची, नारायणी र लुम्बिनी अञ्चलमा गजलको नयाँ लहर ल्याएर राष्ट्रिय प्रतिभा जन्माउने, विकसित तुल्याउने र प्रतिष्ठित बनाउने अभिभावकीय भूमिकासमेत उनले निर्वाह गरेका छन् । नयाँ धरातल र नयाँ क्षितिजमा नेपाली गजलको विकासलाई निरन्तरता दिन, प्रसिद्धिको शिखरमा पुऱ्याउन र सैद्धान्तिक रूपमा प्रतिष्ठित बनाउन घनश्याम न्यौपाने परिश्रमीले दिएको योगदान विशिष्ट रहेको छ र उनको योगदानको मूल्याङ्कन र कदर हुँदै जानुपर्ने देखिन्छ ।

## ८.२.६ नेपाली गजल क्षेत्रमा घनश्याम न्यौपाने परिश्रमीको स्थाननिर्धारण

नेपाली भाषामा गजलको उद्भव विक्रम संवत् १९४० मा शृङ्गारिक कवि मोतीराम भट्टले गरेका हुन् । उनले मोतीमण्डली बनाएर गजल सृजनालाई निरन्तरता दिए । मोती मण्डलीपछि शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी र उपेन्द्रबहादुर जिगरले गजललाई अग्रगति प्रदान गरे । जिगरपछि फाट्टाफुट्ट रूपमा मात्र गजल लेखिए । एक किसिमले जिगरपछि गजल लेखनमा सुषप्तता देखियो । विक्रम संवत् २०३६ मा ज्ञानुवाकर पौडेलले गजललाई पुनर्जागत गरे । त्यसपछि गजल लेखनमा नयाँ लहर आयो । ज्ञानुवाकर पौडेलपछि मनु ब्राजाकी, ललिजन रावल, धर्मोगत शर्मा तूफान, बुँद राना, रवि प्राञ्जल घनश्याम न्यौपाने परिश्रमी र श्रेष्ठ प्रिया पत्थर देखा परे । नेपाली गजल क्षेत्रमा यसपछि अन्य थुप्रै गजलकारहरूको उदय भयो । नेपाली गजलको विकासलाई ऐतिहासिक रूपमा दुई चरणमा विभाजन गरेर अध्ययन गर्ने गरिएको छ जसअनुसार विक्रम संवत् १९४० देखि २०३५ सम्मलाई प्रथम चरण र २०३६ देखि हालसम्मलाई द्वितीय चरण[११] मानेर प्रथम चरणको १९४० देखि २००२ सम्मलाई सक्रिय काल र २००३ देखि २०३५ सम्मलाई निष्क्रियकाल तथा द्वितीय चरणको २०३६ देखि २०५५ सम्मलाई पुनर्जागरण काल र २०५६ पछिलाई विकसित काल भनिएको छ । नेपाली गजलको काल विभाजनको यस तथ्यअनुसार नेपाली गजल क्षेत्रमा घनश्याम न्यौपाने परिश्रमीको उदय चालीसको दशकमै भएको र २०५५ सम्ममा उनका दुई गजलकृतिका साथै अनेक गजलहरू प्रकाशित भइसकेको हुँदा उनको स्थान द्वितीय चरणको पुनर्जागरण कालमा स्थिर रहेको देखिन्छ । ज्ञानुवाकर पौडेल, मनु ब्राजाकी, ललिजन रावल, धर्मोगत शर्मा तूफान, बुँद राना, रवि प्राञ्जल, घनश्याम न्यौपाने परिश्रमी र श्रेष्ठ प्रिया पत्थर पुनर्जागरण कालमा प्रतिनिधि गजलकार हुन् र घनश्याम न्यौपाने परिश्रमी सिद्धान्तनिष्ठ गजल लेखनका दृष्टिले अग्रस्थानमा छन् । प्रगतिवादी

११ कृष्णहरि बराल, गजल सिद्धान्त र परम्परा, (काठमाडौं : साझा प्रकाशन, २०६५), पृष्ठ ३१५ ।

मूल्य र मान्यताको सम्प्रेषण तथा मानवीय सञ्चेतना र संवेदना प्रस्तुतिका दृष्टिले पनि उनी अग्रस्थानमै छन् । यसर्थ नेपाली गजलको इतिहासमा पुनर्जागरण कालका प्रतिभाशाली प्रतिनिधि गजलकारका रूपमा उनको स्थाननिर्धारण गर्न सकिन्छ ।

## ८.३ निष्कर्ष

मोतीराम भट्टले प्रादुर्भूत गरेपछि उनको मोतीमण्डली, शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी र उपेन्द्रबहादुर जिगरपछि सुषुप्त रहेको नेपाली गजललाई ज्ञानुवाकर पौडेलले पुनर्जागृत गरेपश्चात् मनु ब्राजाकी ललिजन रावल, धर्मोगत शर्मा तुफान, बूद राना, रवि प्राञ्जलपछि  धनश्याम न्यौपाने परिश्रमीका उदय भएको हो । चालीसको दशकबाट गजल लेखन प्रारम्भ गरेका घनश्याम न्यौपाने परिश्रमीको यो मौसम (२०५०), घामको छहारीमा (२०५३) जून चुहेको रात (२०६०) जुनुमामा (२०६०) र राम्रा चाचा मीठा पापा (२०६०) कृतिलगायत अनेक गजलहरू प्रकाशित छन् । उनका गजल सौन्दर्य मीमांसा (२०६४) लक्षणग्रन्थ र गजल भूमिकावली (२०६३) भूमिकाग्रन्थ पनि प्रकाशित छन् । उनी गजलको सैद्धान्तिक मूल्य र मान्यतानिष्ठ गजल लेखनका रूपमा प्रतिबद्ध सर्जकका रूपमा चिनिन्छन् । उनका गजलमा यथार्थवादी, प्रगतिवादी, मानवतावादी, जीवनवादी भाव, राष्ट्रवादी चेतना, प्रजातन्त्रप्रति निष्ठा, नारीप्रति सम्मान, प्रणयवादी चेतना र निराशावादी स्वर विषयवस्तुका रूपमा आएका हुन्छन् । साथै उनका गजलमा विम्ब, प्रतीक, उखान, तुक्काको पनि कुशल रूपमा प्रयोग भएका हुन्छन् । शृङ्गार, शान्त, वीर, रौद्र आदि रस तथा अनुप्रास, यमक, पुनरुक्तवदामास, उपमा, उत्प्रेक्षा, लोकोक्ति, स्वाभावेक्ति, सम्भावना संसृष्टि आदि अलङ्कारहरू सशक्त रूपमा समायोजित भएका छन् । सरस, सहज र सम्प्रेष्य भाषाशैलीमा यथार्थवादी, प्रगतिवादी, सञ्चेतनावादी मान्यतालाई प्रस्तुत गर्नु उनको गजललेखनको विशेषता हो । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले नेपाली गजलको विकासमा महत्वपूर्ण योगदान दिने घनश्याम न्यौपाने परिश्रमी पुनर्जागरणकालका एक प्रतिनिधि गजलकार हुन् । उनी नेपाली गजलको क्षेत्रमा प्रगतिशील गजलकारका रूपमा प्रसिद्ध रहेका छन् ।

अध्याय नौं

# उपसंहार

# ९. उपसंहार

गजल सुकोमल भावना, अनुभूति र पदपदावलीयुक्त गेयात्मक लघुकाव्यविधा हो । यो सृजनात्मक पद्यलेखनअन्तर्गत रहेको अनुभूत्यात्मक, रागात्मक, रसात्मक र सङ्गीतात्मक विधा पनि हो । यसमा कल्पनाशीलता, भावात्मकता, सुकुमारता, सूक्ष्मता, प्राञ्जलता, गहनता, भावसघनता, विम्बात्मकता, प्रतीकात्मकता, सूक्तिमयता, सम्प्रेषणीयता, जीवन सापेक्षताजस्ता विशेषताहरू हुनु आवश्यक ठानिन्छ । संस्कृतका पिङ्गलछन्दशास्त्रजस्तै हिन्दइरानी बहरशास्त्र र निजी सृजनप्रक्रिया रहेको हुँदा स्वतन्त्र विधागत पहिचान भएको गजल हिन्दइरानी सांस्कृतिक परम्परामा हुर्केर विश्वसाहित्यमा आफ्नो प्रभावविस्तार गर्ने क्रममा विक्रमसंवत् १९४० मा नेपाली साहित्यमा प्रवेश भएपछि क्रमशः विस्तारित र विकसित हुँदै गएर वर्तमानमा सम्बृद्ध, लोकप्रिय र स्वतन्त्र विधाका रूपमा आफ्नो अस्तित्व स्थापित गरिसकेको छ ।

नेपाली गजलको प्रादुर्भावदेखि वर्तमानसम्म विषयगत, प्रवृत्तिगत र शिल्पसंरचनागत रूपमा पूर्वार्द्ध (वि.सं. १९४० देखि २०३५ सम्म) र उत्तरार्द्ध (वि.सं. २०३६ देखि हालसम्म) गरी दुई चरण विद्यमान छन् । उत्तरार्द्धचरणका प्रसिद्ध गजलकार घनश्याम न्यौपाने परिश्रमीको गजलको सामाजिक चेतनाको अध्ययन गर्ने उद्देश्यले अभिप्रेरित रहेको यस शोधप्रबन्धमा घनश्याम न्यौपाने परिश्रमीका जीवनी र व्यक्तित्व, गजल सिद्धान्त र नेपाली गजलको इतिहास, गजल क्षेत्रमा घनश्याम न्यौपाने परिश्रमीको प्रवेश र गजलयात्रा एवम् सामाजिक चेतनाका दृष्टिले उनको गजलको विश्लेषण र मूल्याङ्कनलाई मुख्य आधार मानेर अध्ययनलाई अघि बढाइएको छ । यस सन्दर्भमा शोधकार्यको स्वरूपलाई मूलतः नौ अध्यायमा विभाजन गरेर अध्ययन प्रक्रियालाई सहज, सरल र वस्तुनिष्ठ बनाउने प्रयत्न गरिएको छ । यहाँ प्रत्येक अध्यायमा अन्तर्निहित निष्कर्षको क्रमिक प्रस्तुति गरिएको छ ।

अध्याय एकमा शोधपरिचयलाई समाविष्ट गरी त्यसअन्तर्गत शोधकार्यको पृष्ठभूमि, शोधप्रयोजन, समस्याकथन, शोधउद्देश्य, प्राकल्पना, अध्ययनको औचित्य र महत्व, पूर्वकार्यको समीक्षा, अध्ययनको सीमा, शोधविधि, शोधकार्यको रूपरेखा एवम् अध्ययनको सैद्धान्तिक स्वरूपमाथि सङ्क्षिप्तरूपले उल्लेख गरिएको छ र पूर्वअध्येताहरूबाट घनश्याम न्यौपाने परिश्रमीका गजलको सामाजिक चेतनाको अध्ययन, विश्लेषण र मूल्याङ्कन नभएको तथ्यको पुष्टि गरी शोधकार्यको औचित्य सिद्ध गरिएको छ ।

अध्याय दुईको मूल शीर्षक घनश्याम न्यौपाने परिश्रमीको जीवनी रहेको छ । यस अध्यायमा घनश्याम न्यौपाने परिश्रमीको जीवनीका विभिन्न पक्षहरूलाई प्रस्तुत गरिएको छ जसअन्तर्गत जीवनीको पृष्ठभूमि र घनश्याम न्यौपाने परिश्रमीको जन्म, बाल्यावस्था, शिक्षादिक्षा, सरकारी सेवा प्रवेश र निरन्तरता, लेखन आरम्भ र निरन्तरताका सम्बन्धमा सङ्क्षिप्त रूपमा प्रकाश पारिएको छ । यसका साथै उनको पारिवारिक स्थिति, शिक्षा, अध्ययनको क्षेत्र, सेवाकार्य र सृजनप्रक्रियाको चर्चा गर्दै नेपाली साहित्यमा उनी चर्चित गजलकार, प्रख, सचेत बुद्धिजीवी, कुशल प्राध्यापक, कर्मनिष्ठ पुत्र, कर्तव्यनिष्ठ पति र जिम्मेवार पिताका रूपमा रहेको तथ्य निरूपण गरिएको छ ।

अध्याय तीनको मूल शीर्षक घनश्याम न्यौपाने परिश्रमीको व्यक्तित्व रहेको छ । यस अध्यायमा घनश्याम न्यौपाने परिश्रमीको व्यक्तित्वका पाटाहरूलाई देखाउने प्रयत्न गरिएको छ । यस क्रममा घनश्याम न्यौपाने परिश्रमीको व्यक्तित्वको पृष्ठभूमि, निजी व्यक्तित्वअन्तर्गत शारीरिक बनोट र स्वभाव, सार्वजनिक व्यक्तित्वअन्तर्गत सामाजिक, शिक्षक-प्राध्यापक, संघसंस्था सङ्गठन-सञ्चालक र पत्रकार-सम्पादक एवम् साहित्यिक व्यक्तित्वअन्तर्गत स्रष्टाव्यक्तित्वमा गजलकार, कवि, कथाकार र एकाङ्कीकार व्यक्तित्व तथा द्रष्टाव्यक्तित्वमा समालोचक, भूमिकाकार र कृतिसमीक्षक व्यक्तित्वलाई सङ्क्षेपमा देखाउने जमर्को गरिएको छ जसअन्तर्गत शारीरिक रूपमा आकर्षक, स्वभावगत रूपमा विनयशील, सामाजिक रूपमा सचेतनशील, प्राध्यापकीय रूपमा कर्मशील, सङ्घसंस्था, सङ्गठन-सञ्चालक र पत्रपत्रिका सम्पादक-प्रकाशक रूपमा लगनशील, स्रष्टागतरूपमा भावनाशील र द्रष्टागतरूपमा चिन्तनशील प्रकृति र प्रवृत्ति भएका बहुमुखी प्रतिभासम्पन्न राष्ट्रिय व्यक्तित्वका रूपमा घनश्याम न्यौपाने परिश्रमीको व्यक्तित्व प्रदर्शित गरिएको छ ।

अध्याय चारको मूल शीर्षक गजल सिद्धान्त र संरचना रहेको छ । यस अध्यायमा गजलको सैद्धान्तिक स्वरूप, रचना प्रक्रिया र गजलसँग निकटस्थ विधाहरूसँगको सम्बन्धको अध्ययनलाई प्रस्तुत गरिएको छ । जसअन्तर्गत गजलका पृष्ठभूमि, गजल शब्दको व्युत्पत्ति, गजलको अर्थ र परिभाषा, गजलको उद्‌भव र विकास, गजलको निर्माण प्रक्रिया, गजलका आधारभूत तत्वहरू, गजलका गुणदोषहरू, गजलको वर्ण्यविषय, गजलको विशेषता र गजलको अन्यविधासँगको सम्बन्धलाई सङ्क्षिप्त रूपमा अङ्कन गरिएको छ । गजल नारी विषयक काव्यविधाको रूपमा अस्तित्वमा आएर विश्वसाहित्यमा जनमनको भाव सम्प्रेषण गर्ने एक महत्वपूर्ण माध्यमको रूपमा विकसित र प्रतिष्ठापित भएको एवम् आफ्नै स्वतन्त्र निर्माण प्रतिक्रिया रहेको स्वतन्त्र गेयविधा गजलको गीत, कविता, मुक्तक र लघुकथासँग निकटस्थ सम्बन्ध रहेको तथ्यलाई यस अध्यायमा पुष्टि गरिएको छ ।

अध्याय पाँचको मूल शीर्षक नेपाली गजलको उद्भव र विकास रहेको छ । यस अध्यायमा नेपाली गजलको ऐतिहासिक विकासक्रमसम्बन्धी अध्ययन प्रस्तुत गरिएको छ । यस क्रममा नेपाली गजलको उद्भव, विकास र विस्तार, नेपाली गजलको काल विभाजन, नेपाली गजलको पहिलो चरण एवम् यस चरणका प्रमुख गजलकार र गजल कृतिहरू, नेपाली गजलको दोस्रो चरण एवम् यस चरणका प्रमुख गजलकार र गजलकृतिहरू, गजल पत्रिकाका सम्पादक र पत्रिकाहरू, गजल विशेषाङ्क प्रकाशित गर्ने पत्रिकाहरू, गजल सिद्धान्त र इतिहासका ग्रन्थ र ग्रन्थकारहरू एवम् नेपाली गजलको वर्तमान स्थिति र भविष्यको चर्चा-परिचर्चा गरिएको छ । नेपाली साहित्यको माध्यमिककालमा शृङ्गारिक कवि मोतीराम भट्टबाट शृङ्गारिक विधाको रूपमा प्रादुर्भूत नेपाली गजल परम्परामा जिगरपछिको निष्क्रियतालाई भङ्ग गरी ज्ञानुवाकर पौडेलले पुनर्जागृत गरेपछि विषय र संरचनागत वैविध्यलाई समेट्दै वर्तमानसम्म आइपुग्दा सम्बृद्ध विधाको रूपमा प्रतिष्ठित भएको यथार्थलाई यस अध्यायमा उद्बोधित गरिएको छ ।

अध्याय छको मूल शीर्षक गजलकार घनश्याम न्यौपाने परिश्रमी र उनका गजलयात्रा रहेको छ । यस अध्यायमा घनश्याम न्यौपाने परिश्रमीको गजलयात्राको अध्ययनलाई प्रस्तुत गरिएको छ । यस क्रममा घनश्याम न्यौपाने परिश्रमीको गजलयात्राको पृष्ठभूमि, नेपाली गजल क्षेत्रमा घनश्याम न्यौपाने परिश्रमीको प्रवेश, घनश्याम न्यौपाने परिश्रमीको गजलयात्रा र निरन्तरता, घनश्याम न्यौपाने परिश्रमीको गजलको चरण विभाजन, घनश्याम न्यौपाने परिश्रमीको गजल यात्राको निरन्तरता र गजलप्रति घनश्याम न्यौपाने परिश्रमीको प्रतिबद्धतालाई सङ्क्षेपमा अभिलेखन गरिएको छ । गजलकार मनु ब्राजाकीको गजलबाट प्रभावित भएर गजल यात्रा प्रारम्भ गर्ने घनश्याम न्यौपाने परिश्रमी नेपाली गजल क्षेत्रका एक प्रमुख सर्जकका रूपमा प्रतिष्ठित रहेको सन्दर्भ उल्लेख गर्दै गजलको सिद्धान्त र मर्म बुझेर विषयगत, भावगत र सम्प्रेषणगत सबलताका साथ गजल सृजनाका माध्यमबाट आफ्नो गजल यात्रालाई निरन्तरता दिई नेपाली गजलको विकासमा प्रतिबद्ध गजलकारको रूपमा उनका गजलयात्रालाई यस अध्यायमा अभिरेखाङ्कन गरिएको छ ।

अध्याय सातको मूल शीर्षक घनश्याम न्यौपाने परिश्रमीको गजलमा सामाजिक चेतनाको अध्ययन रहेको छ । यस अध्यायमा घनश्याम न्यौपाने परिश्रमीका गजलमा सामाजिक चेतनाको विश्लेषणात्मक अभिरेखाङ्कन गरिएको छ । यस सन्दर्भमा घनश्याम न्यौपाने परिश्रमीका गजलमा सामाजिक चेतनाको पृष्ठभूमि, सामाजिक चेतना अध्ययनको आधार, सामाजिक चेतनाको स्तर निर्धारण, संरचनात्मक स्तर निर्धारण, यो मौसम गजलकृतिमा सामाजिक चेतनाको अध्ययन, घामको छहारीमा गजलकृतिमा सामाजिक चेतनाको अध्ययन, जून चुहेको रात गजल कृतिमा सामाजिक चेतनाको अध्ययनको मूल

आधारक्षेत्रमा रहेर घनश्याम न्यौपाने परिश्रमीको तीन वयस्क गजलकृतिमा अन्तर्निहित सामाजिक चेतनाको अध्ययन, विश्लेषण र स्तर निर्धारण गरिएको छ । घनश्याम न्यौपाने परिश्रमीका पाँच गजलकृतिहरूमध्ये दुई बालगजलकृतिलाई छोडेर तीन वयस्क गजलकृतिका जम्मा दुई सय सत्र थान गजलहरूको सामाजिक चेतनाको दृष्टिले उच्च, मध्यम निम्न स्तर निरूपणका साथ प्रत्येक स्तरमा अन्तर्निहित सामाजिक चेतनागत अन्तर्वस्तुको परिपुष्टिसमेत गर्दै उनको गजलको यथार्थवादी समाजवादी, मानवतावादी र प्रगतिवादी महत्ताको उद्‌बोधन यस अध्यायमा गरिएको छ ।

अध्याय आठको मूख्य शीर्षक सामाजिक चेतनाको पृष्ठभूमिमा घनश्याम न्यौपाने परिश्रमीको गजलको मूल्याङ्कन रहेको छ । यस अध्यायमा घनश्याम न्यौपाने परिश्रमीका गजलको विश्लेषण र मूल्याङ्कनसम्बन्धी अध्ययनलाई प्रस्तुत गरिएको छ । यस सन्दर्भमा घनश्याम न्यौपाने परिश्रमीको गजलको मूल्याङ्कनको पृष्ठभूमि, मूल्याङ्कनका आधार, विषयवस्तु, शैलीशिल्प, रसभाव, अलङ्कारविधान र भाषिक प्रयोगका दृष्टिले मूल्याङ्कन, घनश्याम न्यौपाने परिश्रमीको गजलको मूल स्वर, नेपाली गजलको विकासमा उनको योगदान, नेपाली गजल क्षेत्रमा उनको स्थाननिर्धारणको मूल आधारभूमिमा घनश्याम न्यौपाने परिश्रमीको गजल सृजनागत प्रवृत्ति, विशेषता, शिल्प, मूल स्वर र उनका योगदानलाई देखाउँदै नेपाली गजलको पुनर्जागरण कालको प्रगतिशील चिन्तन धाराको वरिष्ठ गजलकारका रूपमा प्रतिष्ठित रहेको तथ्य यस अध्यायमा सावित गरिएको छ ।

निष्कर्षमा भन्नुपर्दा घनश्याम न्यौपाने परिश्रमीको विक्रम संवत् २०१५ असार १४ गते जन्मेका, विद्यावारिधि उपाधि प्राप्त गरेका, प्राध्यापन पेशामा संलग्न भएका, सामाजिक कार्य र साहित्यिक लेखनमा प्रतिबद्ध बहुमुखी राष्ट्रिय प्रतिभा हुन् । नेपाली साहित्यमा पुनर्जागरणकालका प्रतिभाशाली गजलकारका रूपमा प्रतिष्ठित उनका दुई बाल र तीन वयस्क गजलकृति प्रकाशित छन् र उनका गजलमा सामाजिक चेतना प्रबल रूपमा मुखरित रहेको छ । इस्लामी साहित्यको स्वतन्त्र सृजनप्रक्रिया रहेको काव्य विधा गजलको सिद्धान्त र मर्म बुझेर गजल रचना गर्ने घनश्याम न्यौपाने परिश्रमीका गजलमा सामाजिक यथार्थ मानवीय संवेदना र राष्ट्रिय सञ्चेतनाको उद्‌बोधन रहेको हुन्छ । सहज र सम्प्रेष्य भाषाशैलीमा गजल रचना गर्ने घनश्याम न्यौपाने परिश्रमीको गजलको मूल प्रवृत्ति समाजवादी-यथार्थवादी चेतना र मूल स्वर मानवतावादी-प्रगतिवादी चिन्तन हो ।

घनश्याम न्यौपाने परिश्रमीका गजलसम्बन्धमा भावी शोधकार्यका लागि सम्भाव्य शोधशीर्षकहरू:

१. घनश्याम न्यौपाने परिश्रमीका गजलमा प्रगतिवादी चेतना ।
२. घनश्याम न्यौपाने परिश्रमीका गजलमा राष्ट्रवादी चेतना ।
३. घनश्याम न्यौपाने परिश्रमीका गजलमा मानवीय मूल्यचेतना ।

४. घनश्याम न्यौपाने परिश्रमीका गजलमा व्यङ्ग्यचेतना ।

५. घनश्याम न्यौपाने परिश्रमीका बाल गजलकृतिको अध्ययन ।

६. घनश्याम न्यौपाने परिश्रमीका 'यो मौसम' गजलकृतिको अध्ययन

७. घनश्याम न्यौपाने परिश्रमीका 'घामको छहारीमा' गजलकृतिको अध्ययन ।

८. घनश्याम न्यौपाने परिश्रमीका गजलको शैलीवैज्ञानिक अध्ययन ।

# प्रमुख सन्दर्भसामग्री


## क. प्रमुख पुस्तकसूची

परिश्रमी, घनश्याम न्यौपाने, यो मौसम नवलपरासी : सौदामिनी प्रकाशन, २०५० ।

परिश्रमी, घनश्याम न्यौपाने, घामको छहारीमा काठमाडौं : पम्फा भूसाल, २०५३ ।

परिश्रमी, घनश्याम न्यौपाने, जून चुहेको रात काठमाडौं : भूँडीपुराण प्रकाशन, २०६० ।

## ख. सहायक पुस्तकसूची

अज्ञात, कपिल, समालोचना सन्दर्भ चितवन : चितवन साहित्य परिषद्, २०५६ ।

अश्क, गोपाल, अभी बाँकी बा वीरगन्ज : रेखा प्रकाशन, २०५४ ।

अधिकारी, हेमाङ्गराज, (सम्पा.) प्रयोगात्मक नेपाली शब्दकोश काठमाडौं : विद्यार्थी प्रकाशन, २०६१ ।

अस्थाना, रोहिताश्व, हिन्दी गजल : उद्‌भव और विकास दरियागन्जः सामयिक प्रकाशन, सन् १९८७ ।

आचार्य, कृष्णप्रसाद, पाश्चात्य साहित्य सिद्धान्त काठमाडौं : क्षितिज प्रकाशन, २०६२ ।

उदासी, टीकाराम, गजल सिद्धान्त र नेपाली गजलको इतिहास दाङ : अतिरिक्त प्रकाशन, २०५९ ।

उपाध्याय, केशवप्रसाद, पूर्वीय साहित्य सिद्धान्त (ते.सं.), ललितपुर : साझा प्रकाशन, २०५५ ।

उपाध्याय, केशवप्रसाद, साहित्य प्रकाश ललितपुर : साझा प्रकाशन, २०५९ ।

उपाध्याय, केशवप्रसाद र अन्य (सम्पा.), नेपाली एकाङ्की भाग ४ ललितपुर : साझा प्रकाशन, २०५३ ।

एटम, नेत्र, भित्र कतै दुख्छ भने काठमाडौं : दोभान प्रकाशन, २०६० ।

कालीप्रसाद र अन्य (सम्पा.), बृहद् हिन्दीकोश बनारस : ज्ञानमण्डल लिमिटेड, सन् १९९३ ।

किरण, प्रभाती (सम्पा.), नेपाली गजलः विगत र वर्तमान काठमाडौं : अनाममण्डली, २०६४ ।

कुलकर्मी, कृपा (सम्पा.), मराठी व्युत्पत्ति कोश गुणे : ठोलक भवन प्रकाशन, सन् १९६४ ।

क्षेत्री, कृसु, प्रतिनिधि नेपाली राजल काठमाडौं : वसुन्धरामान प्रकाशन, २०५८ ।

क्षेत्री, दुवसु, समसामयिक नेपाली गजल काठमाडौं : वसुन्धरामान प्रकाशन, २०४८ ।

क्षेत्री, दुवसु , समसामयिक नेपाली गजल काठमाडौं, वसुन्धरा प्रकाशन, २०५० ।

खाँ, मुद्दाह मुहम्मद मुस्तफा (सम्पा.) उर्दूहिन्दी शब्दकोश लखनऊ : उत्तरप्रदेश हिन्दी संस्थान, सन् १९९२ ।

जगन्नाथ, गजल के शिल्प विधान पटना : पुस्कर प्रकाशन, सन् १९८४ ।

गोरखपुरी, फिराक : उर्दू भाषा और साहित्य (द्वि.सं.), भारतः विश्वनाथ शर्मा, सन् १९९२ ।

ओझा, घनेन्द्र, बहरमाला काठमाडौं : अनाममण्डली, २०६३, पृष्ठ : १-१२

ओझा, घनेन्द्र र अन्य (सम्पा.), गजलमाला काठमाडौं : विपिन मिश्र र राधा कँडेल, २०६५ ।

ढकाल, घनश्याम (सम्पा.), यथार्थवादी नेपाली समालोचना पोखरा : गण्डकी साहित्य सङ्गम, २०६२ ।

त्रिपाठी, रामनरेश, कविता कौमुदी हरदोई : सरस्वती सदन, सन् १९६६ ।

त्रिपाठी, वासुदेव, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २ ललितपुरः साझा प्रकाशन, २०३६ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) नेपाली कविता भाग ४ ललितपुर : साझा प्रकाशन, २०५३ ।

त्रिपाठी, वासुदेव, (भूमिका) अर्द्धमुदित आँखाहरू कृसु क्षेत्री, काठमाडौं : वसुन्धरामान प्रकाशन, २०५९ ।

नरेश, गजल शिल्प और संरचना महेशपुर : पृथ्वीराज कालिया, सन् १९९१ ।

नरेश, हिन्दी गजलः दशा और दिशा नईदिल्ली, वाणी प्रकाशन, सन् २००४ ।

नेपाल, देवी, छन्दपराग काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६२ ।

नेपाल, देवी र अन्य, गजल कसरी लेख्ने ? काठमाडौं : अनाममण्डली, २०६६ ।

पन्थी, देवी, गजल सिद्धान्त र समालोचना काठमाडौं : विविध वाङ्मय प्रकाशन, २०५६ ।

परिश्रमी, घनश्याम न्यौपाने, गजल सौन्दर्य मीमांसा रूपन्देहीः सनसाइन विद्यालय, २०६४ ।

परिश्रमी, घनश्याम न्यौपाने, साहित्य सन्दर्भ वीरगन्ज : नारायणी बुक्स स्टेशनर्स, २०५५ ।

परिश्रमी, घनश्याम न्यौपाने, जुनुमामा नेपाल : विविध वाङ्मय प्रकाशन, २०६० ।

परिश्रमी, घनश्याम न्यौपाने, राम्रो चाचा मीठो पापा काठमाडौं : विवेक सृजनशील प्रकाशन, २०६२ ।

पहाडी, वामदेव, समालोचनाको वृत्त काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५० ।

पाण्डेय, मैनेजर, साहित्य के समाज शास्त्र की भूमिका चण्डीगढः हरियाणा साहित्य अकादमी, सन् १९८९।

पुरी, गोविन्द चानन, गजल : एक अध्ययन दिल्ली : सि.आर. प्रकाशन, सन् १९८४ ।

पोखरेल, पोखरेल (निर्देशक), नेपाली बृहत् शब्दकोश काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५२ ।

बेचैन, कुँवर, रस्सिया पानी की, नईदिल्ली : प्रगीत प्रकाशन, सन् १९९७ ।

बराल, कृष्णहरि, गजल सिद्धान्त र परम्परा काठमाडौं : साझा प्रकाशन, २०६४ ।

बेचैन, कुमार, समियाने काँच के गाजियावाद : प्रगीत प्रकाशन, सन् १९८३ ।

भट्टराई, धर्मेन्द्र, सृष्टि-दृष्टि वीरगन्जः प्रतीक प्रकाशन, २०५४ ।

रावल, ललिजन (सम्पा.), समकालीन नेपाली गजल, काठमाडौं : बगर प्रकाशन , २०४७ ।

रावल, ललिजन (सम्पा.), प्रतिनिधि नेपाली गजल काठमाडौंः विवेक सिर्जनशील प्रकाशन प्रा.लि. २०६५।

वर्मा, वीरेन्द्र (सम्पा.), हिन्दी साहित्यकोश वाराणसी : ज्ञानमण्डल प्रकाशन, सन् १९९० ।

वर्मा, रामचन्द्र (सम्पा.) प्रामाणिक हिन्दी कोश बनारस : साहित्य रत्नमाला कार्यालय, सन् १९०८ ।

वियोगी, बुढाथोकी र कृसु क्षेत्री, प्रतिनिधि नेपाली गजल काठमाडौं : वसुन्धरामान प्रकाशन, २०५७ ।

विवेक, ज्ञानप्रसाद, धूप के हस्ताक्षर नईदिल्ली : कादम्बिनी प्रकाशन, सन् १९९१ ।

सरदार, मुजावर, हिन्दी गजलके विविध आयाम भारत : भूमिका प्रकाशन, सन् १९९३ ।

सिंह, रमा, हिन्दी गजलका नवम दशक नईदिल्ली : अयन प्रकाशन, सन् १९९६ ।

सुवेदी, राजेन्द्र, नेपाली समालोचनाका परम्परा र प्रवृत्ति वाराणसी : भूमिका प्रकाशन, सन् १९९७ ।

## ग. पत्रपत्रिकासूची

कल्याणी, वी.आर. "एरिच बुक फर लमस अफ गजल्स", एभरेष्ट हेराल्ड (सन् १९९७, डिसेम्बर २६) ।

काफ्ले, माधव, "परिश्रमीका सार्थक परिश्रमको ज्वलन्त उदाहरण", नवप्रज्ञापन (वर्ष : ६, पूर्णाङ्क : २८, २०५५) पृष्ठ ३६-३९ ।

गिरी, मधुसूदन, "घामको छहारीमा तुषारोको अनुभूति" मिर्मिरे (वर्षः२५, अङ्कः ९, २०५३) पृष्ठ १३६-१३७ ।

गोर्खाली, रमेश, "विकासवादी नेपाली गजल र अब्बल प्रतिभा घनश्याम परिश्रमी" गजल (पूर्णाङ्क : ४, २०५४) पृष्ठ १० ।

गौतम, कृष्ण, "नेपाली गजल : पृष्ठभूमि, परम्परा र मूल्याङ्कन" गरिमा (वर्ष :१२, अङ्क : ५,२०५१) पृष्ठ १४-२५ ।

त्यागी, अमर, "नेपाली गजलको परम्परा प्रवृत्ति", मधुपर्क (वर्षः ३१ अङ्क ४, २०५५), पृष्ठ २४०-२४४ ।

त्यागी, अमर, "आधुनिक नेपाली गजल र घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता", वन्दना (वर्ष : १७, अङ्क : ३, २०५५) पृष्ठ ५९-६५ ।

त्यागी, अमर, “साक्षात्कार घनश्याम न्यौपाने परिश्रमीसँग” मूर्च्छना (वर्ष : १, अङ्क : १, २०५७) पृष्ठ १-५ ।

त्यागी अमर, “नेपाली गजलको विकासमा सगर पत्रिकाको योगदान”, सगर (वर्ष : ८, अङ्कः ३४, २०५९) पृष्ठ १- ६ ।

दहाल, खेम, “घामको छहारीमा न्यानो ताप्दा” सगर (वर्ष : २, अङ्क : ३, २०५४) पृष्ठ ४-६ ।

नीरव, रोशन थापा, “नेपाली गजलको विकास एक चर्चा” गजल (वर्ष : १, अङ्कः२ २०५३) पृष्ठ क-ज ।

पन्त, भरतराज, “नेपाली गजल प्रारम्भदेखि वर्तमानसम्म” मधुपर्क (वर्षः२७, अङ्कः ६, २०५१) पृष्ठ ५-९ ।

परिश्रमी, घनश्याम न्यौपाने, चिन्तादहन” तन्नेरी (वर्ष : १७, अङ्क : २, २०५२) पृष्ठ ५ ।

परिश्रमी, घनश्याम न्यौपाने, “मेरो अवैध छोरो” मिर्मिरे (वर्ष : २४, अङ्क १२, २०५२) पृष्ठ ५१-५४ ।

परिश्रमी, घनश्याम न्यौपाने, “महँगी वेश्या” विश्वामित्र (वर्षः १, अङ्क : २३, २०५३) पृष्ठ ४०

परिश्रमी, घनश्याम न्यौपाने, “पश्चात्तापका रेखाहरू” सम्प्रेषण (पूर्णाङ्क ११, २०५६) पृष्ठ १२ ।

परिश्रमी, घनश्याम न्यौपाने, ‘व्यापार’, मधुपर्क (वर्ष : २३, अङ्क : ४, २०५६) पृष्ठ २८ ।

परिश्रमी, घनश्याम न्यौपाने, “साधुत्व” मिर्मिरे (वर्ष : २८, अङ्क : ५, २०५६) पृष्ठ १४ ।

परिश्रमी, घनश्याम न्यौपाने, “यतियति पानी” नवपल्लव (पूर्णाङ्क : १, २०५४) पृष्ठ १०-११ ।

परिश्रमी, घनश्याम न्यौपाने, “मान्छे हराएको सूचना” समष्टि (पूर्णाङ्क : ५९, २०५६) पृष्ठ ३८-३९ ।

परिश्रमी, घनश्याम न्यौपाने, “नाटकको अन्त्य” मिर्मिरे (वर्ष : २७, अङ्क : ६, २०५५) पृष्ठ ५१-५३ ।

परिश्रमी, घनश्याम न्यौपाने, “नेपाली साहित्यमा मोतीराम भट्ट” प्रस्तुति (वर्ष : १०, अङ्क : ४, २०६५) पृष्ठ २३-२६ ।

ब्राजाकी, मनु, “गजलगाथा” समकालीन साहित्य (वर्ष : ३, अङ्क : २, २०५०) पृष्ठ ४९-५५ ।

ब्राजाकी, मनु, “नेपाली गजलको विषय र स्वरूप” मिर्मिरे (वर्ष : २४, अङ्क : ११, २०५२) पृष्ठ ११-१५ ।

भट्टराई, घटराज, नेपाली गजल प्रयोग र परम्परा” गरिमा (वर्ष : ३, अङ्क : ११, २०४२) पृष्ठ ६४-६८ ।

भट्टराई, धर्मेन्द्र “यो मौसममा डुबुल्की मार्दा” मिर्मिरे (वर्ष : २५, अङ्क : ६, २०५३) पृष्ठ १०३-१०४ ।

रेग्मी, शिव, “नेपाली साहित्यमा गजल” गजल (पूर्णाङ्क ४, २०५४) पृष्ठ ९-१२ ।

शर्मा, रमा, “गजलबारे केही कुरा” मधुपर्क (वर्ष : ४, अङ्क : ६-७, २०३८) पृष्ठ १७७-१७९ ।

शर्मा, सुकुम, “घामको छहारीमा उभिएका गजलहरूको गाँठो फकाउँदा” गोलार्द्ध (वर्षः४, अङ्कः७, २०५६) पृष्ठ ५०-५३ ।

## घ. शोधपत्र सूची

आचार्य, बालिका, घनश्याम न्यौपाने परिश्रमीको जीवनी, व्यक्तित्व र जून चुहेको रात गजल सङ्ग्रहको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्र बहुमुखी क्याम्पस, बाँके, २०६५ ।

उपाध्याय, वेदव्यास, नेपाली यात्रा साहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन, अप्रकाशित विद्यावारिधि (पिएचडी) शोधग्रन्थ, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०६६ ।

कुमारी, जमुना, जूनका पाइला, अप्रकाशित स्नातकोत्तर सृजनापत्र, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन, २०६५ ।

न्यौपाने, घनश्याम, हिन्दी और नेपाली गजलोंका विश्लेषणात्मक अध्ययन, अप्रकाशित विद्यावारिधि (पिएचडी) शोधग्रन्थ, हिन्दी विभाग लंगटसिंह कलेज, विहार, मुजफ्फरपुर, सन् २००० ।

पाण्डे, रामप्रसाद, नारायणी अञ्चलका प्रमुख गजलकार र प्रतिनिधि गजलकृतिको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन, २०६३ ।

पुन, प्रतिभा, घनश्याम न्यौपाने परिश्रमीको समालोचनाकारिता, अप्रकाशित स्नातकोत्तर शोधपत्र, भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही, २०६५ ।

पौडेल, अर्जुनप्रसाद, घनश्याम न्यौपाने परिश्रमीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्यययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन, २०५८ ।

बस्याल, कृष्णप्रसाद, घनश्याम न्यौपाने परिश्रमीको गजलकारिता, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा, २०६२ ।

वस्ती, सनतकुमार, सबेरै आएँ, अप्रकाशित स्नातकोत्तर सृजनापत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर, २०५३ ।

रिजाल, दामोदर, गजलकार भीमनिधि तिवारी, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर, २०४५ ।

सापकोटा, तोयनाथ, गजलकार शम्भुप्रसाद ढुङ्गेल, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर, २०५४ ।

## ङ. अङ्ग्रेजी तथा इन्टरनेटसूची

ग्रे, एलिजाबेथ, द ग्रिन सि अफ हिभन अस्ल्यान्ड : êइट क्लाउड प्रेस, सन् १९९५ ।

पि.जि. विन एन्ड रोबर्ट पि. द निउ इन्साइक्लोपेडिया ब्रिटानिया सिकागो : द युनिभर्सिटी अफ सिकागो
सन् १९९९।

मिर्जा, सरस्वतीशरण, गालिब : द पोइट अफ पोइट्स निउ दिल्ली : मुन्सिराम मनहरलाल पब्लिकेशन,
सन् १९७६ ।

## च. कार्यपत्र सूची

परिश्रमी, घनश्याम न्यौपाने, "गजलको स्वरूप र बहरको चिनारी तथा नेपाली गजल परम्पराको सङ्क्षिप्त अभिरेखाङ्कन" नेपाल राजकीय, प्रज्ञाप्रतिष्ठान तथा भेरी साहित्य समाज, नेपालगन्जको संयुक्त तत्वाधानमा आयोजित गजल सन्ध्यामा प्रस्तुत कार्यपत्र, २०६२ ।

# परिशिष्ट

## क. घनश्याम न्यौपाने परिश्रमीको व्यक्तिगत विवरण

नाम : घनश्याम न्यौपाने

साहित्यिक नाम : घनश्याम “परिश्रमी”, घनु परिश्रमी

जन्ममिति : वि.सं. २०१५-०३-०४, सन् १८ जुन १९५८

जन्मस्थान : श्रीकृष्णकण्डकी - २, बलाम नित्यडाँडा, स्याङ्जा, ग.अ.

मातापिता : तारादेवी न्यौपाने, रुक्माङ्गद न्यौपाने

पत्नी : राधादेवी न्यौपाने

सन्तान : सुवर्ण न्यौपाने, सुशील न्यौपाने “सौरभ”

धर्म : जन्मका आधारमा सनातन हिन्दू (अनीàरवादी)

राष्ट्रियता : नेपाली

शैक्षिक योग्यता

| स्तर | संस्था | वर्ष | श्रेणी | प्रतिशत |
|---|---|---|---|---|
| पूर्वमध्यमा (हाईस्कूल) | सं.सं.वि.वि. वाराणसी | सन् १९७५ | द्वितीय | ४७ |
| उत्तरमध्यमा (इन्टर) | सं.सं.वि.वि. वाराणसी | सन् १९७७ | द्वितीय | ५० |
| शास्त्री (व्याचलर डिग्री) | सं.सं.वि.वि. वाराणसी | सन् १९७९ | द्वितीय | ४५.२५ |
| एम.ए. (नेपाली) | त्रि.वि., नेपाल | सन् १९८३ | द्वितीय | ५५.४ |
| आचार्य (साहित्य) | सं.सं.वि.वि वाराणसी | सन् १९८६ | द्वितीय | ५५ |
| विद्यावारिधि | बाबासाहेव भीमराव अम्बेडकर वि.वि., मुजफ्फरपुर, भारत | | | |

व्यवसाय : प्राध्यापन एवम् साहित्यिक पत्रकारिता

अनुभव :

(क) २०३३।९।२ देखि २०४२ आषाढसम्म विद्यालय तहमा अध्यापन ।

(ख) त्रिविअन्तर्गतका सम्बन्धनप्राप्त क्याम्पसमा २०४२ श्रावण १ गतेदेखि २०५० आषाढ २१ गतेसम्म प्राध्यापन ।

(ग) सहायक प्राध्यापक, आदिकवि भानुभक्त आचार्य बहुमुखी क्याम्पस, दमौली २०४५।८।१२ देखि २९४६।१२।२४ सम्म प्राध्यापन ।

(घ) सहायक प्राध्यापक, दिव्यज्योति बहुमुखी क्याम्पस, चिसापानी, नवलपरासी २०४७ मार्ग १६ गतेदेखि २०५० आषाढ २१ गतेसम्म प्राध्यापन ।

त्रिविअन्तर्गतका आङ्गिक क्याम्पसमा २०५० आषाढ २२ गतेदेखि हालसम्म प्राध्यापन

(क) सहायक प्राध्यापक (स्थायी), तेह्रथुम क्याम्पस, चुहानडाँडा - २०५० आषाढ २२ गतेदेखि २०५०।४।१९ सम्म ।

(ख) सहायक प्राध्यापक, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम - २०५०।४।१९ सम्म ।

(ग) सहायक प्राध्यापक, ठाकुरराम बहुमुखी क्याम्पस, वीरगन्ज - २०५२।१।७ देखि २०५२।३।१२ गतेसम्म

(घ) उपप्राध्यापक (स्थायी), ठाकुरराम बहुमुखी क्याम्पस, वीरगन्ज - २०५२ आषाढ १३ गतेदेखि २०५९।७।२५ गतेसम्म ।

(ङ) भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही - २०५९।७।२६ देखि हालसम्म ।

सम्पति : सह-प्राध्यापक तथा सहायक क्याम्पसप्रमुख

संयोजक : स्नातकोत्तर तह (नेपाली)

सदस्य सचिव : क्याम्पस कार्यसमिति भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही ।

प्रकाशन :

(क) अन्त्यमा (खण्डकाव्य) २०३६ ।

(ख) यो मौसम (गजलसङ्ग्रह) २०५० ।

(ग) घामको छहारीमा (गजलसङ्ग्रह) २०५३ ।

(घ) साहित्य सन्दर्भ (समालोचनासङ्ग्रह) २०५५ ।

(ङ) जुनुमामा (बाल गजलसङ्ग्रह) २०६० ।

(च) जून चुहेको रात (गजलसङ्ग्रह) २०६० ।

(छ) अनिवार्य नेपाली (स्नातक तहको पाठ्यपुस्तक) २०६० ।

(ज) आधुनिक नेपाली व्याकरण (२०६२) ।

(झ) राम्रो चाचा मिठो पापा (बाल गजलसङ्ग्रह ) २०६३ ।

(ञ) गजल भूमिकावली (भूमिका सङ्ग्रह ) २०६३ ।

(ट) गजल सौन्दर्य मीमांसा (अनुसन्धानात्मक सैद्धान्तिक समालोचना) २०६४ ।

(ठ) विभिन्न पत्रपत्रिकाहरूमा कविता, गीत, गजल, एकाङ्गी, कथा, लेखनिबन्ध र समीक्षा/समालोचनाहरू प्रकाशित ।

पुरस्कार तथा सम्मान

- महेन्द्र विद्याभूषण (क), २०६२ ।
- समता साहित्य परिवार, इलामबाट रत्न पुरस्कार, २०५४ ।
- दीपेन्द्र मा.वि. सदी, नवलपरासीबाट सम्मान, २०५४ ।
- स्याङ्जा साहित्य प्रतिष्ठानबाट कालीगण्डकी कला साहित्य पुरस्कार, २०५५ ।
- मेदिनी साहित्यिक पत्रिका, सिन्धुलीबाट अभिनन्दन, २०५५ ।
- देवकोटा स्मृति सभा, कलैयाबाट सम्मान, २०५८ ।
- वीरगन्ज जेसिसबाट सम्मान, २०५८ ।
- नव सृजना साहित्य समूह, मकवानपुरबाट सम्मान, २०५८ ।
- कलाकुञ्ज पुस्तकालय तथा रौतहटरश्मि (त्रैमासिक), गौरबाट सम्मान, २०५८ ।
- मृगतृष्णा साहित्य डबली, मकवानपुरबाट सम्मान, २०५९ ।
- मकवानपुर साहित्य, सङ्गमबाट सम्मान, २०५९ ।
- सूर्योदय प्रतिष्ठान, चन्द्रनिगाहापुरबाट सम्मान, २०५९ ।
- त्रिवेणी साहित्य परिषद् नवलपरासीबाट कृष्णजङ्ग-डम्बरजङ्ग पुरस्कार, २०५९ ।
- सुदूर पश्चिमाञ्चल गजलमञ्च, कैलालीबाट अभिनन्दन, २०६० ।
- राइजिङस्टार सामुदायिक विकास प्रतिष्ठान, नवलपरासीबाट अभिनन्दन, २०६० ।
- वसुन्धरामान प्रज्ञाप्रतिष्ठान, काठमाडौंबाट गजलश्री सम्मान, २०६० ।
- तन्नेरी प्रकाशनबाट तन्नेरी प्रतिभा सम्मान, २०६० ।
- नमुना साहित्यिक समाज, नवलपरासीबाट गजलज्ञानमणि उपाधिसहित सम्मान, २०६१ ।
- कालिका एफ.एम. (प्रा.लि.), चितवनबाट सम्मान, २०६१ ।
- नवलपरासी साहित्य परिषद्बाट अभिनन्दन, २०६१ ।
- मोतीराम गजलमञ्च, मोरङबाट अभिनन्दन, २०६१ ।
- सिद्धार्थ साहित्य कोसेली, भैरहवाबाट अभिनन्दन, २०६१ ।
- अनुराग साहित्य समाज, देवदह, रूपन्देहीबाट अभिनन्दन, २०६२ ।
- गजल सागर नेपाल तथा यूराशिया रेयूकाई १६ औं शाखा, बुटवलबाट अभिनन्दन, २०६३ ।

- नवज्योति युवा क्लव रामनगर,  नवलपरासीबाट अभिनन्दन, २०६३ ।
- राष्ट्रिय शिक्षा पुरस्कार, २०६४ ।
- रूपक स्मृतिप्रतिष्ठान, काठमाडौं र नव कपिलवस्तु साहित्यिक प्रतिष्ठानबाट भवानी भिक्षु  पुरस्कार, २०६४ ।
- बाग्लुङबाट रत्न श्रेष्ठ पुरस्कार, २०६४ ।
- ५० औं वर्ष प्रवेशका अवसरमा १३ साहित्यिक संस्थाहरूबाट संयुक्त रूपमा अभिनन्दन, २०६४ ।
- गजलमञ्च, मकवानपुरबाट अभिनन्दन, २०६४ ।
- अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, कतार शाखाबाट सम्मान, २०६४ ।
- शुक्ला साहित्य सङ्गम तनहुँबाट सम्मान, २०६४
- कालीगण्डकी साहित्य समाज, स्याङ्जाबाट सम्मान, २०६५ ।

सम्पादन

- कार्यकारी सम्पादक : सगर (त्रैमासिक)
- प्रधान सम्पादक : अनुराग (त्रैमासिक)
- अतिथि सम्पादक  : रजस्थल (त्रैमासिक)
- सल्लाहकार : क्षितिज (वार्षिक प्रकाशन), भैरहवा बहुमुखी क्याम्पस २०६५ ।

संलग्नता

- अध्यक्ष : नेपाल राष्ट्रिय गजल प्रतिष्ठान,
- अध्यक्ष : प्रेमा वाङ्मय प्रतिष्ठान, नवलपरासी
- प्रमुख सल्लाहकार : छन्दवादी समाज नेपाल
- सल्लाहकार : वीरगन्ज साहित्य परिषद्
- सल्लाहकार  : सुदूरपश्चिमाञ्चल गजलमञ्च
- सल्लाहकार : सिर्जनशील साहित्य समाज, रूपन्देही
- केन्द्रीय सल्लाहकार : नेपाल भोजपुरी प्रतिष्ठान
- सल्लाहकार : विश्वशान्ति साहित्य समाज, रूपन्देही
- मानार्थ सदस्य : अन्तर्राष्ट्रिय नेपाली साहित्य, कतार शाखा

प्रवर्तन : मिश्रणवाद ९ःह्चचष्क० २००८ देवी पन्थीसँग संयुक्त रूपमा

भ्रमण : नेपाल, भारत, भुटान र कतार ।

भाषा ज्ञान : नेपाली, संस्कृत, हिन्दी, अङ्ग्रेजी र भोजपुरी

सम्पर्क र पत्राचार :

भैरहवा  बहुमुखी क्याम्पस, रूपन्देही
फोन ०७१-५२६३३७, ०७८-५८००५४

मोबाइल ९८०४४१५१३७/९८४७०२३०१२
इमेल : info@dparishramee.com
वेभसाइट M www.dparishramee.com